# परिच्छेद एक
# परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **साहित्यकार वियोगी बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको हो ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत त्रिचन्द्र क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

साहित्यकार वियोगी बुढाथोकी नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता र गजल विधामा कलम चलाएका छन् । २०३२ सालमा **यहाँ यस्तै यस्तै रहेछ** कविता प्रकाशित गरेर उनी साहित्य साधनामा संलग्न भएका हुन् । हालसम्म उनका **समयलाई सञ्चो छैन** (२०४२) कवितासङ्ग्रह, **काठमाडौँ धाइरहेछु** (२०४९) कवितासङ्ग्रह, **आफन्तका चोटहरू** (२०५२) गजलसङ्ग्रह, **छुटेका यादहरू** (२०५२) कवितासङ्ग्रह, गजल तिम्रो नाम होइन (२०६३) गजलसङ्ग्रह प्रकाशित भइसकेका छन् । यस्ता सिर्जनशील व्यक्तित्वका बारेमा पत्रपत्रिकामा गरिएका सामान्य चर्चा-परिचर्चाबाहेक उनको सिङ्गो जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधपत्रमा निम्नलिखित समस्या रहेका छन् :-

(क) वियोगी बुढाथोकीको जीवनी के-कस्तो रहेको छ ?
(ख) उनी कस्तो व्यक्तित्व भएका साहित्यकार हुन् ?
(ग) उनका कृतिहरू के-कस्ता रहेका छन् ?
(घ) आधुनिक नेपाली कविता र गजलमा उनको योगदान के-कस्तो रहेको छ ?
(ङ) उनका समस्त कृतिहरूको सर्वेक्षण र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

माथि उल्लिखित मूल समस्या तथा तीसँग सम्बन्धित विभिन्न समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

शोधसमस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान के-कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्दा यस प्रकारका उद्देश्य राखिएको छ :

(क) वियोगी बुढाथोकीको जीवनीको खोजी गर्नु,
(ख) उनको लेखकीय व्यक्तित्वको पहिचान गर्नु,
(ग) उनका कृतिहरूका बारेमा जानकारी गराउनु,
(घ) आधुनिक नेपाली कविता र गजलमा उनले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु र,
(ङ) विधागत रूपमा उनका कृतिहरूको अध्ययन र मूल्याङ्कन गरी ठोस निष्कर्ष प्रदान गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

समसामयिक पुस्ताका कवि तथा गजलकार वियोगी बुढाथोकीका बारेमा कसैबाट कुनै पुस्तकाकार कृति लेखिएको र शोधकार्य गरेको पाइँदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित अनुसन्धान पनि भएको पाइँदैन । केही पत्रपत्रिका र पुस्तकहरूमा उनका बारेमा सामान्य समीक्षा र चर्चाहरू भने गरिएको पाइन्छ । उनका बारेमा हालसम्म जे-जस्ता कार्यहरू भएका छन्, तिनको क्रमबद्ध विवरण र समीक्षा प्रस्तुत गरिएको छ :

दैवज्ञराज न्यौपानेले गोरखापत्रको साप्ताहिक परिशिष्टाङ्क २०५२ पुस ८ मा वियोगीको **आफन्तका चोटहरू** गजलसङ्ग्रह मार्मिक अभिव्यक्ति दिने आकर्षक कृति हो भन्ने चर्चा **आफन्तका चोटहरू** शीर्षकमा गरेका छन् ।

ध्रुव मधिकर्मीले **वियोगी बुढाथोकीको आफन्तका चोटहरूबारे केही चर्चा** शीर्षकमा केही कमीकमजोरी रहे पनि उक्त गजलसङ्ग्रह उनको उत्कृष्ट कृति रहेको कुरा २०५३ भाद्र २२ शनिबारको हिमालय टाइम्स दैनिकमा चर्चा गरेका छन् ।

गुणराज लुइटेलले '**कविताको प्रेमी**' भनेर वियोगी बुढाथोकीलाई सबैसँग मिलनसार व्यक्तित्वको रूपमा 'कान्तिपुर कोसेली' २०५६ माघ २९ मा चर्चा गरेका छन् ।

दुबसु क्षेत्रीले **आस्था र आदर्शको योगी : कवि वियोगी** भनेर २०५६ चैत्र १७ गते बिहीवारको राष्ट्रपुकार साप्ताहिकमा वियोगी बुढाथोकीको साहित्यिक गरिमा एकपछि अर्को गर्दै बढ्दै गएको चर्चा गरेका छन् ।

मणि लोहनीले २०५७ पुस २१ को स्पेसटाइम दैनिकमा **लेख्नु मेरो काम हो लेखिरहेछु** शीर्षकमा अन्तर्वार्ता प्रस्तुत गर्दै उनको साहित्यिक व्यक्तित्वलाई अझ उजिल्याउने काम गरेका छन् ।

**प्रजातन्त्रवादी लेखनबाट उदाएका साहित्यकार वियोगी बुढाथोकी** भनेर वि.सं. २०५७ साल माघ ७ गते शनिवारको समाचार साप्ताहिकमा बुढाथोकीको साहित्यिक चर्चा गरेका छन् ।

'राजकुमार बानियाँले **वियोगी पनि गोपाल पनि** भनेर २०५७ चैत्र १३ गतेको तरुण साप्ताहिकमा वियोगीले सर्वसाधारण व्यक्तिलाई गोपाल बनाएर धारावाहिक रूपमा कविता लेख्ने गरेको प्रसङ्गलाई उजागर गरेका छन् ।

२०५९ असार ३ मा जनभावना साप्ताहिकका युवराज नयाँघरेले लिएको अन्तर्वार्तामा **साहित्यमाथि राजनीति लादिनु राम्रो होइन** शीर्षकमा वियोगी बुढाथोकीलाई चर्चित कवि तथा गजलकारको रूपमा चिनाइएको छ। उक्त अन्तर्वार्तामा प्रस्तुत बुढाथोकीका विचारमा साहित्यको प्रतिस्पर्धा भनेको घोडा दौडसँग तुलना गर्न नमिल्ने विषय हो भनिएको छ ।

ध्रुव मधिकर्मीले **शिवपुरी सन्देशको साहित्यिक यात्रा** शीर्षकमा २०५९ भाद्र ११ को साप्ताहिक नेपाली आवाजमा वियोगी बुढाथोकीको सम्पादक व्यक्तित्वको चर्चा गरेका छन् ।

विवश प्रतीक्षाले **यौन चर्चा र शिवपुरी सन्देशको यौन विशेषाङ्क** भन्ने लेख २०५९ भाद्र ३० को सगरमाथा साप्ताहिकमा वियोगी बुढाथोकीद्वारा सम्पादित शिवपुरी सन्देशको पूर्णाङ्क २२ लाई यौन विशेषाङ्कको रूपमा निकालेको चर्चा गर्दै शालीन यौन विषयलाई समेटेका सिर्जनाका सङ्ग्रहको रूपमा चर्चा गरेका छन् ।

जयदेव भट्टराईले **सहरबाट टाढा रमाए कवि** भनेर वियोगी बुढाथोकीले राजधानीको कृत्रिमता केही टाढा रहेर प्राकृतिक सौन्दर्यले भरिपूर्ण ठाउँ टोखा स्वस्थानीवासको फेदी चण्डेश्वरी मन्दिर परिसरमा आयोजना गरेको साहित्यिक सम्मेलनको प्रशंसा गर्दै २०६० साल जेठ २७ गते मङ्गलवारको गोरखापत्रमा कवि वियोगीको उक्त कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

डा. हरिप्रसाद शर्माले **काठमाडौं धाइरहेछु भित्रका बुढाथोकी** भनेर वि.सं. २०६० पुसको गरिमा वर्ष २२ अङ्क १ पूर्णाङ्क २५३ मा बुढाथोकीको **काठमाडौं धाइरहेछु** कवितासङ्ग्रहको शल्यक्रिया गरेका छन् ।

राजकुमार बानियाँले नै **कवि र रक्सीको एउटै गोलार्द्ध** भनेर २०६० माघ १७ शनिवारको स्पेसटाइम दैनिकमा उनको अम्बल बियर हो भन्ने चर्चा गरेका छन् ।

कुमार यात्रुले **प्रभुलाई अचेल सञ्चै छ ?** शीर्षकमा साहित्यकार वियोगी बुढाथोकीलाई साहित्यिक दृष्टिले 'प्रभु' उपनाम दिँदै २०६१ भदौ ५ शनिवारको सौजन्य साहित्यमा उनको लेखकीय व्यक्तित्व उच्च रहेको चर्चा गरेका छन् ।

राजकुमार बानियाँले **वियोगीका सहस्र साँझ** भनेर चक्रपथ महाराजगन्जको रिचमण्ड बेकरी क्याफेको साहित्यिक कुनोमा बसेर नियमित रूपमा हल्का मदिरा सेवन गर्दै साहित्यिक चर्चा-परिचर्चामा रमाएका साहित्यकारहरूमा विष्णुबहादुर सिंह र शंकर भारतीका साथ वियोगी बुढाथोकीको त्यहाँ सहस्र साँझ यस्तैगरी धेरै साहित्यकारसँग बित्ने गरेको र रिचमण्ड बेकरी क्याफेको साहित्यिक कुनो वियोगीको एक अङ्ग नै बनेको कुरा २०६१ पुस १६ गतेको नवप्रतिपक्ष राष्ट्रिय साप्ताहिकमा उल्लेख गरेका छन् ।

चेतनाथ धमलाले **गजल तिम्रो नाम होइन : वियोगी** शीर्षकमा उनको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रह पठनीय र उत्कृष्ट कृति भएको कुरा वर्ष १, अङ्क ८, २०६३ साल जेठ २ गते मंगलवारको परिवर्तन साप्ताहिकमा चर्चा गरेका छन् ।

पुष्कर लोहनीले **कुल्चेर सोत्तर भएको वियोगीको प्रेम** भनेर २०६३ असार २६ गतेको तरुण साप्ताहिकमा वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन** सङ्ग्रहमार्फत् उनी उत्कृष्ट गजलकार भएको कुरा व्यक्त गरेका छन् ।

जयदेव भट्टराईले **गजल रुचाउने, कवितामा रम्ने स्रष्टा** भनेर युवामञ्च २०६३ भदौ अङ्कमा वियोगी बुढाथोकी साहित्यमा मूलतः कवि र त्यसपछि गजलकार भएको कुरा उल्लेख गरेका छन् ।

अर्जुन पौडेल 'निर्जन' को सिउँडी, २०६३ आश्विनमा **मनैभरि गजल फुलाउने बुढाथोकी** भनेर उनी पहिले कवि र त्यसपछि सशक्त गजलकार भएको चर्चा गरेका छन् ।

दीपक लोहनीले **आफैंलाई कुल्चेर जानेसँग उनको गुनासो छैन** भनेर कवि तथा गजलकार वियोगी बुढाथोकी सादा जीवन, उच्च विचारका बाहक भएकाले उनलाई कुल्चेर साहित्यको शिखर चुम्नेहरूसँग वियोगी कत्ति पनि नरिसाएको कुरा २०६३ वर्ष ६, अङ्क ३७, माघ २३ गते मङ्गलवारको साप्ताहिक नेपाली आवाजमा उल्लेख गरेर उनको उदार हृदयको परिचय दिएका छन् ।

विजय सुब्बाले **वर्तमान झल्काउने गजलहरू** शीर्षकमा वियोगी बुढाथोकीको पछिल्लो गजलसङ्ग्रह **गजल तिम्रो नाम होइन** लाई युगको आवाज बोक्ने गजलसङ्ग्रहको रूपमा मधुपर्क २०६३ चैत अङ्कमा चर्चा गरेका छन् ।

विश्व सिग्देलले नवआलोक साहित्यिक द्वैमासिक पत्रिकाको २०६४ साउन/भदौ अङ्कका लागि दिएको अन्तर्वार्तामा साहित्यकार बुढाथोकीले साहित्यिक पत्रकारिताका अप्ठ्यारा पक्षहरूमा राज्यपक्षले साहित्यिक पत्रकार पत्रिकालाई बेवास्ता गर्नु विज्ञापन पाउन नसक्नु, देशका विभिन्न भागमा पत्रिका पठाउन पाउने हुलाक सुविधा नहुनु र पत्रिका पसलेले धेरथोर बिक्री भए तापनि भएको छैन भनेर उठेको रकम नदिनु जस्ता कुरालाई अगाडि सारेका छन् ।

## निष्कर्ष

यसरी विभिन्न प्राज्ञ, विद्वान् तथा साहित्यकारहरूद्वारा विभिन्न पत्रपत्रिकामा लेख, रचनाहरू प्रकाशन गरी कवि तथा गजलकार वियोगी बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा आंशिक रूपमा चर्चा-परिचर्चा चलाए पनि सम्पूर्ण जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटेर कुनै त्यस्तो कृति प्रकाशन नगरिएकाले यो शोधपत्र त्यसनिम्ति उपयोगी हुनेछ । त्यसैले खोज गर्दा भेटिएका पूर्वकार्यहरूको समीक्षा यहाँ उल्लेख गरिएको छ ।

यसबाहेक विभिन्न समयमा लिइएका अन्तर्वार्ताहरूले समेत वियोगीका जीवनी र साहित्यबारे केही जानकारी दिन सकेका छन् ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यमा कविता र गजल लेखेर छोटो समयमा भए पनि चर्चित बन्न पुगेका वियोगी बुढाथोकीका विषयमा सामान्य टिप्पणी र समीक्षाबाहेक व्यवस्थित अध्ययन, अनुसन्धान नगरिएको कुरामाथि गरिएको पूर्वकार्यहरूको समीक्षाले नै स्पष्ट पारेको छ । त्यसैले उनका विषयमा सर्वप्रथम गरिने अध्ययन-अनुसन्धान औचित्यपूर्ण छ भन्ने पुष्टि हुन्छ । समसामयिक कविता र गजल विधामा देखापरेका विभिन्न शैली अँगाल्दै यथार्थवादी, सामाजिकता, शृङ्गारिकता र राष्ट्रिय चेतनापूर्ण स्वर मुखरित गर्ने बुढाथोकीका कृतिहरूको अध्ययन गर्नु सान्दर्भिक र उचित नै ठहर्छ । यसबाट नेपाली साहित्यको फाँटमा क्रियाशील व्यक्तित्व भएका बुढाथोकीको साहित्यिक योगदान र स्थानको मूल्याङ्कन पनि हुने र त्यसबाट उनका बारे अध्ययन-अनुसन्धान गर्न चाहने भावी पुस्तालाई समेत लाभ पुग्नेछ ।

अतः उपर्युक्त परिप्रेक्ष्यमा साहित्यकार वियोगी बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित अध्ययनको औचित्य समेत पुष्टि भएको छ ।

## १.७ शोधको सीमाङ्कन

वियोगी बुढाथोकी मूलतः कवि र गजलकार हुन् । उनी सम्पादकका रूपमा पनि परिचित छन् । वि.सं. २०३२ सालदेखि औपचारिक रूपमै साहित्यिक फाँटमा पदार्पण गरेको कुरा विभिन्न अन्तर्वार्ताले पुष्टि गर्छ ।

यस शोधपत्रमा हालसम्मका पाँचवटा कृति र अन्य फुटकर रचनाहरूको मोटामोटी दिशाबोध गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने काम भएको छ। खासगरी बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ। प्रत्येक कृतिको विधागत परिचयका साथ यथायोग्य विवेचना गरी मूल्याङ्कन नै यस शोधकार्यको सीमा हो ।

## १.८ सामग्रीसङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालय अध्ययन विधिका आधारमा नै सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ। शोधनायक जीवितै भएको हुँदा उनीसँगैको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवं मौखिक रूपमा आवश्यक जानकारी लिनुका साथै उनका परिवार र निकटका व्यक्तिसँग सम्पर्क गरी वियोगी बुढाथोकीका विविध पक्षका सम्बन्धमा आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ ।

यस शोधपत्रमा कृति र रचनाको विवेचना सन्दर्भमा परिचयात्मक र सङ्क्षिप्तात्मक रूपमा परम्परित मान्यतालाई नै आधार बनाइएको छ । उनको सम्पादन र अन्य पक्षका सम्बन्धमा भने सामान्य परिचय मात्र प्रदान गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवं सुसङ्गठित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरी आवश्यकतानुसार शीर्षक उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिएको छ :

**परिच्छेद एक**

यस परिच्छेदको शीर्षक **शोधपरिचय** रहेको छ। यसमा शोधविधि उल्लेख गर्नुका साथै पूर्वकार्यको विवरण र समीक्षासमेत गरिएको छ ।

**परिच्छेद दुई**

यस परिच्छेदको शीर्षक 'वियोगी बुढाथोकीको जीवनीको अध्ययन' रहेको छ । यसमा बुढाथोकीको जन्म, बाल्यकाल, विवाह, शिक्षा-दीक्षा, आर्थिक अवस्था र पारिवारिक पृष्ठभूमिका बारेमा अध्ययन गरिएको छ ।

**परिच्छेद तीन**

यस परिच्छेदको शीर्षक **वियोगी बुढाथोकीको व्यक्तित्वको अध्ययन** रहेको छ। त्यस क्रममा उनको कवि, गजलकार, सम्पादक एवं जागिरे, व्यक्तित्वको समेत अनुशीलन रहेको छ।

**परिच्छेद चार**

यस परिच्छेदको **कविता सिद्धान्त र नेपाली कवितामा वियोगी बुढाथोकीको स्थान** रहेको छ ।

**परिच्छेद पाँच**

यस परिच्छेदको शीर्षक **वियोगी बुढाथोकीका कृतित्वका अध्ययन** रहेको छ । जसमा वियोगी बुढाथोकीका विभिन्न समयमा प्रकाशित कविताको समीक्षा र मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद छ**

यस परिच्छेदको शीर्षक **गजलको सैद्धान्तिक परिचय र नेपाली गजलको क्षेत्रमा वियोगी बुढाथोकीको स्थान** रहेको छ। यस परिच्छेदमा गजलको सिद्धान्त उल्लेख गर्नुका साथै त्यसमा वियोगीको स्थानलाई छुट्याउने काम गरिएको छ।

**परिच्छेद सात**

यस परिच्छेदको शीर्षक **वियोगी बुढाथोकीका गजलसङ्ग्रहको विश्लेषण** रहेको छ। जसमा उनका विभिन्न समयमा प्रकाशित गजलसङ्ग्रहको विश्लेषण गर्नुकासाथै निष्कर्ष समेत प्रस्तुत गरिएको छ।

**परिच्छेद आठ**

यस परिच्छेदको शीर्षक **उपसंहार, सारांश तथा निष्कर्ष** रहेको छ। यस परिच्छेदमा पूर्ववर्ती परिच्छेदमा गरिएको अध्ययनको सारांश प्रस्तुत गरिसकेपछि अन्त्यमा समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ।

परिच्छेद दुई

# साहित्यकार वियोगी बुढाथोकीको जीवनीको अध्ययन

## २. जीवनी

कसैको जीवनसम्बन्धी वृत्तान्त, कुनै व्यक्तिको जीवनमा भएका गतिविधिको वर्णन गरिएको पुस्तक वा त्यस्तो विधालाई जीवनी भनिन्छ । ' यहाँ साहित्यकार वियोगी बुढाथोकीको जीवनीको बारेमा चर्चा गरिएको छ :

### २.१ जन्म, जन्मस्थान र बाल्यकाल

वियोगी बुढाथोकीको जन्म वि.सं. २०११ साल जेठ शुक्लपक्षीय द्वितीया तदनुसार सन् १९५४ मे १९ तारिक बुधवारका दिन स्व. पिता कृष्णबहादुर बुढाथोकी र माता श्रीमती विष्णुकुमारी बुढाथोकीका माहिला छोराको रूपमा खड्का भद्रकाली हात्तीगौँडा, काठमाडौँमा भएको हो । उनको न्वारानको नाम भीमबहादुर बुढाथोकी हो । पछि उनलाई सीताराम भन्न थालियो तर उनलाई चर्चित बनाउने नाम चाहिँ वियोगी हुन पुग्यो । उनका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरूमा भने सीताराम बुढाथोकी नाम नै रहेको छ ।

राम्रो जागिर, चिटिक्क परेको घर, मिलेको खेत, चिल्ला-पाते छोराछोरी, मनकारी श्रीमती हुदाँहुँदै पनि सीताराम बुढाथोकी किन बने वियोगी ? भएको चाहिँ के रहेछ भने उनीसहितका तीन मित्रले छुट्ने बेलामा चिर संझनाका लागि योगी, वियोगी र सर्वभोगी राख्न गोलाप्रथा गरे । त्यो गोलाप्रथामा सीतारामको भागमा पऱ्यो वियोगी । अहिले त सीताराम कहाँ पुग्यो पुग्यो । अफिसमा या घरमा सीतारामको नाममा फोन पाउँदैनन्- वियोगी । कहिलेकाहीँ सीताराम भन्दा नौलो पनि लाग्दो हो र मरी-मरी हाँस्दा हुन् ।[2] उनले प्रमाणपत्र तहको अध्ययनपछि यसरी गोलाप्रथाबाट पाएको नाम वियोगी राखेका हुन् ।

चार दानुभाइहरूमा दाजु टीकाबहादुर बुढाथोकी, भाइहरू राजु बुढाथोकी र डा. सुनिल बुढाथोकीमा उनी माहिला भाइ हुन् । दिदी मैया के.सी., बहिनीहरू कान्छी खड्का र कान्छी बहिनी पार्वती कार्की छन् । उनी वाग्मती अञ्चल काठमाडौँ जिल्ला खड्का भद्रकाली गा.वि.स वडा नं. ६ हात्तीगौँडामा बस्दै आएका छन् । मनोरम प्राकृतिक दृश्यले भरिएको शिवपुरी डाँडाको काखमा रहेको हात्तीगौँडा निकै नै रमणीय छ। पहिले त बुढानीलकण्ठसम्ममात्र पुग्ने तर हाल आएर नुवाकोटसम्म पुग्ने कान्तिपथले उनको घरलाई छोएको छ। नजिकै रहेको बुढानीलकण्ठजस्तो पवित्र तीर्थस्थल र शिवपुरीको मनोरम दृश्यसँगै हात्तीगौँडा रमाएको छ ।

---

१. हेमाङ्गराज अधिकारी र अरू, (सम्पा.) प्रयोगात्मक नेपाली शब्दकोश, (काठमाडौँ: विद्यार्थी प्रकाशन प्रा. लि., २०६१), पृ. ३७० ।

2= राजकुमार बानियाँ, **वियोगी पनि गोपाल पनि** तरुण साप्ताहिक, २०५७ चैत्र १३, पृ. ६ ।

सामान्य आर्थिक अवस्था भएको ग्रामीण कृषक परिवारमा जन्मेका वियोगीको बाल्यकाल पढ्दै, गोठालो जाँदै, मेलापात गर्दै र दाउराको लागि शिवपुरीको जङ्गल चहार्दैमा बित्यो। उनी सानैदेखि साह्रै जाँगरिला र तीखो बुद्धिका थिए भनी उनका आफन्तजन र दौंतरीहरू बताउँछन्। आमाबुबाका माहिला छोरा वियोगीले खासै सङ्कट र दुःख भने व्यहोर्नु परेको देखिँदैन। काठमाडौंको शुद्ध सहरी परिवेशभन्दा सामान्य ग्रामीण परिवेशमा हुर्किएका बुढाथोकी गाउँ, पाखा र बस्तीलाई अत्यन्तै मन पराउँछन्।

## २.२ शिक्षादीक्षा

सामान्य साक्षर परिवारमा जन्मिएका वियोगी बुढाथोकीको अक्षरारम्भ घरमै भएको हो। आफ्ना पिताबाट उनले प्रारम्भिक शिक्षाको थालनी गरेका छन्। उनी सानैदेखि तीक्ष्ण बुद्धि भएका मेधावी बालक थिए भन्ने कुरा आफ्ना साथीभाइहरूका समूहमा जुनसुकै काममा पनि अग्रसर हुने प्रवृत्तिबाट थाहा हुन्छ। औपचारिक रूपमा बुढाथोकीको पढाइ गणेश प्राथमिक विद्यालय चपली काठमाडौंमा भएको हो। हाल सो विद्यालय उच्च मा.वि. सम्म सञ्चालन भइरहेको छ। वि.सं. २०१९ सालदेखि २०२३ सालसम्म गणेश प्राथमिक विद्यालयमा अध्ययन गरेपछि वि.सं. २०२४ सालमा शान्ति विद्यागृह लैनचौरमा अगाडिको अध्ययनका लागि कक्षा ६ मा भर्ना भई वि.सं. २०२८ सालसम्म अध्ययन गरे तर प्रवेशिका परीक्षामा भने साथीभाइको लहैलहैमा लागेर नेपाल राष्ट्रिय विद्यापरिषद्बाट वि.सं. २०२९ सालमा सामेल भई तृतीय श्रेणीमा उत्तीर्ण गरे। त्यसपछि उच्च शिक्षामा भने सरस्वती क्याम्पस काठमाडौंबाट वि.सं. २०३४ सालमा आई.ए. पास गरे। त्यसपछि त्रिभुवन विश्वविद्यालयको प्राइभेट विद्यार्थीको रूपमा परीक्षामा सामेल भएर वि.सं. २०४० सालमा बि.ए. र २०४८ मा राजनीति शास्त्रमा एम.ए पास गरे। घरको आर्थिक अवस्था सामान्यतया त्यति कमजोर नभएकाले पनि अध्ययनमा कुनै बाधक पक्ष नरहेको कुरा उनी बताउँछन् तर आफूले सोचेजति प्रगति गरेर पढ्न नसक्नुमा आफ्नै कमजोरी ठान्छन्। अध्ययनलाई कहिल्यै बोझका रूपमा नलिने बुढाथोकी पाएजति पुस्तक र पत्रपत्रिका भने पढ्ने गर्थे। फलस्वरूप उनको ज्ञानको क्षेत्र भने बृद्धि हुँदै गयो। औपचारिक रूपमा एम.ए. सम्मको शिक्षा हासिल गरेका बुढाथोकीले व्यक्तित्व विकासका लागि स्वाध्यायनको कामलाई भने निरन्तरता दिई नै रहे।

समग्रमा भन्नुपर्दा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका बुढाथोकी विद्वान् व्यक्तिमै गनिन्छन्।

## २.३ व्रतबन्ध तथा वैवाहिक जीवन

साहित्यकार बुढाथोकी क्षत्री कुलमा जन्मेका हुनाले सनातन हिन्दू धर्मपरम्परा अनुसार उनको चूडाउपनयन कर्म वि.सं. २०२८ सालमा भयो । त्यतिखेर उनको उमेर १७ वर्षको थियो । काभ्रेपलाञ्चोक जिल्ला बाँसडोल गा.वि.स बस्ने श्री इन्द्रबहादुर राउत र श्रीमती भवानी राउतकी जेठी सुपुत्री शकुन्तला राउतका साथ वि.सं.२०३४ मंसिरमा उनको विवाह भएको हो । यसरी २४ वर्षकै उमेरमा वैवाहिक बन्धनमा बाँधिएका बुढाथोकीका दुई छोरी एकता र अमिता बुढाथोकी तथा एक छोरा नेबिस बुढाथोकी छन् । हाल साहित्यकार बुढाथोकी आफ्ना पाँचजना परिवारका साथमा हात्तीगौंडाकै आफ्नो घरमा बसेका छन् ।

## २.४ आर्थिक अवस्था

स्व. पिता कृष्णबहादुर बुढाथोकी र माता श्रीमती विष्णुकुमारी बुढाथोकीका माहिला सुपुत्र वियोगीको आर्थिक अवस्था भने मध्यमस्तरको देखिन्छ । खान लाउन कुनै अभाव नभएको, बस्नका लागि आफ्नै घरसमेत भएको र अन्न उब्जाउनका लागि खेत पनि छ । जागिरमा पनि संलग्न भएकाले त्यति दयनीय आर्थिक अवस्थाबाट भने गुज्रनुपरेको छैन । घरायसी व्यवहार राम्ररी नै चलिरहेको छ । चल-अचल दुवै प्रकारको सम्पत्तिमा उनको स्वामित्व रहेकाले समग्रमा उनको पारिवारिक आर्थिक अवस्था सबल नै देखिन्छ ।

## २.५ जागिरे जीवनको सुरुवात

साहित्यकार वियोगी बुढाथोकीले जागिरे जीवनका क्रममा थुप्रै अनुभव सँगाल्ने मौका पाएका छन् । सर्वप्रथम वि.सं. २०३० साल फागुन १ गतेदेखि महाराजगञ्ज क्याम्पसमा टा.कम. क्लर्क (मुखिया सरह) बाट आफ्नो जागिरे जीवनको सुरुवात गरेका हुन् । त्यसपछि निरन्तर आफ्नो जागिरमा संलग्न भइरहेका बुढाथोकी वि.सं. २०५४ कार्तिक मसान्तसम्म आइपुग्दा अफिसर द्वितीय (परीक्षा नियन्त्रण महाशाखा प्रमुख) को रूपमा काम गरे । त्यसपछि त्यहाँबाट अवकाश लिएर वि.सं. २०५४ साल मार्ग १ गतेदेखि नेपाल मेडिकल कलेज शिक्षण अस्पताल जोरपाटीमा कार्यक्रम अधिकृतको रूपमा कार्यरत छन् । आफ्नो पेसाप्रतिको दायित्वलाई जिम्मेवारीपूर्वक पूरा गर्नुपर्दाको व्यस्त समयको बावजुद पनि केही समय बचाएर पनि साहित्यसाधनामा खर्च गरिरहेका छन् । यो सामान्य कुरा होइन ।

## २.६ शारीरिक बनावट र स्वभाव

न धेरै मोटा, न धेरै पातला मध्यम खालको शरीरका वियोगी ५ फिट ७ इन्च उचाइका छन् । हृष्टपुष्ट शरीर भएका, सबैसँग मित्रवत् व्यवहार गर्ने बुढाथोकी शान्त र

गम्भीर स्वभावका छन् । तडक-भडक र बाहिरी भ्किभ्काउ देखावटीपनमा उनी पटक्कै विश्वास गर्दैनन् ।

वियोगी बुढाथोकी हरेक वर्ग र उमेरसँग मिल्नसक्ने स्वभाव भएका गजलकार, कवि र सम्पादक हुन् । हरेक तह र तप्कासँग निःस्वार्थ घुलमिल हुनसक्ने स्वभावले गर्दा नेपाली साहित्यमा उनको गतिलो अडान नभएको भान हुन्छ । उनलाई नै चढेर, कुल्चेर जानेहरूले साहित्यको माहौल चुटिरहेका बेलामा पनि वियोगी जोरपाटी/महाराजगञ्जतिरै भेटिइरहन्छन्-चुपचाप ।

वियोगी दिलदार छन् तर भ्किभ्काउ छैनन् । जसका कारण उनको चुरो नबुभ्नेहरूले उनलाई बेवास्ता नै गर्ने गरेको देखिन्छ । **गजल तिम्रो नाम होइन** भन्ने उनको पछिल्लो गजलसङ्ग्रह उनको ज्वलन्त उदाहरण हो । यदि उनले चाहेका भए यस पुस्तकलाई साजसज्जाको दृष्टिले पनि उम्दा बनाउन सक्थे तर शब्द र चुरोलाई जोड दिने वियोगी बुढाथोकी बरु आफूलाई मार्न र मर्न तयार छन् तर आफैँलाई कुल्चेर जानेसँग कुनै गुनासो राख्दैनन् ।[3]

यसबाट पनि प्रस्ट हुन्छ कि बुढाथोकी बाह्य रूपमा जति सादा जीवनका छन्, आन्तरिक रूपमा पनि त्यत्तिकै सादापन देखाउँछन् । जुन उनका साहित्यिक कृतिहरूबाट पनि छर्लङ्ग हुन्छ । उनी प्रायः सधैँ ढाकाटोपी लगाउँछन् । साधारण सर्ट पाइन्ट र जुत्ता उनका पोशाक हुन् । उनको बोली मधुर र शालीन छ ।

वियोगी बाहिरबाट भ्ट्ट हेर्दा सामान्य देखिए पनि उनको प्रतिभा भने विशिष्ट छ । उनको हिँडाइ, बोलाइ, लगाइ हेर्दा यति सामान्य लाग्छ कि उनमा कुनै ठूलो प्रतिभा छैन तर जब उनका कृति हेरिन्छन् तब उनको प्रतिभा देखेर आश्चर्यमा पर्नुपर्ने हुन्छ । कतिपय उनका अग्रज, समकक्षी र पछिल्लो पुस्ताका साहित्यकारहरूले उनको मुक्तकण्ठले प्रशंसा गर्ने गरेका छन् । सबैसँग हाँसेर अभिवादन गर्ने बुढाथोकी आफ्ना पुस्तक बाँड्न कुनै कन्जुस्याइँ गर्दैनन् । तर आफूचाहिँ सकेसम्म अरूका पुस्तक किनेरै पढ्छन् । हालसम्म उनका कविता र गजल गरी पाँचवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने धाराबाहिक रूपमा १३६ शृङ्खला प्रकाशित भइसके पनि १०८ शृङ्खलालाई समेटर सङ्ग्रहको रूपमा प्रकाशोन्मुख अवस्थामा छ । व्यस्त समयबाट पनि केही समय निकालेर तीस वर्षमा उनले जेजति लेखेका छन् त्यो सामान्य कुरा होइन । विभिन्न पदमा रहेर पेसागत व्यस्तताबाट पनि केही समय निकालेर पुरस्कार र सम्मानभन्दा टाढा रहेर दाम कमाउने धुनभन्दा निरन्तर स्वच्छ हृदयले साहित्य सिर्जनामा अनवरत लागिरहने वियोगी घाँसदाउरा गर्दै जङ्गल चहार्दै हुर्केका कवि हुन् ।

---

3= दीपक लोहनी, **आफैँलाई कुल्चेर जानेसँग उनको गुनासो छैन** साप्ताहिक आवाज, वर्ष ६, अंक ३७, २०६३ माघ २३, पृ. ६ ।

बुढाथोकी मिलनसार र मिजासिला स्वभावका साहित्यकार हुन् । उनी बालकदेखि वृद्धसम्मलाई माया र सम्मान गर्छन् । उनीभित्र रहेको सबभन्दा ठूलो गुण सहनशीलता हो । भ्याएसम्म र सकेजति उनी घरायसी कामकाजमा पनि श्रीमतीलाई सघाउने गर्छन् ।

## २.७ लेखन प्रेरणा, प्रभाव र विचार

साहित्यकार वियोगी बुढाथोकीले आफ्नो साहित्यलेखनको प्रेरणा पूर्वीय साहित्य, संस्कृति, कला र अध्ययनलाई मानेका छन् । साहित्यमा सामाजको सजीव चित्रण हुने हुँदा समाजलाई पढेर पुस्तकको रूप दिन सक्ने खुबी उनमा भएकाले समाजलाई पनि आफ्नो प्रेरणास्रोतका रूपमा मान्दछन् । विभिन्न साहित्यकारहरूका साहित्यिक रचना र कृति नै प्रेरणाको स्रोत मान्ने बुढाथोकी प्रायः आफूले पढेका कृतिहरूबाट कुनै न कुनै रूपमा प्रभावित भएकै हुन्छन् ।

एक अन्तर्वार्तामा आफूलाई मन परेका साहित्यिक व्यक्तिको नाम लिनु परेमा तपाई क-कसको नाम लिनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा बुढाथोकीले यसप्रकार उत्तर दिएका छन्:-

म प्रायः गरेर कविता र गजल भनेपछि जसका पनि पढ्छु किनभने आफूले कलम चलाएका विधा यिनै हुन् । यी बाहेक कथा, निबन्ध र उपन्यासहरू पनि समय अनुसार पढ्छु, आफूले नलेखे पनि । त्यसैले मलाई मनपर्ने साहित्यकारहरू आफूभन्दा पछिकाहरू समेत मन पर्छन् । नामै लिँदा धेरै हुन सक्छ, त्यसैले नाम नलिऊँ । प्रश्न सोध्नु भो धन्यवाद, धेरै स्तरीय लेख्न सकौं भन्नेमा छु ।[4]

स्पष्ट नाम लिँदा कसैलाई अन्यायमा पारेर भेदभाव गरेको ठहर्ला कि भन्ने सोचर हो वा किन हो लेखनप्रेरणाको स्रोतका रूपमा सबै साहित्यकारहरूलाई मानेका छन् । उनको लेखन प्रभावलाई हेर्ने हो भने सुरु-सुरुमा उनी स्वच्छन्दतावादी चिन्तनबाट प्रभावित देखिन्छन् । जसको उदाहरण **काठमाडौं धाइरहेछु** (२०४९) हो । उनले उक्त कृतिमा गोसाइँकुण्ड लगायत थुप्रै प्राकृतिक स्थलहरूको स्वच्छन्द वर्णन गरेका छन् । उनी समसामयिक कविता धारामा पनि उत्तिकै सक्रिय छन् । राजनैतिक कारणबाट परेका प्रभावहरू उनका कतिपय कवितामा अभिव्यक्त भएका छन् । बुढाथोकी कविताका अतिरिक्त गजल विधामा पनि कलम चलाउने भएकाले गजल विधाबाट पनि त्यत्तिकै प्रभावित छन् ।

समग्रमा भन्नुपर्दा नेपाली साहित्यका सबै विधाका साहित्यकारहरूलाई मन पराउने बुढाथोकी आफ्नो लेखन प्रेरणाको स्रोत सबैलाई बनाउन चाहन्छन् । यो उनको सबै साहित्यकारप्रतिको उच्च सम्मान हो ।

---

4. खगेन्द्र शिवाकोटी, **प्रजातन्त्रवादी लेखनबाट उदाएका साहित्यकार वियोगी बुढाथोकी**, समाचार साप्ताहिक, २०५७ माघ ८, पृ. ६ ।

## २.८ विधा, रुचि, अम्बल, भ्रमण र अनुभव

### २.८.१ विधा :

साहित्यकार वियोगी बुढाथोकीको साहित्यिक प्रतिभा झल्काउने विधामा कविता र गजललाई मान्न सकिन्छ । सामान्य रूपमा मुक्तक लगायत अन्य विधामा पनि चासो राख्ने बुढाथोकीले अँगालेका स्पष्ट साहित्यिक विधामा भने कविता र गजल नै प्रमुख हुन् ।

### २.८.२ रुचि

बुढाथोकी नयाँ-नयाँ ठाउँहरूमा घुमफिर गर्न रुचि राख्छन् । पाखा-पखेरामा जानु, जतातत‌ै हरियालीले छाएको, जहाँ प्रदूषण केही नभएको प्राकृतिक सुन्दरताले रमणीय र भरिपूर्ण भएको एकान्त ठाउँमा गएर बस्न उनी मन पराउँछन् । फुटबल खेल हेर्न मन पराउने बुढाथोकीको विशेष रुचिको क्षेत्रचाहिँ अध्ययन र लेखन नै हो । प्रकृतिप्रेमी बुढाथोकी साहित्यिक वातावरणमा रम्न चाहन्छन् साथै आजको युगमा आविष्कार भएका नयाँ-नयाँ प्रविधि सिक्नमा पनि उनको उत्तिकै रुचि छ । खानामा सामान्य दालभातका अतिरिक्त मासु पनि रुचाउने बुढाथोकीलाई लुगाको रङ भने नीलो मनपर्छ । उनलाई मनपर्ने नेपाली साहित्यकार विश्वेश्वरप्रसाद कोइराला हुन् भने देशमा नेपाल, भाषामा नेपाली, गायकमा नारायण गोपाल र दीप श्रेष्ठ, नायकमा राजेश हमाल, नेपाली कथानक चलचित्रमा चिनो, फूलमा पारिजात, जनावरमा हरिण, तीर्थस्थलमा बुढानीलकण्ठ, उनका बढी मनपर्ने कुराहरू हुन् ।

### २.८.३ अम्बल

हरेक मानिसको प्रायः एउटा न एउटा अम्बल हुन्छ । साहित्यकार बुढाथोकीको अम्बल चाहिँ बियर र सुपारी हो । एउटा अन्तर्वार्तामा रक्सी कतिको पिउनुहुन्छ ? भन्ने प्रश्न गर्दा उनले उत्तरमा यसो भनेका छन् -

'स्वास्थ्यले थेग्न सकेजति नरम पेय पदार्थ पिउँछु',[5] शोधार्थीको पहिलो भेट पनि बुढाथोकीले महाराजगञ्जको रिचमण्ड क्याफेको 'साहित्यिक कुनो' मा बसेर वियोगीले बियर पिउँदै गरेको अवस्थामा नै भएको हुनाले पनि उनको अम्बल बियर नै हो भन्ने कुरा पुष्टि हुन्छ ।

### २.८.४ भ्रमण

साहित्यकार बुढाथोकी प्राकृतिक मनोरम दृश्यहरू रुचाउने र घुमफिर गर्न मन पराउने हुनाले नेपालका थुप्रै महत्त्वपूर्ण स्थलहरू भ्रमण गरिसकेका छन् । नेपालबाहिर भने

---

5= मणि लोहनी, **लेख्नु मेरो काम हो लेखिरहेछु** स्पेसटाइम दैनिक, २०५७ पुस २१, पृ.१० ।

भारत, सिंगापुर, इण्डोनेशिया, मलेशिया, दक्षिण कोरिया, हङकङ र फिलिपिन्ससम्मको भ्रमण गरिसकेका छन् । उनी जति ठाउँको भ्रमणमा गएका छन् त्यहाँको प्राकृतिक सुन्दरताले भने उनको मनै चोर्ने गरेको छ ।

### २.८.५ अनुभव

साहित्यकार वियोगीको अनुभव घरायसी खेतीपाती, दाउरा घाँस गर्नेदेखि लिएर जागिरका साथै लेखनकार्यमा समेत राम्रो रहेको छ । एम.ए. सम्मको शैक्षिक अनुभव बोकेका बुढाथोकीले स्वाध्ययनबाट पनि धेरै विषयमा राम्रो ज्ञान लिएका छन् । उनलाई जीवनमा आइपर्ने सुख र दुःखको बारेमा पनि राम्रो अनुभव छ । वि.सं. २०३० सालदेखि हालसम्म विभिन्न पद र ओहदामा बसेर सँगालेको कुशल प्रशासनिक कार्यको अनुभव पनि उनमा छ ।

## २.९ प्रारम्भिक साहित्यिक गतिविधि र लेखनकार्य

वि.सं. २०३२ सालमा **यहाँ यस्तै-यस्तै रहेछ** कविता रचेर साहित्यमा प्रवेश गरेका बुढाथोकीको पहिलो प्रकाशित पुस्तकाकार कृति भने **समयलाई सञ्चो छैन** (२०४०), कवितासङ्ग्रह, आरोहण प्रकाशन हो । हालसम्म उनीद्वारा लिखित र प्रकाशित कृतिहरूलाई सूचीकृत रूपमा तल दिइन्छ :

| **क्र.सं** | **कृतिको नाम** | **विधा** | **प्रकाशित मिति र प्रकाशक** |
|---|---|---|---|
| १ | समयलाई सञ्चो छैन | कवितासङ्ग्रह | २०४२, आरोहण प्रकाशन |
| २ | आफन्तका चोटहरू | गजलसङ्ग्रह | २०५२, श्रीमती शकुन्तला बुढाथोकी |
| ३ | काठमाडौं धाइरहेछु | कवितासङ्ग्रह | २०४९, ने.रा.प्र.प्र. |
| ४ | छुटेका यादहरू | कवितासङ्ग्रह | २०५३, साझा प्रकाशन |
| ५ | गजल तिम्रो नाम होइन | गजलसङ्ग्रह | २०६३ शिवपुरी साहित्य समाज |
| प्रकाशोन्मुख | | | |
| १ | गोपाल र गोपालहरू | कवितासङ्ग्रह | |

यसरी २०३२ सालदेखि २०६३ सम्म आइपुग्दा तीनवटा कवितासङ्ग्रह र दुईवटा गजलसङ्ग्रह प्रकाशित भइसकेका छन् भने **गोपाल र गोपालहरू** प्रकाशोन्मुख अवस्थामा छ ।

त्यसैले वियोगीको लेखनकार्य निरन्तर गतिमान् रहेकाले उनको कलम भविष्यमा पनि सशक्ततासाथ चलिरहने आशा गर्न सकिन्छ ।

## २.१० भाषा

साहित्यकार वियोगी बुढाथोकी क्षत्री कुलमा जन्मेका हुन् । उनको मातृभाषा नेपाली हो । यही नेपाली मातृभाषामा नै बुढाथोकीले पढ्ने, बोल्ने र लेख्ने गर्छन् । उनमा नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी, हिन्दी र नेवारी भाषाको पनि सामान्य ज्ञान छ तर उनले जे-जति उपलब्धि हासिल गरेका छन्, त्यो भने नेपाली भाषाका माध्यमबाट नै गरेका छन् । यसरी हेर्दा नेपाली भाषा नै उनको भरपर्दो माध्यम भाषा हो । साहित्यकार भएका नाताले पनि नेपाली कथ्य र लेख्य भाषामा शिष्टता, शुद्धता र अझ बढी आलङ्कारिकता पाइन्छ ।

## २.११ सम्पादन कार्य

साहित्यिक कृतिहरूको सिर्जना गर्नुका अतिरिक्त विभिन्न साहित्यिक गतिविधिमा पनि उनको संलग्नता छ । अन्तर्दृष्टि- 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी.' (त्यसको एक अङ्कमात्र वर्ष ४, अङ्क ४ १९९६ इस्विमा) उनको सम्पादकत्वमा नेपालबाट प्रकाशित भएको हो । शिवपुरी साहित्यिक त्रैमासिक पत्रिकाका सम्पादक (२०५१ देखि) आगमन साहित्यिक त्रैमासिकका प्रधान सम्पादक (२०६३ देखि) प्रतिनिधि नेपाली गजल (२०५७, भाद्र २००० अगष्ट, सहसम्पादन) गरेका छन् भने सम्पादन तथा प्रकाशन-खप्तडी बुढाथोकी क्षेत्री वंशावली (२०६२) को सफलतापूर्वक सम्पादन गरेका छन् र गरिरहेका छन् । यसका अतिरिक्त थाहा पाए जति साहित्यिक कार्यक्रममा गई कविता र गजल वाचन गर्नु र अरूका वाचन सुन्नु उनका साहित्यिक गतिविधि हुन् ।

## २.१२ सम्मान तथा पुरस्कार

साहित्यकार वियोगी बुढाथोकी आफ्नै सुरमा साहित्य लेखेर आफ्नै संसारमा रमाउने व्यक्ति हुन् । उनलाई कुनै विभूषण वा पुरस्कारको लोभ छैन । उनलाई केवल आफ्ना कृतिहरूलाई माया गरेर पढिदिने पाठकहरूको आवश्यकता छ । पुरस्कारको सम्बन्धमा एउटा अन्तर्वार्ताको प्रसङ्ग यस्तो छ -

> *पुरस्कारप्रति तपाईको धारणा ?*
>
> *-धाउनेहरूले मात्र पुरस्कार र केही पाउन लगानी गर्ने पुरस्कार राख्नेहरूको बाहुल्य रहेको र सोही अनुसार अनुशरण गरिएकाले पुरस्कारले व्यक्ति खोज्न सकेको छैन । स्रष्टाले पुरस्कार खोज्न जानुपर्ने र पाउने भएकाले आफू खोज्न नजाने प्रवृत्तिको परिएकोले यसप्रति पृथक धारणा रहन गएको छ ।[6] साहित्यका प्रमुख विधा कविता र गजल लेखनलाई उत्साह र ऊर्जा दिन, उनीप्रति सम्मान दर्शाउन*

---

6= खगेन्द्र शिवाकोटी, **प्रजातन्त्रवादी लेखनबाट उदाएका साहित्यकार वियोगी बुढाथोकी** समाचार साप्ताहिक, २०५७ माघ ७, पृ. ६ ।

*साहित्यप्रति संदृष्टि राख्ने संघ-संस्थाहरूले सम्मान र पुरस्कार पनि दिएका छन् । हालसम्म उनले पाएका सम्मान र पुरस्कारहरू निम्नानुसार छन् :*

प्रथम, राष्ट्रिय प्रतिभा पुरस्कार (२०४२)
शिक्षा पुरस्कार (२०४२)
राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७)

**सम्मान**

हात्तीगौँडा राई समाजद्वारा (२०४२)
बसुन्धरा मानश्री गजल सम्मान (२०५८)
सिम्पल आर्ट समाज (२०६०)
बगर सम्मान (२०६१)
मोतीराम गजलमञ्च (२०६१)
त्रि-चन्द्र देवकोटा सम्मान (२०६२)
दामोदर पुडासैनी सम्मान (२०६४)

## २.१३ **निष्कर्ष**

सामान्य साक्षर परिवारमा जन्मेर स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा हासिल गरेका वियोगी बुढाथोकीले वि.सं.२०३२ सालदेखि थालेको साहित्यिक यात्रा निरन्तर जारी छ । तीन दशकभन्दा लामो साहित्यिक लेखन अवधिमा पाँचवटा साहित्यिक कृतिको रचना उनले गरिसकेका छन् । नेपाली साहित्यको प्रमुख विधा मानिने कविता र उपविधा गजलमा सशक्तताका साथ कलम चलाएर नेपाली साहित्यको ढुकुटी भर्न सहयोग गर्ने बुढाथोकीलाई राष्ट्रले सम्मान गर्न नसक्नु निःसन्देह दुःखद कुरा हो । आगामी दिनमा उनको साहित्यले उपयुक्त स्थान ग्रहण गर्नेछ । सादा जीवन र उच्च विचार राख्ने साहित्यकार बुढाथोकी सबैका निम्ति अनुकरणीय र प्रेरणादायी व्यक्तित्व हुन् ।

## परिच्छेद तीन

# साहित्यकार वियोगी बुढाथोकीको व्यक्तित्वको अध्ययन

### ३.१ शारीरिक (बाह्य) र स्वभावजन्य (आन्तरिक) व्यक्तित्व

कुनै पनि व्यक्तिको परिचय, वैभव र अमूल्य गहना भन्नु नै उसको व्यक्तित्व हो। हरेक व्यक्तिको त्यस्तो व्यक्तित्व फरक-फरक हुने गर्छ। व्यक्तित्वलाई आन्तरिक र बाह्य अथवा प्रतिभाजन्य र शारीरिक गरी दुई किसिमले वर्गीकरण गर्न सकिन्छ। शारीरिक वा बाह्य व्यक्तित्वलाई बाहिरबाट झलक्क हेर्नेबित्तिकै थाहा पाउन सकिन्छ भने आन्तरिक व्यक्तित्वलाई व्यक्तिको स्वभाव, चैतन्य र अन्य क्रियाकलापबाट बुझ्न सकिन्छ।

### ३.२ शारीरिक वा बाह्य व्यक्तित्व

माथि उल्लेख गरिए झैँ वियोगी बुढाथोकीको व्यक्तित्वलाई दुवै कोणबाट हेर्न सकिन्छ। उनको शारीरिक व्यक्तित्वलाई झट्ट हेर्दा उनी सामान्यतया अग्ला नै देखिन्छन्। ५ फिट ७ इन्च उचाइ भएका बुढाथोकीको शरीर न धेरै मोटो न धेरै दुब्लो देखिन्छ। उनी हृष्टपुष्ट शरीर भएका आकर्षक व्यक्तित्वका देखिन्छन्। सफाचट पारेर दाह्री जुँघा काट्ने बुढाथोकी काला आँखा भएका गम्भीर देखिन्छन्। उनी प्रायः सर्ट, पाइन्ट र साधारण जुत्ताका पहिरनमा रहने गर्छन्।

### ३.३ स्वभावजन्य वा आन्तरिक व्यक्तित्व

वियोगी एक निडर, विवेकी, सचेत चिन्तनशील र परिपक्व व्यक्तित्वका धनी हुन्। बाहिरबाट झट्ट हेर्दा उनी साधारण देखिए पनि भित्रीरूपमा भने प्रतिभावान, शालीन, मिलनसार, मिहिनेती र स्वाभिमानी छन्। उनमा आफ्ना भनाइ र विचारहरूलाई सहज र निर्भीक भएर राख्न सक्ने खुबी छ। समाजमा भएका विकृति, विसङ्गति र वेनियमहरूमाथि चोटिलो प्रहार गर्न उनी पटक्कै पछि पर्दैनन्। समाजको उन्नतिका बाधक तत्त्व चाकरी, चाप्लुसी र घुसखोरीका साथै घृणित अस्वस्थ राजनैतिक चालबाजी उनका लागि सबभन्दा मन नपर्ने विषय हुन्। जतिसुकै दुःखद् परिस्थितिको सामना गर्नुपर्दा पनि उनी अलिकति पनि विचलित हुँदैनन्। आफ्नो विचार र दृष्टिकोणप्रति उनी सधैँ अडिग र प्रतिबद्ध छन्। कसैलाई चिप्लो घसेर ठूलो बनाएर बोल्नुभन्दा उनी वास्तविकतालाई खुलेर प्रस्तुत गर्न कति पनि हिच्किचाउँदैनन्। जागिर र घरायसी कामबाट बचेको थोरै समयमा पनि अनेक संघ-संस्थाका बैठकमा सामेल हुने, लेख्ने र स्वाध्यायन गर्ने काम गर्छन्। जीवनलाई सङ्घर्ष ठान्ने बुढाथोकी राजनीतिमा सामान्यतः वी.पी. कोइरालाको प्रजातन्त्र प्राप्तिपछिका दिनहरूमा भएका राजनीतिक दलहरूको गलत प्रवृत्तिबाट विरक्तिएर प्रायः निरपेक्षझैँ देखिन्छन्।

### ३.४ साहित्यिक लेखकीय व्यक्तित्व

वियोगी बुढाथोकीको जीवनका विविध पाटाहरूमध्ये महत्त्वपूर्ण पाटो साहित्यिक व्यक्तित्व नै हो । यसैबाट उनी चर्चित बन्न पुगेका छन् । उनी साहित्यकार हुनुमा निर्दिष्ट व्यक्तिविशेषलाई प्रेरणाको स्रोत मान्नुभन्दा पनि सम्पूर्ण साहित्यकारबाट धेरथोर भए पनि प्रभावित भएको कुरा बताउँछन् । उनका कृतिमा समाजका यथार्थ र वास्तविक कुरालाई प्रस्तुत गरिएको पाइन्छ । उनका कृति पढ्दा कुनै पनि साहित्यकारको ठाडो प्रभावको अनुभव हुँदैन ।

बुढाथोकी मूलतः कवि र गजलकार हुन् । साहित्यको अन्य विधामा सामान्य चासो राखे पनि उनको उत्कृष्टता कविता र गजल विधामै छ । साहित्यिक क्षेत्रमा लागेर कविता र गजल विधा गरी पाँचवटा कृति प्रकाशित गरिसकेका बुढाथोकीका कृतिहरूको गुणदोषको समीक्षा हुन त बाँकी नै छ। उनका व्यक्तित्वका विविध पाटाहरू भएको हुँदा ती व्यक्तित्वलाई छुट्टाछुट्टै उपशीर्षकमा अध्ययन गर्नु उपयुक्त हुन्छ ।

#### ३.४.१ कवि व्यक्तित्व

साहित्यकार वियोगी बुढाथोकीको साहित्यिक लेखकीय व्यक्तित्वहरूमध्ये अत्यन्त सशक्त व्यक्तित्व कवि हो । उनी वि.सं. २०३२ सालमा **यहाँ यस्तै–यस्तै रहेछ** कविता लेखेर देखा परे । हालसम्म उनका पुस्तकाकार प्रकाशित कृतिहरूमा **समयलाई सञ्चो छैन** (२०४२), कवितासङ्ग्रह, **काठमाडौं धाइरहेछु** (२०४९), कविता सङ्ग्रह, **छुटेका यादहरू** (२०५३), कविता सङ्ग्रह छन् । यी सबै कविता विधाका सिर्जनाहरूले वियोगीमा एक प्रखर कवि व्यक्तित्व रहेको कुरा पुष्टि गर्छन् ।

#### ३.४.२ गजलकार व्यक्तित्व

बुढाथोकीले साहित्यको कविता विधामा जति सशक्तताका साथ कलम चलाएका छन्, गजल विधामा पनि उनी त्यत्तिकै प्रखर देखिन्छन् । हालसम्म उनका दुईवटा गजलसङ्ग्रह **आफन्तका चोटहरू** (२०५२), **गजल तिम्रो नाम होइन** (२०६३) प्रकाशित भइसकेका छन् । अझै पनि कवितालाई जत्तिकै गजललाई पनि माया गर्ने बुढाथोकीको गजल लेखनको रहर भने मेटिएको छैन ।

#### ३.४.३ राजनीतिक व्यक्तित्व

नोकरीमा व्यस्त हुनुपरेकै कारण बुढाथोकीले कुनै राजनैतिक पार्टीको सक्रिय कार्यकर्ता भएर झोला बोकेर हिंडेको भने पाइँदैन । तैपनि मानिस सामाजिक प्राणी भएका नाताले भने देशमा भएका हरेक सामाजिक र राजनैतिक क्रियाकलापले मानिसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भने तुल्याउँछ नै । त्यस्तै वियोगी बुढाथोकी सामान्य रूपमै

भए पनि वी.पी. का अनुयायी भने अवश्यै मानिन्छन् । प्रजातान्त्रिक शासन व्यवस्था ल्याउनमा होस् वा जनआन्दोलन भाग-२ मा होस्, उनी लगायत उनका परिवार र आफन्तजनले प्रत्यक्ष संलग्नता जनाएर भने सहयोग गरेकै छन् ।

### ३.४.४ प्रशासनिक व्यक्तित्व

साहित्यकार वियोगी बुढाथोकी प्रशासनिक क्षेत्रमा पनि संलग्न भएर आफ्नो सफल प्रशासनिक व्यक्तित्वको परिचय दिइसकेका व्यक्ति हुन् । वि.सं. २०३० सालदेखि महाराजगन्ज क्याम्पसमा टा. कम क्लर्क (मुखिया सरह) बाट काम थालेर २०५४ कात्तिकसम्म आइपुग्दा अफिसर द्वितीय (परीक्षा नियन्त्रण महाशाखा प्रमुख) र त्यसपछि त्यहाँबाट स्वेच्छिक अवकाश लिएर वि.सं. २०५४ मार्ग १ गतेदेखि हालसम्म पनि नेपाल मेडिकल कलेज जोरपाटीमा कार्यक्रम अधिकृतको रूपमा कार्यरत छन् ।

### ३.४.५ सम्पादक व्यक्तित्व

साहित्यकार वियोगी बुढाथोकी बहुआयामिक व्यक्तित्वका धनी मानिन्छन्, जसमा उनको सम्पादक व्यक्तित्व पनि त्यत्तिकै चम्किलो रहेको छ । अन्तर्दृष्टि-अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी. (अन्तर्दृष्टि अमेरिकाबाट अर्थात् अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट प्रकाशित हुने पत्रिका हो । जसको (ई. १९९६ वर्ष ४, अङ्क ४ चाहिँ बुढाथोकीको सम्पादकत्वमा प्रकाशित भएको हो), शिवपुरी सन्देश- साहित्यिक त्रैमासिकका प्रधान सम्पादक ( २०६३ देखि), प्रतिनिधि नेपाली गजल (सहसम्पादन २०५७ भाद्र) का साथै सङ्कलन सम्पादन तथा प्रकाशन खप्तडी बुढाथोकी क्षेत्री वंशावली (२०६२), नववर्ष २०५१ देखि विविध साहित्यिक त्रैमासिक पत्रिकाको रूपमा सुरु भएको 'शिवपुरी सन्देश' आठौं वर्ष र एक्काइसौं अङ्कमा पुगेको छ । वियोगी बुढाथोकी, राजेश्वर थापा, नरप्रसाद धिताल, रामबहादुर केसी आदि युवाहरूको सक्रियतामा सुरु भएको 'शिवपुरी सन्देश' २०५४ देखि कवि वियोगी बुढाथोकीको एकल प्रयासमा निक्लिरहेको छ ।[1]

यसबाट पनि थाहा हुन्छ कि सम्पादन गर्ने जस्तो झन्झटिलो र संवेदनशील काममा पनि २०५१ देखि निरन्तर लागिरहने बुढाथोकी कुशल सम्पादक हुन् ।

### ३.४.६ अन्य व्यक्तित्व

साहित्यिक क्षेत्रमा संलग्न भएका बुढाथोकीको व्यक्तित्वलाई हेर्दा उनी विभिन्न संघसंस्थामा पनि संलग्न भएका पाइन्छन् । जसमा वी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, रिफलर हेल्थ सेन्टर जस्ता सामाजिक संघसंस्था एवं अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल साहित्यकार संघजस्ता समूहकृत संस्थामा आबद्ध छन् उनी ।[2]

---

1= ध्रुव मधिकर्मी, **शिवपुरी सन्देशको साहित्यिक यात्रा**, साप्ताहिक नेपाली आवाज, **२०५८** भाद्र ११, पृ. ५ ।
2= कुमार यात्रु, **प्रभुलाई अचेल सञ्चै छ** ? राजधानी, सौजन्य साप्ताहिक, २०६१ भदौ ५ पृ. ग ।

## ३.५ निष्कर्ष

वियोगी बुढाथोकी व्यक्ति एक व्यक्तित्व अनेक भएका प्रतिभा हुन् । घरायसी र सामाजिक व्यवहारमा समेत पोख्त बुढाथोकी विविध विधागत व्यक्तित्वले पूर्ण छन् । व्यस्तताका बावजुद पनि पाँच-पाँचवटा साहित्यिक कृति प्रकाशित गरेर स्थापित साहित्यकार बन्नुले पनि उनीभित्रको सिर्जनशील व्यक्तित्व स्पष्ट हुन्छ । पुस्तक प्रकाशनका क्रममा गर्नुपर्ने काम सबै उनी आफैं गर्छन् । जुन कुराले समाजमा नराम्रो असर पार्छ, त्यसको विद्रोह गर्न मन लाग्छ । चाकरी र चाप्लुसी गर्नेहरूबाट टाढै रहन चाहन्छु । मलाई त्यस्तो कार्य मन पर्दैन, जीवनलाई असल चरित्रले सधैं साथ देओस् भन्ने लाग्छ[3] भन्न चाहने बुढाथोकीको व्यक्तित्व बहुआयामिक र स्वच्छ छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

3= शोधार्थीले शोधनायकसँग गरेको प्रत्यक्ष कुराकानी ।

परिच्छेद चार

# कविता सिद्धान्त र नेपाली कवितामा वियोगी बुढाथोकीको स्थान

## ४.१ कविता : विधागत चिनारी

साहित्यका विधाहरूमध्ये कविता सर्वप्राचीन र लोकप्रिय विधा हो। प्राचीन कालमा 'काव्य' शब्दको अर्थ व्यापक थियो। त्यस समयमा 'काव्य' शब्दले कविताका विविध रूपलाई मात्र नबुझाएर समग्र साहित्यलाई नै बुझाउँथ्यो। ईशाको चौधौं शताब्दीमा आचार्य विश्वनाथले सर्वप्रथम 'साहित्य' शब्दको प्रयोग गरेपछि 'काव्य' र 'साहित्य' शब्दमा फरकपन आउन थालेको हो भन्न सकिन्छ। वर्तमान परिप्रेक्ष्यमा 'काव्य' शब्दले साहित्यका सम्पूर्ण विधालाई नबुझाएर मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, कोशकाव्य, गीतिकविता आदिलाई मात्र बुझाउँछ। तसर्थ हाल यस शब्दको अर्थ सङ्कुचन भएको पाइन्छ।

'काव्य' वा साहित्यको दृश्येत्तर (दृश्यबाहेकको) श्रव्य भेदअन्तर्गतको गद्येतर (गद्यभन्दा भिन्न) पद्यभेद वा काव्य/साहित्यको सिधै गद्येतर पद्यभेद नै समुच्चा संस्कृत साहित्यशास्त्रीय परम्पराका सन्दर्भमा आजको कविताको सूचक रहेको कुरा निष्कर्षित हुन्छ।[1]

## ४.२ कविताको व्युत्पत्ति

'काव्य' शब्द संस्कृतको तत्सम शब्द हो। यस शब्दले कुनै रचनाविशेषलाई बोध गराउँछ। यसरी सामान्य रूपमा हेर्दा कविद्वारा रचना गरिएको सिर्जना नै काव्य हो भन्न सकिन्छ। पूर्वीय काव्यशास्त्रमा काव्य र कवि शब्दलाई एकअर्काका सापेक्षतामा चिनाइएको पाइन्छ। कविको रचना काव्य र काव्य रचना गर्ने सर्जक नै कवि हो भनी व्याख्या गर्ने प्रचलन पूर्वमा रहेको पाइन्छ।

शाब्दिक दृष्टिकोणबाट हेर्दा पाश्चात्य साहित्यमा कविलाई Poet र कवितालाई Poem वा Poetry भनिन्छ। Poet बाट Poetry शब्द निर्माण गरिएको हो भने Poet प्राचीन ग्रीकको Poetes शब्द परिवर्तन भएर ल्याटिनमा Poeta, मध्यकालीन अङ्ग्रेजीमा Poete हुँदै निर्माण भएको हो। यसको नेपाली अर्थ कवि हुन्छ। अङ्ग्रेजीको Poem शब्द ग्रीकको

1= **नेपाली कविता भाग-४**, सम्पा. वासुदेव त्रिपाठी र अन्य (२०६०), पृ. १।

Poioma, ल्याटिनमा Poema, फ्रेन्चमा Poeme हुँदै निर्माण भएको हो । यसको अर्थ पनि कविद्वारा रचित पद्यमय रचना भन्ने नै हुन आउँछ । यसरी पूर्वको कवि, कविता काव्य र पश्चिमको Poet, Poem र Poetry मा प्रायः समान अर्थ रहेको स्पष्ट हुन्छ ।

## ४.३ कविताको परिभाषा

पूर्वीय र पाश्चात्य दुवै साहित्यशास्त्रमा कविताको परिभाषा दिने काम गरिएको पाइन्छ । यस लामो परम्परामा काव्यको परिभाषा गर्दा कसैले विचार वा भावपक्षलाई जोड दिइएको पाइन्छ भने कसैले कला वा सौन्दर्य पक्षलाई बढी जोड दिएका छन् । पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका परिभाषामा एकमत नपाइए पनि उनीहरूले कविद्वारा रचिएको रचना नै कविता हो भन्ने कुरामा चाहिँ जोड दिएका छन् । पूर्वमा 'संक्षेपाद् वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली' अर्थात् 'अभीष्ट भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली काव्य हो ।[2]' भनेर अग्निपुराणमा कवितालाई परिभाषित गरिएको छ । यस्तै गरी शब्दार्थौ सहितौ काव्यम् अर्थात् शब्द र अर्थले युक्त रचना नै काव्य हो ।[3] भनेर परिभाषित गरेका छन् । पाश्चात्य साहित्यमा हड्सनले It literature is thus fundamentally an expression of life through the medium of language. अर्थात् 'मूलतः साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्ति हो ।'[4] भनेका छन् । परिभाषाकै क्रममा कलरिजले 'Poetry is the antithesis of science having for its immidiate please not truth.' अर्थात् 'कविता विज्ञानको विपरीत विधा हो, किनभने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन ।'[5] भनेका छन् । यस्तै गरी नेपाली विद्वान् वासुदेव त्रिपाठी र अरूले 'कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ, ...यो साहित्यको लयात्मक वैशिष्टच भएको गद्येत्तर भेद हो ।'[6] भनेका छन् ।

---

2= केशवप्रसाद उपाध्याय, **साहित्य-प्रकाश**, काठमाडौं : साझा प्रकाशन, २०४०, पृ. ८ ।

3= ऐजन, पृ. ८ ।

4= ऐजन, पृ. १४ ।

5= ऐजन, पृ. १५-१६ ।

६. वासुदेव त्रिपाठी र अरू, पूर्ववत्, पृ. १७ ।

यसरी पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्ले दिएका काव्यको परिभाषा हेर्दा लयात्मक भएको रसिलो, आनन्द प्रदान गर्ने साहित्यिक लेख नै कविता हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.४ कविताका तत्त्वहरू

कविता विधाले विधागत स्वरूप लिनका लागि जे-जति आवश्यकीय कुराहरू चाहिन्छन्, तिनलाई नै कविताका तत्त्व भनिन्छ ।

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्यको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित मुख्य पक्ष वा तत्त्व देखापर्दछन् :- (१) शीर्षक, (२) संरचना, (३) लयविधान, (४) भाषाशैली, (५) कथन पद्धति, (६) केन्द्रीय कथ्य र त्यसका सन्दर्भसामग्री तथा भावविधान, (७) बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि एवं (८) व्यञ्जना र (९) विधागत स्वरूप तथा आयाम । यी पक्षहरू परस्पर अनुस्यूत वा आबद्ध रहने गर्दछन् ।[7]

## ४.५ कविताका उपविधाहरू

कविता विधा विभिन्न आयाममा रचिएको हुन्छ। यसले ग्रहण गरेको विषयवस्तु वा भावको लम्बाइ अनुभूतिको विस्तार, आख्यानतत्त्वको ग्रहण, जीवनजगत्को चित्रण आदिका आधारमा कविताका उपविधाको वर्गीकरण गर्न सकिन्छ। सबै कुरालाई मध्यनजर गर्दा आयामगत रूपमा कवितालाई मोटामोटी रूपमा निम्न चार उपविधाहरूमा वर्गीकरण गर्न सकिन्छ। (१) मुक्तक (२) फुटकर (३) खण्डकाव्य (४) महाकाव्य

### ४.५.१ मुक्तकः कविताको लघुत्तम रूप

मुक्तक कविता विधाको सबैभन्दा सानो उपविधागत रूप हो । सामान्यतः एक/दुई हरफदेखि लिएर दस हरफसम्म लम्बाइ भएका लघु कविता मुक्तकअन्तर्गत पर्दछन् । कविको भावको एक झोक्का वा झिल्का नै मुक्तक हो। यसमा दुई पङ्क्तिदेखि आठ-दस पङ्क्तिसम्म हुने गर्दछन् ।

### ४.५.२ फुटकर कविताः कविताको लघु रूप

आजको समयमा कविता भन्दा फुटकर कवितालाई नै बढी चिनिन्छ । यद्यपि कविता समष्टि रूप हो र फुटकर कविता भने कविताको विधागत वर्गीकरण गर्दा देखिने मुक्तकभन्दा ठूलो र खण्डकाव्यभन्दा सानो रूप हो। हाल पत्रपत्रिकामा प्रकाशित हुने र कविगोष्ठीमा वाचन गरिने कविता यसैअन्तर्गत पर्दछन्। नेपाली कविता परम्पराका

7= वासुदेव त्रिपाठी र अरू : नेपाली कविता भाग ४, पूर्ववत् पृ. १७।

सन्दर्भमा भने माध्यमिक कालको छापाखानाको विकास र पत्रपत्रिकाको प्रकाशनसँगै मौलाउँदै आएको उपविधा हो फुटकर कविता । त्यसैले आज सबैले अधिकाधिक लेख्ने गरेको कविता पनि यही फुटकर कविता नै हो ।

### ४.५.३ खण्डकाव्यः कविताको मध्यम रूप

महाकाव्यपछि प्रबन्ध-काव्यको अर्को रूप खण्डकाव्य हो .[8] आयामका दृष्टिले साहित्यको कविता उपविधाको मझौला रूप हो खण्डकाव्य । स्पष्ट कथानकमा बाँधिएको महाकाव्यभन्दा सानो र पातलो कथावस्तु भएकाले कुनै मार्मिक घटनाबिन्दुमा खण्डकाव्य सीमित हुन्छ । तीव्रगतिले एक तथ्यतर्फ उन्मुख हुने हुनाले यसमा कथानकका शाखा-प्रशाखा केही पनि पाइँदैन ।

फुटकर कविताभन्दा बढी आयाम र महाकाव्यभन्दा कम आयाम भएको कविताको रूप नै खण्डकाव्य हो भन्न सकिन्छ ।

### ४.५.४ महाकाव्यः कविताको बृहत् रूप

काव्यशास्त्रअनुसार कवितामा आबद्ध प्रख्यात विषयवस्तुमा आधारित र सर्गबद्ध तथा रसयुक्त ठूलो गहन काव्य नै महाकाव्य हो ।[9] विधागत आयामका दृष्टिले कविताको बृहत् रूप नै महाकाव्य हो । कविताको यस बृहत् रूपमा जीवनको बृहत् चित्र चित्रण गरिएको पाइन्छ । महाकाव्यमा विविध कथानकहरूको एकैसाथ संयोजन भएको पाइन्छ । साथै यसमा कथानकका शाखा-प्रशाखा पनि पाइन्छन् । सामान्यतया महाकाव्य हुनका लागि कम्तीमा पनि आठ सर्ग हुनुपर्ने मान्यता अघि सारिएको पाइन्छ ।

त्यसैले कविताको उत्कर्ष वा ठूलो रूप नै महाकाव्य हो जसमा सम्पूर्ण जीवनजगत्को व्यापक चित्रण गरिएको हुन्छ ।

### ४.५.५ नेपाली कविताको सङ्क्षिप्त विकासक्रम

नेपाली भाषाको उत्पत्ति र विकासको क्रमसँगै साहित्यले पनि सिर्जना हुने अवसर पायो । भाषाको सुन्दर कलात्मक प्रयोग नै साहित्य हो र साहित्यको लयात्मक (मुक्त र बद्ध रूप) कविता हो ।

नेपाली भाषाको उत्पत्ति संस्कृत भाषाबाट भएको पाइन्छ । नेपालका विविध भेगमा फैलिँदै गएको संस्कृत भाषा विभिन्न भौगोलिक क्षेत्रमा निर्माण भएर अपभ्रंश भाषाका रूपमा भारतवर्षीय आधुनिक अन्य भाषासरह यस भाषाको विकास भएको मानिन्छ । नेपाली भाषा संस्कृतको पहाडी अपभ्रंशको पूर्वीय भाषिकाको एक हाँगाका रूपमा विक्रमको एघारौं

---

८. हिमांशु थापा, साहित्य परिचय, (काठमाडौँ, साझाप्रकाशन चौ. सं. २०५०, पृ. ५७

९. वासुदेव त्रिपाठी र अन्य, (सम्पा.) नेपाली बृहत् शब्दकोश, (काठमाडौँ, ने. रा. प्र. प्र. २०५२) पृं १०५८ ।

शताब्दीमा उत्पत्ति भएको हो र यसको उत्पत्तिस्थल जुम्लाको सिंजालाई मानिएको छ। भाषिक इतिहासलाई हेर्दा हालसम्म नेपाली भाषामा उपलब्ध सर्वप्राचीन नमुना वि.सं. १०३८ को दामुपालको दुल्लू अभिलेख हो ।

नेपाली भाषामा लेख्य वा शिष्ट कविताको खास परम्परालाई विक्रमको उन्नाइसौँ शताब्दीमा पृथ्वीनारायण शाहको नवनेपालको निर्माणको वीरतापूर्ण विजय अभियानसँगै थालिएको पाइन्छ । सुवानन्ददासको पृथ्वीनारायणसम्बन्धी वीरगानको कवित्त वा कविता ( वि.सं १८२६ तिर) नै लेख्य नेपाली कवितापरम्पराको उद्घाटक कृति मानिँदै आएको छ । [10] जे भए पनि शिष्ट लेख्य नेपाली कविताको थालनी पृथ्वीनारायण शाहको नयाँ नेपालको विजय अभियानसँगै थालिएको हो ।

यसरी नेपाली कविताको विकासलाई मोटामोटी दुई चरणमा चर्चा गर्नु उपयुक्त हुन्छ। नेपाली भाषाको उत्पत्तिदेखि सुवानन्द दाससम्म पृष्ठभूमिकाल र १८२६ देखि हालसम्मको कविताको विकासलाई लेख्य काल भन्नु उचित हुन्छ। उपर्युक्त लेख्य काललाई पनि प्राथमिक, माध्यमिक र आधुनिक काल गरी तीन चरणमा चर्चा गरिन्छ ।

### ४.५.६ नेपाली कविताको पृष्ठभूमिकालः सङ्क्षिप्त चर्चा

नेपाली कविताको पृष्ठभूमिकाललाई मौखिक लोकधाराको काल पनि भनिन्छ। नेपाली भाषाको उत्पत्ति भएदेखि यस कालको सुरुवात हुन्छ र उक्त काल सुवानन्द दासको वीरबन्दनामूलक कवितासम्म रहन्छ। यस कालमा नेपाली भाषाको लोकस्तरमा, देवगीति, वीरगीति, संस्कारगीति, ऋतुचक्र सम्बन्धी गीतहरू प्रचलित थिए भन्ने कुरा विभिन्न अनुसन्धानहरूबाट प्रमाणित भएको छ। खासगरी सपादलक्ष (सवालाख) वर्तत भनिने विशाल खस अधिराज्यका राजा जितारी मल्ल (वि.सं. १३४४), डोटीभेगका राजा नाग मल्ल (वि.सं. १४४४) तिर, रिपु मल्ल (१४४४ तिर) तथा बलिराज र विक्रम शाही (१४६९ तिर) एवम् संसार बर्मा राउतः (१४५३ तिर) सम्बन्धी वीरगाथाले विक्रमको चौधौँ शताब्दीदेखि सत्रौँ शताब्दीसम्मको गीतात्मक र गाथात्मक नेपाली कविताको प्रतिनिधित्व गर्छन ।[11] यस्ता गीत एवम् गाथाहरू कर्णाली डोटी एवम् भेरी क्षेत्रमा अहिले पनि प्रचलित छन् ।

विविध रूपबाट विकसित हुँदै आएको नेपाली कविताको यस पृष्ठभूमिकालको मुख्य प्राप्ति वा प्रवृत्ति भन्नु नै शिष्ट लेख्य कविताको निर्माणका लागि आधारभूमि तयार गर्नु हो । नेपाली साहित्यको उत्पति र विकासको बीजभूमि साबित भएको नेपाली कविताको लोकपरम्परा गीत, गाथा, नाटक, उखान, गाउँखाने कथा आदिका रूपमा हालसम्म पनि

---

१०. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत् पृ. ९९ ।
11= ऐजन, पृ. ९८ ।

कायमै छन् । यसको अर्थ यी दुवै अर्थात् शिष्ट लेख्य परम्परा र लोकपरम्परा समानान्तर रूपमा अघि बढिरहेका छन् ।

### ४.५.७ नेपाली कविताको काल विभाजन

नेपाली कविताको लेखनपरम्परा उपलब्ध सामग्रीका आधारमा शिष्ट नेपाली कविताको प्रवर्तन गर्ने व्यक्ति सुवानन्द दास (वीर बन्दना, वि.सं. १८२६) हुन् । उनीदेखि नै नेपाली कविता विभिन्न मोड, घुम्ती, चरण र प्रवृत्ति पार गर्दै हालसम्म पनि निरन्तर चलिरहेको छ ।

नेपाली कविताको कालविभाजनका सम्बन्धमा विभिन्न मतमतान्तरहरू रहेका छन् । सबै विद्वान्हरूको कालविभाजनको रूपरेखा आ-आफ्नै ठाउँमा ठीक देखिन्छन् । केही विद्वान्हरूले राजनैतिक परिवर्तनका आधारमा नेपाली कविताको कालविभाजन गरेका छन् ।

सबै विद्वान्हरूले आ-आफ्नै विचारमा कालविभाजन गर्ने क्रममा केही विद्वान्हरूले चाहिँ उत्थान काल, विकास काल, आधुनिक काल भनेर पनि विभाजन गरेका छन् । यहाँ नेपाली पाठ्यक्रममा स्वीकृत भएको र सर्वमान्य नभए पनि बहुमान्य हिसाबमा स्वीकार गरेको कालविभाजनलाई आधार मानी चर्चा गरिएको छ ।

उपर्युक्त सन्दर्भमा नेपाली कविताको विकासक्रमको काल विभाजन निम्नानुसार गरिन्छ :

१. प्राथमिक काल (वि.सं. १८२६-१९४० सम्म)

कवि सुवानन्ददासबाट सुरु भएको नेपाली कविता परम्परामा प्राथमिक काललाई पनि विभिन्न धारा र उपधारामा वर्गीकरण गर्न सकिन्छ ।

क) वीरधारा (वि.सं. १८२६-१८७२ सम्म)

ख) भक्तिधारा (वि.सं. १८७३-१९४० सम्म)

अ) कृष्णभक्तिधारा

आ) रामभक्तिभारा

इ) निर्गुण भक्तिधारा

२. माध्यमिक काल (वि.सं. १९४१-१९७४)

३. आधुनिक काल (वि.सं. १९७५देखि हालसम्म)

क) पूर्वार्द्ध (वि.सं. १९७५-२०१६)

अ. परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०)

आ. स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६)

ख) उत्तरार्द्ध (२०१७ देखि हालसम्म)

अ) प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९)

आ) समसामयिक धारा (वि.सं. २०३०- हालसम्म)

### ४.५.८ नेपाली कविताको प्राथमिक काल

लेखोट कालका रूपमा चिनिने नेपाली साहित्यको प्राथमिक काल राजनैतिक रूपमा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय गरेदेखि सुरु भएको हो । नेपाल राज्यको एकीकरण एवम्/विस्तार, नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धि एवम् राणाशासनको उदयजस्ता घटना नै यसबीचका प्रमुख राजनैतिक घटना हुन् । राजनीतिक र सामाजिक घटनाक्रमले साहित्यलाई जहिल्यै पनि प्रभावित पारी नै रहन्छ । नेपाली कविताको प्राथमिक काल पनि यिनै र यस्तै घटनाहरूबाट प्रभावित नभइरहन सकेन । खासगरी पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि सुगौली सन्धिसम्म नेपाल राष्ट्रको विस्तारका लागि नेपाली जनताको मनमा वीरताको भावना र उत्साह भर्ने कविताहरू लेखिएको पाइन्छ । सुगौली सन्धिपछि भने नेपाली कविता वीरताको वर्णनलाई छोडेर भक्तिभावनाको अभिव्यक्तितर्फ मोडिएको पाइन्छ । जोश र उमङ्गका साथ अगाडि बढेका वीर योद्धाहरूको र वीरताको भावले ओतप्रोत भएका कविता लेख्ने कविहरूको भावनामा चोट पुग्यो र नेपाली कविता पनि भक्तिमार्गतिर प्रवेश गऱ्यो । यो प्रवृत्ति मोतीराम भट्टको उदयसम्म रहेको पाइन्छ । यसरी नेपाली कविताको प्राथमिक कालमा दुई धारा विकसित भएका छन् ।

१. पूर्वार्द्धः वीरधारा (वि.सं. १८२६-१८७२ सम्म)
२. उत्तरार्द्धः भक्तिधारा (१८७३-१९४०)

**१. पूर्वार्द्धः वीरधारा (वि.सं. १८२६-१८७२)**

नेपाली कविताको प्राथमिक कालको पूर्वार्द्ध मूलतः वीरधाराको रूपमा चिनिन्छ । यस धाराको मुख्य प्रेरणास्रोत नेपाल राज्यको एकीकरणको कार्य नै हो । एकीकरण अभियानमा संलग्न सैन्य, व्यक्तिहरूको मनोबल बढाउन यस धाराका कविता लेखिएका हुन् । यस धाराका कविताको मुख्य रस-भाव उत्साह अर्थात् वीरता नै हो । यस कालका कवितामा युद्धवर्णन, शासकस्तुति, वीरवन्दना, राष्ट्रियता, राजभक्ति र देशप्रेमजस्ता भावहरू व्यक्त भएका छन् । यस कालको सुरुवात गर्ने कवि सुवानन्द दास हुन् । उनको पृथ्वीनारायण शाहको बन्दनामा आधारित कविता पहिलो वीरभावनाले ओतप्रोत भएर लेखिएको कविताको रूपमा प्रख्यात छ । यस वीरधाराका शीर्ष कविका रूपमा उदयानन्द अर्याललाई लिइन्छ । उनका 'पुरानु बातको अर्जी' कुलवर्णन लगायत बेतालपच्चीसी (खण्डकाव्य) र पृथ्वीन्द्रोदय (अल्प महाकाव्यको आयाममा विस्तारित पृथ्वीनारायण सम्बन्धी) वीरकाव्य उपलब्ध छन् । यस धाराका अन्य उल्लेख्य कविहरूमा शक्तिवल्लभ अर्ज्याल (तनहूँ भकुण्डो), रघुनाथ भाट (आशीष) सुन्दरानन्द बाँडा (बहादुर शाहवर्णनम्), राधावल्लभ अर्याल (साँढ्याको कवि) आदि हुन् ।

यस धारामा विशेषगरी उत्साह स्थायी भावमा आधारित कविता सिर्जना भएका पाइन्छन् । राष्ट्रवन्दना, शासकस्तुति, वीरतावर्णन, राष्ट्रियता, देशप्रेममूलक कविता लेखिनुका साथै प्रसस्त मात्रामा कविता रचना भएको पाइन्छ । त्यतिबेला शक्तिवल्लभ अर्याल, सुन्दरानन्द बाँडा आदि संस्कृतका विद्वान्हरू भएकाले उनीहरूका कवितामा संस्कृत भाषाको प्रभाव पनि पाइन्छ । वस्तुगत वर्णन विवरणको आधिक्य भएका, संस्कृत वर्णमात्रिक छन्दका साथै ब्रज-अवधिका मुक्त गद्यगीतिचेतबाट प्रभावित छन्द/लययोजनाको समेत आयोजना भएको पाइन्छ । बिम्ब-प्रतीक एवम् अलङ्कारप्रति सचेतता देखाएर अपेक्षाकृत मौलिकता एवम् कल्पनाशीलताको प्रयोगमा चासो देखाउनुका साथै कतिपय कवितामा गद्यलयको समेत प्रयोग भएको पाइन्छ ।

**२. उत्तरार्द्धः भक्तिधारा** (१८७३-१९४०)

वि.सं. १८७२ सालमा नेपाल र अङ्ग्रेजबीच सुगौली सन्धि भएपछि नेपालको एकीकरण र विस्तारमा रोकावट आयो । त्यसपछि नेपाली कविहरू युद्धले आहत भएको मानसिकताबाट विश्राम लिएर ईश्वरको आराधना एवम् चिन्तनतर्फ प्रवाहित भएका देखिन्छन् । युद्धका खुँडा-खुकुरीलाई प्रोत्साहित गर्ने कविहरू ईश्वरीय मार्गमा लागेर भक्तिभावना प्रस्तुत गर्न थाले ।

नेपाली कविताको यस धारामा पनि दुईवटा उपधारा देखा पर्दछन् ।

भक्तिधारा

सगुण भक्तिधारा                    निर्गुण भक्तिधारा

रामभक्तिधारा                    कृष्ण भक्तिधारा

**सगुण भक्तिधारा**

देवताको साकार रूपमा विश्वास गरी भक्तिरसका कविता लेख्ने कविहरू यस धाराअन्तर्गत पर्दछन् । भगवान् कृष्णलाई आराध्यदेव मानेर उनको जीवन लीलासँग सम्बन्धित विविध क्रियाकलापलाई विषयवस्तु बनाई कविता रचना गर्ने कविहरूमा इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखरेल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुर्‍याल आदि हुन् । इन्दिरसको गोपिकास्तुतिमा छिटपुट रूपमा शृङ्गार रसको

प्रयोग भएको पाइन्छ। विद्यारण्यकेशरीका 'युगलगीत' र 'द्रौपदीस्तुति', श्रीमद्भागवत् र रामायणका कथामा आधारित कृतिहरू हुन्।

यस धाराका केन्द्रीय प्रतिभाका रूपमा वसन्त शर्मा लुइटेललाई मानिन्छ। यिनको 'श्रीकृष्ण चरित्र' शार्दूलविक्रीडित छन्दमा र 'समुद्रलहरी' लोक-सवाई छन्दमा रचिएको छ। यिनका कृतिहरू खण्डकाव्य समकक्षी मानिन्छन्। यिनको 'समुद्र लहरी' लाई मौलिक कृति मानिन्छ।

हीनव्याकरणी विद्यापतिका सातराग, सात नायिका, गीतवाणी, गीतगोविन्द कृतिहरू उपलब्ध छन् शृङ्गार र भक्तिरसका यिनका कृतिहरूमा पर्याप्त मात्रामा मौलिकता पाइन्छ। पतञ्जलि गजुर्‍यालका कृतिहरू हरिभक्तमाला, जैमिनी भारत, बालगोपाल वाणी, बोक्सी चरित्र, अध्यात्म रामायण आदि छन्। यदुनाथ पोखरेल भक्तिकालीन समयका वीरधाराका अवशिष्ट कविका रूपमा चिनिन्छन्।

**राम भक्तिधारा**

भगवान् रामलाई आराध्यदेव मानेर उनकै जीवनका विविध प्रसङ्गहरूलाई विषयवस्तु बनाएर कविता लेख्ने कविहरू रामभक्तिधारा अन्तर्गत पर्दछन्। सांसारिक मायामोहबाट मुक्त हुन चाहनेहरूले वेदव्यास, अध्यात्मरामायणमा आधारित भई कविता रचना गरेका पाइन्छन्।

यस धाराका केन्द्रीय कविका रूपमा भानुभक्त आचार्य (वि.सं. १८७१-१९२५) मानिन्छन्। यिनको 'रामायण' महाकाव्य नेपाली जनताले अत्यन्तै रुचाएको लोकप्रिय कृति हो। भनिन्छ जसरी पृथ्वीनारायण शाहले राजनीतिक रूपमा नेपालको एकीकरण गरे भने भानुभक्त आचार्यले भाषिक एकीकरण गरे। यिनको 'रामायण' संस्कृतको अध्यात्मरामायणमा आधारित ग्रन्थ भए पनि यो पूरै शब्दानुवाद नगरेर भावनुवाद गरेको कृति हुनाले यसमा प्रशस्त मात्रामा मौलिकता पाइन्छ। नेपालको पहिलो महाकाव्यको रूपमा पनि 'रामायण' प्रतिष्ठित छ। भानुभक्तको काव्यगत विशेषता भनेको सरल, सहज र सरसता नै हो। उनी रामभक्तिधाराका मात्रै नभएर समग्र प्राथमिक कालकै उत्कृष्ट कविका रूपमा चिनिन्छन्। यिनका अन्य कृतिहरूमा भक्तमाला (१९१०), प्रश्नोत्तर (१९१०), बाधूशिक्षा (१९१९), रामगीता (१९२५) हुन्। यिनका कृतिहरू नैतिक र आध्यात्मिक मार्गमा लाग्न उपदेश दिने खालका छन्।

यस धाराका अन्य कविहरू हुन्- रघुनाथ पोखरेल (सुन्दरकाण्ड रामायण) रामदास, पतञ्जली गजुर्‍याल, रघुनाथ पोखरेल, कृष्णभक्तिधाराबाट रामभक्तिधाराको सुरुवात गर्ने कविहरू हुन्।

**निर्गुण भक्तिधारा**

ईश्वरको साकार रूपलाई मानेर भक्तिभावका कविता लेख्नेहरूले समाजमा विकृति भित्र्याएको, पण्डित्याइँका नाममा ठगी गरेको आदि कुराबाट असन्तुष्ट भएका कविहरूले निराकार ब्रह्माको आराधना एवम् उपासनामा आधारित कविताधारालाई निर्गुण भक्तिधारा भनिन्छ। यस धारामा विशेष गरी सन्त कविहरू पर्ने भएकाले यस धारालाई जोसमनी सन्तपरम्परा पनि भनिन्छ। यो जोसमनी सन्तधाराचाहिँ सधुक्कडी परम्पराबाट प्रेरित रही निर्गुण सच्चिदानन्द बह्मस्वरूपतर्फ केन्द्रित हुँदै हिन्दू सामाजिक रूढी र विकारप्रति व्यङ्ग्यशील समेत रहेको छ।[12] समाजमा भएको जातीय भेदभाव, सामाजिक विकृति र कुसंस्कारप्रति विरोध एवम् व्यङ्ग्य प्रहार गर्नु सन्तकविहरूको उद्देश्य रहेको देखिन्छ।

यस धाराका केन्द्रीय प्रतिभा सन्त ज्ञानदिलदास (१८७८-१९४०) हुन्। यिनका कृतिहरू उदयलहरी र भजनसङ्ग्रह उपलब्ध छन्। १०९२ श्लोक रहेको यस परम्पराका अन्य कविहरूमा शशिधर, अखण्डदिलदास आदि छन्।

यस भक्तिधाराका मूलभूत प्रवृत्ति भक्तिरसमा आधारित भएका कृतिहरू पाइन्छन्। मूलतः संस्कृत र अंशतः ब्रज-अवधि भाषाका कृतिबाट अनुवाद रूपान्तरणसमेत गरिएको पाइन्छ। पौराणिक र धार्मिक ग्रन्थहरूलाई आधार बनाएर ईश्वरीय चेतनालाई कवितात्मक रूप दिएको पाइन्छ। लोक एवम् शास्त्रीय छन्दको प्रयोग गरेर रूपक र अन्त्यानुप्रासीयतालाई समेत ध्यान दिइएको पाइन्छ। अनुवाद रूपान्तरण भएर पनि विधागत शिल्पमा भने कम सचेतता देखाएको पाइन्छ।

### ४.५.९ **नेपाली कविताको माध्यमिक काल** (१९४१-१९७४)

नेपाली कविताको माध्यमिक काल शृङ्गारिक काल भनेर पनि चिनिन्छ। मोतीराम भट्टको उदयदेखि सुरु भएर यसको व्याप्ति 'सूक्तिसिन्धु' को प्रकाशन (वि.सं. १९७४ सम्म) रहेको पाइन्छ। नेपाली कविताको यो युग मुद्रणको युग पनि हो। नेपाली कविताले छापाखानामा प्रवेश गर्नु नै नौलो कुरा मान्नुपर्छ। वि.सं. १९४१ मा मोतीरामले भानुभक्तको रामायण (बालकाण्ड) छपाएपछि नेपाली कविता मुद्रण युगमा प्रवेश गरेका हो भन्न सकिन्छ। तत्कालीन समयमा राणाशासकहरू भोगविलास र ऐशआराममा भुल्ने भएकाले पनि शासकवर्गलाई रिझाउन शृङ्गारिक कविता नै बढी मात्रामा लेखिएको पाइन्छ।

पत्रपत्रिकाको प्रकाशन हुन थालेका कारण पनि माध्यमिककालीन नेपाली कविता प्राथमिक कालका तुलनामा द्रुत गतिमा विकास भएको पाइन्छ। वि.सं. १९५५ मा सुधासागर, १९५८ मा गोरखापत्र, १९६३ मा सुन्दरी तथा १९६५ मा माधवी पत्रिकाको

12= वासुदेव त्रिपाठी र अरू, पूर्ववत् पृ. १०६।

प्रकाशनले माध्यमिक कालीन नेपाली कविताको विकासमा प्रशस्त योगदान पुगेको पाइन्छ । प्राथमिक कालमा भाषा एवम् काव्यबाट प्रभावित नेपाली कविता यस कालमा उर्दू/फारसी साहित्यका शृङ्गारिक गीत गजलबाट प्रभावित भएको पाइन्छ ।

माध्यमिक कालमा प्रचलित कविताका धाराहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) शृङ्गारिक धारा**

माध्यमिककालीन नेपाली कविताको मूल प्रवृत्ति भन्नु नै शृङ्गारिकता हो। माध्यमिक कालमा थुप्रै लेखकहरूले शृङ्गारिकतामा मौलिक कविताहरू लेखेका छन्। यी सबै लेखकहरूका अगुवा र नेतृत्वकर्ता कवि भने मोतीराम भट्ट नै हुन्। यिनका कवितामा शिष्ट शृङ्गारको प्रयोग पाइन्छ। 'पिकदूत' र अन्य कविताहरूमा उनले शिष्टतापूर्वक शृङ्गारिक भाव प्रकट गरेका छन्। उनले अन्य साथीहरूको समेत साथ लिएर मोतीमण्डली निर्माण गरी सामूहिक रूपमा कविता लेखनको काम पनि गरेका थिए। यो धारा संस्कृत काव्यको शृङ्गारिक काव्य र समस्यापूर्तिबाट प्रेरित र प्रभावित भएर गीत-गजलको क्षेत्रमा समेत निकै उर्वर रहेको पाइन्छ। यस धाराका केही प्रमुख कृतिहरूमा पञ्चक प्रपञ्च (१९४८), गजेन्द्रमोक्ष (१९४८), प्रल्हादभक्ति कथा (१९४८), उषा चरित्र (१९५५), मनोद्वेग प्रवाह (१९५७), शृङ्गार दर्पण (१९५५), श्लोकसङ्ग्रह (१९५६), सङ्गीत चन्द्रोदय (१९६९), कविता कल्पद्रुम (१९६१-६२) र सूक्तिसिन्धु (१९७४)।

यस धारामा आयामगत रूपमा फुटकर कवितादेखि खण्डकाव्य स्तरसम्म कविता रचना गरेको पाइन्छ भने महाकाव्यात्मक रूपमा भने त्यति प्रवेश गरेको पाइँदैन। यस धाराका अन्य कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मी सत्याल, बैजनाथ सेढाइँ, गोपीनाथ लोहनी, देवराज लामिछाने, दानराज लामिछाने, दधिराम मरासिनी, राधानाथ शर्मा, देवीदत्त पराजुली आदि छन्।

**ख) भक्तिधारा**

प्राथमिककालीन उत्तरार्द्धमा मौलाएको भक्तिधाराको निरन्तरता यस धारामा पनि पाइन्छ तर यो धारा माध्यमिक कालमा प्रमुख धारा नभएर गौण धाराको रूपमा मात्र लिन सकिन्छ। यस धाराका कृतिहरूमा अनुवाद र रूपान्तरण बढी मात्रामा पाइन्छ साथै खण्डकाव्य र महाकाव्यसम्म विस्तारित भएको पाइन्छ। यस धाराका मुख्य कविहरूमा होमनाथ, केदारनाथ, भक्तिकुमारी राणा, बैजनाथ सेढाई, कृष्णप्रसाद रेग्मी, भोजराज शर्मा, कुञ्जविलास पौडेल आदि छन्।

**ग) शासकस्तुति धारा**

प्राथमिक कालमा वीर योद्धाहरूको वन्दना गर्ने परम्परा यस समयमा आइपुग्दा शासकवर्गलाई रिझाउन स्तुतिगानमा परिणत भएको हो । आफ्ना सीमित स्वार्थ पूरा गर्न र शासक वर्गलाई आनन्द प्रदान गर्ने उद्देश्यले यसप्रकारका कविता लेखिएको पाइन्छ । हालसम्म पनि कुनै न कुनै रूपमा कायमै रहेको यो धारा माध्यमिक कालमा त निकै फस्टाएको पाइन्छ । यस धाराका मुख्य कृति र कविहरू यसप्रकार छन् - शिखरनाथ सुवेदीको 'वीर षष्ठिका' रतन गिरीको 'धर्मकीर्ति वर्णन' चिरञ्जीवी पौड्यालको श्री युरोपयात्रा शम्भुप्रसाद दुङ्गेलको 'चन्द्रप्रतापवर्णन' आदि हुन् ।

यस्ता कविताहरू लेखिनुको मुख्य उद्देश्य शासकहरूको स्तुतिगान गरेर बक्सिस लिनु र धन्यवादको पात्र बन्नु रहेको पाइन्छ । यस धारामा सोमनाथ सिग्देलको चन्द्रचरित महाकाव्य निकै चर्चित भएको पाइन्छ । यस धारामा पनि खण्डकाव्य र महाकाव्यको आयामसम्म फैलिएको पाइन्छ ।

**घ) सामाजिक सांस्कृतिक जागरणको धारा**

माध्यमिककालीन धारामा उत्तरार्द्ध चरण १९६५ मा प्रकाशित माधवी पत्रिकादेखि देखापर्न थालेको हो । तत्कालीन समयमा शृङ्गारिक कविताले अश्लीलताको सीमा नाघ्न थालेको र शासकवर्गको अत्याचारले पनि सीमा नाघेको हुनाले नै सामाजिक जागरणका निम्ति यस्ताखाले कविता लेख्नु कम चुनौतीपूर्ण थिएन । यस धारालाई आधुनिक कालको पृष्ठभूमिको रूपमा लिइन्छ । यस्ता खाले कविता लेख्ने कविहरूमा धरणीधर कोइराला, महानन्द सापकोटा, लेखनाथ पौड्याल, बहादुरसिंह बराल, चक्रपाणि चालिसे आदि हुन् ।

समग्ररूपमा माध्यमिक कालका कवितालाई हेर्दा मुद्रण युगमा प्रवेश गरेको, सामूहिक कविता लेखन परम्पराको सुरुवात भएको, शृङ्गारिक भावलाई प्रमुखता दिइएको र सहायक धाराका रूपमा भक्तिधारा, शासकस्तुति धारा र सामाजिक जागरणका धारामा कविता लेखिएको संस्कृतका वर्णमात्रिक छन्दको प्रयोग गरेको अदि विशेषताहरू पाइन्छन् ।

### ४.५.१० **नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)**

नेपाली कविताको आधुनिक काल माध्यमिककालीन शृङ्गारिक कवितासङ्ग्रह 'सूक्तिसिन्धु' (वि.सं.१९७४) पछि थालियो र वि.सं. १९७५ देखि अहिलेसम्म पनि गतिशील नै छ र यो अझै चालू रहने काल हो ।[13] नेपाली कविता स्तरीयताप्रति उन्मुख हुँदै गएपछि व्याकरणिक परम्पराको अनुशरण, समाजप्रति जागरणको स्तर पछि शृङ्गारिकताको चरम व्याप्तिपछि नै नेपाली कवितामा आधुनिकताका लक्षण देखिएका हुन् । वि.सं. १९७३ सालमै

13= ऐजन, पृ. ११३ ।

लेखनाथ पौड्यालको ऋतुविचार (प्रकृतिकाव्य) प्रकाशित भइसके पनि वि.सं. १९९४ सालमा माध्यमिक कालको अन्तिम रूपमा सूक्तिसिन्धु प्रकाशित भयो। त्यसपछि १९७५ सालदेखिमात्र नेपाली कविता आधुनिकतामा प्रवेश गऱ्यो। त्यसैले यहाँ कविताको आधुनिक कालका सम्बन्धमा पाठ्यक्रमको निर्देशलाई नै आधार मानी लेखनाथ र देवकोटाको नेतृत्वकाललाई आधुनिक नेपाली कविताको पूर्वार्द्ध र २०१७ पछिको नेपाली कवितालाई उत्तरार्द्ध भनी चर्चा गरिन्छ। आधुनिक नेपाली कविताको पूर्वार्द्ध (वि.सं. १९७५-२०१६) का दुई मुख्य धाराहरू हुन्- (१) परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०) र (२) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६)। उक्त स्वच्छन्दतावादी-प्रगतिवादी धाराका दुई उपधारा छन्। (क) विशुद्ध स्वच्छन्दतावादी धारा (वि.सं. १९९१-२००३) र (ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (२००४-२०१६)। यो वर्गीकरण केवल प्रवृत्तिगत अन्तर्विकासको सन्दर्भमा नै सान्दर्भिक रहेको छ।[14]

**(क) पूर्वार्द्ध चरण**

**परिष्कारवादी धारा (वि.सं. १९७५-९०)**

यस परिष्कारवादी धाराका नेतृत्वकर्ता वा प्रवर्तक कवि लेखनाथ पौड्याल हुन्। उनले माध्यमिककालीन शृङ्गारिकताको चरमोत्कर्षबाट नेपाली कवितालाई भाषिक र व्याकरणिक परिष्कारसहित बौद्धिक र समाजचेतनामूलक, आध्यात्मिक, मानवतावादी कवितालेखनतर्फ प्रवृत्त गराएका छन्। शाब्दिक दृष्टिकोणबाट हेर्दा अङ्ग्रेजी शब्द क्लासिसिजम नेपालीमा रूपान्तरण भएर 'परिष्कारवाद' भएको हो। शास्त्रवाद, शास्त्रीयतावाद, अभिजात्यवाद, कुलीनवाद आदि नामले पनि पुकारिने यो वादमा परम्परागत नियम र अनुशासनलाई पूरापूर पालन गरेको पाइन्छ।

यो धारा आधुनिक हिन्दी-बङ्गाला कविताको प्रथम प्रहरको सामाजिक सांस्कृतिक पुनर्जागरणको धाराबाट समेत प्रभावित भएको पाइन्छ। प्रकृतिको वस्तुपरक वर्णन गरेर यस धारामा कविता रचना गर्नुका साथै संस्कृत वर्णमात्रिक छन्दको प्रयोग गरेका छन् तर कवि बालकृष्ण समले चाहिँ अन्त्यानुप्रासविहीन अनुष्टुप छन्द र गद्य लयमा समेत कविता रचना गरेका छन्। यस धारामा कविता लेख्ने कविहरूमा लेखनाथ पौड्यालबाहेक धरणीधर कोइराला, महानन्द सापकोटा, सोमनाथ सिग्देल, कुलचन्द्र गौतम आदि छन्। यस धाराको उत्कृष्ट कृतिमा सोमनाथको आदर्श राघव (२००५) महाकाव्यलाई मानिन्छ। यसमा पूर्वीय काव्यसिद्धान्तको नियमलाई अक्षरशः पालन गरेको पाइन्छ। साथै शास्त्रीय नियम र व्यक्तिप्रतिभाको सर्वोच्चतालाई कायम गर्ने लेखनाथको महाकाव्यसम्बन्धी 'तरुणतपसी'

14= ऐजन,, पृ. ११६।

(२०१०) नव्यकाव्य पनि यस धाराको उत्कृष्ट कृतिमध्ये एक हो। यस धारामा बालकृष्ण समका 'आगो र पानी' (२०११) खण्डकाव्य र चिसो चुल्हो (२०१५) महाकाव्य उत्कृष्ट कृति हुन्। नेपाली कवितामा पाश्चात्य बौद्धिक-दार्शनिक चेतनालाई प्रवेश गराउने श्रेय पनि बालकृष्ण समलाई नै जान्छ।

त्यसैले लेख्य व्याकरणको नियमलाई पालन गरेर पूर्वीय र पाश्चात्य दुवै दर्शनको प्रभाव ग्रहण गरी हालसम्म पनि चालू रहेको यो परिष्कारवादी धारा नेपाली कविताधाराको अभिन्न अङ्ग हो।

**स्वच्छन्दतावादी प्रगतिवादी धारा** (१९९१–२०१६)

वि.सं. १९९१ सालमा लक्ष्मीप्रसाद देवकोटाको उदय भएपछि यो धाराको सुरुवात नेपाली साहित्यमा भएको हो। यस धाराको सुरुवातकर्ता लक्ष्मीप्रसाद देवकोटा हुन् र सहप्रवर्तक भने सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९) हुन्। वि.सं. २००३ सालसम्म यो धारा शुद्ध स्वच्छन्दतावादी धाराका रूपमा देखिएको थियो भने वि.सं. २००४ सालमा 'युगवाणी' को प्रकाशनसँगै देवकोटाका कवितामा स्वच्छन्दतावादभित्र व्यङ्ग्य-विद्रोह र क्रान्तिकारिता पनि थपिन पुग्यो। हुन त गोपालप्रसाद रिमाल र सिद्धिचरण श्रेष्ठका कवितामा क्रान्तिकारी भाव पहिले नै देखिएको भए तापनि 'युगवाणी' को प्रकाशनपछि नै तीव्ररूपमा प्रगतिवादिता भित्रिएर स्वच्छन्दतावादी-प्रगतिवादी धारा बन्न पुगेको हो।

स्वच्छन्दतावाद अङ्ग्रेजी शब्द रोमान्टिसिजमको नेपाली रूपान्तरण हो। मुक्त एवम् स्वतन्त्र लेखनप्रणाली अर्थ भएको यो रोमान्टिसिजम युरोपमा उन्नाइसौं शताब्दीमा देखापरेको नवपरिष्कारवादी कट्टर नियन्त्रित लेखनका विरुद्धमा देखापरेको हो। यसले शास्त्रीय कट्टर नियम र अनुशासनका साथै बौद्धिकताका विरुद्ध हार्दिकताको समर्थन गरेर मूलतः परिष्कारवादी मान्यताका विपरीत सिद्धान्तका रूपमा स्थापित वाद हो।

नेपाली कविताका क्षेत्रमा देवकोटाका कविता सार्वजनिक भएपछि भने स्वस्फूर्त लेखनप्रणाली अँगालेर स्वच्छन्दतावादतर्फ उन्मुख भएको पाइन्छ। विषयवस्तुको आत्मपरक चित्रण गर्न मन पराउने देवकोटा पाश्चात्य क्रान्तिकारी, स्वच्छन्दतावादी विद्रोहका कवि शेलीबाट प्रभावित छन्। उनका मुनामदन (१९९२), मायाविनी सर्सी जस्ता खण्डकाव्य लगायत ६ वटा महाकाव्य र ६ सयभन्दा बढी फुटकर कविताले स्वच्छन्दतावादी प्रगतिवादितालाई अँगालेका छन्। नेपाली महाकाव्यमा उत्कृष्टता प्राप्त गर्न सफल महाकाव्य पनि देवकोटाकै शाकुन्तल (२००२) हो।

अर्का कवि सिद्धिचरण श्रेष्ठ मात्रा छन्दमा स्वच्छन्दतावादी भावचेतनासहित क्रान्तिकारी स्वर उराल्ने कवि हुन्। उनका 'उर्वशी', 'कोपिला,' 'मेरो प्रतिबिम्ब,' 'कुहिरो र घाम' आदि कविताले स्वच्छन्दतावादलाई आत्मसात गरेका छन्। अर्का कवि माधवप्रसाद

घिमिरे भावमा स्वच्छन्दतावादी र शिल्पमा परिष्कारवादी कविका रूपमा चिनिन्छन् । नेपाली गद्यकविताका प्रवर्तक गोपालप्रसाद रिमाल पनि क्रान्तिकारी र प्रगतिवादी कविका रूपमा प्रतिष्ठित छन् । यस धाराका अन्य उल्लेख्य कविहरूमा भूपि शेरचन, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, हरिभक्त कटुवाल, म.वी.वी. शाह, अगमसिंह गिरी, पारिजात, कालिप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी आदि हुन् भने प्रगतिवादितालाई अँगाल्ने कविहरूमा हृदयचन्द्रसिंह प्रधान, देवीप्रसाद किसान, गोकुल जोशी आदि छन् ।

नेपाली कविताको इतिहासमा परिमाणात्मक तथा गुणात्मक रूपले सर्वोच्चता प्राप्त गर्न सफल कविताधारा पनि यही नै हो । यस धाराको क्रान्ति व्यङ्ग्य-विद्रोहलाई हेर्दा पनि मार्क्सवादी-प्रगतिवादी नेपाली कविताधाराको पूर्वार्द्ध यो प्रगतिशीलता भने अवश्यै हो र यसका प्रवर्तक र केन्द्रीय प्रतिभा कवि देवकोटा नै हुन् ।

**(ख) उत्तरार्द्ध चरण**

नेपाली कविताको उत्तरार्द्ध चरण पनि मलिलो नै देखापर्छ । खासगरी वि.सं. २०१६ सालमा लक्ष्मीप्रसाद देवकोटाको निधनपछि नेपाली कविता उत्तरार्द्ध चरणतिर प्रवेश गरेको हो ।

**प्रयोगवादी धारा** (२०१७-२०२९)

नेपाली कविताको यस प्रयोगवादी धाराका प्रवर्तक कवि मोहन कोइराला (वि.सं. १९८३-२०६३) हुन् । लक्ष्मीप्रसाद देवकोटाको वि.सं. २०१६ सालमा निधन भएपछि देखापरेको यस धाराका नेतृत्वकर्ता कवि पनि कोइराला नै हुन् ।

समयको परिवर्तनसँगै मानवीय चेतनामा पनि परिवर्तन हुनु स्वाभाविकै हो । युगअनुसार कवि कलाकारहरू पनि नयाँ-नयाँ प्रवृत्ति र शैलीको खोजी गर्छन् । यसमा परम्परागत शैली-प्रवृत्तिले उक्त चेतनालाई अभिव्यक्त गर्न असक्षम भएपछि उपयुक्त पद्धतिको खोजी गर्नु एकातिर समयको माग हो भने अर्कातिर साहित्यकारको बाध्यता पनि हो ।

पाश्चात्य जगत्मा प्रथम विश्वयुद्धपछि पलाएको जीवनबोधबाट सिधै प्रभावित भएको 'प्रयोगवाद' परम्पराभिन्न नयाँ शैली लिएर देखापरेको छ । मानिसको जीवन जटिल भएकाले जटिल मानवीय जीवनपद्धति र मूल्यलाई जटिल भाषाशैलीका माध्यमबाट यस धाराका कविताले अभिव्यक्त गरेको पाइन्छ । प्रयोगवादी कविहरू परम्परागत भाषा र पदसङ्गतिलाई भाँचकुच पारेर चित्रात्मक, बिम्बात्मक र कलात्मक भाषाको प्रयोग गर्दछन् । अमूर्तलेखन, युगीन जटिलता, नवीन भाषिक अन्वेषण, निराशा, कुण्ठा, सन्त्रास, भय, संवेगजस्ता कुराहरू प्रयोगवादी कविका भावगत वैशिष्ट्य हुन् । प्रयोगवादी कविताको अर्थ व्यष्टि रूपमा भन्दा समष्टि रूपमा लगाउनुपर्ने हुन्छ ।

२०१७ सालको ‘रूपरेखा’ मा कवि मोहन कोइरालाको ‘घाइते युग’ प्रकाशित भएपछि यस धाराको प्रारम्भ भएको हो। तत्कालीन समयमा भएको राजनैतिक उथलपुथलको प्रभावस्वरूप पनि यो धारा आएको देखिन्छ। यस अवधिमा मूलतः फुटकर कविता र खण्डकाव्य समकक्षी लामा कविताहरू रचना गरिएका पाइन्छन्।

यस धाराका अन्य कविहरू हुन्- मोहनहिमांशु थापा, कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ, मदन रेग्मी, जगदीशसमशेर राणा, पुष्कर लोहनी, तुलसी दिवस आदि। यी कविहरूले भाषालाई अवचेतन प्रवाहमा राखेर गद्यलयको सङ्गीतात्मक पद्धति निर्माण गरेका छन्।

यही प्रयोगवादकै सेरोफेरोमा इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वर बल्लभको सक्रियतामा दार्जिलिङ्गबाट ‘तेस्रो आयाम’ नामक साहित्यिक आन्दोलनको सुरुवात भयो। ईश्वर बल्लभ र वैरागी काइँला कविता क्षेत्रमा सक्रिय देखिन्छन् भने इन्द्रबहादुर राई आख्यान लेखनमा सक्रिय छन्। यस अभियानको मुख्य अभिप्राय साहित्यमा जीवनको लम्बाइ र चौडाइमात्र होइन, गहिराइ पनि अभिव्यक्त हुनुपर्छ। भावुकतामात्रले साहित्य चेप्टो बन्दछ, चिन्तन र बौद्धिकता पनि कविताले ग्रहण गर्नुपर्छ भन्ने आशय आयामेलीहरूको रहेको छ।

समग्रमा भन्नुपर्दा नेपाली साहित्यमा राम्रो प्रभाव छोड्न सफल भएको यो प्रयोगवादी कविता धाराका नेतृत्वकर्ता र केन्द्रीय कवि मोहन कोइराला हुन् र क्लिष्ट भाषाको प्रयोग गरेर पाठक र कविताबीचको सम्बन्ध धेरै हदसम्म टाढा रहे पनि आधुनिकताको पूर्ण प्रतिष्ठा भएको छ।

**समसामयिक धारा (२०३० देखि हालसम्म)**

आधुनिक नेपाली कविताको पछिल्लो चरणलाई समसामयिक धारा भनेर नाम दिइएको छ। समसामयिक शब्दले अहिलेको वा वर्तमान समयको भन्ने बुझिन्छ। प्रयोगवादी क्लिष्ट र दुर्बोध्य लेखनका विरुद्ध सरल, सुबोध्य र वर्तमान जीवनको यथार्थलाई अभिव्यक्त गरिएका कविता लेख्न थालिएपछि समसामयिक धाराको सुरुवात भएको मानिन्छ। केही विद्वान्हरूको मतमतान्तर पाइए पनि नेपाली कविताले दुर्बोध्यतालाई त्यागेर सम्प्रेषणीयतालाई अँगाल्नु नै समसामयिकताको थालनी भएको कुरामा भने सबै विद्वान्हरू सहमत नै छन्।

नेपाली कविताको समसामयिक धाराको मुख्य प्रवृत्ति नै तत्कालीन विविध परिस्थिति र यथार्थको चित्रण एवम् त्यसप्रति आलोचना, व्यङ्ग्य, विद्रोह र आक्रोश प्रकट गर्नु हो। यो क्रम हालसम्म पनि चालू नै छ। २०३६ सालको जनमतसङ्ग्रह, २०४६ को जनआन्दोलनको समर्थन, त्यसपछिका राजनैतिक फोहोरी खेल र जनयुद्धका पीडा, मर्म र अशान्तिको प्रभावका साथै जनआन्दोलन भाग-२ पछि पनि यसमा उत्तिकै सशक्तता छ।

समसामयिक धाराअन्तर्गत विभिन्न आन्दोलन अभियान/क्रान्तिहरूमध्ये यङ्ग राइटर्स फ्रन्ट, सडक कविता-क्रान्ति, तरलवाद, जनआन्दोलन कविता २०४६ र २०६२/६३ आदि छन् । समसामयिक धारामा सशक्तताका साथ देखापरेका स्थापित कविहरूमा दिनेश अधिकारी, कृष्णभूषण बल, मीनबहादुर बिष्ट, अशेष मल्ल, विष्णुविभु घिमिरे, किशोर पहाडी, विमल कोइराला, सरुभक्त श्रेष्ठ, जीवन आचार्य, विधान आचार्य, कृष्ण प्रधान, गोपाल पराजुली, कृष्णप्रसाद दाहाल, जीवनाथ धमला, विमल निभा, इन्दिरा प्रसाईं, कृष्ण धरावासी, दुबसु क्षेत्री छन् भने यस समयमा वर्णमात्रिक छन्दमा कलम चलाउने केही चर्चित कविहरूमा भरतराज पन्त, भरतराज मन्थलीय, भानुभक्त पोखरेल, रामबाबु सुवेदी, शरदकुमार भट्टराई, शिवगोपाल रिसाल, राधेश्याम भट्टराई, कृष्णप्रसाद दाहाल, लालगोपाल सुवेदी आदि । हाल आएर देखापरेका सशक्त कविहरूमा बमबहादुर थापा 'जिताली', प्रभा आचार्य, विप्लव ढकाल, श्रवण मुकारुङ्ग, नम्रता गुरागाईं, सुदीपभद्र खनाल, कृसु क्षेत्री, नेत्र एटम, रामप्रसाद ज्ञवाली, देवी नेपाल आदि । यस समसामयिक धाराका सबै कविहरूको नाम उल्लेख गर्नु असम्भव छ किनभने अधिराज्यभर थुप्रै साहित्यकारहरू उदाउने क्रम जारी नै छ र यहाँ प्रतिनिधि कविहरूको नाम मात्र उल्लेख गरिएको हो ।

समग्रमा भन्नुपर्दा २०३० सालदेखि सुरु भएर हालसम्म पनि क्रियाशील रहेको यो धारा नेपाली साहित्यका लागि महत्त्वपूर्ण र उपलब्धिमूलक छ । जसले समयको प्रतिनिधित्व गर्दै आ-आफ्ना असन्तुष्टिहरू व्यक्त गर्ने क्रम जारी नै छ ।

### ४.६ नेपाली कवितामा वियोगी बुढाथोकीको स्थान

नेपाली कविताका क्षेत्रमा योगदानदिने व्यक्तिहरूमध्ये वियोगी बुढाथोकी पनि पर्दछन् । नेपाली कवितासाहित्य यस्तो सागर हो, जहाँ अनेक रत्नहरू पाइन्छन् । जसमध्ये वियोगी बुढाथोकी पनि एक हुन् । कवितालाई आत्मादेखि नै रुचाउने वियोगीले आफ्नो साहित्यिक यात्रा पनि कविताबाट नै अगाडि बढाएका हुन् । तीनवटा कवितासङ्ग्रह प्रकाशित गराइसकेका बुढाथोकी हालसम्म पनि कवितालेखनमा व्यस्त नै छन् । उनको 'गोपाल र गोपालहरू' शृङ्खलाबद्ध रूपमा प्रकाशित हुने कविता १३६ औं शृङ्खला प्रकाशित भइसके पनि सङ्ग्रहको रूपमा भने १०८ शृङ्खलासम्म प्रकाशोन्मुख अवस्थामा छ ।

कवि बुढाथोकीका कवितालाई हेर्दा सबै कविताहरू गद्य लयमा नै रचिएका छन् । छन्दमा लेखिएका कवितामा जस्तो गद्यमा लेखिएका कवितामा लयात्मकता नपाइए पनि आजको युगमा कविता भन्दा गद्यकविता भनेर बुझ्ने मानसिकता बस्न थालिसकेको छ ।

लय, भाषा र भावको समन्वयात्मक लघुरूप कविता हो । छन्दका कवितामा लयको मात्रा बढी हुन्छ भने गद्य कवितामा पनि लयको न्यूनतम मात्रा आवश्यक हुन्छ । बुढाथोकीका कविताले गद्यलय, सरल भाषा तथा राष्ट्रिय भावधारालाई प्रतीकात्मक तथा

व्यङ्ग्यात्मक अभिव्यक्ति प्रदान गरेका छन् । यिनका कवितामा मानवीय चिन्तन र नेपाली प्रकृतिको सहज समन्वय पनि पाइन्छ ।[15]

विश्वसाहित्यमा प्रचलित साहित्यिक वादले सबै साहित्यकारलाई पछ्याउन बाध्य गराएर कुनै न कुनै वादसँग आबद्ध हुनैपर्ने बनाउँछ । कवि बुढाथोकी नेपाली कवितामा लक्ष्मीप्रसाद देवकोटाले प्रवेश गराएको र सिद्धिचरण श्रेष्ठ लगायत अन्य कविहरूले अँगालेको 'स्वच्छन्दतावादी-प्रगतिवादी' काव्यधाराबाट प्रभावित देखिन्छन् । उनका कवितामा स्वच्छन्दतावादी कविहरूमा हुने विशेषताहरू प्रकृतिप्रेम, देशप्रेम, मानवतावाद, ईश्वरप्रतिको आस्था आदि विशेषताले सुशोभित छन् । प्रगतिवादितालाई हेर्दा उनी मार्क्सवादी चिन्तनमा सक्रिय साहित्यकार नभए पनि समाजमा भएका विकृति, विसंगति, अन्धविश्वास र वर्गीय विभेदप्रति भने आक्रोशित नै देखिन्छन् । गरिब दुःखी र असहायको व्यथा देखेर चिन्तित र भावविह्वल हुने कवि बुढाथोकीमा प्रगतिवादका प्रशस्त अभिव्यक्ति भने पाइन्छन् तर पूर्ण मार्क्सवादी मान्यता सञ्जय थापा, मोदनाथ प्रश्रित, कृष्ण सेन 'इच्छुक' जस्ता साहित्यकारको जस्तो सिद्धान्तनिष्ठता भने पाइँदैन ।

-यिनका कवितामा विसंरचनामा र विपठनमा पाइने समकालीन लक्षणहरू पनि छैनन् । विषयग्रहण, विचारसङ्गठन, भावाभिव्यक्ति संरचना र शैलीको दृष्टिले नवीनता निजीपन र स्वप्रयोगलाई स्थापित गर्ने कवि बुढाथोकी परम्परित गद्यशैलीकै व्यापकता र विस्तारका कवि हुन् । विषय र आकारका दृष्टिले विविधता प्रस्तुत गरे पनि बाहिरी रूपमा हेर्दा यिनले देश, स्थान, मान्छे, रोजगारी, कर्तव्य, आँखा, निर्णय, परीक्षा, कविता, आवश्यकता, लालीगुराँस, दुःख, प्रतीज्ञा, साँझ, यौवन नानीहरू, कारागार, नेल्सन मण्डेला, घाम, विद्यार्थी, इन्द्रेनी, सगरमाथा, युवा, रात, घाउ आदि स्थान, वस्तु र भावलाई आफ्ना कविताहरूको प्रत्यक्ष विषय बनाएका छन् । सबै कवितामा कविताका निम्ति आवश्यक परोक्ष अर्थसापेक्ष, भावगाम्भीर्य, प्रतीकात्मक अभिव्यक्ति र आलङ्कारिकता तथा व्यङ्ग्यात्मक चेतना प्रशस्त मात्रामा पाइन्छन् । यिनले जीवनयथार्थ, समस्या अनुभूति र प्रतिबद्धतालाई महत्त्व दिए पनि स्वच्छन्दतावादी काव्यचेतनाका पर्याप्त लक्षणहरू यिनका कवितामा अभिव्यक्त छन् । यिनका कविताले भौतिक रूपमा प्रणयवृत्तिलाई महत्त्व नदिए पनि प्रकृति र मानवीय दृष्टिले प्रेम प्रवृत्तिलाई महत्त्व दिएका छन् । प्रकृतिको तन्मय अभिव्यक्तिकै सन्दर्भमा पनि स्वच्छन्दतावादी काव्यचेतना र अभिव्यक्तिलाई महत्त्व दिनु बुढाथोकीका कविताको विशेषता हो ।[16]

आयामगत रूपमा हेर्दा कवि बुढाथोकीका कविता विशेषगरी मुक्तक र फुटकर कवितास्तरमा देखिन्छन् । कविताको लघुतम रूपमा सामान्य र लघुरूपमा सशक्तताका साथ

---

15= हरिप्रसाद शर्मा (२०६०) **काठमाडौँ धाइरहेछुभित्रका बुढाथोकी**, गरिमा, वर्ष २२, अंक १, पूर्णाङ्क २५३, पुस, पृ. ३८ ।
16= ऐजन, पृ. ४१ ।

कलम चलाउने बुढाथोकी खण्डकाव्य र महाकाव्य समकक्षी कवितालेखनमा भने पछि नै परेको पाइन्छ। उनका प्रकाशित तीनवटै कवितासङ्ग्रह **समयलाई सञ्चो छैन** (२०४२), **काठमाडौँ धाइरहेछु** (२०४९) र **छुटेका यादहरू** (२०५३) मा पनि फुटकर कविताहरू नै सङ्ग्रहित छन्।

कवि बुढाथोकीका कविताहरू मौलिक र छुट्टै अस्तित्वमा रहेका छन्। उनले जे-जति कविताहरू लेखेका छन्, तिनीहरू सबैले केही न केही नवीन सन्देश दिइरहेकै छन् र समाजका वास्तविक यथार्थतालाई झल्काएका छन्। काठमाडौँको सहरी वातावरणमा घुलमिल भएका कवि बुढाथोकीका कवितामा ग्रामीण परिवेशको पनि पर्याप्त चित्रण गरिएको पाइन्छ।

## ४.७ निष्कर्ष

समग्रमा हेर्दा साहित्यमा आफ्नो छुट्टै अस्तित्व राख्न सफल कविता विधा भाषाको उत्पत्तिसँगसँगै सुरु भएर विविध मोड तथा प्रवृत्तिलाई आत्मसात् गर्दै वर्तमान अवस्थामा आइपुगेको कविता विधामा कलम चलाउने स्रष्टा वियोगी बुढाथोकीको स्थान आधुनिक कवितामा लयका दृष्टिले गद्यात्मक, धारागत दृष्टिले स्वच्छन्दतावादी प्रगतिवादी, आयामगत रूपमा फुटकर कविता लेख्ने कवि र परिवर्तित र समसामयिक परिस्थितिलाई पनि बुझेर कवितात्मक अभिव्यक्ति दिने कवि हुन् भन्न सकिन्छ।

## परिच्छेद पाँच

# वियोगी बुढाथोकीका कविताको मूल्याङ्कन

### ५.१ कवि वियोगी बुढाथोकीका प्रकाशित कविता सङ्ग्रहहरू

कवि वियोगी बुढाथोकीका हालसम्म प्रकाशित पुस्तकाकार कवितासङ्ग्रहमा **समयलाई सञ्चो छैन** (२०४२), **काठमाडौं धाइरहेछु** (२०४९) र **छुटेका यादहरू** (२०५३) गरी तीनवटा छन् । यी तीनवटा कृतिहरूको यहाँ विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ५.२ वियोगीको 'समयलाई सञ्चो छैन' कवितासङ्ग्रहको विश्लेषण

कवि वियोगी बुढाथोकीको वि.सं. २०४२ सालमा प्रकाशित 'समयलाई सञ्चो छैन' उत्कृष्ट कवितिासङ्ग्रह हो । यो कवितासङ्ग्रह कविले तत्कालीन पञ्चायती निरङ्कुशताको पञ्जामा परेर सबै पिल्सनु परेको र त्यसमा समय पनि पिल्सिएर बिसञ्चोको अवस्थामा पुगेको कुरा प्रस्तुत गरेका छन् । वियोगी बुढाथोकीको यस सङ्ग्रहका कविताहरूलाई पढ्दा यी कविताहरू पनि आज लेख्ने गरेका सरदर खालका कविताजस्ता लाग्छन्, तर होइन, केही कविताले केही छुट्टै किसिमको स्थान लिएको अनुभव हुन्छ । वियोगीका कविताले पनि यस्तै भावभूमि टेकेका छन् । 'युगबोध' भन्ने शब्द गह्रौं हुने भए पनि सामान्य अर्थमा सबै कवितामा यस युगको परिवेश बोध पनि हुन्छ । प्रतीकात्मक सङ्केत बोकेको पहिलो कविता संग्रह **समयलाई सञ्चो छैन** नाम पञ्चायती व्यवस्थाको अस्वस्थता जनाउने स्वयंमा एउटा व्यङ्ग्य असहमति, विद्रोहको परम्परा उनमा अहिले पनि जीवित छ । कालमा होइन, प्रवृत्ति, आचरण व्यवहार र नियतहरू । यस सङ्ग्रहभित्र गद्यलयमा लेखिएका कविताहरू रहेका छन् । **समयलाई सञ्चो छैन** कवितासङ्ग्रहका कविताहरूको सूची-

| क्र.स. | शीर्षकको नाम | क्र.स. | शीर्षकको नाम |
|---|---|---|---|
| १ | युवा | १६ | अनुरोध |
| २ | नियति | १७ | मातृभूमि |
| ३ | ममाथि दागबत्ती नजलाउनू | १८ | इतिहास लेख्ने तयारीमा |
| ४ | नटुङ्गिने कथा | १९ | र आस्थाका डोबहरू मेटिँदैछन् |
| ५ | प्रियालाई पत्र | २० | मुक्ति प्रणय |
| ६ | राजधानी | २१ | अँध्यारो बस्तीबाट |
| ७ | बूढो पीपलको बोट | २२ | काठमाडौं |
| ८ | भविष्यको खोजीः तारामण्डलभित्र | २३ | विवेक |

| | | | |
|---|---|---|---|
| ९ | अथाह फैसला | २४ | एउटा मान्छे जो हराइरहेछ |
| १० | आजका मान्छेहरूसित | २५ | जिज्ञासाको परिधिबाट |
| ११ | इतिहासले जन्माएको गोर्खाली बहादुर कान्छा | २६ | आस्था |
| १२ | आजको वृत्तचित्र | २७ | समयलाई सन्चो छैन |
| १३ | यस्तो पनि मन हुन्छ | २८ | युवा वर्ष |
| १४ | इच्छा जो उर्लदो छ | २९ | आरोहणमा नभेटिएका पाइलाहरू |
| १५ | यसरी ऊ सिङ्गो जीवन बाँचिरहेछ | ३० | गुहार ! गुहार ! |
| | | | र अन्तमा सात टुक्रा |

### ५.२.१ **युवा**

यो कविता गद्यलयमा रचित छ । कविले यस कवितामा शान्ति र क्रान्ति दुवैको संवाहक बन्ने युवा यो संसारलाई कायापलट गर्न सक्ने पौरखी र स्वभिमानी व्यक्ति हो भन्ने विचार प्रकट गरेका छन् :

साँच्चै
ऊ धरतीमा सलाइन चढाइरहने
आकाशमा परेवा उडाइरहने
-वेग हो, हुरी भएर उड्नेगर्छ
-निर्माण हो, तला थपेर सगरमाथा खोज्छ
-शक्ति हो, एकै भरमा सामना पोख्छ
-सुरक्षा हो, युद्धको सामना खोज्छ
-शान्ति हो, कलह तिरस्कार गर्छ
-र, साँचो मुटुको क्रान्ति पनि हो
सम्भवतः ऊ कहिल्यै पराजय स्वीकार नगर्ने
-युवा हो[1]

यसरी यस कवितामा सफलताको शिखर चुम्ने अभिलाषा बोकेर हिँडेको युवा पराजय स्वीकार नगरी शान्तिपूर्ण वातावरणमा बाँच्न चाहने युवा परिवर्तनको वाहक हो भनिएको छ ।

### ५.२.२ नियति

गद्यलयमा रचित यस कवितामा कविले आन्दोलनका क्रममा लाठीचार्ज हुँदा न्यानो काख रित्तिएको व्यथा, सधवाको सिउँदो रित्तिएको कथा व्यक्त गरेका छन्। मानिसलाई नियतिले जता डोऱ्याउँछ त्यतै पछि लाग्नुपर्ने विवशता यसमा प्रस्तुत गरिएको छ :

पोहोर साल
एक हुल नाराहरूको बीच बज्रेको लाठी चार्जले
न्यानो काख रित्ताएको व्यथा
सधवा सिउँदो पुछिएको कथा
वियोगको वर्षाले निथ्रुक्क भिजाएर नाङ्गो शरीर
एकपटक-
स्वस्थानीको जालन्धर भएर सडक जाम भएको थियो
सम्झना छ ?[२]

यसरी यस कवितामा कविले हाम्रो देशले भोगेको दुर्गतिलाई स्वस्थानीको कथा वा मिथकलाई जोडेर वर्तमान परिवेशसँग तुलना गरेका छन्।

### ५.२.३ ममाथि दागबत्ती नजलाउनू

गद्य लयमा रचित यस कविताको सुरुमा नै छोरा ! भनेर सम्बोधन गरेर कविले आफ्ना इच्छाहरूलाई छोरोसमक्ष पोखेका छन्। युद्ध गर्दा हिटलरको शैलीले नगरी बुद्धको शैलीले गर्नुपर्छ भनेर हिटलरको अर्थमा युद्ध हारेको देखिए पनि बुद्धको अर्थमा जितेकै हुनाले युद्ध जितेको गर्वमा आफैँले आफैँलाई दागबत्ती दिइसकेको हुनाले आफूलाईमरेपछि छोराको हातबाट दागबत्ती दिनुको औचित्य छैन भनेका छन् :

छोरा
सडकमा उत्रेर इज्जत नखोज्नू
हिटलरको आँखा खुल्न सक्छ
        इज्जत त
बुद्धको आँखामा रूपान्तर हुनुपर्छ।[3]

यसरी शान्तिपूर्ण आन्दोलनतर्फ प्रेरित गर्ने कवि पुनः यसरी पोखिन्छन् :

---

1. वियोगी बुढाथोकी, **समयलाई सञ्चो छैन** भक्तपुर : आरोहण प्रकाशन, २०४२, पृ. ३।

[२] ऐजन, पृ. ४

3= ऐजन, पृ. ६।

अनायास छ्यासलमा मौन बस्दा
भन्छन् तैंले युद्ध हारिस्
भन्छु- मैले युद्ध क्रान्ति नगरेरै जितेको छु
हुनसक्छ हिटलरको अर्थमा युद्ध हारेको
बुद्धको अर्थमा त जितेको छु
हो छोरा
मौनतामा मुचुल्का बाँधेर मलाई जलाउने धृष्टता नगर्नु
इतिहास पढेर हेरेस्
युद्ध जितेको गर्वमा
आफैँले आफैँलाई दागबत्ती दिइसकेको छु ।[4]

यसरी कविले छोरालाई आफ्नो दागबत्ती आफैँ दिएको बताउँदै छोरालाई युद्धवीर होइन, शान्तिवीर बनाउने चाहना व्यक्त गरेका छन् ।

### ५.२.४ नटुङ्गिने कथा

गद्य लयमा रचित यस कवितामा कविले बादलको माध्यमबाट यो संसारका प्रत्येक वस्तुको जीवनचक्र समाप्त नभएर नटुङ्गिने, चलिरहने प्रक्रिया हुन् भनेका छन् ।
उक्त कवितामा कवि लेख्छन् :

बादल-
आफैंले भरेको उत्साहभित्र
अनेकौं आकृति छचल्काएर
पुनः यौटा सृष्टिको जन्म दिन
उन्मुख भएको छ ।[5]

यसरी सृष्टिको क्रम भनेको चक्र हो, जुन निरन्तर चलिरहन्छ भन्ने कुरा सहजै बुझिन्छ ।

### ५.२.५ प्रियालाई पत्र

गद्य लयमा रचित यस कवितामा कविले आफ्नी प्रेयसीलाई छोडेर विदेशमा लाहुरे जीवन बिताइरहेको लाहुरेको कथाव्यथालाई समेटेका छन् । यहाँ लाहुरेले आफ्नो हातमा बन्दुक भए पनि प्रियालाई बन्दुकमा बारुदको गन्ध नखोज्न अनुरोध गर्दै "बन्दुकको परेवाको

---

4. ऐजन, पृ. ६ ।
5= ऐजन, पृ. ८ ।

टोड्का सिउरने गरेको छु" भनेका छन् र युद्धबाट आहत भएको जीवनलाई शान्तिको मार्गमा लगाउने चेष्टा गरेका छन् ।

देशको गरिमा उचाल्न
प्रिया ! यौटा प्रतिज्ञा रोपेको छु
त्यसो त सधैं बन्दुक बोक्ने गर्छु
तर प्रिया ! बन्दुकमा बारुदको गन्ध नखोज
मैले त-
बन्दुकमा परेवाको टोड्का सिउरने गरेको छु ।[6]

यसरी युद्धमा होइन, शान्तिमा भविष्य उज्ज्वल छ भन्ने कुरा व्यक्त गरिएको छ ।

### ५.२.६ राजधानी

गद्य लयमा रचित यस कवितामा कविले सम्पूर्ण देशको केन्द्रविन्दु मानिएको राजधानी आज भिडभाड, धुवाँधुलो र प्रदूषणले अस्तव्यस्त भइरहेको छ, एकलाई अर्कोले जालभ्फेल गरेर फसाउने जाल बुन्ने ठाउँ बनिरहेको छ भनेका छन् । यस्तो अवस्थामा राजधानी त देशको केन्द्रविन्दु भएकाले बाबुको भूमिका निर्वाह गरी सिर्जना र शान्ति रोज्नुपर्ने र स्वयंमा माता भएकाले समानता दिलाउनुपर्ने आशय व्यक्त गरेका छन् :

राजधानी-स्वयंमा बाबु हो सिर्जना शान्तिको रोज्नुपर्छ
राजधानी-स्वयंमा माता हो समानता दिलाउनुपर्छ ।[7]

यसरी यस कवितामा सम्पूर्ण देशको केन्द्रबिन्दु राजधानीले देशका सम्पूर्ण भूभागसँग समान नाता कायम गरेको हुनुपर्ने भाव व्यक्त गरिएको छ ।

### ५.२.७ बूढो पीपलको बोट

गद्य लयमा रचित यस कविताा कविले बूढो पीपलको बोटलाई प्रतीकका रूपमा उभ्याएका छन् । युगौँयुगदेखि घाम-पानी, हुरी-बतास आदि सहेर बसेको बूढो पीपलको बोटमुनि बसेर मानिस तपस्या गर्न छोडिसकेका छन् । गुरुभक्त शिष्यहरू पनि मूल्यवान् समय त्यत्तिकै खर्च गरिरहेका छन् भन्ने भाव व्यक्त गरेका छन् ।

यसै सन्दर्भमा कवि लेख्छन् :
खै तपस्या गर्न सकेको मानवताको पानी चढाएर
क्षत-विक्षत टुक्रिएका आत्माहरूमा

---

6= ऐजन, पृ. १०-११ ।

कवि अझै अगाडि थप्छन्-

पीपलबोट स्वयं भोगिरहेछ, कुरूप अनुहार प्रदर्शन गर्दै
यौटा अन्योलका बाटो डोऱ्याइरहेछ ।[8]

यसरी आजको मानिस नास्तिकतातिर उन्मुख भएको वास्तविकतालाई यस कवितामा उजागर गरिएको छ ।

**५.२.८ भविष्यको खोजीः तारामण्डभित्र**

गद्य लयमा रचित यस कवितामा कविले राजनीति गरेर हिरासतमा बस्ने नेताहरूको भविष्यवाणी सुने पनि एक अँजुली घामले बस्ती जमाउन नसकी केवल ग्रहणले मात्र ढाकिदिएकाले टन्टलापुर घाममा नभएर अब तारामण्डलभित्रको शीतलतामा भविष्यको खोजी गर्नुपरेको भाव व्यक्त गरेका छन् :

म त संयमको बाँध भत्कन लागेको देख्दैछु
युग बोक्ने छाती फुट्ने आभाष पाउन लागेको छु
विकासको नाममा बनेका महलहरू भग्नावशेष ठान्न थालेको छु
कृपया यसो भन्दैमा
प्रतिशोधको अनुकुल सोचेर बाहिरी आदेशमा
ग्रहण फगत ग्रहणको लाप्सा छादेर
टन्टलापुरमा ग्रहणको घुम्टो क्रमशः ओढाएको बस्तीमा
तारामण्डलभित्र आफ्नो भविष्य खोज्न थालेको छु ।[9]

यसरी उदाहरणबाट मानव जीवनलाई बिस्तारै-बिस्तारै जटिलताले गाँज्दैछ भन्ने कुरा प्रस्ट हुन्छ ।

**५.२.९ अथाह फैसला**

गद्य लयमा रचित यस कवितामा कविले राणाकालीन समय र निरङ्कुश पञ्चायती समयमा उज्यालो भविष्यको कामना गर्नेहरूले अथाह फैसलाको भरमा बलीको बोको भई सहिद हुनुपरेको तीतो यथार्थलाई प्रस्तुत गरेका छन् :

---

7= ऐजन, पृ. १३ ।
8= ऐजन, पृ. १५ ।
9= ऐजन, पृ. १७ ।

अगाडि रेखाहरू अस्पष्ट देखेर
साँध छुट्याएको परिवेशमा
गति रोक्न
बाहिरको मन फर्केन
ऊ त सत्य हो
अथाह फैसलाको भरमा
सहिद भएछ ।[10]

यसरी स्वतन्त्रताका लागि लड्ने 'ऊ' पात्र मृत्युको शिकार हुनुपरेको वास्तविकता यहाँ प्रस्तुत गरिएको छ ।

**५.२.१० आजका मान्छेहरूसित**

गद्य लयमा रचित यस कवितामा कविले बारुद पिएर बाँच्ने मान्छेलाई आग्रह र आव्हानमा मात्र बक्ने नगर भन्दै हतारिएर जोशमा आई परिवर्तका लागि होमिनुभन्दा धैर्य गरी काम गर्नुपर्छ भन्ने सन्देश दिएका छन् :

त्यसैले ए बारुद पिएर बाँच्ने मान्छे
प्रत्येक बिहान निस्कने नाराहरू
प्रत्येक साँझ गाउने विरहका गीतहरू
मुटुमा संयोजनको धैर्य बाँधेर सुन्ने गर
र, आफ्नै आकृतिमा उत्रने इन्कलाबलाई
भूपरिवेष्ठित ठानेर
कृपया
यता फर्केर स्खलन रित्ताउने नगर ।[11]

यस उदाहरणबाट धैर्यधारण गर्नुपर्छ, जोशमा होश गुमाउनु हुँदैन भन्ने भाव व्यक्त भएको पाइन्छ ।

**५.२.११ इतिहासले जन्माएको गोर्खाली बहादुर कान्छा**

---

10= ऐजन, पृ. १९ ।
11= ऐजन, पृ. २२ ।

गद्य लयमा रचित यस कवितामा कविले विदेशी स्वार्थका लागि लडेर आफ्नै बटालियनका साथीको रगतको टीका टाँसेर बहादुरी देखाउनेहरूले आखिर 'गोर्खाली बहादुर कान्छा' को बिल्ला बाहेक केही नपाएको र आफ्नो जीवन व्यर्थैमा त्यागेको कुरालाई मार्मिक रूपमा देखाएका छन् :

प्रथमतः सम्पूर्णताको चिनारी
विदेशी भूमिमा लड्दा सपूतको पाइला खोज्दा
अनभिज्ञ अनुहारहरूले
वीर गोर्खालीको बिल्ला टाँसेको पाएँ ।[12]

यसबाट बुझ्नुपर्नेकुरा के हो भने विदेशीहरूले राम्रा अवसरमा भने नेपालीहरूलाई टाढै राख्छन् त युद्धमा भने फुर्क्याएर अगाडि सार्छन् ।

### ५.२.१२ **आजको वृत्तचित्र**

गद्य लयमा रचित यस कवितामा देशको वृत्तचित्र कोर्न खोज्ने हर्कबहादुर र धर्मबहादुर भूगोल नपढी सर्जमीन नहुने वृत्तचित्र कोर्दै हिँडिरहेछन् मेट्तै हिँडिरहेछन् भन्ने कुरा व्यक्त गरेका छन् :

यता मध्य रातमा हर्कबहादुर
उता मध्य दिनमा धर्मबहादुर
देशको वृत्तचित्र कोरिरहेछन् ।
हुनसक्छ तिनीहरूले परिवेशको नियम सुनेका छैनन्
त्यसैले क्रमशः हर्कबहादुर-धर्मबहादुर भएर
धर्मबहादुर हर्कबहादुर भएर
सरजमीन नहुने वृत्तचित्र कोर्दै हिँडिरहेछन्
मेट्दै हिँडिरहेछन् ।[13]

यसबाट धर्मबहादुर र हर्कबहादुर जस्ता अनपढ व्यक्ति त देशको वृत्तचित्र कोर्न तल्लीन छन् भने हामी शिक्षित व्यक्ति किन पछि हट्ने ? देशको वास्तविक वृत्तचित्र अब हामीले कोर्नुपर्छ भन्ने कुराको सङ्केत पाइन्छ ।

### ५.२.१३ **यस्तो पनि मन हुन्छ**

गद्य लयमा रचित यस कवितामा एउटा भाइले दाइलाई सम्बोधन गरेर आफ्ना पीडाहरू पोखेको प्रसङ्ग छ । गतिलाई मति बिग्रेको परिवेशमा भेटेपछि कहिल्यै पनि

---

12= ऐजन, पृ. २३ ।

शान्तिको प्रतीक परेवा भएरु भक्षक बाजहरूको कुदृष्टिबाट बचेर स्वच्छन्द रूपमा आकाशमा उड्न नसकेको कुरा व्यक्त गरेर जहिल्यै बन्दी जीवन बिताउनुपर्ने र अशान्तिको कुहिरोको काग भएर आजको मानिसले रुमलिनुपर्ने बाध्यतालाई कविले टट्कारो रूपमा यस कवितामा प्रस्तुत गरेका छन् :

त्यसैले दाइ
मैले त गतिलाई मति बिग्रेको परिवेशमा भेटेको छु
भेट्नुको नियति
औचित्यहीन पर्खालमा जीवन उठाएर
आग्रहको उदाङ्गोपनमा
कहिल्यै परेवा भएर मन जित्न सकिएन
न सीमाहीन आकाशमा मनग्गे उड्नै सकियो
यसो भनूँ दाइ
मैले त तालाबन्दीको परिवेश मात्र भोगेको छु ।[14]

यसरी यस कवितामा अशान्तिको कालो बादलले ढाकिएको विश्वपरिवेशलाई प्रस्तुत गरिएको छ ।

**५.२.१४ इच्छा जो उर्लदो छ**

गद्य लयमा रचित यस कवितामा कविले अभाव र गरिबीको रापले पिल्सिएको मानव जीर्ण कन्था लगाएर पनि राम्रो लाउने र मीठो खाने इच्छाको सपनालाई उरालेर प्रतीक्षारत रहेका कुरा व्यक्त गरेका छन् :

कतै टालिसकेको
कतै टालेर पनि फाटिइसकेको
एक धरो टालो बेरेर ढाकिएको आँग
टालोकै खोजीमा दौडिरहेछ
विशाल समुद्रको छाल बनेर
उर्लदो छ इच्छाहरू ।[15]

13= ऐजन, पृ. २६ ।
14= ऐजन, पृ. २७ ।
15= ऐजन, पृ. २९ ।

यसरी अभावमा जीवन बिताउनेहरूका पूर्ण हुन नसकेका इच्छाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

**५.२.१५ यसरी ऊ सिङ्गो जीवन बाँचिरहेछ**

गद्य लयमा रचित यस कवितामा तृतीय पुरुष 'ऊ' पात्रलाई कविले उभ्याएका छन् । कथित सभ्य भनाउँदो समाजबाट तिरस्कार पाएर सुन्दरी खोलाको किनारमा फ्याँकिएको 'ऊ' जतिसुकै भवावह अवस्थामा पनि डर मान्दैन । मसानघाटको अगुल्टोलाई चुपचापसँग नियाल्दै र पिशाचहरू हेर्दै जीवन बिताउने उसले अभिशाप पचाएर पनि दुःख र पीडालाई पचाउँदै ऊ बाँचिरहेको मार्मिक कुरा प्रस्तुत गरेका छन् :

म देखिरहेछु-
सुन्दरी खोलाको किनारलाई बाटो सम्झेर
कैयौं यात्रीहरू यात्राको क्रममा आए
ऊ मौन आकृतिमा यात्रीहरूको अनुहार पढिरह्यो
रातको निष्पट्टतामा हुर्किएका स्यालका बथानलाई
मात्र ऊ सुनिरहन्छ
मशानघाटमा फ्याँकिको अगुल्टोलाई
ऊ हेरिरहन्छ ।[16]

यसरी समाजबाट तिरस्कृत भए पनि मानिस स्वअस्तित्वका लागि बाँचेको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

**५.२.१६ अनुरोध**

गद्य लयमा रचित यो कविता आकारका हिसाबले झन्डै मुक्तकजस्तै लाग्छ । यस कवितामा कविले निरङ्कुश पञ्चायती क्रुरताबाट प्रताडित भएका जनताहरू स्वतन्त्रताका लागि पर्चाहरू छर्दै सुनौलो भविष्य ल्याउने आशामा सबैसित निरङ्कुशताविरुद्ध एकजुट हुन अनुरोध गरिरहेको कुरा प्रस्तुत गरेका छन् :

पिल्सिएको कथा बोकेर झोलामा
उनीहरू पर्चा छर्दैछन्
बाध्यतामा उर्लेको भेल पोख्न
उनीहरू खुलामञ्च खोज्दैछन् ।[17]

---

16= ऐजन, पृ. ३१ ।

यसरी यहाँ सबैलाई निरङ्कुशताका विरुद्ध चेतना जगाउने काम भएको कुरा प्रस्ट हुन्छ ।

**५.२.१७ मातृभूभि**

आकार र आयामका दृष्टिले झन्डै मुक्तकझैं लाग्ने यस कवितामा मातृभूमि नेपालको शीतलतामा रमाउँदाको आनन्दलाई प्रस्तुत गरिएको छ। हामीले अन्याय र अत्याचारको चर्को घाममा पनि शीतल बादल बनेर अगाडि बढ्नुपर्छ। हाम्रा दुश्मनहरूले पाइलाहरू अगाडि बढ्न नदिन अनेकन प्रयत्न गर्न सक्छन् तर त्यसको सामना गर्ने सामर्थ्य हामीमा जाग्नुपर्छ, आँधीलाई पहाड भएर थेग्न छाललाई बाँध भएर छेक्न सक्नुपर्छ भन्दै कविले मातृभूमि नेपालको अस्तित्व रक्षार्थ जस्तोसुकै खतरा मोल्न पनि पछि पर्नु हुँदैन भन्ने कुरा सबैलाई आव्हान गरेका छन् :

अन्याय र अत्याचारका चर्का घामहरूमा
बादल बनी शीतलता छरिदिऊँ
हो, हाम्रा पाइलाहरूमा
दैत्यहरूले समाउनेछन् ।[18]

यसरी यस कवितामा मातृभूमिको रक्षार्थ जस्तोसुकै बलिदानी दिन पनि पछि पर्नुहुँदैन भन्ने सन्देश दिइएको छ ।

**५.२.१८ इतिहास लेख्ने तयारीमा**

गद्य लयमा रचित यस कवितामा कविले नेपाललाई धेरै पर्वै पर्वहरूको देश मानेका छन् । हाम्रा चाडपर्वहरूले देशमा चेतनाका किरणहरू फिँजाएर सबैलाई उज्यालो मार्गमा लगाउने हुनाले पर्वहरूको महत्त्व अत्यन्तै छ र ती पर्वहरूलाई ओझेलमा पार्नुहुन्न त्यसको सिङ्गो इतिहास लेखेर जीवन्त राख्नुपर्छ भनेर आफू त्यो इतिहास लेख्नको तयारीमा रहेको कुरा व्यक्त गरेका छन् :

मैले पर्वलाई
शृङ्खला सजाउने पंक्तिमा राखेको छु
कोदालीभरिको माटो थाप्नेको सपना सँगालेको छु ।
यात्रीको यात्रामा पढेको छु
गोरेटाहरूमा कुल्चेको छु
सन्दर्भै सन्दर्भको माला गाँसेर
यौटा इतिहास लेख्ने तयारीमा छु ।[19]

---

17= ऐजन, पृ. ३३ ।
18= ऐजन, पृ. ३४ ।

यसरी यस कवितामा आफ्नो संस्कृति जोगाउन संस्कृतिको इतिहास लेख्ने प्रतिज्ञा गरेको कुरा आफ्नोपनलाई महत्त्व दिइएको छ ।

**५.२.१९ आस्थाका डोबहरू मेटिँदैछन्**

गद्य लयमा रचित यस कवितामा आजको भौतिकताले ढाकेको युगमा क्रमशः पुराना मूल्य-मान्यताहरू ओझेलमा पर्दै गएको कुरा प्रस्तुत छ । प्राकृतिक बलिदानीबाट हुर्केका आस्थाहरू अब प्रायः नामेट हुने अवस्थामा पुग्दा पनि संस्कारको माला पहिरनेहरू भने अनेकन प्रयास गरेर संस्कार र आस्थाको धरोहर बनाउन लागेका छन् तर त्यो प्रयास व्यर्थ भएर आस्थाका डोबहरू मेटिँदैछन् भन्ने अहिलेको वास्तविकतालाई यस कविताले छर्लङ्ग पारेको छ :

संस्कारका डोबहरू
क्रमशः आस्थाहीन भएर बिलाउँदैछन्
भन्छन्- भौतिक युगले जन्माएको सुरुङभित्र
संस्कार लुक्न थालेको छ
सुरुङभित्र लेउसँग मितेरी लाएको छ ।[20]

यसरी हामीले आधुनिकताका नाममा हामीले आफ्नो संस्कारलाई बिर्सन थालेकोमा कवि अत्यन्तै चिन्तित देखिन्छन् ।

**५.२.२० मुक्ति-प्रणय**

गद्य लयमा रचित यस कवितामा देशमा रहेको अन्याय, अत्याचार र कुरीति हटाउन जनतााहरू चोकबाट मसाल जुलुस निकाल्दा हिरासतमा परे पनि डराउनु पर्दैन किनकि आफूसँग सृजनाको साथन कलम भएपछि स्मृतिको पत्र लेख्नुपर्छ । स्मृतिको पत्र जसले स्वच्छ गर्भाधान गरोस्, पेट यथार्थमा देश होओस्, देश भन्नु जनता हो । हामीले प्लेटो, ईशामोह-सेन्टपिटरको जस्तो सत्य बोली बोल्न सक्नुपर्छ जसले सत्यको बाँध बाँधेर सिमानामा, आकाशमा अर्को आकाशको खोजी गर्दै मुक्तिको प्रणय बाँध्नुपर्छ भन्ने कुरा कविताले प्रस्तुत गरेको छ :

लेख्दै गर्नु-
मसाल बोक्ने कर्मीहरूले खालिहानमा
चोकबाट निस्केको जुलुस हिरासतमा पऱ्यो त के भयो ?

---

19= ऐजन, पृ. ३६ ।
20= ऐजन, पृ. ३७ ।

कलम हाम्रो साथी छ भने
हामी एउटा स्मृति पत्र लेखौं
जसले स्वच्छ गर्भाधानको पेट बोकोस्
पेट यथार्थमा देश हो
देश भन्नु जनता हो ।[21]

कवि अझै थप्छन्-

उत्खनन् त एउटा शोधकार्य हो
सत्यको आग्रह हो
प्लेटो-इसामसीह-सेन्टपिटरको बोली हो ।[22]

यसरी हामीले सत्यको बाटोमा हिँड्न सिक्यौं भने कसैसँग डराउनु पर्दैन भन्ने कुरा व्यक्त गरिएको छ ।

### ५.२.२१ अँध्यारो बस्तीबाट

गद्य लयमा रचित यस कवितामा कविले अँध्यारोले बस्तीलाई ढपक्क ढाकेको कुरा व्यक्त गरेका छन् । अन्धकारलाई परिवेशले पनि नियति ठानेको बताउँदै अन्धकारलाई परिवेशले पनि नियति ठानेको बताउँदै अन्धकारसँग संघर्ष गर्दै जिउन पनि कठिन अग्निपरीक्षा भएकाले अन्धकारलाई छोप्ने काम नगर्न कविले अनुरोध गरेका छन् ।

पर्दा च्यातेर मेरो परिवेशमा कृपा पोख्ने नगर
सूर्य देखाएर मेरो बस्तीमा अन्धकार छोप्ने पनि नगर
अन्धकारलाई परिवेशले नियति ठानेको छ ।[23]

त्यसैले अन्धकारलाई हटाउन संघर्षको आवश्यकता रहेको कुरा औंल्याइएको छ ।

### ५.२.२२ काठमाडौँ

गद्य लयमा रचित यस कवितामा नेपाल अधिराज्यको राजधानी शहर अब विसङ्गति नै विसङ्गतिको खाडलमा जाकिएको कुरा प्रस्तुत छ। मञ्जुश्रीको भ्रम काठमाडौँ अब चिसो एष्ट्रे भइसकेको छ। यहाँ बेदनाको पानी बगाउने विष्णुमती, आर्तनाद निम्त्याउने बागमती भएर पनि विष्णुमती र वाग्मतीको पानीमा नुहाएर मानिसले सत्य पखालेर हिंसा निम्त्याइरहेका छन्। काठमाडौँ आजभोलि सवारी साधनको घुइँचोले गर्दा सडक पार गर्दा यमदूत निम्त्याउनु पर्छ, स्वाभिमानी व्यक्ति खोज्न टुकी नै बाल्नुपर्ने बाध्यता

21= ऐजन, पृ. ३९ ।
22= ऐजन, पृ. ३९ ।
23= ऐजन, पृ. ४१ ।

छ। हुन त यान्त्रिकता र कम्प्युटरको जमाना भए पनि ती त केवल मान्छेका खेलौना मात्र हुन्। त्यसैले अब काठमाडौँको वास्तविक प्राकृतिक पन हराएर कृत्रिमता मात्र बाँकी रहेको यथार्थ प्रस्तुत गरिएको छ।

जहाँ
विष्णुमतीको पानीमा नुहाएर मान्छेहरू
वागमतीको पानीमा पखालिएर मान्छेहरू
सत्य बगाइरहेछन्
हिंसा निम्त्याइरहेछन् ।[24]
यसरी काठमाडौँ सहरको वातावरण अस्तव्यस्ततामा गुज्रिएको प्रस्ट हुन्छ ।

५.२.२३ **विवेक**

गद्य लयमा रचित यस कवितामा आजको मान्छेले जे-जति काम गरेको छ त्यो सबै विवेकले नै गरेको छ भन्ने कुरा यस कवितामा प्रस्तुत छ। विवेकको प्रयोग गरेर कर्मभूमिका कर्मीहरूले ज्यावल बोकेर उठ्नुपर्छ, खुर्पा भिरेर देशको सीमासुरक्षार्थ जुट्नुपर्छ । बिना श्रमको ज्याला खोज्नु विवेक हराउनु मात्र हो ।

त्यसैले विवेक त स्रोत हो, मानवतको परिचय र सत्य हो भन्ने कुरा कविले अभिव्यक्त गरेका छन् :

उठ कर्मभूमिका कर्मीहरू
ज्यावल बोकेर काँधमा राष्ट्रको गरिमा
खुर्पा भिरेर सिमाना सुरक्षार्थ राष्ट्रको बोलीमा ।[25]

कवि अझै थप्छन्-

विवेक त स्रोत हो
मानवताको परिचय हो ।[26]

यसरी सम्पूर्ण काम फत्ते गर्न विवेकको प्रयोग गर्नुपर्छ भन्ने सन्देश यी पंक्तिबाट पनि स्पष्ट हुन्छ ।

---

24= ऐजन, पृ. ४३ ।
25= ऐजन, पृ. ४५ ।
26= ऐजन, पृ. ४६ ।

**५.२.२४ एउटा मान्छे जो हराइरहेछ**

गद्य लयमा रचिएको यस कवितामा प्रतीकको खोजीमा हराएको मान्छेलाई कविले फर्कन आह्वान गरेका छन् । हामीसँगै मन, मुटु र मस्तिष्क भएकाले हामीले वास्तविकता नियाल्न सक्नुपर्छ। प्रतीक त युद्धको विभीषिकाबाट त्यागपत्र चढाएर कर्मभूमिको श्रमशिविरमा जुटिसकेको हुनाले प्रतीकको खोजमा हराएको मान्छेलाई यस कवितामा फर्कनका लागि अनुरोध गरिएको छ :

हामीसँग मन पनि छ
मुटु र मस्तिष्क पनि छ
धारणाका अतुलनीय सगुन राख्ने धर्ती पनि छ
त्यसैले-
फर्क, ए प्रतीक खोज्न हिँडेका मान्छे
भर्खरै
युद्धको विभिषिकाबाट त्यागपत्र चढाएर
तिम्रो प्रतीक
हाम्रो कर्तव्य
कर्मभूमिको श्रमशिविरमा लागेको छ ।[27]

त्यसैले यस कवितामा कविले विविध कुराको खोजमा भौंतारिएकाहरूलाई फर्कन आह्वान गरेका छन् ।

**५.२.२५ जिज्ञासाको परिधिबाट**

गद्य लयमा रचित यस कवितामा आफ्नो अस्तित्वमा फैलिएका सगरमाथा अन्धकार रातलाई चिर्ने जूनको किरण छर्दै उभिएकाले नै विश्वासका छातीमा न्यानो स्पर्श पोखिएको हो भन्ने कुरा छर्लङ्ग हुन्छ । शान्तिको प्रक्षेपणमा बुद्धका आँखा नभेटेको भए कसले ठाडो शिर लगाएर इन्कलाब बोल्न सक्थ्यो होला र ? भन्ने भाव कविले व्यक्त गरेका छन् :

बाँच्नुको सारांश
शान्तिको प्रक्षेपणमा
बुद्धका आँखा नभेटेको भए
आचारसंहिताका व्याख्याताहरू
अभिनन्दनका जिज्ञासामा
इन्कलाब बोल्ने थिएनन् होला ।[28]

---

27= ऐजन, पृ. ४८-४९ ।
28= ऐजन, पृ. ५० ।

त्यसैले यहाँ विश्वमा बुद्धले ज्ञानको ज्योति छरिदिएकाले नै शान्तिको ध्वनि गुन्जाउन पाएको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

**५.२.२६ आस्था**

गद्य लयमा रचित यस कवितामा कविले आस्थाका भरमा नै संसार अडेकाले गर्दा सुनगाभाभरि आस्थाको सुवास छर्न मन गरेका छन् । देशप्रतिको अटूट आस्थाका कारण आफ्नै छातीमा सङ्गीन रोपेर देशलाई आफ्नो रगत चढाउन मन लागेको देशभक्तिपूर्ण भावनालाई अभिव्यक्त गरेका छन् :

आस्थाको बिरुवा उमारेर बगैँचा जमाउन सक्ने भए
सुनगाभाभरि आस्थाको सुवास भर्न मन लाग्छ ।[29]

यसै सन्दर्भमा कवि अझै थप्छन्-

आफ्नै छातीमा सङ्गीन रोप्न मन लाग्छ
देशलाई-
आफ्नै रगत चढाउन मन जाग्छ ।[30]

यसरी यी पंक्तिहरूबाट आस्था वा विश्वासकै कारण देशप्रति भक्तिभावना जागेको र जगाएको कुरा प्रस्ट हुन्छ ।

**५.२.२७ समयलाई सञ्चो छैन**

गद्य लयमा रचित यो कविता सिङ्गो कवितासङ्ग्रहकै प्रतिनिधित्व गर्ने कविता हो । आजकाल सिङ्गो देश र युगलाई नै बिसञ्चो भएको छ । स्वयम् सञ्चोको परिभाषा बक्ने डाक्टरलाई पनि सञ्चो छैन, फसल उमार्ने धर्ती, आकाश, सडक कसैलाई पनि सञ्चो छैन । सडकलाई बिसञ्चो हुँदा अफिसमा काम गर्ने कर्मचारीहरू पनि ढिला पुग्छन् र हाकिमलाई ढिलो हुनुको कारण समयलाई नै सञ्चो छैन भन्ने उत्तर दिन्छ ।

यसरी सारा समय नै रोगी भएकाले निरोगीपना कतै पनि भेट्न नसकिने भाव कविले यस कवितामा व्यक्त गरेका छन् :

आजकल-
फसल उमार्ने धर्तीलाई सञ्चो छैन
आकाशलाई सञ्चो छैन
सञ्चोको परिभाषा बक्ने डाक्टरलाई सञ्चो छैन

29= ऐजन, पृ. ५१ ।
30= ऐजन, पृ. ५२ ।

सञ्चोको पनि सीमा हुँदोरहेनछ ।[31]

त्यसैले यस उदाहरणबाट सारा संसार अस्वस्थ भएको वास्तविकता छर्लङ्ग हुन्छ ।

### ५.२.२८ युवा वर्ष

गद्य लयमा रचित यस कवितामा बूढा बा र बूढी आमाको निराशालाई हटाएर आशाको सपना देखाइदिने वर्ष इच्छा, उमङ्ग र आनन्दको वर्ष युवावर्ष हो भनिएको छ तर बूढा बाबु र बूढी आमाले चित्त बुझाएर मुटुमा किला ठोकेर इन्जेक्सनको परिभाषा लगाउनुको कुनै औचित्य नभएको कुरा मार्मिक रूपमा प्रस्तुत गरिएको छ :

उठ बूढा बा उठ / वसन्त फक्रिसक्यो
उठ बूढी आमा उठ / आँगनमा किरण ओर्लिसक्यो
यो वर्ष/तिम्रो छोराको वर्ष/युवा वर्ष
तत्काले बूढा-बा र बूढी आमा लय गाँसेर भन्छन्-
-भैगो मुटुमा किला ठोकेर/इन्जेक्सनको परिभाषा नगर ।[32]

यसरी युवा वर्ष/नयाँ वर्षले सबैको मनमा उमङ्ग छाउनुपर्ने भाव व्यक्त गरिएको छ ।

### ५.२.२९ आरोहणमा नभेटिएका पाइलाहरू

गद्य लयमा रचित यस कवितामा कविले शान्तिको आरोहणमा नभेटिएका पाइलाहरूलाई शान्तिको मार्गमा लाग्न अनुरोध गरेका छन् । यहाँ अन्यायको परिधिलाई भत्काएर न्यायको बिरुवा रोप्नुपर्छ, ग्याँसच्याम्बरको कारुणिक घटनाका साथै हिरोशिमा र नागाशाकीमा दुखेका मनहरूलाई परेवा बनेर, सेतो कमेराको उपासना गरेर शान्तिको शिखर चुम्ने आरोही बन्नुपर्छ र सबैको मनमा शान्तिको प्रत्याभूति दिलाउनुपर्छ भन्ने अभिमत प्रस्तुत गरेका छन् :

आरोहणमा नभेटिएका पाइलाहरू
आक्रोशमा जल्नेहरूका मनमा रूपान्तर हुनु पर्छ
अन्यायको परिधि भत्काएर न्यायको बिरुवा रोप्नुपर्छ
ग्याँस च्याम्बरको करुण विपना भोगेका मनहरू
हिरोशिमा र नागाशाकीमा दुखेका मनहरू
मान्छेका रगतले अझै धर्ती पोत्ने संकल्प नगर
किनकि-

---

31= ऐजन, पृ. ५३ ।
32= ऐजन, पृ. ५७ ।

हाम्रो आरोहण परेवाको जीवन हो
हाम्रो आरोहण सेतो कमेराको उपासना हो ।[33]

यसरी यहाँ कविले युद्धले आहत भएकाहरूलाई शान्तिको मार्गमा लाग्ने सन्देश दिएका छन् ।

**५.२.३० गुहार ! गुहार !**

यो कविता गद्य लयमा रचित छ । यसमा निराशाको तुसारोले धर्तीलाई ढाकेर कठ्याङ्ग्रिएको त्यो तुसारो पगाल्न न्यानो घामसँग कविले गुहार मागेका छन् :

गह्वाहरू आफैंमा स्वाधिनताको शङ्ख फुक्नुपर्ने
गह्वाहरू जसले कैयौंलाई माथि उठाएको पनि छ
कैयौंलाई उसिर मासेको पर्वमा
न्यायालयको ढोकामा गुहार गुहारको फेहरिस्त उठाएको पनि छ
सिङ्गो वैंश खर्चेर कुलेसो
सपनाको महलभित्र बाध्यताको पलेटीमा
तुषारोलाई न्यानो काखमा सुताएर
घामको झिल्कासँग सम्झौताको योजनामा छ
खबरदार-
प्रतिवाद गरेर नअल्मलाऊ आफन्त हो ।[34]

यसरी दु:ख र पीडालाई हटाउन शक्तिसँग गुहार माग्नुपरेको कुरालाई यस कवितामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

**र अन्तमा सात टुक्रा**

गद्य लयमा रचित यी सात टुक्रा मुक्तकाकार छन् ।

१- आफ्नो भन्नु

गद्य लयमा रचित यस मुक्तक टुक्रामा आफ्नो भन्नु मात्र जीवनका कथाहरू बाँकी रहेको कुरा प्रस्तुत छ ।

२- आँट

गद्य लयको यस टुक्रमा बाँच्न सक्नु पनि वीरता हो त्यसैले बाँच्नका लागि आँट गर्नुपर्छ भन्ने कुरा प्रस्तुत छ ।

---

33= ऐजन, पृ. ५८-५९ ।

३- उपस्थिति

गद्य लयको यस टुक्रामा 'तिमी' भनेर आफ्नी प्रियसीलाई सम्बोधन गरेर प्रियाको उपस्थितिमा आफू बेहोस भएर मात्तिने र अनुपस्थितिमा बैँस खर्चेर मदहोस हुने कुरा प्रस्तुत छ।

४- यथार्थ

गद्य लयको यस टुक्रामा बाबु मरेर छोरो मालिक भएको यथार्थलाई प्रस्तुत गरिएको छ।

५- उपदेश

गद्य लयको यस टुक्रामा कविले सपनामा अर्को व्यक्ति 'ऊ' उपदेश दिँदै जाने र आफू सुन्दै जाने कुरा व्यक्त गरेका छन्।

६- प्रेम

गद्य लयको यस टुक्रामा एकोहोरो प्रेम गर्ने प्रेमीले प्रेमपत्र लेखेर बुझाउन नपाउँदै प्रेमिकाको लात खाएको कुरा व्यक्त गरिएको छ।

७- बिलखबन्द

गद्य लयको यस टुक्रामा आफ्नो साथीको विवाहको कुरा चलाउँदा भाँजो हाल्नेकै प्रेयसी साथीले उडाइदिएपछि विलखबन्दमा परेको कुरा व्यक्त गरिएको छ।

## ५.३ निष्कर्ष

यसरी कवि बुढाथोकीको साहित्ययात्राको पहिलो प्रकाशित कवितासङग्रह पहिलो प्रयासकै भए पनि साह्रै उत्कृष्ट सङ्ग्रह हो। एकतीसवटा कविता समेटिएको यस सङ्ग्रहमा शीर्षकबाट नै थाहा पाइन्छ कि आज जताततै अस्वस्थताले व्याप्त भएको संसारमा प्रत्येक कुरालाई सञ्चो नभएकाले समयलाई नै सञ्चो छैन भन्ने कुरा कविले मार्मिक रूपमा प्रस्तुत गरेका छन्।

## ५.४ '**कवि बुढाथोकीको काठमाडौँ धाइरहेछु**' (२०४९) **को विश्लेषण**

कवि वियोगी बुढाथोकीको कवितालेखनको क्रममा **समयलाई सञ्चो छैन** (२०४२) सालमा कवितासङ्ग्रहको रूपमा प्रकाशित भयो। उनको कवितालेखन त्यसबाट पूर्णविराम लाग्नु होइन, झन् उत्साह र जोश-जाँगरका साथ अगाडि बढ्यो। फलस्वरूप २०४९ सालमै **काठमाडौँ धाइरहेछु** कवितासङ्ग्रह जन्मन पुग्यो। आज नेपालका १४ अञ्चल ७५ वटै जिल्लाको सम्पूर्ण काम काठमाडौँमा नै केन्द्रित भएकाले देशभरका जनताले सानोभन्दा सानो काम गर्न पनि काठमाडौँ नै धाउनुपर्ने विवशतालाई कविले यसमा व्यक्त गरेका छन्।

---

34= ऐजन, पृ. ६१।

**काठमाडौँ धाइरहेछु** सङ्ग्रहमा परेका कविता आजको नेपाली समाजमा घटित विषयमा आधारित सङ्ग्रह हो । यसले प्रत्यक्ष वा परोक्ष रूपमा वर्तमान समयका भित्र-बाहिरका भोगाइ-सत्यतालाई उद्घाटन गर्न खोजेको छ । यस सङ्ग्रहले मान्छेका स्वाभिमानी चेतनालाई घच्घच्याएको छ र विवशताभित्र चेपिएको जिजीविषा जुर्मुराएको छ ।[35]

यस कवितासङ्ग्रहभित्र गद्य लयमा लेखिएका अठ्तीस कविताहरू रहेका छन् । **काठमाडौँ धाइरहेछु** (२०४९) यिनको अठ्तीस गद्य कविताहरू सङ्कलित कवितासङ्ग्रह हो । यसमा सङ्कलित कविताहरूमध्ये कुनै मुक्तक आकारका पनि देखिन्छन् भने धेरैजसो कविता मझौला र लघु आकारका छन् ।[36]

**काठमाडौँ धाइरहेछु कवितासङ्ग्रह कविताहरूको सूची**

| **क्र.सं.** | **शीर्षकको नाम** | **क्र.सं.** | **शीर्षकको नाम** |
|---|---|---|---|
| १. | देश | २०. | वेदनाले भिजाएको क्षण |
| २. | भन्न त मन छैन तर नभन्दा दुख्छ | २१. | लालीगुराँस |
| ३. | गोसाइँकुण्ड | २२. | खै मलाई कहाँ दुखेको छ ? |
| ४. | ओत | २३. | प्रतिज्ञा चाम्रो छ मित्र |
| ५. | काठमाडौँ धाइरहेछु | २४. | उपचार नपाएको साँझ |
| ६. | नलेखिएको पत्र | २५. | यौवन-समय |
| ७. | चिन्तनको भोक | २६. | पाठशाला जाने नानीहरू |
| ८. | मान्छे हराएको सूचना | २७. | कारागार |
| ९. | आज तोक लाग्दैछ | २८. | नेल्सन मण्डेला |
| १०. | रोजगार | २९. | मेटिएका अपूरा हरफहरू |
| ११. | कर्तव्यको बोट | ३०. | पर्यटकको आँखामा कविता |
| १२. | त्यहाँसम्म | ३१. | निर्माणको घाम |
| १३. | आँखा-एक अभिव्यक्ति | ३२. | समयको विद्यार्थी हो मान्छे |
| १४. | निर्णय-एक अभिव्यक्ति | ३३. | इन्द्रेणी |
| १५. | परीक्षा-एक अभिव्यक्ति | ३४. | दोषी को ? |
| १६. | आजको मान्छेको कविता | ३५. | अर्को एउटा सगरमाथा |
| १७. | यात्रा, समय र मान्छे | ३६. | युवाको काँध देशका लागि |
| १८. | देशको माया | ३७. | बूढो रात |

35= मोहन कोइराला, प्रकाशकीय, **काठमाडौँ धाइरहेछु** ने.रा.प्र.प्र., काठमाडौँ, २०४९ ।
36= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ३८ ।

| | | | |
|---|---|---|---|
| १९. | आधारभूत आवश्यकता | ३८. | असजिलो घाउ |

### ५.४.१ देश

'देश' कवि बुढाथोकीको पहिलो कविता हो । आकार र अभिव्यक्तिका दृष्टिले मुक्तकजस्तो लाग्ने यो कविता स्वर तथा स्वरसन्धान दुवै दृष्टिले नवीन छ । यस कवितामा आलङ्कारिक अभिव्यक्तिमा राष्ट्रप्रेम र नेपालीपन व्यक्त भएको छ । सौन्दर्यको अर्कोनाम हो नेपाल देश । यो देश नेपालीको आँखाको नानीमा मोहको पासो बनेर बसेको छ ।[37] गद्य लयमा रचित यस कवितामा कविले यस देशले असह्य पीडा हुने क्षतविक्षत घाउहरू बोकेको छ । सधैं सन्त्रस्त भएर रहे पनि बादलको घुम्टो ओढेर मुसुक्क मुस्कुराइरहेको सौन्दर्यको अर्को नाम नै नेपाल हो भन्ने कुरा व्यक्त गरेर नेपालको प्राकृतिक सौन्दर्यलाई उजागर गर्ने काम गरेका छन् :

क्षत-विक्षत घाउ
सन्त्रासको वर्षात
बादलको घुम्टोले छोपेर
मुसुक्क हाँस्ने
हाँसो छरिरहने
सौन्दर्यको अर्को नाम
आँखाको नानीमा मोहको पासो हो
देश ।[38]

यसरी नेपाललाई कविले प्राकृतिक सौन्दर्यको मोहनी मानेका छन् ।

### ५.४.२ भन्न त मन छैन तर नभन्दा दुख्छ

गद्य लयमा रचित यस कवितामा कविले युद्धले आहत हुँदा, कतै धनीहरूले चौरासी व्यञ्जन खाँदा त कतै गरीबहरूले पानीमा पीठो हाल्न नपाउँदा मन साह्रै दुख्छ भनेर अरूको दुःखलाई आफ्नै दुःख ठानेर दुःखित भएको जनाएका छन् । यसै भावलाई कवि यसरी व्यक्त गर्छन्-

निराश-निराश घर फर्कंदा अज्ञात भैसकेको
बढो विश्वास भत्केर
चिसो चुल्हो भएर दुख्छ
अँध्यारो छिँडी भएर दुख्छ
रित्तो आशा भएर दुख्छ

---

37= ऐजन, पृ. ३८/३९ ।
38= वियोगी बुढाथोकी **काठमाडौँ धाइरहेछु,** काठमाडौँ, ने.रा.प्र.प्र., २०४९, पृ. १ ।

भन्न त मन छैन तर नभन्दा दुख्छ ।[39]

यसरी यहाँ नेपाली समाजको असमानता, अभाव, पक्षपात, विकृति, सिर्जनशीलताको शून्यता, भावना र अनुभूतिको अभावमा कविको मन दुखेको छ ।

### ५.४.३ गोसाइँकुण्ड

'गोसाइँकुण्ड' कवितामा नेपालको प्राकृतिक र सांस्कृतिक गरिमाको बयान गरी प्रफुल्लित भएको देखिन्छ । यो कविता बुढाथोकीका कविताहरूमध्ये निकै सफल छ ।[40] गद्य लयमा रचित यस कवितामा कविले प्राकृतिक सुन्दरताले भरिएको हाम्रो देश नेपाललाई पवित्र तीर्थस्थलहरूको देशका रूपमा चिनाएका छन, जसमध्ये 'गोसाइँकुण्ड' पनि एक हो । यस कवितामा प्राकृतिक र सांस्कृतिक महत्त्वको वर्णन गरेर कविहृदय अत्यन्तै रमाएको पाइन्छ । स्वच्छन्दतावादी भावधारामा प्रकृतिलाई मानवीकरण गरेर नेपाल कुण्डैकुण्डले बनेको ठूलो कुण्ड हो भनेर नेपाली राष्ट्रियतालाई उचाइ प्रदान गरेको छ ।

ढुङ्गामा देवता खोज्ने
खोला, झर्ना र पोखरीमा गंगाको आशा रोप्ने
धर्तीको माटोलाई निधारमा टीका थाप्ने
धर्मको जप, पापको पक्ष बोल्ने
कुण्डै कुण्डले बनेको सिङ्गो कुण्डको नाम हो नेपाल ।[41]

यसरी यहाँ राष्ट्रिय महिमागान छताछुल्ल गरी पोखिएको छ ।

### ५.४.४ ओत

'ओत' कविको वर्तमानको प्रगति र भविष्यप्रति असन्तोष व्यक्त गरिएको व्यङ्ग्यात्मक कविता हो ।[42] गद्य लयमा रचित यस कवितामा वर्तमान समयमा महलमा बस्नेहरूले 'अनुमतिबिना प्रवेश निषेध' लेखेर गेटमा टाँस्छन् । आउने पाहुनाहरूले कहाँ पाउने हुन् ओत, यस्तै यस्तै प्रवृत्ति कायमै रहने हो भने भविष्यमा जन्मने सन्तानले कुन धर्तीमा टेक्ने हो ? कुन र केको ओत लाग्ने होला ? भनेर कविलाई चिन्ता लागेको छ ।

भोलि कुन धर्ती जोत्ने हुन् कुन्नि

---

39= ऐजन, पृ. ३ ।
40= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ३९ ।
41= वियोगी बुढाथोकी, पूर्ववत् पृ. ५

कुन आकाश ओढ्ने हुन् कुन्नि
प्रलयले कसैलाई गन्दैन
अब जनमने सन्तानले
खै कहाँ पाउने हो ओत ![43]

यसरी यहाँ भविष्यमा मानिसले ओत वा आवासका लागि नै सङ्घर्ष गर्नुपर्ने र कष्ट भेल्नुपर्ने बाध्यता प्रस्ट पारिएको छ ।

### ५.४.५ काठमाडौँ धाइरहेछु

कवितासङ्ग्रहको शीर्षकको रूपमा रहेको बुढाथोकीको 'काठमाडौँ धाइरहेछु' कविता नेपाली यथार्थ, विवशता र राष्ट्रिय विकृतिको व्यङ्ग्यात्मक अभिव्यक्ति हो ।[44] आजको केन्द्रिकृत राज्यव्यवस्थामा सबैले काठमाडौँ धाउनुपर्ने बाध्यता छ । यहाँ देश तथा विदेशका मानिस छन् र शिक्षा, स्वास्थ्य, बिजुली, रोजगार आदि सबै व्यवस्था भएकाले सबै मानिसले नचाहेर पनि काठमाडौँ धाउनैपर्ने विवशता छ र त्यही विवशतामा कवि पनि परेका छन् र काठमाडौँ धाइरहेका छन् । यो कविता अत्यन्तै उत्कृष्ट कविता हो भन्ने कुरा त यसकै नामबाट सिंगो सङ्ग्रहकै नाम राखेबाट पनि पुष्टि हुन्छ :

घटनाहरूमा चिप्लिएर कैयौंपटक पछारिएको दाग छ
प्रत्येक शब्दमा औपचारिक-अनौपचारिक शुल्क तिर्नुपर्ने
बाध्यताको अनुभवले घाँटी अँठ्याउँछ
जानिएन मनको खास नाम अपुग राख्नुपर्ने
सन्तुष्टि भन्ने रोग पनि निको नहुने रहेछ
काठमाडौँ धाइरहेछु ।[45]

यसरी यहाँ सबै कामका लागि काठमाडौँ धाउनुपर्ने बाध्यतालाई प्रस्तुत गरिएको छ ।

### ५.४.६ नलेखिएको पत्र

गद्य लयमा रचित यो कविता उत्कृष्ट कविताहरूमध्ये एक हो । 'नलेखिएको पत्र' चाहिँ सार्कवासीले गरेको सार्क मुलुकहरूको बयानमा आधारित आशावादी कविता हो । यस कविताले नेपालको वर्तमान अशान्त वातावरणसँग जुध्न त्रिदेवीसँग शक्तिको प्रार्थना गरेको

---

42= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४० ।
43= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७
44= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४० ।
45 वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ९ ।

छ ।[46] दक्षिण एसियाका सात राष्ट्रहरूको उन्नति र प्रगति चाहँदै कविले यहाँ शान्तिको वातावरण कायम गर्नका लागि त्रिदेवीसँग अनुरोध गरेका छन् :

सात थुँगा फूलहरू विकासको तिर्खा मेट्न
विचारका बीजहरू छर्दै
परिश्रमको खेती गर्दैछन्
त्रिदेवी भोका दिनहरूमा खाजाको व्यवस्था गर
कतै सन्त्रासले खुम्चिएको छातीमा
युद्धको भावना पलाएको भए
घोषणामा शक्तिको अप्रयोग हुनुको अर्थ
श्रद्धाका अनन्त लहरहरू बाँडेर शान्तिको सम्झौता गर्न
त्रिदेवी आकाङ्क्षाको समुद्र बन ।[47]

यसरी यहाँ वर्तमान अशान्ति हटाउन त्रिदेवीसँग प्रार्थना गर्दै आशावादी दृष्टि अगाडि सारिएको छ ।

### ५.४.७ चिन्तनको भोक

'चिन्तनको भोक' नामक बौद्धिक कविताले मानवीय श्रम, विश्वास, कर्तव्य, पुरुषार्थ र जीवनको परिचय प्रकट गरेको छ ।[48] परिश्रममा विश्वास गर्नेहरूले साँझ-बिहानको भोकलाई मेट्न कतै पनि भौंतारिनु पर्दैन, देशलाई विकासको गतिमा अगाडि बढाउन कसैको आदेश पर्खनु पर्दैन । भाषण छाँट्नेहरूका गुलिया र झुठा आश्वासन त केवल बाटो बिराउनेहरूका लागि मात्र हो, त्यसले भोको पेटलाई शान्त पार्न सक्तैनन् । त्यसैले समयलाई मध्यनजर गरेर कर्ममा जुट्ने हो भने असम्भव भन्ने कुरा केही पनि छैन भन्ने भाव यस कवितामा पाइन्छ :

'पौरखीको सिर्जनामा माटो मोती बन्छ' को मन्दिर सजाएर
विशवासको वर्तमान पोत्न सके
भविष्य नाङ्गो बाँच्नुपर्दैन, पर्दैन अर्काको भर पर्नु पनि
हात थापेको भरमा मीठो अनुभूतिले निद्रा पाउन सक्तैन ।[49]

यसरी यहाँ कर्ममा जुटे सुन फलाउन सकिन्छ भन्ने सन्देश प्रस्तुत गरिएको छ ।

---

46= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४० ।
47 वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ११ ।
48= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
49= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. १५ ।

### ५.४.८ मान्छे हराएको सूचना

'मान्छे हराएको सूचना' कविता कविकलाकारको पीडालाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गर्न सफल छ ।[50] गद्य लयमा रचित यस कवितामा साहित्यका विविध विधामा कलम चलाउने मान्छे जो यो समाजमा ठाडो शिर गरेर हिँड्न नपाउने स्थितिले गर्दा हराएको छ । बालबालिकाका तोतेबोलीको मीठो भाषा बोल्ने साहित्यकार साहित्यमा रमाउने मान्छे हराएको छ र सर्वसाधारण जनतालाई उसको अभाव खड्किएकाले कसैले देखेमा पीपलबोटमा खबर गरिदिनू भनेर सूचना प्रवाहित गर्दै त्यो साहित्यकारलाई पुनः समाजमा फर्काउन अनुरोध गरिएको छ :

> यथार्थको प्रस्तुतीकरणमा स्वादको तिर्खा बाँड्ने
> अनपढहरूमा अनुवाद हुने विज्ञहरूको मन छुने
> कृषकहरूका हातका ठेला उद्यमीहरूको पाखुरीको बल
> ससाना नानीहरूका तोते-बोली
> यथार्थमा मस्तिष्कको खेतमा साहित्यको रोपाइँ गर्दै हिँड्ने मान्छे
> तर त्यो मान्छे हिजो साँझ घर फर्केन
> कसैले देख्नु वा पाउनुभए पीपलबोटमा खबर गरिदिनु होला
> हुलिया ऊ साहित्यमा गहकिलो नाटक लेख्थ्यो ।[51]

यसरी यहाँ सभ्य भनाउँदो समाजमा ठाडो शिर लगाएर हिँड्न नपाएर भूमिगत भएको साहित्यकारको मार्मिक पीडालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ५.४.९ आज तोक लाग्दैछ

**आज तोक लाग्दैछ** कविताले क्षमता, योग्यता र विधिविधानलाई लत्याएर तोकेको भरमा काम गर्ने नेपाली प्रवृत्तिको चित्रण गर्दै त्यसप्रति कलात्मक व्यङ्ग्य गरेको छ ।[52] गद्य लयमा रचित यस कवितामा चाकरी र चाप्लुसीका भरमा जागिरको तोक लगाउनेहरूले योग्यता र प्रमाणपत्रका धनीहरूलाई पाखा लगाउने प्रवृत्ति आज हाम्रो देशमा व्याप्त भएकाले कविले यहाँ अँध्यारो कोठामा बसेर हेलचेक्र्याइँ गरेर तोक लगाएमा त्योभन्दा ठूलो शत्रु केही हुँदैन भनेर औंला ठड्याउने काम गरेका छन् ।

---

50= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
51= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. १७-१८ ।
52= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।

कस्तो जमाना आएछ कुन्नि
जतातत तोक आदेशको विज्ञापन हुन थालेको छ
खबरदार
हेलचेक्र्याइँको तोकभन्दा नजिकको शत्रु अर्को हुनसक्तैन ।[53]

यसरी कविले नातावाद र कृपावादबाट विविध काम र अवसरहरूमा तोक लगाउने प्रवृत्तिप्रति औंला उठाउने काम गरेका छन् ।

53= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २० ।

### ५.४.१० रोजगार

मुक्तकजस्तै लाग्ने 'रोजगार' कवितामा कवि बुढाथोकी गरिबीको कारुणिक चित्र प्रस्तुत गर्छन् ।[54] गद्य लयमा रचित आकारका दृष्टिले मुक्तकसमानको यस कवितामा जीवन निर्वाहकमा लागि अफिसका ढोका-ढोका धाउने व्यक्ति निराश भएर घर फर्कदा घरको भोकोपन र अभाव देखेर तर्सिने मार्मिक अभिव्यक्ति पाइन्छ :

दिनभर
हुन्छ, हवस् र सिध्याँ मा अनुवाद हुँदै
थकित मन घर फर्कन्छ
तब ढोकामा
भोका आँखाहरूलाई देखेर तर्सन्छ ।[55]

यसरी यस कवितामा रोजगारका लागि प्रमाणपत्र हातमा बोकेर ढोका-ढोका धाउनुपर्ने तैपनि नपाउने विडम्बनाप्रति व्यङ्ग्य गरिएको छ ।

### ५.४.११ कर्तव्यको बोट

कवि वियोगी बुढाथोकीको **कर्तव्यको बोट** कविता मानव कर्तव्य र नेपालीको राष्ट्रिय कर्तव्य सिकाउन सफल देखिन्छ । यस कविताले जीवनलाई नौलो ढंगले चिनाउँदै समर्पण प्रेरणा र आत्मविश्वासलाई जीवनको परिचायक मानेको छ ।[56] गद्य लयमा रचित यस कवितामा कविले हामी नेपालीहरूले अनेकतामा एकताको मन्त्र आत्मसात् गरेर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सम्पूर्ण नेपालीलाई राष्ट्र निर्माणको कर्तव्यमा जुट्न आग्रह गरेका छन् :

शुभकार्यको थालनी गर्दा
समर्पित भएर ओर्लनुपर्छ
प्रेरणा भएर उक्लनुपर्छ
ओर्लनु र उक्लनुको क्षणमा भेटिने आत्मविश्वासको सफलता नै
जिन्दगीको परिभाषा हो
जिन्दगीको सफलता हो ।[57]

---

54= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
55= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २१ ।
56= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
57= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २४-२५ ।

यसरी यस कवितामा सबैले रिसराग भुलेर देशविकासको कर्तव्यमा जुट्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

### ५.४.१२ त्यहाँसम्म

बुढाथोकीको छोटो कविता 'त्यहाँसम्म' ले जीवनका अभाव र बाधाहरूलाई झेल्दै आशाको प्रतीक्षा गरेको छ ।[58] गद्य लयमा रचित झन्डै मुक्तक आकारको यस कवितामा मानिसका उद्देश्यलाई औंशीको कालो रातले छोप्ने गरेको, मान्छेको उज्यालो मनमा जिन्दगीले बास मागेको तर आत्मनिर्भरताको गन्तव्यबिन्दु अझै टाढा-टाढा पन्छिएकाले त्यहाँसम्म कहिले पुग्न सकिएला ? भन्ने भाव व्यक्त गरिएको छ :

अब त सहयोग पनि
जूनकीरीको पिलपिल भएको छ
आत्मनिर्भरताको आकाश अझ टाढा भाग्दैछ
कहिले पुग्ने हो
त्यहाँसम्म ।[59]

यस कवितामा कविले परजीवी भएर बाँच्नुपर्ने व्यक्तिले कहिले आफ्नै पौरखमा बाँच्न सक्ने हो भनेर आत्मनिर्भरताको समयलाई पर्खन पनि पट्यार लागेको कुरा व्यक्त गरेका छन् ।

### ५.४.१३ आँखा-एक अभिव्यक्ति

**आँखा : एक अभिव्यक्ति** कविताले छोटै आकारमा आँखाको भौतिक र बौद्धिक परिचय दिँदै आँखालाई जीवनको चौकीदार र समानताको प्राकृतिक वरदानका रूपमा स्वीकारेको छ । यस कवितामा कविले आँखालाई गुप्तचरको संज्ञा दिँदै ज्ञानचक्षु भएको मानिस सधैँ सचेत रहनुपर्ने विचार पनि प्रकट गरेका छन् ।[60] गद्य लयमा रचित यस कवितामा कविले आँखालाई हाम्रो जिन्दगीको चौकीदार भएकाले कुम्भकर्ण जस्तै निदाउन, अपराधलाई मूकदर्शक भएर मात्र हेर्ने नभएर संसारको वास्तविकतालाई नियाल्नका लागि हो भनेका छन् ।

---

58= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
59= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २६ ।
60= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।

आँखा कुम्भकर्ण निदाउन मात्र प्रकृतिले दिएको होइन
न त अपराध गर्न हेर्न स्वीकार्न मात्रै दिएको हो ।[61]

यसरी आँखा त केवल बाहिरी देखावटी रूप मात्र होइन, भित्री ज्ञानको मुहान पनि हो भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ ।

### ५.४.१४ निर्णय-एक अभिव्यक्ति

कवि बुढाथोकीको 'निर्णय-एक अभिव्यक्ति' मा निर्णयलाई चिनाउने काम भएको छ । यिनले निर्णयलाई सर्वशक्तिमान वस्तु मानेका छन् । यिनका दृष्टिमा निर्णय आगो हो, युद्ध हो, विश्वासको घर हो, न्याय हो, आस्थाको मन्दिर हो र सिर्जना हो अनि सुन्दर भविष्य पनि हो । सही निर्णयले सुन्दर भविष्यको सिर्जना गर्छ भने गलत निर्णयले विनाश निम्त्याउँछ ।[62] गद्य लयमा रचित यस कवितामा निर्णय वास्तवमै सबैभनदा ठूलो अस्त्र र पुनर्विचार गर्न अप्ठेरो पर्ने कुरा भएकाले निर्णय गर्नुअघि नसोचे ठूलो सङ्कट आइपर्ने र सोचविचार गरेर निर्णय गरेमा मानिसका लागि सफलताका लागि सपना टाढा छैन भन्ने विचार व्यक्त गरिएको छ :

यथार्थमा निर्णयः
तिमी कहिल्यै नखस्ने आकाश भएर आऊ
दुर्गम बस्तीहरूमा सुगमको पुल भएर आऊ ।[63]

यसरी यस कवितामा कविले आवश्यक परेको बेलामा सही निर्णय लिन सके सफलताले म्वाई खान्छ भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.४.१५ परीक्षा-एक अभिव्यक्ति

बुढाथोकीको परीक्षा एक अभिव्यक्ति कविता पनि परीक्षालाई चिनाउन लेखिएको छ । यस कविताले मानिसको कर्तव्य र समयको महत्त्वको उल्लेख गर्दै सक्षम प्राश्निक र परीक्षार्थीले मात्र उद्देश्य पूरा गर्नसक्ने आशय प्रकट गरेको छ । त्यति मात्र होइन, यो

61= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २८ ।
62= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
63= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३० ।

कविता समानता र राष्ट्रियतालाई कवितालाई अभिव्यक्त दिनसमेत सफल छ ।[64] गद्य लयमा रचित यस कवितामा मानव भएर जन्मिएपछि सबै परीक्षार्थी बन्छन् । पहिलो परीक्षा नवजात शिशुले रोएर दिन्छ भने अन्तिम परीक्षक त देश हो, समयले प्रत्येकसँग अदृश्य परीक्षा लिएकै हुन्छ । त्यसैले परीक्षार्थीलाई अङ्क दिँदा परीक्षकले कत्ति पनि कञ्जुस्याइँ गर्नुहुन्न भनिएको छ। यसरी उक्त कवितामा कविले देश र देशवासीलाई, नेपाल र नेपालीलाई सच्चा परीक्षक र परीक्षार्थीका रूपमा प्रस्तुत गरेको देखिन्छ :

परीक्षा-
प्रत्येक घरको व्यवहारमा प्रत्येक सदस्यले लिन्छ दिन्छ
शिक्षाको लगानीमा परीक्षाले योग्य चिनाउँछ
दक्षता जन्माउँछ
कर्तव्य बुझाउँछ
अन्तिम परीक्षक त देश हो
समयले प्रत्येकसँग अदृश्य परीक्षा लिएको हुन्छ
कृपया कसैले कसैको मेहनतमा भेदभावको अङ्क नदिनू
देशलाई भेदभाव मन पर्दैन भन्छन् ।[65]

यसरी कविले परीक्षा भन्ने कुरा निष्पक्ष रूपमा लिनुपर्छ, परीक्षामा नै मानिसको भाग्यको फैसला हुने हुँदा सतर्कता अपनाउनुपर्छ भन्ने सन्देश दिएका छन् ।

### ५.३.१६ आजको मान्छेको कविता

'आजको मान्छेको कविता' मा मान्छेलाई परिचित गराउने सन्दर्भमा कविले मान्छेबाट ठूलो आस्थाको आशा गरेका छन् । यिनका विचारमा घोषणामा आराध्यदेवको मन्त्र जप्ने प्राणी हो मान्छे, गन्तव्यको चाहना हो मान्छे र दुर्गम र दुर्भाग्यविरुद्धको सशक्त आवाज हो आजको मान्छे ।[66] गद्य लयमा रचित यस कवितामा आजको मान्छेले मण्डेला र बुद्धका विचारमा सहमत हुनु आवश्यक छ, तर विज्ञान र प्रविधिको क्रमसँगै यन्त्रमानवमा अनुवाद हुने रहरभित्र समर्पित भइरहेको कुरा व्यक्त गरिएको छ :

---

64= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४१ ।
65= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३२ ।
66= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२ ।

शोधको लागि
सिर्जनाका खेतहरूमा
सहभागिताको मन साटेर
यन्त्रमानवमा अनुवाद हुने रहरभित्र
समर्पित छन्
आजका मान्छे ।[67]

यसरी यस कवितामा आजको मान्छेमा बिस्तार-बिस्तार यान्त्रिकताले जरा गाडेको वास्तविकताको रहस्योद्घाटन गरिएको छ ।

### ५.४.१७ यात्रा समय र मान्छे

गद्य लयमा रचित यस कवितामा प्राकृतिक खुसियालीसँगै मानिसले हाँस्न जानिसकेको हुनुपर्छ । मान्छे कृत्रिम महत्त्वको अल्पकालीन वासनाबाट अघाइसकेकाले आफ्नो दिमागको प्रयोग गरेर आफ्नो गन्तव्य पहिल्याएर हिँड्नसक्ने भइसकेको छ आजको मान्छे भन्ने कुरा प्रस्तुत छ :

अब त मस्तिष्क खेलाएको भरमा
आफ्नो बाटो
आफ्नो लक्ष्य
आफैँ बनाउने समय भएर
श्रमशिविरमा जन्मिसकेको छ मान्छे ।[68]

यसरी कविले मान्छेलाई आफ्नो गन्तव्य आफैं पहिल्याउन सक्षम भइसकेको छ भनेर सरलप्राणीको रूपमा चिनाएका छन् ।

### ५.४.१८ देशको माया

गद्य लयमा रचित यस कवितामा आजको युगमा धन कमाउन समुद्रपारका देशमा पुगेर मानिसहरू आँखामा रङ्गीन सपना बुन्दाबुन्दै भावविह्वल भएर आँखाबाट गण्डकी बहाउँदै देशको सम्झना र मायामा चुर्लुम्म डुबेको वास्तविकतालाई छर्लङ्ग पारिएको छ :

---

67= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३५ ।
68= ऐजन, पृ. ३७ ।

समुद्रपारि पुगेको कुनै संचेतन मन
सुरम्य सपनाको रङ्गमञ्चमा नाच्दा-नाच्दै
आँखाबाट गण्डकी उर्लेर
नाच्नुको गतिमा स्तब्धता आएको हुनुपर्छ
देशको सम्झनामा ।[69]

यसरी कविले देशको माया स्वदेशमा बस्नेहरूले बरु त्यत्ति बुझेका हुँदैनन् तर विदेशी भूमिमा बस्नुपर्दा देशको माया कति हुन्छ भनेर देशभक्तिको गान प्रस्तुत गरेका छन् ।

**५.४.१९ आधारभूत आवश्यकता**

'आधारभूत आवश्यकता' कविताले सार्थक जीवनलाई महत्त्व दिएको छ ।[70] गद्य लयमा रचित यस कवितामा आजसम्म पनि मानिसमा अन्धविश्वासको परम्पराले देशलाई गाँजेकाले शिक्षा, स्वास्थ्य, उद्यम र परिश्रम देशका आधारभूत आवश्यकताको अभावलाई पूर्ति गर्नपट्टि लागौँ भन्ने सन्देश दिइएको छ :

अन्ध-संस्कारको पर्दाभित्र दुःखद् मृत्यु सहिरहेछ
सहभागितामा सहयोग गर्छौं भने
सभ्यताको पुत्र विज्ञानलाई विज्ञापनमा उठाएर
शिक्षा पाएर पाठशाला पसौं
यातायात भएर दूरी नापौं
स्वास्थ्यको लागि शिविर उठौं
उद्यमी भएर सीप पोखौं कृषकको हत्केलाको माटोसँग सम्झौता गरौं ।
कर्मभूमिको पुत्र सकार्ने मुटुहरूले
आऊ परिश्रमको क्रान्ति बोलौं ।[71]

यसरी कविले शिक्षा, स्वास्थ्य आदि आधारभूत आवश्यकता नै देश विकासका मूल मेरुदण्ड हुन् भन्ने सङ्केत गरेका छन् ।

**५.४.२० वेदनाले भिजाएको क्षण**

69= ऐजन, पृ. ३८ ।
70= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२ ।
71= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४१ ।

'वेदनाले भिजाएको क्षण' कविताले श्रम, सेवा र समर्पणलाई महत्त्व दिएको छ।[72] गद्य लयमा रचित यस कवितामा मानिसलाई एउटा निष्प्राण ढुङ्गासँग तुलना गर्दै बगरको ढुङ्गा भएर जीवन बाँच्नुपर्ने, कहिले देवताका रूपमा पुजिने त कहिले ठेस लाग्दा थुकिँदा पनि कुनै प्रतिक्रिया व्यक्त नगर्ने जड वस्तु समान भएको यथार्थतालाई प्रस्ट पारिएको छ :

पूजा वा
आश्रयरहित हिँडाइमा
कतै ठेस लाग्यो भने
थुक्क थुक्नुसम्म न हो
थुक
मैले थुप्रै थुकाइहरूलाई ग्रहण गरिसकेको छु
ढुङ्गामा अनुवाद हुनुको अर्थ
बगर भएर ढुङ्गा बाँच्छु
ढुङ्गा भएर बगर कुर्छु।[73]

यस कवितामा मानिसले परिस्थितिअनुसार जस्तोसुकै समस्या पनि भोग्नुपर्ने कुरालाई सङ्केत गरिएको छ।

### ५.४.२१ लालीगुराँस

'लालीगुराँस' शीर्षकमा लेखिएको बुढाथोकीको कविताले उपत्यका र वरिपरिको प्राकृतिक परिवेशको चित्रण गर्दै लालीगुराँसको प्राकृतिक र सौन्दर्यात्मक महत्त्वको बयान गरेको छ। गुराँसलाई प्रतीकका रूपमा प्रयोग गरेर कविले यस कवितामा हराउन लागेको नेपाली राष्ट्रियता र संस्कृतिको काव्यात्मक खोज गरेका छन्।[74] गद्य लयमा रचित यस कवितामा शिवपुरीको डाँडामा मात्र गुराँस फुलेको देखेका कविले पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म नै जताततै गुराँस फुलेको थाहा पाए तर संस्कृतिलाई जीवन्त राख्न गुराँस सिउरनेहरूको सङ्ख्या भने कम हुँदै गएकाले कविले भिरपाखाको सौन्दर्यमा गुराँसको जवानी खोजिरहेको कुरा प्रस्तुत गरेका छन् :

टाढा पुगेको मन गुराँस देखेर घर सम्झन्थ्यो
वर्तमानमा म प्रत्येक ढुकढुकीमा गुराँसको वृक्षरोपण गरिरहेछु
मनहरूमा राष्ट्रिय फूलको रङ्ग खोजिरहेछु

---

72= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२।
73= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४३।
74= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२।

भीर पाखाको सौन्दर्य
गुराँसको जवानी खोजिरहेछु ।[75]

यसरी कविले यस कवितामार्फत् गुराँसलाई प्रतीक बनाएर हाम्रो सभ्यता र संस्कृति नै लोप हुन लागेको कुरा व्यक्त गरेका छन् ।

**५.४.२२ खै मलाई कहाँ दुखेको छ ?**

यिनले 'खै मलाई कहाँ दुखेको छ ?' कवितामा जीवनको बाध्यता, साहस र आस्थालाई कवित्व प्रदान गर्ने सफलता पाएका छन् ।[76] गद्य लयमा रचित यस कवितामा लामो यात्रामा निक्लिएको मानिसलाई तिर्खाले छटपटी पारे पनि पानी पिउन नसक्नुलाई आफ्नै कायरपना ठान्ने व्यक्तिले दुखेका घाउहरूमा मल्हम लगाउनुपर्छ, आफू दुःखै दुःख चोटहरू र पीडामा पग्लिरहेकाले कविले 'खै मलाई कहाँ दुखेको छ ?' भनेर प्रश्न गरेका छन् :

लामो यात्रामा लागेको समय
हो, तिमीलाई अभिव्यक्तिको तिर्खा लागेको होला
प्रशस्त नदीनाला र खहरे भएर पनि तिर्खा मेट्न नपाउनु
यौटा विडम्बना तिमी भोगिरहेछौ इच्छा तिम्रै हो
त्यसमा मेरो पनि सहभागिता होला कायरपन मेरै हो
तर तिर्खाभन्दा पनि अलि पर
दुखेका घाउहरू छन् मल्हमको खाँचो आफैं पूर्तिमा लाग्नुपर्छ
पीडाका चोटहरू छन् खोट लगाउने व्यवहारबाट अलग्गिनुपर्छ
म कर्तव्यमा दुःख, व्यथा र चोटहरूमा पग्लिरहेछु
खै मलाई कहाँ दुखेको छ ?[77]

यसरी कविले कायर भएर पीडा भोग्नुभन्दा आफ्ना लागि आफैं संघर्ष गर्नुपर्ने कुरा व्यक्त गरेका छन् ।

**५.४.२३ प्रतिज्ञा चाम्रो छ मित्र**

गद्य लयमा रचित यस कवितामा कविले आफ्नै परमप्रिय मित्रलाई सम्बोधन गर्दै मित्रताको सही अर्थ बताउने कोशिश गरेका छन् । पहिले-पहिले खुब मिल्ने गरेको मित्रसँग विछोड हुँदाको पीडाबाट मर्माहत भएका र मित्रताको सही अर्थ बुझेका कविले मिलेको मनभन्दा ठूलो आकाश र अहंकारभन्दा ठूलो शत्रु हुन नसक्ने बताएका छन् । मित्रताभन्दा

---

75= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४५ ।
76= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२ ।
77= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४७ ।

गाढा राजनीति कहिल्यै नहुने हुनाले सच्चा मित्रता कायम गर्न सक्नुपर्छ, त्यसका लागि आफ्नो हृदयको ढोका खुल्ला छ भनेर कविले मित्रताको हात फैलाएका छन् :

हुँकारले मात्र घर चल्दैन
फुँकारले आजको मान्छे डर्दैन
कति त्यताको पनि भोकाएका होलान्
यताकाहरूको भोक मागीखाने भोक होइन
यो त अनादिकालदेखिको सम्बन्ध नफाँड्ने शोख हो मित्र ।

यसरी यस कवितामा मित्रतालाई नै सबैभन्दा ठूलो कुरा मानिएको छ ।[78]

### ५.४.२४ उपचार नपाएको साँझ

गद्य लयमा रचित यसकवितामा अँध्यारोले युद्ध जितेको र आजको मान्छेको यात्रा हरिभक्त कटुवालले भोगेको यात्राजस्तो भएको छ। औषधोपचारको अभावमा मरेको मानिसको जीवनजस्तो भएकाले हामीले भोग्ने साँझ सूर्यास्तले अन्धकारतर्फ धकेलेको साँझजस्तो भएको छ। यसकवितामा मानवीय अमरत्व समस्या र पीडालाई अभिव्यक्त गरिएको पाइन्छ :

समय सस्तोभन्दा पनि सस्तो भएको छ
सधैं केगर्नु र कसका लागि गर्नुमा निराश भएर पखालिएको छ
लाग्छ आजको मान्छेको यात्रा हरिभक्त कटुवालले भोगेको यात्रा भएको छ
उपचार नपाएर मरेको मान्छेको जीवन जस्तो
हामीले भोग्ने साँझ उपचार नपाएर सूर्य अस्ताएको र अँध्यारोले ढाकेको
साँझ भएको छ ।[79]

यसरी यस कवितामार्फत् कविले हरिभक्त कटुवालले भोगेको यात्रा जस्तो कष्टकर जीवनमा मानिस गुज्रिएको र निराशाले ढाकेको कुरा मार्मिक रूपमा अभिव्यक्त गरेका छन् ।

### ५.४.२५ यौवन समय

कवि बुढाथोकीले **यौवन समय** कवितामा यौवनलाई समयसँग र समयलाई यौवनसँग तुलना गर्दै समय यौवनभन्दा धेरै बलवान् हुन्छ भन्ने प्राकृतिक सत्य प्रस्तुत गरेका

78= ऐजन, पृ. ४९ ।
79= ऐजन, पृ. ५१ ।

छन् ।[80] गद्य लयमा रचित यस कवितामा कविले यौवन भन्ने कुरा समयले ल्याउने र बिस्तारै यौवन ढल्कँदै जाने हुनाले यौवन समयको दासी हो र समय छँदै सबै काम गर्नुपर्छ, अन्यथा समयले नपर्खने कुरा व्यक्त गरेका छन् :

समयभन्दा सस्तो र सम्पन्न अर्को केही हुनसक्तैन
मनभन्दा महङ्गो र दरिद्र पनि केही हुन सक्तैन
सक्तैन समयलाई कसैले यौवनको बदला पराजित बोल्न सक्तैन
समय निर्विवाद हो
कसैले छल्न सक्तैन ।[81]

यसरी समयानुसार नै मानिसको उमेर निर्देषित हुने हुनाले समय नै बलवान् छ भन्ने कुरा बुझ्न सकिन्छ ।

### ५.४.२६ पाठशाला जाने नानीहरू

आमाबाबुको अभाव र पीडा, शिक्षकको गरिबी, स्कुलको दयनीय मौलिक-शैक्षिक अवस्था बाँचेर पनि अबोध बन्न विवश विद्यार्थीहरूलाई 'पाठशाला जाने नानीहरू' कविताले व्यङ्ग्यात्मक रूपमा चित्रण गरेको छ ।[82] गद्य लयमा रचित यस कवितामा घर-परिवार, साथीभाइ र शिक्षकको कुरा गर्दै हिँड्ने बालबालिकालाई न विद्यालयको छानो चुहिएको चिन्ता छ, न बाबुको खल्ती र आमाको थैली रित्तिएकोमा नै । उनीहरू शिक्षकले लगाएको थोत्रो कोट देख्दा लोभी भन्छन् । यसरी यहाँ पाठशाला जाने नानीहरूले देखेका तर अनुभूत नगरेका अभावहरूलाई प्रस्तुत गरिएको छ :

गुरुको वर्षौं पुरानो कोट उधिएकोमा
लोभीको हिलो छ्याप्छन्
बाबुको खल्तीभरि होस् वा नहोस्
आमाको थैलीमा केही होस् वा नहोस्
भोक लाग्दा खाना, रोग लाग्दा औषधि भइदिनुपर्ने
नानीहरूलाई आवश्यकता महसुस हुँदा
समयले धैर्यको बाँध उठ्न सक्तैन
तर आवश्यकता पूर्तिमा अनुवाद भइदिनुपर्ने
जताततै दुहुनु गाई सम्झेर अबोधपनको प्रदर्शन गर्छन्

---

80= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४२ ।
81= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ५३ ।
82= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।

पाठशाला जाने नानीहरू ।[83]

यसरी जुनसुकै र जोसुकैको समस्या होस्, त्यसले बालकहरूलाई छुँदैन र उनीहरूका आफ्नै इच्छा आकाङ्क्षा हुन्छन् भन्ने कुरा यस कवितामा देखाइएको छ ।

### ५.४.२७ कारागार

**कारागार** कविता निरपराधहरूका अगाडि श्रापको थलोको रूपमा देखिने नेपाली प्रवृत्तिको व्यङ्ग्यपूर्ण चित्रको रूपमा देखिएको छ । हाम्रो राज्यशासन र न्यायिक व्यवस्था असफलताको इतिहासमा बाँचेको छ । यहाँ अमानवीयता, अपराध कुकृत्य, चोरी, असत्यका पुजारीहरू ससम्मान बाँचिरहेका हुन्छन् भने हाम्रा कारागारहरू सोझा, इमान्दार, नैतिक व्यक्तिहरू र सत्य, त्याग, सेवा, सहयोगको थलोको रूपमा बाँचेका छन् । कविले उक्त कवितामा यस असामाजिक संस्कारलाई व्यङ्ग्यात्मक कवित्व प्रदान गरेका छन् ।[84] गद्य लयमा रचित यस कवितामा वास्तवमै कारागार भनेको अपराधीलाई कैद गर्ने ठाउँ मात्र नभएर निरपराधलाई यातना दिने ठाउँ बनेको यथार्थतालाई कविले राम्ररी चित्रण गरेका छन् :

तर अनर्थ सोच्नुको अर्थ
यसर्थ कारागार निरपराधको सामु श्रापको थलो बाँचेको छ ।[85]

यसरी कारागार दोषीका लागि नभएर निर्दोषका लागि कैद गर्ने थलो भएको कुरा यस कवितामा मार्मिक रूपमा व्यक्त गरिएको छ ।

### ५.४.२८ नेल्सन मण्डेला

**काठमाडौँ धाइरहेछु** कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये **नेल्सन मण्डेला** कविता अन्तर्राष्ट्रिय परिवेश र व्यक्तित्वलाई विषय बनाएर लेखिएको छ । 'नलेखिएको पत्र' कवितामा दक्षिण एसियाका व्यक्तिहरूले सार्क मुलुकको बयान गरेको देखाइएको छ तापनि यस कविताको शीर्षक र आशयले स्पष्ट रूपमा अन्तर्राष्ट्रिय परिवेश र व्यक्तित्वको चित्रण गर्दैन तर प्रस्तुत कविता भने भौगोलिक दृष्टिले धेरै टाढा रहेका नेल्सन मण्डेला र यिनले गरेको जातीय समानता र प्रजातन्त्रको मानवीय युद्धलाई काव्यात्मकताका साथ चित्रण गर्न सफल छ । यस कविताले मण्डेलालाई जातीय समानता, एकता, राष्ट्रियता, स्वतन्त्रता,

83= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ५५ ।
84= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।
85= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ५८ ।

प्रजातन्त्र र मानवताको प्रतीकका रूपमा चित्रण गरेको छ।[86] गद्य लयमा रचित यो कवितामा वास्तवमै श्वेतहरूको शताब्दीयौंदेखि पीडित हुनुपरेका अश्वेत काला जातिहरूको मुक्तिका लागि जेल-नेल र कठोर यातना रहेर संघर्ष गर्ने योद्धा मण्डेलाको क्रान्तिकारी व्यक्तित्वको परिचय दिइएको छ :

मान्छेको मन पानी न हो
पानी सधैं सतहको खोजमिा दौडने गर्छ
नेल्सन तिम्रो चाहना सतहको खोजी हो भने
तिमी जहाँ जसरी बाँच मण्डेला
पानीको सतह भत्काउँदैमा बिना सतह पानी कहाँ जम्छ र ?[87]

यसरी अन्तर्राष्ट्रियस्तरमा नै चर्चित दक्षिण अफ्रिकाका राजनैतिक व्यक्तित्व नेल्सन मण्डेलाको बारेमा चर्चा गरिएको पाइन्छ ।

### ५.४.२९ मेटिएका अपूरा हरफहरू

'मेटिएका अपूरा हरफहरू' कविताले अभाव र संघर्षको चित्रण गर्दै आस्था र कर्तव्यको सन्देश दिएको छ।[88] गद्य लयमा रचित यस कवितामा स्वतन्त्रताका लागि लड्ने कैयौं वीर सपूतहरू बलीमा होमिनुपरेको, कोही सिफलको रूखमा झुण्डिन बाध्य हुनुपरेकोले कैयौं नारीले आफ्नो गला, सिउँदो र नाडी रित्याउनु परेकोले एकजुट भएर अन्याय र अत्याचारको विरुद्ध लड्नुबाहेक अर्को विकल्प नरहेको कुरा प्रस्तुत छ :

भत्किएको घरमा भेटिएका डायरीका अपूरा यी हरफहरू
सधैं चिमोट्न थाल्छन्
सधैं पिरोल्न थाल्छन्
कर्तव्यबाट विमुख आँखाहरूलाई बाटो देखाउनथाल्छन्
कहिले नयाँ घर बनाउनु र सजाउनु
अपूरा हरफलाई छानोमा लगाउनु ।[89]

यसरी अग्रजले देखाएको बाटोमा हिँड्दै सच्चा कर्तव्यमा लाग्नुपर्ने सन्देश यस कविताले दिएको छ ।

---

86= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।
87= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ६० ।
88= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।
89= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ६२ ।

### ५.४.३० पर्यटकको आँखामा कविता

'पर्यटकको आँखामा कविता' पर्यटकलाई आकर्षित गर्ने र नेपालको साहित्यिक, प्राकृतिक र सांस्कृतिक महत्त्व सिकाउन र देशलाई विश्वसमक्ष चिनाउन लेखिएको कविता हो ।[90] गद्य लयमा रचित यस कवितामा कविले नेपाल प्राकृतिक, सांस्कृतिक, साहित्यिक र कला सभ्यताको धनी भएकाले हृदयदेखि नै पर्यटकलाई स्वागत गर्दै निर्धक्कसँग आफ्नो देशमा घुमफिर गर्न आह्वान गरिएको छ :

यहाँ-
बुद्ध आँखा प्रत्येक नेपालीको मस्तिष्कमा जाग्राम बसेको छ
बस्ने गर्छ
मात्र तिमीले बुझ्नुपर्छ ।[91]

यसरी बुद्धको देश नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भएकाले पर्यटकहरूको मनै लोभ्याउने मोहनी छ भन्ने भाव यस कविताले अभिव्यक्त गरेको छ ।

### ५.४.३१ निर्माणको घाम

'निर्माणको घाम' कविता आस्था आशा, त्याग, श्रम विकास, निर्माण र देशप्रेमको घामलाई नेपाल र नेपालीको उत्थानमा समर्पित गर्न प्रतिबद्ध छ ।[92] यहाँ घाम अन्धकारलाई चिर्दै उज्यालोको आभा छर्ने वस्तु भएकाले हामीले देश निर्माणको महायज्ञमा लाग्नुपर्छ भन्ने भाव प्रस्तुत छ :

देश उठ्दा एक्लो उठ्दैन
मान्छेलाई साथ लिएर उठ्छ,
देश मान्छेका लागि उठ्छ ।

यसरी कविले यस कवितामार्फत् देशको विकास हुँदा जनताको जीवनस्तर पनि उठ्ने कुरातर्फ सङ्केत गरेका छन् ।

### ५.४.३२ समयको विद्यार्थी हो मान्छे

पठ्य र पाठ्य दुवै शैलीको सम्मिश्रणमा लेखिएको **समयको विद्यार्थी हो मान्छे** कविताले समयरूपी शिक्षकले मान्छेरूपी विद्यार्थीलाई आवश्यक पाठ सिकाउने प्राकृतिक र

---

90= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।
91= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ६४ ।
92= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३ ।

बौद्धिक सत्य प्रस्तुत गरेको छ। यस कवितामा कवि समयबाट यरी स्वावलम्बनको पाठ सिक्न र सिकाउन चाहन्छन्।[93] गद्य लयमा रचित यस कवितामा समयको परिवर्तनसँगै परिवर्तित रहने मानिस विविध उमेर समूहमा समयानुसार कुरा सिक्दै जान्छ, त्यसैले समयको विद्यार्थीको रूपमा मानिसलाई प्रस्तुत गरिएको छ :

समयको पाठ हो
आत्मनिर्भरको खाँचोलाई परिश्रमको साँचोले खोल्न
उठाएको भरमा मात्र गर्व गर्नुहुन्न
आफैं उठ्नुपर्छ, पर्दोरहेछ
चेतनाको फूल मस्तिष्कमा फुल्नुपर्छ।[94]

यसरी प्रस्तुत कवितामा समयले मानिसलाई गुरु बनेर शिक्षा दिइरहेको तथ्यलाई उजागर गरिएको छ।

**५.४.३३ इन्द्रेनी**

'इन्द्रेनी' कवि बुढाथोकीको सबैभन्दा छोटो कविता हो तर यस कविताले इन्द्रेनीको प्राकृतिक सौन्दर्यलाई आलङ्कारिक र कलात्मक रूपमा अभिव्यक्ति दिने क्षमता राखेको छ।[95] गद्य लयमा रचित आकारका दृष्टिले मुक्तकसमानको यस कवितामा घाम र पानीको सम्मिश्रण भएपछि देखिने सप्तरङ्गी इन्द्रेनी आकाशको फेटा भएर शोभायमान भएको प्राकृतिक सौन्दर्यतालाई प्रस्तुत गरिएको छ :

कतै घामको न्यानो
कतै बादलको छानो
आकाशलाई टाउको दुखेको हो या
रुघाले सताएको हो
अहा ! कति सुहाएको
सप्तरङ्गी फेटा गुँथेर
आकाश निदाएको।[96]

यसरी प्रस्तुत कवितामा विशेषगरी घामपानीमा देखिने सप्तरङ्गी इन्द्रेनीको महिमागान गरिएको छ।

---

93= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३।
94= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७०।
95= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४३।

### ५.४.३४ दोषी को ?

'दोषी को ?' कवितामा भने कवि निराशावादी देखिएका छन् । वैंस पखाला लागेको रोगी भएको, चाहना औंशीको रात भएर सुतेको, कपालले हिमालको सम्झना गराएको र सरदर आयुले बिना बत्तीको रातको अनुभव गरेको देख्ने कवि यस कवितामा दोषी पत्ता लगाउने काममा चाहिँ पूर्णतः सफल छन् । यिनी विश्वास गर्दछन्- हामी आफ्नै दोषको परिणाम भोगिरहेका छौं, हामी आफैँ दोषी हौँ ।[97] गद्य लयमा रचित यस कवितामा हामीले गरेका गल्तीहरूको दोष अरूलाई दिने होइन, आफैं जिम्मा लिनुपर्छ भनेर जे-जति भएका दोषको आफैँले स्वीकार्नुपर्छ भन्ने भाव व्यक्त भएको पाइन्छ :

बाहुपाशले कुन समय मनले मनलाई बाँध्यो
आफैंलाई नियाल्दा
एकले अर्कोबाट खोजेको सहारा दिन नसक्ने
परिणाम भेटिन्छ
आँखा आँखासँग जुध्छ, खडेरी टर्दैन
निभ्न लागेको बत्तीमा
तेल किन खन्याएको ?[98]

यसरी कविले यस कवितामा सम्पूर्ण दोष जति आफ्नै कारणले हुने गरेको कुरा प्रस्तुत गरेका छन् ।

### ५.४.३५ अर्को एउटा सगरमाथा

'अर्को एउटा सगरमाथा' कवितामा कवि कलाकारको सिर्जनात्मक धर्मलाई सगरमाथा जस्तै उँचो राख्दै नयाँ सगरमाथाको रचना गर्ने अठोट व्यक्त गरेका छन् ।[99] गद्य लयमा रचित यस कवितामा कविले नेपालका ख्यातिप्राप्त साहित्यकार र केही साहित्यिक कृतिको चर्चा गर्दै साहित्यको क्षेत्रमा अर्को एउटा सगरमाथाको उचाइ ठड्याउनुपर्ने कुरा व्यक्त गरेका छन् :

शब्द केलाउने अवसरमा

---

96= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७१ ।
97= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४४ ।
98= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७३ ।
99= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४४ ।

स्वतन्त्रतालाई छेक्ने पर्खालहरू भत्किने आशामा
म सिर्जनाको कुरा गर्न थालेको छु
अनुष्ठानमा लागेको छु
थोरै होस् तर
मोतीको खेतीमा गजलको ड्याङ पार्ने जमर्को गर्दै
साहित्यको अदालतमा कविताको पेसी बोकेर हिँड्दैछु ।[100]

यसरी कविले यहाँ मोतीरामजस्ता हज्जारौँ मोतीहरू मिलेर साहित्यको अर्को एउटा सगरमाथा ठड्याउनुपर्ने आशय व्यक्त गरेका छन् ।

**५.४.३६ युवाको काँध देशका लागि**

'युवाको काँध देशका लागि' कवितामा युवाको परिचय दिँदै देशको भविष्य र युवाको कर्तव्यबीच काव्यात्मक सम्बन्धको खोज गरिएको छ । यस कवितामा कविले युवालाई शान्ति, सिर्जना, सहभागिता र विकासका लागि सहिष्णुताको सन्देश बोकेका कमलका फूल मानेका छन् । सधैं-सधैं देशलाई काँध थाप्ने स्वतन्त्रतालाई बलिया अस्त्र ठानेका छन् र युवाको आस्थालाई अजरामर देखेका छन् ।[101] गद्य लयमा रचित यस कवितामा सम्पूर्ण देशलाई बोक्नसक्ने युवाको काँधमा देशको भार भएकाले कर्तव्यपथबाट विचलित नभई काँध थाप्न कविले आह्वान गरेका छन् :

कतै आस्था बूढो भएको कथा पढेको छैन
न त विश्वासको नदी सुकेको दृश्य नै देखेको छु
आत्मविश्वासको घडेरीभित्र
युवकको आयु नाप्न थालेको छु ।
प्राप्तिको वर्तमानसँग मुक्तिको पाठ सोध्न थालेको छु ।[102]

यसरी कविले यस कवितामा देशको भार थाम्ने जिम्मा युवकको काँधमा छ भन्ने भाव व्यक्त गरेका छन् ।

**५.४.३७ बूढो रात**

---

100= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७५-७६ र
101= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४५ ।
102 वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ७७ ।

‘बूढो रात’ कवितामा पनि कविले बौद्धिकता र स्वतन्त्रताका पक्षमा आफ्नो कवित्व प्रस्तुत गर्दै अभाव र बिघ्नबाधाका विरुद्ध सिर्जनाको शंखघोष गरेका छन् ।[103] गद्य लयमा रचित यस कवितामा कविले निराशा र अन्धकारको प्रतीक बूढो रातमा कत्ति सुत्नु भनेर सबैलाई जाग्ने र नसुत्ने सन्देश दिएका छन् ।

बीउ नरोपेसम्म खेतमा हुँदैमा धान फल्दा पनि फल्दैन
चिच्याएर मात्र
दुःख पठाउने कुनै ठाम छैन न त खामको उपयोगिता नै
यसो भन्दैमा
डर पालेर
बूढो रातसँग कतिन्जेल सुत्नु ?
रात कसैको पेवा हुँदैन ।[104]

यसरी कविले यहाँ अन्धकार हटाउन नसुतीकन सङ्घर्ष गर्नुपर्ने भाव व्यक्त गरेका छन् ।

**५.४.३८ असजिलो घाउ**

कवि बुढाथोकी उक्त सङ्ग्रहको अन्तिम कविता ‘असजिलो घाउ’ मा प्रणयवादी देखिए पनि समग्रमा यिनी मानवीय प्रेमलाई महत्त्व दिने कवि हुन्  तर प्रणयवादी कवि होइनन्, यिनले जीवनमा निराशा र विरोधाभाषलाई स्पर्श गरे पनि यिनी जीवनको आशा, प्रतिबद्धता, निर्माण र अठोटका कवि हुन् ।[105] गद्य लयमा रचित यस कवितामा आफन्तका सुझावहरूले पनि काँढा भएर घोच्ने हुनाले अनि आफ्नो बसाइँ मूल्यहीन भए पनि मनभित्रको आशाको दियो भने बलेकै हुनाले यहाँ जीवनप्रतिको आशालाई व्यक्त गरिएको छ :

अनुभवमा म जीवनको जेलमा नपुंसकता कैद परेकोमा
चिसिइरहेछु
विभिन्न विधाका पुस्तकहरूमा समय खर्चेर पढ्ने मान्छे
आफ्नै मनको पुस्तक पढ्न नसक्ने भएको छु

103= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४५ ।
104= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ८१ ।
105= हरिप्रसाद शर्मा, पूर्ववत्, पृ. ४४ ।

म उघ्रिन नसकेको दिन भएको छु ।[106]

यसरी कविले यस कविता मार्फत् आफ्नो मनको कुरा आफैंलाई बुझ्न समेत गाह्रो भएको कुरा व्यक्त गरेका छन् ।

106= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ८३ ।

## ५.५ निष्कर्ष

कवि वियोगी बुढाथोकीको **काठमाडौँ धाइरहेछु** कवितासङ्ग्रहमा सङ्गृहित कृतिपरक सङ्क्षिप्त सर्वेक्षणबाट के देखिन्छ भने लयात्मकताका दृष्टिले सबै कविताहरू गद्य लयमा छन् तर अत्यन्तै काव्यात्मकताले भरिपूर्ण छन् । आयामका दृष्टिले कुनै कविता मुक्तकझैं लागे पनि सम्पूर्ण कविता फुटकर कविता अन्तर्गतकै छन् । स्वच्छन्दतावादी भावधारालाई समेत अङ्गीकार गरेर प्राकृतिक सुन्दरतामा रमाउने कविले मानवताका पक्षमा वकालत गर्दै उज्यालो भविष्यको कामना गरेका छन् र यस सङ्ग्रहका ३८ वटै कविता सार्थक र सन्देशमूलक छन् ।

## ५.६ 'कवि बुढाथोकीको छुटेका यादहरू' (२०५३) को मूल्याङ्कन

वि.सं. २०३२ सालमा **यहाँ यस्तै-यस्तै रहेछ** कविता लेखेर औपचारिक रूपमा साहित्यमा सक्रिय भएका कवि बुढाथोकीको **समयलाई सञ्चो छैन** (२०४२), **काठमाडौँ धाइरहेछु** (२०४९) कवितासङ्ग्रहपछिको तेस्रो कवितासङ्ग्रह हो **छुटेका यादहरू** (२०५३), साझा प्रकाशनल प्रकाशित गरेको उक्त सङ्ग्रहमा कवि बुढाथोकीको कवित्व प्रतिभा झन् खारिएको र माझिएको राम्रैसित हाँक्न सक्छन् भन्ने हामीलाई लागेको छ । **छुटेका यादहरू** नामक कवितासङ्ग्रह हामी किन प्रकाशमा ल्याउँदैछौं भने पाठकहरूलाई सजिलैसित कविको कलमको स्वाद प्राप्त होस् । अद्यतम कविहरूको समुदायमा **वियोगी बुढाथोकी** यो ज्यादा चिनिएको नाम हो । **छुटेका यादहरू** ले उनलाई पाठक समुदायमा पनि अझ फराकिलोसित फैलाएर लैजानेछ । कवितामा जति तीव्रताका साथ उनले आफ्नो भनाइ राखेका छन् । त्यति तीब्रतामा सजिलै पुग्न जो पायो उसलाई कठिन छ । बुढाथोकीमा सामर्थ्य छ, यसकारण उनी आफ्नो भनाइलाई पत्यार पार्ने किसिमसित राख्न सक्छन् ।[107]

यस सङ्ग्रहभित्र गद्य लयमा रचित पचासवटा विभिन्न शीर्षकका फुटकर कविताहरू सङ्ग्रहित छन् ।

---

107= कृष्ण गौतम, **प्रकाशकीय छुटेका यादहरू**, काठमाडौँ, साझा प्रकाशन, २०५३ ।

**छुटेका यादहरू कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूको सूची**

| क्र.सं. | शीर्षकको नाम | क्र.सं. | शीर्षकको नाम |
|---|---|---|---|
| १. | पानी | २६. | शंका |
| २. | शरणार्थी | २७. | मौन आकृति |
| ३. | सर अब चक्काजाम कहिले हुन्छ ? | २८. | सडक |
| ४. | यस शताब्दीको प्रश्न | २९. | भो मेरो जिन्दगीमा तिमी हाट नभर |
| ५. | काठमाडौँलाई काजमा | ३०. | बिहानीको प्रतीक्षामा |
| ६. | कविताको देश खोजिरहेछु | ३१. | मानव अधिकार |
| ७. | स्वप्नभङ्ग | ३२. | खलनायक |
| ८. | देश तिमीलाई एउटा पत्र पठाएको छु | ३३. | विस्मृत विश्वास |
| ९. | सम्मेलन | ३४. | अचेत पीडा |
| १०. | एड्स | ३५. | म्याराडोना |
| ११. | त्यो बहादुर हुनसक्तैन | ३६. | खहरेको प्रवेश |
| १२. | यसपल्ट फागु खेलिएन | ३७. | कान्छा तामाङको मृत्यु |
| १३. | छुटेका यादहरू | ३८. | रत्नपार्क |
| १४. | बासी अनुहार | ३९. | म सपना पर्खिरहेछु |
| १५. | पाले दाइ | ४०. | देश, वैंशमा फर्किएको छ |
| १६. | मेरो राष्ट्र | ४१. | क्यालेन्डर |
| १७. | नयाँ पीडा | ४२. | भोका आँखाहरू |
| १८. | समर्पणको किल्लामा | ४३. | सडक, बस र यात्री |
| १९. | सहिद-१ | ४४. | प्रतीक्षाका चोटहरू |
| २०. | सहिद-२ | ४५. | अनुहारका खेलहरू |
| २१. | मेरो भाग्य दिग्भ्रम होइन | ४६. | राजनीति |
| २२. | अन्तर | ४७. | डर बोकेको याद |
| २३. | म गर्वको घोषणा गर्छु | ४८. | एक अँगालो चौतारा |
| २४. | जीवनको माग | ४९. | इलाम |
| २५. | पर्चा चर्चामा तपाईं | | |

**५.६.१ पानी**

गद्य लयमा रचित यस कवितामा कविले पानीको महत्त्वलाई प्रकाश पारेका छन् । 'पानी' वास्तवमा कुनै जात-धर्मको सीमाभित्र कैद हुँदैन । वनजङ्गल विनासको क्रमसँगै सुक्न थालेको पानी जिन्दगीको नानी हो, जसमा कुनै राजनैतिक खेलवाड गर्नुहुँदैन भन्ने कुरा प्रस्तुत गरिएको छ :

पानी अमृत हो
देश र भेष पनि हो
बेवास्ताको सजाय पनि हो
प्राणीहरूको रहर बोकेको पानी यथार्थमा जवानी हो
चराचर जगतको पहरेदार हो पानी
पानी जिन्दगीको नानी हो ।[108]

त्यसैले यहाँ कविले पानी सबैको प्राण हो भनेर पानीमा महत्त्वलाई प्रस्ट्याएका छन् ।

**५.६.२ शरणार्थी**

गद्य लयमा रचित यस कवितामा कविले मानव भएर मानवबाटै लखेटिएर शरणार्थी बन्नुपर्ने बाध्यतालाई देखाएका छन् । विश्वमा थुप्रै मानवअधिकारवादी संघ-संस्था भए पनि मानवअधिकार दिवस मनाए पनि शरणार्थीको समस्या भने झन् जर्जर बन्दै गएको वास्तविकता यस कविताले बोकेको छ :

आफन्त उतै छुटेका छन्
हुनसक्छ
उधारिएको छानामुनिको चिसोमा कोर्रा सहँदै होलान्
नाता प्रमाणित गर्दा यातना बढ्ने शंकाले पोल्छ
भन्न मिल्दैन ।[109]

यस कवितामा बसोबास गरेका ठाउँबाट जबरजस्ती लखेटिएर शरणार्थी हुन पुगेका मानिसको पीडालाई कारुणिक रूपमा व्यक्त गरिएको छ ।

108= वियोगी बुढाथोकी, **छुटेका यादहरू**, काठमाडौं : साझा प्रकाशन, २०५३, पृ. २-३ ।

### ५.६.३ सर ! अब चक्काजाम कहिले हुन्छ ?

गद्य लयमा रचित यस कवितामा कविले प्रजातन्त्रप्राप्तिपछि नेपालमा प्रजातन्त्रको सीमाभित्रै परिसकेको बन्द, चक्काजाम जस्ता विरोधका कार्यक्रमले सर्वसाधारण जनताले भोग्नुपरेका सास्ती र कठिनाइको चित्रण गर्नुका साथै प्राथमिक तहमा पढ्ने कलिला बालकको मुखबाट समेत आफ्ना शिक्षकलाई चक्काजाम कहिले हुन्छ ? भनेर सोध्न थालेको कुरा व्यक्त गरेका छन्। यसरी बन्द र चक्काजामको दुष्प्रभाव बालमस्तिष्कमा समेत परेपछि उनीहरूको भविष्य कस्तो होला ? भनेर चिन्ता व्यक्त गरेका छन् :

प्राथमिक कक्षामा
कक्षामा सर्वोत्कृष्ट जेहेन्दार छात्रा
एकताको प्रश्न
-प्रश्नले प्रजातन्त्रको सीमा नाघेको छैन
"सर ! अब चक्काजाम कहिले हुन्छ ?"[110]

यस कवितामा नेपालमा संस्कारकै रूपमा बसेको बन्द, हड्ताल, चक्काजामको गहिरो प्रभाव बालमस्तिष्कमा समेत परेकाले कवि अत्यन्तै चिन्तित देखिन्छन्।

### ५.६.४ यस शताब्दीको प्रश्न

गद्य लयमा रचित यस कवितामा कविले कलिला बालबालिकाको भविष्य न मास्टर साहेबले सोचेका छन्, न अभिभावकले नै। त्यसैले अबोध बालबालिकाको भविष्य के हुने ? भन्ने प्रश्न नै 'यस शताब्दीको प्रश्न' कविताले बोकेको छ :

भन्नुस् मास्टरसाहेब
के तपाइंले कलिला बालबच्चाहरूको भविष्य सोच्नुभएको छ ?
के तिनीहरूलाई भोक लाग्दैन ?
तिनीहरूको भविष्यको घाम तपाईंको इमान्दारीतामा झुन्डिएको छ।[111]

यस कवितामार्फत् कविले अन्धकारतिर धकेलिँदै गएको बालकको भविष्य के हुने भन्ने प्रश्न तेर्स्याएका छन्।

### ५.६.५ काठमाडौँलाई काजमा

109= ऐजन, पृ. ५।
110= ऐजन, पृ. ८।
111= ऐजन, पृ. ११।

गद्य लयमा रचित यस कवितामा कविले नेपाल अधिराज्यको राजधानी सहर काठमाडौँ पहिले-पहिले स्वच्छ र सुन्दर थियो तर हाल आएर अव्यवस्थित बसोबासका साथै भित्रिएको विकृतिले ग्रस्त छ । यदि काठमाडौँले स्वीकृत जनाउने भए मेचीकालीको दर्शन गराउन चार भञ्ज्याङ कटाएर काजमा पठाउन मन लागेको छ भन्ने भाव व्यक्त गरेका छन् :

काठमाडौँ तिम्रो नाम फेर्न मन लागेको छ
काठमाडौँ तिम्रो काम फेर्न मन लागेको छ
मान्छौ भने काठमाडौँ
अव्यवस्थित बाध्यताको गर्भ बोकेको तिम्रो जवानीलाई
मेची-कालीको दर्शन गराउन मन लागेको छ
चारभन्ज्याङ बाहिर काज पठाउन मन लागेको छ ।[112]

यस कवितामा सहरी अस्तव्यस्तताले पिल्सिएको काठमाडौँको भयावह अवस्थालाई चित्रण गरिएको छ ।

**५.६.६ कविताको देश खोजिरहेछु**

गद्य लयमा रचित यस कवितामा कविले कविता भन्ने कुरा कुनै निश्चित घरबारमा कैद नहुने, कसैलाई भेदभाव नगर्ने हुनाले सबैले पढ्ने आकाश, सबैले भोग्ने धर्ती, कविताको देश यदि कहीँ छ भने त्यो देश खोजिरहेको कुरा यहाँ व्यक्त गरेका छन् :

यथार्थमा
कविताको कुनै निश्चित घरबार हुँदैन
थर हुँदैन, त्यसैले भेदभाव पनि गर्दैन
सबैले पढ्ने आकाश
सबैले भोग्ने धर्ती
कविताको देश हो भने म त्यो देश खोजिरहेछु ।[113]

यस कवितामा कुनै सीमित सीमानामा बाँध्न नमिल्ने स्वतन्त्र विधा कविताले स्वतन्त्र रूपमा सृजित हुने देशको खोजीमा कवि भौंतारिएका छन् ।

**५.६.७ स्वप्नभङ्ग**

---

112= ऐजन, पृ. १४ ।
113= ऐजन, पृ. १६ ।

गद्य लयमा रचित यस कवितामा जागिरे भएर सहर पसेको रामकृष्ण सहरको महङ्गीसँग जुध्न विवश भएको व्यक्ति हो । यता सहरमा आफ्नै जीवन पनि सञ्चालन गर्नुपर्ने र गाउँमा बुबाआमा र तरुणी भइसकेकी बहिनीको विवाह गरिदिनुपर्ने स्वप्न बोकेर केही जोहो गरेर बस्दाबस्दै हुर्किएकी १६ वर्षे बहिनी प्रतिभा बाबुआमाको भोक टार्ने विवशताले गर्दा लजमा देहव्यापारमा संलग्न भएर प्रहरीको पक्राउमा पर्छे । गोर्खापत्रको समाचार पढ्दा रामकृष्णका जे जति सपना थिए, ती सबै भङ्ग भएको कारुणिक र मर्मस्पर्शी अभिव्यक्ति यस कविताले दिएको छ :

-बाबु, आमाको भोक टार्ने विवशताले
वैंसको पसल थाप्ने उद्योगमा संलग्न
प्रतिभा नामकी १६ वर्षे महिलालाई
प्रहरीले रङ्गेहात लजबाट पक्रिएको छ ।[114]

यस कवितामार्फत् गरिबी र अभावले गर्दा मानिस नचाहँदा नचाहँदै पनि इज्जत इमानसमेत धरौटी राख्न विवश हुन्छ साथै यसले अभिभावकको सपना चकनाचुर समेत पारिदिने वास्तविकतालाई उजागर गरेका छन् ।

**५.६.८ देश तिमीलाई एउटा पत्र पठाएको छु**

गद्य लयमा रचित यस कवितामा जस्तोसुकै विपत्तिमा पनि नडग्मगाउनेहरू एकाएक अलग भएकाले खोजखबर गर्न, राष्ट्रसेवामा जुट्ने हातहरू जञ्जिरले बाँधिएपछि उत्साह र उमङ्ग भर्नेहरूको हौसला बढाउन अनि वातावरण प्रदूषण भएको बागमतीको पीडासँगै स्वतन्त्रताको आशा लिएको पत्र कविले देशका नाममा प्रेषित गरेका छन् :

ज्यू, हजुर, नमस्कारभन्दा टाढा पनि अनन्त विवेकहरू छन् ।
सोही ठाउँबाट युद्धको घोषणापत्र होइन
घृणा र द्वेषको खहरे होइन
सफलताको बिन्दुमा टेकेर
रात सकिएपछिको मिर्मिरे बिहानमा
स्वतन्त्रताको आँगनमा बसेर लेखेको
समानताको शब्दकोश
एउटा स्मृतिपत्र पठाएको छु ।[115]

चाकरी, हिंसाजस्ता कुकृत्यबाट टाढै रहेर स्वतन्त्रताको कामना गर्दै कविले देशलाई चिठी पठाएको कुरा व्यक्त गरेर स्वच्छ परिवर्तनको सङ्केत दिएका छन् ।

---

114= ऐजन, पृ. १८ ।
115= ऐजन, पृ. २० ।

**५.६.९ सम्मेलन**

गद्य लयमा रचित यस कवितामा मानिसको जीवन अभाव पीडा र वेदनामा रुमल्लिएको भए तापनि कविले मानव जविनको उज्यालो भविष्यको सङ्केत गर्दै आशा र विश्वास प्रकट गरेका छन् :

सम्मेलन
आशा, भरोसाले भरिएको जिज्ञासाको थलो हो
बेमेलका ड्याङहरू फाँड्ने हलो हो
पीडा, वेदनार निराशाका घाउहरू उन्मूलन गर्ने ओखतीको जरो हो
उज्यालो भविष्यको सङ्केत हो
धेरै मनहरू
त्यही औषधिको खेती गर्ने परिणाम
सम्मेलन सकिएको समाचारमा पर्खिरहेछन्
पर्खिइरहेछन् ।[116]

यसरी कविले जुनसुकै कुराको निर्णय हुने एकमात्र प्रक्रिया सम्मेलन सकिएपछि केही नयाँ परिवर्तनको समाचार पाउन सबै उत्सुक भएको कुरा व्यक्त गरेका छन् ।

**५.६.१० एड्स**

गद्य लयमा रचित प्रस्तुत कवितामा कविले एड्स एक भयावह रोग भए पनि यो मानव शरीरमा मात्र नभएर कार्यालयको कामकाजका साथै सिङ्गो राष्ट्रका हरेक संवेदनशील अङ्गहरूमा एड्स लागेकाले देश एड्सको समस्याको भुमरीमा फसेको कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् :

समाज, बिना समाज बाँचेको छ
मान्छे एड्स बोकेर किन हाँसेको छ ?
सहनु पनि एड्स हो भने
देश एड्सबाट चिच्याएको छ ।[117]

यसरी देशका सम्पूर्ण अङ्ग-प्रत्यङ्गमा एड्स लागेर ग्रस्त भएको कुरा कविले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

116= ऐजन, पृ. २२ ।
117= ऐजन, पृ. २४ ।

### ५.६.११ त्यो बहादुर हुन सक्तैन

गद्य लयमा रचित यस कवितामा कविले आडम्बरी, धनको धाक लगाउनेहरू जो कसै न कसैको आडमा बहादुर हुन खोज्छन्, उनीहरू कदापि बहादुर हुन सक्तैनन् । जसले देश र जनताको साझा समस्यालाई आत्मसात् गर्न सक्छ, दयाको खानी र सङ्कटमा आफ्नो मुटु दुखेको अनुभव गर्नेहरू मात्र बहादुर बन्ने कुरा व्यक्त गरेका छन् :

ऐश-आरामको शिविरमा जीवन गुजार्ने
तिमी बहादुर हुन सक्तैनौ
तिम्रो भव्य भवन नेपाल हेर्न सकिँदैन
नेपाल हेर्न त-
नेपाल दुख्दा आफ्नो मुटु चसक्क दुखेको अनुभव गर्ने
बहादुर पो नेपाली हुन्छ
दया र करुणाको सागर बोकेर बाँच्ने
बहादुर पो नेपाली हुन्छ
सङ्कटको कुरा गर्दा आफ्नै मुटु छाम्ने
बहादुर पो नेपाली हुन्छ ।[118]

यसरी कविले अनेक षड्यन्त्र गरी धन कमाएर मोजमस्ती लुट्ने बहादुर नभएर देश र जनताको दुःखलाई आत्मसात गर्ने नै बहादुर हुन्छ भनेर देशभक्तिको भाव पोखेका छन् ।

### ५.६.१२ यसपल्ट फागु खेलिएन

गद्य लयमा रचित यस कवितामा कविले मनमा शान्ति नभएपछि भित्ते पात्रोमा फागुको बिदा लेख्दैमा रमाएर फागु खेल्न नसक्ने र फागु खेल्दा पनि संस्कृतिलाई जोगाउन मात्र नभएर तरुणी युवतीका छातीमा बेलुन हानेर मोज लुट्ने विकृति भित्रिसकेकाले फागु खेल्न नसकेको कुरा व्यक्त गरेका छन् :

बुढ्यौलीको पासोले कस्न थालेपछि
चिन्ता पनि मनको ढोकामा अनसन बस्दोरहेछ

118= ऐजन, पृ. २७ ।

सधैं-सधैं अपुग नामको सर्पले डस्दोरहेछ
जताततै विकृति र वित्यासको बादल छाएकोले होला
भित्ते पात्रोमा छुट्टी लेख्दैमा
मन रमाएर नाच्न नसक्नुको पीडामा
यसपल्ट फागु खेलिएन ।[119]

यसरी मनमा नै पीर र वेदना भएपछि जात्रा, पर्व र उत्सवमा पनि रमाउन नसकिने मार्मिक भाव यसकवितामा व्यक्त गरिएको छ ।

**५.६.१३ छुटेका यादहरू**

गद्य लयमा रचित यस कविताले नै सिङ्गो सङ्ग्रहको प्रतिनिधित्व गरेको छ। वास्तवमा समय गतिशील छ। समयको उपयोग गर्ने हो भने फाइदा लिन सकिन्छ तर समयलाई उपयोग नगर्ने हो भने स्मृतिका पानामा मात्र सीमित रहन्छन् प्रत्येक क्षणहरू भन्ने भाव व्यक्त छ :

सहयोगको हात एकपल्ट बढाउँदा अनेकौं ढोकाहरू खुल्छन् भने
खुल्न दिनुपर्छ
होइन भने समयको छुट्कारासँगै
छुटेका यादहरू आफन्त लाग्न सक्छन् ।[120]

यसरी समयको महत्त्वलाई यहाँ देखाइएको छ ।

**५.६.१४ बासी अनुहार**

गद्य लयमा रचित यस कवितामा कविले असल मित्रताको लागि एकअर्कामा समर्पणको भाव हुनुपर्ने कुरामा जोड दिएका छन् :

उहिले कता हो उसको यात्रामा ठेस लाग्दा
मभित्र चस्का पस्यो
दुख्नुको आसय उसलाई सोध्दा
असल मित्र हुनुको पीडा हो, उसको जवाफ थियो
केही अघि मात्र
कुनै छद्मभेषीले मेरो इमान्दारितामा अनुहार छोपेर निर्धक्क
शङ्काको मसी पोख्ता
मित्रको मनमा भुइँचालो गएछ ।[121]

---

119= ऐजन, पृ. २९ ।
120= ऐजन, पृ. ३२ ।

यसरी कविले यस कवितामा मित्रताको सच्चा अर्थ वा परिभाषा दिएका छन् ।

**५.६.१५ पाले दाइ**

गद्य लयमा रचित यस कवितामा कविले विद्यालयमा भएका शिक्षक लगायत समस्त विद्यालय परिवारलाई अभाव र दैवी विपत्तिले सताएकाले पाठशालाजस्तै गरी देशको अवस्था पनि दयनीय बनेको कुरा कुरा गरेका छन् :

समस्याको मुठोलाई शब्दले जुठो पारेर
कतिन्जेल समयको घण्टी बजाउँछौ पालेदाइ
कक्षा कोठामा बेन्च भाँचिएको छ कहिले जोड्ने हो
पानीको तिर्खाले छात्र-छात्राको मुख प्याकप्याक्ती सुकेको छ
सुराही बोकेर कहिले कक्षा कोठा चहार्ने हो ।[122]

यसरी नेपालको शैक्षिक डामाडोलको अवस्थालाई यस कविताले प्रस्ट पारेको छ ।

**५.६.१६ मेरो राष्ट्र**

गद्य लयमा रचित यस कवितामा कविले राष्ट्र-निर्माणको महायज्ञमा सबैले जुट्नुपर्ने बताउँदै श्रम र पसिनामा विश्वास गर्न सबैलाई आग्रह गरेका छन् ।

राष्ट्रको सिउँदोमा इमान्दारिताको पसिना चाहिएको छ
उठौं, जुटौं र उज्यालो रोपौं
राष्ट्रलाई यतिखेर उज्यालो मन चाहिएको छ ।[123]

यसरी राष्ट्रिय हितलाई सबैले सर्वोपरि ठान्नुपर्ने सन्देश यस कविताले दिएको छ ।

**५.६.१७ नयाँ पीडा**

गद्य लयमा रचित यस कवितामा कविले देश र जनतालाई निरङ्कुश राणा शासन र पञ्चायती व्यवस्थाले सताएपछि बल्लतल्ल त्यो रोग छुट्यो तर त्यसपछिका दिनहरूमा भने बढी स्वतन्त्रता पाएर होला, अनगिन्ती नयाँ समस्याहरू थपिएकाले तिनको सामना गर्नुपर्ने कुरा बताएका छन् :

समस्याको आक्रमणबाट पृथक रहन
कति समय लाग्ने हो
अझै पनि

121= ऐजन, पृ. ३३ ।
122= ऐजन, पृ. ३५ ।
123= ऐजन, पृ. ३६ ।

नयाँ पीडाले साथ छोड्न मानेको छैन
घाम ताप्न दिएको छैन ।[124]

यसरी एकपछि अर्को गर्दै नेपालीहरूले पीडाबाट कहिल्यै छुटकारा नपाउने कुराको सङ्केत यस कविताले गरेको छ ।

**५.६.१८ समर्पणको किल्लामा**

राष्ट्रियताको भावनाले ओतप्रोत भएका कविले यहाँ आफू देशकै लागि समर्पित भएको र देशका लागि जस्तोसुकै बलिदान दिन पनि पछि नहट्ने प्रतिबद्धता व्यक्त गरेका छन् :

मलाई भने-
माटो फुटे मुटु फुट्ने व्यथा लागेको छ ।
इखिनुको भोक जागेको छ
त्यसैले समर्पणको किल्लामा
इतिहासको लाममा जिन्दगी दर्ता गरेको छु
राष्ट्रको नाममा विश्वास दर्ता गरेको छ ।[125]

यसरी कविले आफू तन, मन र धनले नै राष्ट्रहितमा समर्पित भएको कुरा जनाएका छन् ।

**५.६.१९ सहिद-१**

गद्य लयमा रचित यस कवितामा कविले अन्याय, अत्याचार र शोषणको भुमरीमा पिल्सिएको गाउँले गरीब किसानको छोरो युरोपमा लागेको घामको उज्यालो टिप्न सहर पस्ता उकुचको औषधि पिएर संसारबाट बिदा भएकाले ऊ कहिल्यै नअस्ताउने घाम हो, अमर सहिद हो भनेर सहिदको उच्च मूल्याङ्कन गरेका छन् :

युरोपमा लागेको घामको उज्यालो टिप्न
शहर पसेको तिम्रो छोरो
उकुचको औषधि दिएर संसार त्यागेको छ
आत्मामा रोप
इतिहासमा खोज
स्वतन्त्रताको घाम कहिल्यै नअस्ताउने उज्यालो हो तिम्रो छोरो ।[126]

यसरी देशको उज्यालो भविष्यको कामनामा लागेर प्राणको आहुति दिने सहिद वास्तवमै कहिल्यै विलय नहुने घाम हो भन्ने भाव यहाँ पाइन्छ ।

---

124= ऐजन, पृ. ३७ ।
125= ऐजन, पृ. ३९ ।
126= ऐजन, पृ. ४० ।

**५.६.२० सहिद–२**

गद्य लयमा रचित यस कवितामा कविले दासताको जन्जिरले बाँधिएका देश र जनतालाई मुक्त गर्न लड्दालड्दै छातीमा गोली लागेर ढलेको सहिदको सपना साकार पार्न हामीले जोडिएका हात र जुटेको साथ कहिल्यै छुटाउनु हुँदैन र सहिदको सपना साकार पारे मात्र सहिदको बलिदानको उच्च मूल्याङ्कन हुने कुरा बताएका छन् :

इतिहासमा ऊ नजन्मेसम्म
जुटेका हातहरू छुट्नुहुँदैन
मन पनि फुट्नु हुँदैन
जुट्नुको परिणाम हो स्वतन्त्रता
गन्धे राजनीतिक चालले खोस्नु हुँदैन
व्यक्तिगत स्वार्थले डस्नु हुँदैन
विचारका उच्च मनहरूले खरानी घसेर
सहिदको सपना छोप्नु हुँदैन, खोस्नु हुँदैन ।[127]

यसरी सहिदको सपनालाई साकार पार्न अनेकतामा होइन, एकतामा आबद्ध हुनुपर्ने सन्देश यस कविताले दिएको छ ।

**५.६.२१ मेरो भाग्य दिग्भ्रम होइन**

गद्य लयमा रचित यस कवितामा जत्तिसुकै पीडा पाउँदा पनि पीडाको अनुभव नगर्ने आफ्नो भाग्य नै जडवत् भइसकेको कुरा प्रस्तुत गरिएको छ :

जीवनले
सञ्चो भोग्ने समय बिसञ्चोको घाउ जन्माउन थालेको छ
त्यसैले
भाग्यको हार ठानेर जिन्दगीको खाल थापेको छु ।[128]

यसरी आफूले भोगेका पीडा सबै हारेको कर्मले भएका हुन् भन्ने भाव यस कवितामा प्रस्तुत गरिएको छ ।

**५.६.२२ स्वागतमा उभिएको**

---

127= ऐजन, पृ. ४२ ।
128= ऐजन, पृ. ४३ ।

गद्य लयमा रचित यस कवितामा कविले जिन्दगीको अर्थ बुझ्न सहर पसेको व्यक्ति घर फर्किएर आफ्नै गाउँघरलाई माया गर्ने र स्वागत गर्ने उद्देश्यले खडा भएको र गाउँघरको मायालाई अँगालेको कुरा व्यक्त गरेका छन् :

नाराले अघाएको छोरो घर फर्कदैछ
उसैसित सोध्नुपर्छ गरिबीको नाम के हो ?
तब उल्लास बोकेको अर्को मन संघारमै ठोकिन्छ
र, भुइँचालो जान्छ छातीमा ।[129]

यसरी आफ्नो जन्मस्थललाई माया गर्नुपर्ने सन्देश यस कवितामा प्रस्तुत गरिएको छ।

### ५.६.२३ अन्तर

गद्य लयमा रचित यस कवितामा कविले राजनैतिक दलका नेताहरूले स्वतन्त्रताको फाइदा लिएर छिट्टै मात्तिएकाले देशलाई साहित्यको छहारी चाहिएकाले साहित्यिक फूलबारीमा राजनीतिको काँडा बिझेकाले साहित्यलाई दुखेको छ। त्यसका लागि साहित्यकार जुर्मुराउनुपर्ने बाध्यता आइपरेको कुरा व्यक्त गरेका छन् :

कवि हृदयको छहारी देशले खोजेको छ
साहित्यको उर्वर माटोको देशलाई भोक लागेको छ
सचेत आँखाहरू
विपक्ष बोल
साहित्यिक फूलबारीमा
राजनीतिको काँडा किन दुखेको छ ?[130]

यसरी साहित्यले निष्फिक्री फक्रने मौका पाउनुपर्छ, साहित्यलाई राजनीतिले अतिक्रमण गर्नुहुँदैन भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ ।

### ५.६.२४ म गर्वको घोषणा गर्छु

गद्य लयमा रचित यस कवितामा कवि वातावरणप्रति निकै चिन्तित देखिएका छन् । डाँडापाखामा रूखबिरुवा फँडानी गरेकाले बाढी पहिरोको प्रकोप बढेर धनजनको क्षति गर्नुका साथै पानीका मुहानहरू क्रमशः सुक्तै गएकाले मानव जीवन कष्टकर बन्दै गएकाले

129= ऐजन, पृ. ४६ ।
130= ऐजन, पृ. ४८ ।

भोलिको भविष्यलाई वर्तमानको आँखाले नियालेर रूख रोप्न गर्वको घोषणा यहाँ कविले गरेका छन् :

रूख रोप्ने गर्वको घोषणा गरेको छु
देश सोच्न अनुरोध गरेको छु
भोलिको भविष्यलाई
वर्तमानको झ्यालबाट हेर्न
सादर अनुरोध गर्दै
गर्वको घोषणा गरेको छु ।[131]

वर्तमानलाई सही सदुपयोग गरेमा हाम्रो भविष्य स्वर्णिम हुने हुनाले कविले सबैप्रति वर्तमानलाई बुझ्न अनुरोध गर्दै गर्वको घोषणा गरेका छन् ।

**५.६.२५ जीवनको मार्ग**

गद्य लयमा रचित यस कवितामा कविले हिजोसम्म चुपचाप बस्ने मानिस आज अन्याय नसहने बनेकाले मुक्तिको बाटो नै जीवनको मार्ग हो भनेका छन् :

अशिक्षाका हातहरूमा कलमथमाएर
आत्मीय बोधका फूलहरू रोप्दै
मानवीय उद्धारका बोटहरू सार्दै गरेको देखेको छु
सहनुको नाममा पीडाको खेती गर्ने मनको ढोका खोल्दै
मुक्तिको आवाज बोल्दै गरेको भेटेको छु ।[132]

यसरी समाजमा भएको अज्ञानता र अशिक्षाका साथै अन्याय, अत्याचार हटाउन हिजोसम्म चुपचाप सहेर बस्नेहरू शिक्षाको ज्योति छर्दै जुर्मुराउन थालेको कुरा कविले व्यक्त गरेका छन् ।

**५.६.२६ पर्चा–चर्चामा तपाईं**

गद्य लयमा रचित यस कवितामा कविले छेपारो झैं मौसमअनुसार रङ फेरेर चर्चा र पर्चामा आउने व्यक्तिको उछित्तो काढेका छन् :

कुन हिसाबले हैकमको तस्बिर खोज्दै हुनुहुन्छ तपाईं ?
स्वतन्त्र आकाशलाई
अन्धकारले छोप्ने योजना रच्दै हुनुहुन्छ तपाईं ?

---

131= ऐजन, पृ. ५० ।
132= ऐजन, पृ. ५१ ।

भो,

असम्भव सपना नखोज्नुस्

वर्तमानको शिर झुकाउन सम्भव छैन ।[133]

यसरी जालझेल र प्रपञ्च रचेर सत्तामा पुग्न चाहने व्यक्तिलाई कविले घाँटी अँठ्याउने गरी प्रश्न तेर्स्याउने काम गरेका छन् ।

**५.६.२७ शंका**

गद्य लयका पाँच पङ्क्तिमा रचित यो कविता आकारका दृष्टिले मुक्तकसमान छ । यहाँ प्रियतमले आफ्नो ओठमा कसरी र कसको लिपिस्टिक लतपतियो, आफूलाई थाहा नभएकाले आफ्नो नियतमाथि शंका नगर्न प्रियालाई अनुरोध गरेका छन् :

रित्तो गोठमा एक्लो बास बसेथें

चल्बलाएको पत्तो छैन

अन्यथा नसोच प्रिया

तिम्रो स्वरले झस्किएर ऐना हेर्दा

थाहै भएन कुन समय ओठमा लिपिस्टिक पोतिएछ ।[134]

यसरी प्रेमीले प्रेमिकालाई आफ्नो नियत खराब नभएको कुरा व्यक्त गरेर आफ्नो नियतिमाथि शङ्का नगर्नआग्रह गरेका छन् ।

**५.६.२८ मौनआकृति**

गद्य लयमा रचित यस कवितामा कविले अन्याय, अत्याचार सहेर चुपचाप बस्ने हो भने मौनतामा अपराध जन्मिने हुनाले मौनता भङ्ग गर्नुपर्ने सन्देश दिएका छन् :

द्विविधा पिएर उभिएको छ मान्छे

अन्योलको उपचार कसले गर्ने हो

समय मौन छ

मौनतामा अपराध जन्मिन्छ भन्छन् ।[135]

यसरी चुपचाप बसेमा अन्याय सहन बाध्य हुनुपर्ने वास्तविकतालाई यस कवितामा व्यक्त गरिएको छ ।

---

133= ऐजन, पृ. ५४ ।
134= ऐजन, पृ. ५५ ।
135= ऐजन, पृ. ५७ ।

**५.६.२९ सडक**

गद्य लयमा रचित यस कवितामा कविले यातायातको प्रमुख माध्यम बनेको सडक कतिपटक त हतारको निर्णयमा काम गर्दा आनन्दले नुहाए पनि फुर्सदको क्षणमा रोएकाले सडकजाम गर्ने, सडकको स्वतन्त्र अस्तित्व लुट्ने होइन, सडकको संरक्षण गर्नुपर्ने सन्देश दिएका छन् :

सडकको स्वतन्त्रता कसैको पेवा हुनसक्दैन
स्वतन्त्र सडकलाई कसैले
छेक्न रोक्न सक्तैन ।[136]

यसरी सडकलाई स्वतन्त्र छोड्नुपर्छ, सानो कुरामा सडक अवरुद्ध गर्ने काम कसैले पनि गर्नुहुन्न भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**५.६.३० भो, अब जिन्दगीमा तिमी हाट नभर**

गद्य लयमा रचित यस कवितामा कविले यस संसारमा स्वार्थी मानिसहरूकै बहुलता भएकाले स्वार्थपूर्तिका लागि जिन्दगीको हाट भरेर क्षणिक रमाइलो प्रदान नगर्न आग्रह गरेका छन् :

यतिखेर
खेल सकिएपछिको रित्तो मैदान बाँचेको छु एक्लो
खुद्रा जति बेचिनु थियो, बेचिएँ
आफैंमा रित्तिएपछि, दारुण अनुभवबाट बच्न
बल्ल किनारा लागेको छु
भो मेरो जिन्दगीमा तिमी हाट भर्ने सपना नखोज ।[137]

यसरी कविले विश्वास गर्दा धोका पाएर छट्पटिएको बेला कसैले देखावटी मायाको स्वाङ गर्नुपर्दैन भनेका छन् ।

**५.६.३१ बिहानीको प्रतीक्षामा**

---

136= ऐजन, पृ. ६० ।
137= ऐजन, पृ. ६१ ।

गद्य लयमा रचित यस कवितामा कविले अन्यायका विरुद्धमा क्रान्तिको आँधीबेहरी सिर्जना गर्न आह्वान गरेका छन् । दृढसङ्कल्प गरेर अन्धकारलाई हटाउने काममा लाग्नुपर्छ, जसका लागि सूर्यको उज्यालो पाउन बिहानीको प्रतीक्षा गर्नुपर्ने कुरा व्यक्त गरेका छन् :

जनविश्वासको धार तेर्सिएपछि कस्तै सिक्री पनि छिन्दोरहेछ
ब्यूँझेकाहरू यस्तै भन्थे
चिलाउनेका पातहरू जनसंहारकारी जातहरू
नष्ट नभएसम्म कष्ट छुट्न सक्तैन
रात नगएसम्म बिहान झुल्कन पनि सक्तैन
प्रतीक्षाको समयलाई एकै ठाउँमा जोडेर
आऊ
उज्यालोको खोजी गरौं ।[138]

यसरी कविले सबै जनता एकजुट भएर सङ्घर्षमा लागे जस्तोसुकै कठोर सत्ता पनि ढाल्न सकिन्छ भनेर अन्धकार रात चिर्दै सुनौलो बिहानीको प्रतीक्षा गरेका छन् ।

### ५.६.३२ मानवअधिकार

गद्य लयमा रचित यस कवितामा कविले सबै मानिसले मानवअधिकारको पूर्ण रूपमा पालना गरे हत्या, हिंसा, जुलुस, तोडफोड केही पनि नहुने र मानवअधिकारको सम्मान हुने कुरा बताएका छन् :

क्रुर व्यवहारमा लुकेका भेदभावका चिताहरू
मनबाट टाढै राखे कहाँ मानव अधिकार रुन्छ, रुँदैन ।[139]

यसरी कविले हत्या, हिंसा त्यागेर मानवअधिकारको सम्मान गर्नुपर्ने सन्देश दिएका छन् ।

### ५.६.३३ खलनायक

गद्य लयमा रचित यस कवितामा कविले खलनायकलाई प्रत्यक्ष रूपमा नदेखिएर अप्रत्यक्ष रूपमा कैँची मार्ने र नायकलाई धक्का दिने दुष्प्रवृत्तिका मानिसलाई जो-कोहीले भेटे पनि उम्कन दिनुहुन्न भनेका छन् ।

कविताको एउटा उदाहरण हेरौं-

---

138= ऐजन, पृ. ६४ ।
139= ऐजन, पृ. ६६ ।

यथार्थमा खलनायक विकृति, वित्यासको डरलाग्दो पहाड हो
छाम्नुस् खलनायक
कतै तपाईंकै मनभित्र लुकेको त छैन ।[140]

यसरी मानिसले मनमा कलुषित भावना सृजना गरे त्यो व्यक्तिसमाजको बाधक र खलनायक बन्ने हुनाले कविले सबैलाई सचेत गराएका छन् ।

**५.६.३४ विस्मृत विश्वास**

गद्य लयमा रचित यस कवितामा कविले गाउँबाट सहर पसेर गाउँ र गाउँलेको हित गर्छु भन्ने मान्छे सहरी भोगविलासमा भुलेर गाउँलाई बिर्सेर संवेदनाविहीन बनेको र विश्वासघात गरेको कुरा व्यक्त गरेका छन् :

सेवाको भावमा
बिना महत्त्वाकाङ्क्षाको लौरो टेकेर
एउटा गाउँ
प्रतिनिधित्वको रूपमा सहर पसेको थियो
गाउँलाई घृणा गर्ने रोग उसको मस्तिष्कमा पसिसकेछ ।[141]

यसरी गाउँमा जन्मेर गाउँलेको भलाइका लागि पठाएका प्रतिनिधिहरू गाउँ बिर्सेर सहरी सुखसयलमा भुलेको वास्तविकता यस कवितामा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत छ ।

**५.६.३५ अचेत पीडा**

गद्य लयमा रचित यस कवितामा कविले लेखकहरूले भोग्नुपरेको पीडा र दयनीय अवस्थाको चित्रण गरेका छन् । वास्तवमै आफूले गरेको सिर्जना बलात्कृत हुँदा पनि मुकदर्शक भएर बस्नुपर्ने बाध्यतामा परेको अभिभावक हो लेखक भनेर लेखकको कारुणिक आस्थालाई खुलस्त पारेका छन् :

कसको के भरोसा
कतै बलात्कृत अनुहारमा सिर्जना भेटिन्छे
कतै अपाङ्ग त
कतै रद्दी टोकरीमा चिच्याउँदै हुन्छे
सिसाझैं फुटेको उसको उपस्थितिले
प्रतिशोधमा युद्ध लड्न सक्तैन
मदानीबिनाको ठेकीमा दही मोथ्न खप्पिस समालोचकको बस्तीमा
न्यायको गुहार माग्न

140= ऐजन, पृ. ६८ ।
141= ऐजन, पृ. ६९ ।

अदालतको ढोकामा नमस्कारको हात उठाउन सक्तैन
एउटा निरीह अभिभावकको नाम हो लेखक ।[142]

यसरी आफ्ना कृतिहरू अपहेलित हुँदा पनि चुपचाप बस्नुपर्ने लेखकको बाध्यतालाई यस कवितामा मार्मिक रूपमा व्यक्त गरिएको छ ।

**५.६.३६ म्याराडोना**

गद्य लयमा रचित यस कवितामा विश्वचर्चित फुटबल खेलाडी म्याराडोना खेल जगत्मा सबैको वाह ! वाह ! पाइरहेकै बेला उत्तेजनात्मक औषधि सेवन गरेर विवादित भएपछि सबै दर्शकमा निराशा छाएकाले कुनै पनि खेलाडीले भुक्किएर पनि त्यस्तो औषधि प्रयोग नगर्न आग्रह गरिएको छ :

खबरदार ! भविष्यका उज्वल अनुहार हो
प्रतिबन्धित औषधिले कसैलाई क्षमा गर्दैन त्यो कालकोठरी हो
प्रतिष्ठा र इज्जत लुट्ने हिंस्रक जन्तु हो
लागू औषध आगो हो जानेर पनि तिमीले छोयौ म्याराडोना
आगोमा तिमीमात्र जलेनौ, सहस्रौं आँखा जले ।[143]

यसरी विश्वप्रसिद्ध खेलाडी म्याराडोना प्रतिबन्धित औषधिको प्रयोग गरेर खेल जगतबाटै हट्नु परेकोले भविष्यका म्याराडोनाहरूलाई कविले सचेत बन्न आग्रह गरेका छन् ।

**५.६.३७ खहरेको प्रवेश**

गद्य लयमा रचित यस कवितामा लहलह धान झुल्ने फाँटहरूमा ध्वस्त पार्ने खहरेको प्रवेश हुनुहुँदैन, त्यसका लागि उचित सिंचाईको व्यवस्था हुनुपर्छ । विध्वंशात्मकताको विरोध गरिएको छ :

अनुचित व्यवहार हुन सक्ला कतै परीक्षामा
निरीक्षकहरूले सफल निरीक्षणको कर्तव्य निर्वाह गर्नुपर्छ
पर्ख एकपल्ट पर्ख
खहरेको प्रवेशले मात्रै रोपाइँ चल्दैन
बोलीले कोही अघाएको थाहा छैन व्यवहारले प्रमाणित गर्नुपर्छ
प्रमाणित गर्न सत्तामा निस्वार्थ मन पुगेको छैन ।[144]

---

142= ऐजन, पृ. ७२ ।
143= ऐजन, पृ. ७४ ।
144= ऐजन, पृ. ७६ ।

यसरी कसैले उत्तेजनामा आएर कार्य गर्नुभन्दा संयमित हुनुपर्ने सन्देश कवितामा पाइन्छ ।

**५.६.३८ कान्छा तामाङको मृत्यु**

गद्य लयमा रचित यस कवितामा पौरखी र इमान्दार व्यक्ति 'कान्छा तामाङ' साहुले रूखका हाँगा भार्न लगाउँदा रूखबाट खसेर मरेपछि बिचरो त्यो राजनीतिको परिभाषा नबुझेको अबोध व्यक्तिलाई सबैले आ-आफ्नो पार्टीको कार्यकर्ता गुमाएको विज्ञप्ति निकाले । साहु महाजनले एक थोपा आँसु नझारे पनि गाउँघर, मेलापात, समय र देशलाई भने कान्छा तामाङको अभाव खड्कियो र सबै स्तब्ध भएर आँसु झारे । यसरी यस कवितामा कविले पौरख गर्ने पौरखीको सुखका दिन नआइकन भएको अवसान देखाउँदै हाम्रो समाजमा भएको वर्गीय विभेदको यथार्थताको चित्रण गरेका छन् :

कान्छा तामाङको मृत्युपछि अखबारमा
सैद्धान्तिक खोलहरूले आफ्नो सक्रिय सदस्य गुमेको रहस्य पोखे
कसैका आँखाबाट दुई थोपा आँसु खसेनन्
गाउँघर र मेलापात रोयो
वनजङ्गल र भोका गाईवस्तुहरू रोए
कान्छा तामाङको मृत्युमा
केवल समय रोयो
देश रोयो ।[145]

यसरी एउटा सोझो ग्रामीण श्रमजीवी व्यक्ति मर्दा सबै राजनीतिज्ञहरूले आफ्नो कार्यकर्ता गुमाएको बताए पनि कोही दुःखित भएनन् तर गाउँघर, मेलापात र यहाँसम्म कि भोका पशुहरू रोए भन्ने कुरा मार्मिक व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

**५.६.३९ रत्नपार्क**

गद्य लयमा रचित यस कवितामा कविले काठमाडौँको केन्द्रबिन्दु मानिएको रत्नपार्क रोग, भोक र विकृतिले ग्रसित भएको देखाएर सहरी आडम्बर र अस्तव्यस्त बजारीकरणका बेफाइदाहरू देखाएका छन् :

रत्नपार्कको साँझ
धोक्रो ओढेर बिहानको प्रतीक्षामा गुजुल्टिने गर्छ

145= ऐजन, पृ. ७८ ।

भोकको लागि पल्टिने गर्छ ।[146]

यसरी सहरी आडम्बरको प्रतिनिधित्व रत्नपार्कले गरेको कुरा कविले प्रस्ट्याएका छन् ।

### ५.६.४० म सपना पर्खिरहेछु

गद्य लयमा रचित यस कवितामा कविले गाँस, बास र कपासको अभावमा पिल्सिएका व्यक्तिले सुन्दर घरको निर्माण गर्ने सपना पर्खिरहेको बताएर गरिबीको कारुणिक व्यथा प्रस्तुत गरेका छन् :

म घरको नक्सा बनाउने सपना पर्खिरहेछु
पर्खाइसँगै नौटङ्की राजनीतिक अनुहार देखिरहेछु
तर्सिरहेछु ।[147]

यसरी सबै मानिसलाई आधारभूत आवश्यकताको अभाव खड्किने र बासका लागि सुन्दर घर बनाउने सपना बुन्नेगरेको वास्तविकतालाई प्रदर्शन गरेका छन् ।

### ५.६.४१ देश वैंसमा फर्किएको छ

गद्य लयमा रचित यस कवितामा कविले आशावादी जीवनदृष्टिलाई अघि सारेका छन् । प्रजातन्त्रको सही उपयोग गर्नुपर्छ र व्यक्तिगत स्वार्थमा नभुली राष्ट्रनिर्माणमा जुटेमा देशले काँचुली फेर्न कत्ति पनि समय नलाग्ने कुरा कविले व्यक्त गरेका छन् :

समानताको धरहरा लौरो टेकेर स्वयम्भू आँखा
खुसियाली पस्कँदै
मान्यताको सियोले विश्वास सिउँदै हिँडेको छ
हृदयको आँगनमा समयले स्वतन्त्रताको राहदानी उपलब्ध गराएकोले
देश वैंशमा फर्किएको छ
विचारका अदाच्छेहरू व्यक्तिगत स्वार्थमा डुब्नु हुँदैन ।[148]

यसरी हामीले पाएको प्रजातन्त्र र स्वतन्त्रताको सही सदुपयोग गर्न कविले सबैलाई आह्वान गरेका छन् ।

---

146= ऐजन, पृ. ८० ।
147= ऐजन, पृ. ८२ ।
148= ऐजन, पृ. ८४ ।

**५.६.४२ क्यालेण्डर**

गद्य लयमा रचित यस कवितामा कविले वर्ष, महिना, गते र वारसँगै पल्टिने क्यालेण्डरका साथमा मानिसको भाग्य पनि नपल्टने भएकाले मानिसले भविष्यप्रति बढी महत्त्वाकाङ्क्षी बन्नु बेकार छ भनेका छन् र वास्तविकताको धरातलमा रहेर काम गर्ने सन्देश दिएका छन् :

नयाँ पल्टिने क्यालेन्डरको पानामा
निष्पक्षको नाममा राहत माग्छन्
निदाउँछन्, उठ्छन्, सूर्यको स्पर्शसँगै
गते पल्टिँदैमा भाग्य पल्टिने होइन
किन अझै पनि
नयाँ वर्ष, महिना, गतेमा भविष्यको आशा रोप्छन् मान्छेहरू ।[149]

यसरी मानिसले आफ्नो वास्तविकता र क्षमतालाई आत्मसात् गरेर मात्र अगाडि बढ्नुपर्ने सन्देश यस कविताले दिएको छ ।

**५.६.४३ भोका आँखाहरू**

गद्य लयमा रचित यस कवितामा मायाको भोकमा भौंतारिएकी यौवना र यौवनालाई नियाल्ने यौवनका आँखाहरू मायाको भोकमा छट्पटाएको मार्मिक अभिव्यक्ति पाइन्छ :

एकान्तमा दुख्ने घाउलाई
समाजको बन्धनमा बाँधिएर उपचारको काख भर्न लाज मान्नु
प्राकृतिक नियमभन्दा टाढा भाग्न खोजेर
भन यौवना,
उराठलाग्दो जेठको धूपमा आफूलाई किन सुम्पेको ?[150]

यसरी कविले जवानी अवस्थामा युवक-युवतीलाई यौवनको भोक लाग्नु स्वाभाविकै हो भन्ने कुरा व्यक्त गरेका छन् ।

**५.६.४४ सडक, बस र यात्री**

गद्य लयमा रचित यस कवितामा कविले देशलाई सडक, बसलाई व्यवस्था र जनतालाई यात्रु मानेर राष्ट्रप्रमुखलाई ड्राइभर र उसका सहयोगीलाई खलासी र कण्डक्टरको संज्ञा दिएका छन् । देशको उन्नति र अवनति भनेकै राष्ट्रनायकको हातमा हुनाले बसलाई राम्ररी यात्रामा लगाउन र सयौं यात्रीको ज्यान बचाएर सफल यात्रा गर्न चालकको हात भएजस्तै देशलाई पनि राम्ररी हाँक्ने चालक वा राष्ट्रनायकको आवश्यकतालाई महसुस गरेका छन् :

---

149= ऐजन, पृ. ८६ ।
150= ऐजन, पृ. ८८ ।

चालक दाइ
विवेकको घामलाई सधैँ-सधैँ मनमस्तिष्कको देवता ठानेर
कर्तव्यको पाइला टेक्नू
ख्याल राख्नु, दुर्घटनाको सामना पुनः यो सडकले गर्न सक्तैन
अप्रत्याशित घटना भनेर चित्त बुझाउन सक्तैन ।[151]

यसरी बसको चालक झैं राष्ट्रको चालकले पनि होशियारी अपनाउनु पर्ने सङ्केत कविले दिएका छन् ।

**५.६.४५ प्रतीक्षाका चोटहरू**

गद्य लयमा रचित यस कवितामा श्रमजीवी किसानवर्गको कारुणिक अवस्थालाई प्रस्तुत गरिएको छ । धेरै लामो समयसम्मको खडेरीपछि पानी परेर खेती लगाए पनि सलहजस्तै बालीनाशक चुसाहाहरूले किसानको आशा धानका बालामा झुल्न नदिई बीचैमा तुहाइदिएर मंसिरको प्रतीक्षामा बसेका किसानहरूले चोटको सामना गरेर अभावग्रस्त जीवन जिउनुपरेको वास्तविक यथार्थतालाई यस कवितामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ :

खेतका सुकिला पाटा अनुहारहरूलाई छोप्न खै कताबाट
सलह ओर्लियो
मलिला गह्राहरू छोपिँदै गए मरुभूमिमा अनुवाद हुँदै
अपशोचका छिटाहरू पुनः मनहरूमा खेल्न थालेका छन्
विगत उल्टिएर पुनः मनहरूलाई डाम्न थालेका छन् ।
यस्तै रहेछ संसारको कमाइ, पसिनाको मूल्य
खुसीहरू काम्न थालेका छन्
र, भन्न थालेका छन्
असार गयो मंसिर आएन ।[152]

यसरी श्रमजीवी किसानवर्ग साहुको शोषणबाट जहिल्यै पिल्सिनु र चुसिनु परेको वास्तविकतालाई मार्मिक रूपमा व्यक्त गरेका छन् ।

**५.६.४६ अनुहारका खेलहरू**

गद्य लयको लामो आयाममा रचित यस कवितामा मान्छेको राम्रो अनुहार भएर मात्रै हुँदैन, उसमा गुणको आवश्यकता हुन्छ, गुणको अगाडि रूपको भूमिका ज्यादै न्यून हुने हुनाले राम्रो अनुहारमा लोभिनेहरूले दुःख पाउँछन् भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ :

अनुहार नपरेका अनुहारको पनि जीवन हुन्छ
अनुहार नपरेका अनुहारको पनि बाँच्ने रहर हुन्छ ।
अनुहारलाई अनुहारले घोचेर

---

151= ऐजन, पृ. ९१ ।
152= ऐजन, पृ. ९३ ।

दुख्नसम्म दुखेको छ ।[153]

यसरी बाहिरी देखावटी अनुहारमा होइन, व्यक्तिको परिचय उसको गुणमा खोज्नुपर्ने सन्देश कविले दिएका छन् ।

**५.६.४७ राजनीति**

गद्य लयमा रचित यस कवितामा दलबदल गरेर घृणित स्वार्थ पूरा गर्ने हतियार बनेको राजनीति गर्नुभन्दा नगर्नु नै बेस भन्ने भाव व्यक्त गरिएको छ :

‘सकभर हात नहाल्नु
जात नफाल्नु
मेरो नजरमा
नराम्रो खालको विकृत नामको चाल हो
राजनीति’
अहिले सोचाइले पनि घोच्न थालेको छ ।[154]

यसरी राजनीति गर्दा फोहोरी खेलका रूपमा होइन, जनता र देशको भलाइका लागि गरिनुपर्ने सन्देश कविले दिएका छन् ।

**५.६.४८ डर बोकेको रात**

गद्य लयमा रचित यस कवितामा अपराधीहरूले रातको मौका पारेर जस्तोसुकै जघन्य अपराध पनि गर्न पछि नपर्ने हुनाले रातमा निर्धक्क भएर रहनुभन्दा चनाखो हुनुपर्ने सन्देश दिइएको छ :

रातले यात्रा रोक्न सक्तैन, आउँछ जान्छ
यात्रामा मनहरूले होसियारी बोकेर हिँड्नुपर्छ
होशियारीपूर्वक चल्नुपर्छ
अलिकति मन दुख्नु स्वाभाविक हो, कहिलेकाहीँ दुख्छ
सधैंसधैं दुख्नुहुन्न
ग्रहण लागेको आकाश बोकेर
एउटा डरलाग्दो रात छानोमाथि निम्ता पाएर बास बस्न आएको छ ।[155]

यसरी कविले रातको समयमा अस्तित्व लुटिन सक्ने हुनाले होसियार बन्न आग्रह गरेका छन् ।

---

153= ऐजन, पृ. ९८ ।
154= ऐजन, पृ. १०० ।
155= ऐजन, पृ. १०२ ।

**५.६.४९ एक अँगालो चौतारा**

गद्य लयमा रचित यस कवितामा उकालीमा हिँड्दा थाकेको बेला आराम गर्ने स्थल चौतारोमा वरपीपलको शीतल छहारी हुन्छ, जसमा अपार आनन्दको खानी छ भनिएको छ ।

जूगल र गौरीशंकर हिमशृङ्खलामा आफ्नो अनुहार
ऐनामा खोज्दै बाँचेको
शिरमा गौराती भीमेश्वर बोकेको
फगत एक अँगालो मायाको भारी रहेछ चौतारा ।[156]

यसरी संस्कृति र प्राकृतिक सुन्दरताको धरोहर रहेको नेपालको सौन्दर्यलाई बढाउनमा 'चौतारा' को पनि ठूलो भूमिका रहेको कुरा कविले बताएका छन् ।

**५.६.५० इलाम**

गद्य लयमा रचित यस कवितामा कविले स्वच्छन्दतावादी भावधारामा प्राकृतिक सुन्दरताले भरिपूर्ण इलामको वर्णन गरेका छन् । प्रकृतिको तन्मय र मन्मय चित्रण गरिएको इलाम चिया, अमृसो, अदुवा, आलु जस्ता खेतीसँगै प्रशस्त नगद भित्र्याउने जिल्ला हो भने प्राकृतिक रमणीयताले पनि उत्तिकै भरिपूर्ण स्थल हो, जहाँ सूर्यको पहिलो झुल्का हेर्न सकिने ठाउँ 'अन्तु डाँडो' पनि पर्दछ भनेर कविले इलामलाई नवविवाहिता दुलहीको सौन्दर्यसँग तुलना गरेका छन् :

देश उक्लिएर देशलाई हेर्ने मनहरूमा
इलाम पुग्ने आँखाहरूमा
गर्भवती अवस्थाले भेटेको अमिलो अचारको स्वाद लाग्ने
सुन्दर इलामलाई
साथसाथ सलाम
लाखलाख सलाम ।[157]

यसरी पूर्वको महत्त्वपूर्ण जिल्ला इलामको महिमागानमा कवि रमाएका छन् ।

**छुटेका यादहरू** (२०५३) कवितासङ्ग्रहभित्र साहित्यकार वियोगी बुढाथोकीलाई नियाल्दा उनको साहित्यिक कवित्व प्रतिभाको बारेमा रहस्यमय कुराहरू धेरै खुल्न

156= ऐजन, पृ. १०४ ।
157= ऐजन, पृ. १०६ ।

जान्छन् । यस सङ्ग्रहमा सङ्ग्रहित उनका सबै कविताहरू गद्य लयमा नै रचित छन् । गद्य लयमा रचिए तापनि लयात्मकताको भने कमी पाइँदैन । कुनै कविताहरू छोटा मुक्तक आकारका भए पनि आफैँमा पूर्ण छन् । यसमा उनले कतै जीवनका संघर्षका कुराहरू, कतै निराशाका भावहरू, कतै भविष्यप्रतिको आशावादिता र कतै प्रकृतिको चित्रणमा कवि रमाएका छन् ।

जेहोस्, कवि बुढाथोकीका उनन्चास कविताहरू अटाएको कवितासङ्ग्रह **छुटेका यादहरू** पूर्ववर्ती दुई कवितासङ्ग्रह **समयलाई सञ्चो छैन** (२०४२) र **काठमाडौँ धाइरहेछु** (२०४९) मा भन्दा अझै कवित्व प्रतिभा खारिएको देखिन्छ । यस कवितामार्फत् कवि बुढाथोकी कविताका क्षेत्रमा अझ दर्बिलो खम्बा भएर उभिएका छन् ।

## ५.७ निष्कर्ष

साहित्यकार वियोगी बुढाथोकी नेपाली कविताको क्षेत्रमा चम्किला तारा हुन् । वि.सं. २०३२ सालदेखि कविता लेखनमा लागेर साहित्यिक यात्रालाई अघि बढाएका बुढाथोकीका प्रकाशित कवितासङ्ग्रहहरू **समयलाई सञ्चो छैन** (२०४२), **काठमाडौँ धाइरहेछु** (२०४९) र **छुटेका यादहरू** (२०५३ गरी तीनवटा रहेका छन् ।

कवि बुढाथोकीको कवि व्यक्तित्वलाई समग्रमा हेर्दा उनी फुटकर कविता लेखनमा सफल भएका देखिन्छन् । विशेषगरी स्वच्छन्दतावादी भावधारालाई अँगालेर कविता लेख्ने कवि बुढाथोकीका कविताहरू प्रख्यात कविहरू गोपालप्रसाद रिमाल, भूपि शेरचन, सिद्धिचरण श्रेष्ठ आदि साहित्यकारको झल्को दिलाउने खालका छन् । उनी साहित्यका माध्यमबाट राजनीतिको पक्षपोषण गर्दैनन्, बरु राजनीतिले साहित्यमाथि पारेको नराम्रो प्रभावको खुलेरै विरोध गर्छन् । उनका कविताहरूमा मार्क्सवादीय प्रगतिवादिता सग्लो रूपमा नदेखिए तापनि प्रगतिवादिताको सामान्य झिल्काहरू पाइन्छन्, जहाँ उनी सामाजिक असमानताप्रति असन्तोष व्यक्त गर्न कत्ति पनि डराएका छैनन् । उनका कवितामा वर्तमानको यथार्थतालाई झल्काएर भविष्यप्रतिको दह्रो सङ्केत गरिएको पाइन्छ ।

कवि बुढाथोकी काठमाडौँमा जन्मिएर सहरी वातावरणमा भिजेका भए पनि गाउँले जीवनलाई असाध्यै माया गर्ने कवि हुन् । गरीब, दुःखीहरूको पीडामा मर्माहत बन्ने कविको हृदय अत्यन्तै कोमल पाइन्छ । सामान्यतया आफ्नै मौलिक शब्दहरू प्रयोग गर्न उनले रुचि देखाए पनि उनका तीनवटै कवितासङ्ग्रह अध्ययन गर्दा सरल तरिकाले बुझ्न भने सकिँदैन, केही क्लिष्टता र दुर्बोध्यताको भुमरीमा भने पाठकले रुमल्लिनै पर्छ तर गहिरिएर अध्ययन गर्दा समस्याका गाँठाहरू भने अवश्यै फुकाउन सकिन्छ ।

यसरी तीनवटा कवितासङ्ग्रहमा कविता क्षेत्रमा सफल देखिएका कवि बुढाथोकीको कवितालेखनको क्रम जारी नै रहेकाले अझै उनीबाट धेरै कृतिहरूको अपेक्षा गर्न सकिन्छ ।

### परिच्छेद छ

# गजलको सैद्धान्तिक परिचय र नेपाली गजलको क्षेत्रमा वियोगी बुढाथोकीको स्थान

## ६.१ गजलको सैद्धान्तिक परिचय

साहित्यका विभिन्न विधाहरुमध्ये गजल कविताको एक उपविधा हो । विशेषतः प्रेमका विषयमा शृङ्गार रसका विषयमा कविता लेखिने एकप्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता गजल हो ।[1]

### ६.१.१ 'गजल' शब्दको व्युत्पत्ति

'गजल' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[2] ग+ज+अल पदहरूको यौगिक विधानबाट गजल शब्दको व्युत्पादन भएको हो ।[3] यसमा 'ग' को अर्थ वाणी, 'ज' को अर्थ स्त्री र 'अल' को अर्थ 'को' अथवा साथ भन्ने हुन्छ ।[4] गजल शब्दको शाब्दिक अर्थ प्रेमिका वा स्त्रीसँग कुराकानी, स्त्रीको वाणी, प्रेमिकाका विषयमा कुराकानी, प्रणयवार्ता, यौवना नारीको वर्णन गर्नु, प्रेमको भावना व्यक्त गर्नु आदि हुन्छ भने यसको साहित्यिक पुरातन अर्थले मूलतः प्रणयविषयक काव्यको एक प्रभावकारी विधा वा भेदलाई बुझाउँछ ।[5]

गजल शब्दको व्युत्पत्ति 'गजला'बाट भएको हो भन्ने मान्यता पनि छ। गजलाको अर्थ हुन्छ 'हरिण' । हरिणको शावकलाई अरबी भाषामा गजला भनिन्छ ।[6] यसप्रकार गजल वा मृगशावकको कारुणिक स्वर तथा आर्तनादकै तात्पर्यमा गजलको अभिधेयार्थ प्रकट हुन्छ तापनि लाक्षणिक अर्थमा चाहिँ व्यक्तिको शिशुसुलभ सुकोमल हृदयमा चोट वा आघात पुग्दा अनुभूत हुने पीडाको स्वतःस्फुरित अभिव्यक्ति नै गजल हो ।[7] यसरी गजल शब्द अरबी भाषाबाट आएको भए तापनि अरबीमा गजल लेखिएको जानकारी पाइँदैन र यसको प्रारम्भिक लेखन फारसीबाट आरम्भ भएको स्वीकारिन्छ ।[8]

---

[1] वासुदेव त्रिपाठी र अन्य, ९सम्पां) नेपाली बृहत् शब्दकोश, (काठमाडौँ, ने. रा. प्र. प्र. द्दण्छद्द),पृ. ३१८ ।

2= मुहम्मद मुस्तफ खाँ 'मद्दाह' (सम्पा) **उर्दू–हिन्दी शब्दकोश** (लखनउः उत्तरप्रदेश, हिन्दी संस्थान सा.सं. सन् १९९२) पृ. १७७।

3= घनश्याम न्यौपाने 'परिश्रमी' : **गजल : शिल्पशैली र रचनाविधान**,' 'अनुराग' (वर्ष १, अंक ४, २०६१), पृ. ५ ।

4= मनु ब्राजकी **गजलगाथा** समकालीन साहित्य (वर्ष ३, अंक २, पूर्णाङ्क १०, २०५०), पृ. ४९ ।

5= घनश्याम न्यौपाने **परिश्रमी**, पूर्ववत्, पृ. ५ ।

6= ऐजन ।

7= सनतकुमार वस्ती **सबेरै आए** (अप्रकाशित सृजनापत्र, त्रि.वि. कीर्तिपुर, २०५३), पृ. ३ ।

8= कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ३१६ ।

### ६.१.२ गजलको परिभाषा

फारसी भाषामा जन्मिएको गजल उर्दू कविताको सर्वश्रेष्ठ अद्‌भुत र सशक्त काव्यरूप हो । विकसित हुँदै जाँदा हिन्दी र नेपाली भाषामा पनि गजल लेख्ने काम प्रशस्त मात्रामा भएको पाइन्छ। गजल विधाका सम्बन्धमा धेरै पहिलेदेखि गजल विधाका अध्येताहरूले टीकाटिप्पणी गर्नुका साथै परिभाषित गर्ने प्रयास पनि गरिएको पाइन्छ ।

उर्दू-हिन्दी शब्दकोशअनुसार 'गजल उर्दू र फारसी कविताको एक प्रकार हो, जसमा पाँचदेखि एघार सेर हुन्छन् । सबै सेर एउटै रदिफ एवम् काफियामा आबद्ध हुन्छन् र प्रत्येक सेरको विषयवस्तु पृथक हुन्छ। पहिलो सेरलाई मतला भनिन्छ जसमा दुवै मिसरा अनुप्रासयुक्त हुन्छन् भने अन्तिम सेरलाई मक्ता भनिन्छ। जसमा गजलकारले आफ्नो उपनामको प्रयोग गर्दछ। गजलको सङ्ग्रहलाई दिवान भनिन्छ' भनी परिभाषित गरिएको छ।[9] बृहत हिन्दी कोशले गजललाई मुक्तककाव्यको भेदका रूपमा लिँदै 'गजल फारसी उर्दूमा मुक्तक काव्यको एक भेद हो, जसको मुख्य विषय प्रेम हुन्छ' भनेको छ ।[10]

श्यामसुन्दर दासले यसलाई शृङ्खलाबद्ध कथा नभएको फारसी र उर्दूको विशेषतः शृङ्गार रसको एक कविताका रूपमा अर्थ्याएका छन् ।[11] चायन गोविन्द पुरीले चाहिँ गजललाई उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ काव्यरूप भनेका छन् ।[12] नेपाली बृहत् शब्दकोशले भने गजललाई 'विशेषतः प्रेमका विषयमा शृङ्गार रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता' भनेर चिनाएको छ ।[13] नेपाली शब्दसागर अनुसार 'शृङ्गार रस वा प्रेम प्रसंगको कविता, कुनै छन्दबद्ध नभई अन्तिम तुकमात्र हुने श्रृङ्गारिक कविता' भनेर गजललाई परिभाषित गरिएको छ।[14] प्रयोगात्मक नेपाली शब्दकोशमा 'प्रायः प्रेमलाई विषय बनाई लेखिने एक प्रकारको कविता गजल हो' भनिएको छ।[15] घनश्याम न्यौपाने 'परिश्रमी' ले भने गजलको परिभाषा यसरीदिएका छन्- 'सङ्क्षेपमा भन्दा गेयताभावको तीब्रता, शैलीको चमत्कारपूर्णता र अर्थको सहज व्यापकताले युक्त कुनै एउटा बहरमा आबद्ध, शुद्ध र सन्तुलिन काफिया, रदिफ आदिको सुसज्जित स्वतन्त्र अस्तित्व भएको प्रभावकारी सेरहरूको समष्टि रूप गजल हो ।'[16]

गजल परम्परालाई नियाल्दा गजलले प्रारम्भ कालदेखि वर्तमान अवस्थासम्म आइपुग्दा यो शृङ्गारिक पद्य रचनामात्र नभएर युगानुकुल विषयगत विविधता अँगाल्न सक्ने

---

9= मुहम्मद मुस्तफा 'खाँ' मद्दाह, पूर्ववत् पृ. १७७ ।

10= कालिकाप्रसाद र अन्य (सम्पा.) **बृहत् हिन्दीकोश** (वनारसः ज्ञानमण्डल लिमिटेड, दो.सं. संवत् (२०२०), पृ. २७८ ।

11= श्यामसुन्दर दो.सं. (सम्पा.), **हिन्दी शब्दसागर** (तृतीय भाग) (भारत सरकार, सन् १९६७), पृ. १२१० ।

12= चायन गोविन्द पुरी, क**गजल एक अध्ययन** (नई दिल्लीः सिमान्त प्रकाशन, सन् १९८३), पृ. ३४ ।

13= वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौं, ने.रा.प्र.प्र. २०५२), पृ. ३१८ ।

14= वसन्तकुमार शर्मा 'नेपाल,' (सम्पा.) **नेपाली शब्दसागर** (काठमाडौं भाभा पुस्तक भण्डार, २०५७), पृ. ३४२ ।

15= हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश**, (काठमाडौं विद्यार्थी प्रकाशन प्रा.लि. २०६१), पृ. २३४ ।

16= घनश्याम, न्यौपाने 'परिश्रमी' पूर्ववत् पृ. २७८ ।

सशक्त विधाका रूपमा देखापरेको छ। यसर्थ गजलको विषयगत विविधता र विधागत संरचनालाई ध्यानमा राखी सङ्क्षेपमा यसरी परिभाषित गर्न सकिन्छ। सरल, सहज र सुकोमल शब्दसज्जाका साथ विषयगत विविधतालाई अँगाली भावनाको तीव्रतम अनुभूति दिने किसिमले लेखिएको गेयात्मक र लयात्मक सङ्क्षिप्त पद्य रचना नै गजल हो।[17]

### ६.१.३ गजलको संरचना र तत्त्वहरू

काव्यको एक भेद मानिने गजलका आफ्नै वैशिष्ठ्यहरू पाइन्छन्। तिर्नै वैशिष्ठ्यहरूले गर्दा नै कुनै एक विधा अर्को विधाबाट छुट्टिन्छ। गजलको संरचना भन्नाले गजल बन्न चाहिने आन्तरिक र बाह्य तत्त्वहरूको समष्टि रूप भन्ने बुझिन्छ। गजलका लागि आवश्यक तत्त्वहरू निम्नलिखित छन्।

(क) सेर

सेर अरबी भाषाको पुलिङ्गी शब्द हो।[18] एउटा सेरमा दुई पङ्क्ति हुन्छन्। सेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई मिसरा-ए-उला' र द्वितीय वा तल्लो पङ्क्तिलाई 'मिसरा ए-सानी' भनिन्छ। हरेक सेरको मिसरा ए-उलाले कुनै विषयको उपस्थापन गर्दछ र मिसरा ए-सानीले त्यसलाई निरूपणसहित पुष्टि गर्दछ।[19] एउटा गजलभित्र कतिसम्म सेरहरू हुन्छन् भन्ने सम्बन्धमा विद्वान्हरूबीच मतभेद देखिन्छ। यो सङ्ख्या कतै पाँचदेखि एघारसम्म[20] कतै पाँचदेखि पन्ध्र सेरसम्म[21], कतै पाँचदेखि सत्रसम्म[22] हुन्छ भनिएको पाइन्छ भने भीमनिधि तिवारीले ८,१०,१२,१६,२०,२४,३०, ३२,४०,४८,५० हरफ रहने कुरा उल्लेख गरेको देखिन्छ।[23] तीन सेरयुक्त गजल लेखिने र गाइने समेत गरिएकाले गजलमा कम्तीमा तीन सेरदेखि वस्तुपरकताको प्रवेश नहुन्जेलसम्मका जतिसुकै सेर भए पनि खासै फरक नपर्ने देखिन्छ। पृथक-पृथक विषयवस्तुमा संरचित सेरहरू भएको गजललाई 'गजल गैरमुसलसल' भनिन्छ भने एउटै विषयवस्तुका सेरहरू भएको गजललाई 'गजल मुसलसल' भनिन्छ।[24]

(ख) काफिया

---

17= मुकुन्दप्रसाद काफ्ले **मनुब्राजाकीको गजलकारिता**, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ २०६३), पृ. २८।
18= धीरेन्द्र बर्मा र अन्य (सम्पा.) **बृहत् हिन्दीकोश** (वनारसः ज्ञानमण्डल लिमिटेड दो.सं. सम्बत २०१३), पृ. २७८।
19= घनश्याम न्यौपाने 'परिश्रमी', पूर्ववत्, पृ. ९।
20= मुहम्मद मुस्तफा खाँ मद्दाह, पूर्ववत् पृ. १७७।
21= नगेन्द्र, पूर्ववत्, पृ. ३२४।
22= धीरेन्द्र बर्मा, पूर्ववत्, पृ. २७९।
23= भीमनिधि तिवारी, **बयासी र बीस गजल मेरी** चौ.सं. (स्वयम् २०१०), भूमिका खण्डबाट।
24= घनश्याम न्यौपाने 'परिश्रमी', **साहित्य सन्दर्भ** (वीरगन्ज नारायणी बुक्स एन्ड स्टेसनर्स, २०५५), पृ. ७५।

'काफिया' अरबी भाषाको पुलिङ्गी शब्द हो र यसको अर्थ 'बारम्बार आउने' भन्ने हुन्छ ।[25] गजलको मतला भागमा भएका दुवै मिसरामा काफियाको प्रयोग अनिवार्य हुन्छ भने अन्य सेरहरूमा दोस्रा-तेस्रा पङ्क्तिमा पनि यसको प्रयोग आवश्यक हुन्छ ।[26] गजलमा काफियाको उपस्थिति अनिवार्य मानिन्छ ।

(ग) रदिफ

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[27] यसको शाब्दिक अर्थ घोडा वा उँटमा पछाडि बसेको व्यक्ति तथा गजलमा काफियाभन्दा पछि आउने शब्द भन्ने हुन्छ ।[28] रदिफलाई गजलको अनिवार्य तत्त्व नमाने तापनि यसले गजलको सौन्दर्य प्रशाधनमा महत्त्वपूर्ण भूमिका खेल्ने र गायनमा श्रुतिमधुर समेत हुने हुनाले अधिकांश गजलकारहरू यसलाई त्याग्नै सक्तैनन् ।[29] रदिफ प्रयोग गरेको गजललाई 'मुरद्दफ' भनिन्छ भने नगरिएको गजललाई 'गैरमुरद्दफ' भनिन्छ ।[30]

(घ) गजलको पहिलो सेरलाई मतला/मत्ला भनिन्छ । मतलाको शाब्दिक अर्थ 'उदय हुन्छ' वा 'आरम्भ हुनु' भन्ने हुन्छ ।[31] कसैले मतलायुक्त प्रथम सेरलाई 'मतला-ए-उला' र त्यसपछिका मतलाहरूलाई 'मतला-ए-सानी' भन्ने गरेका छन् ।[32] कसै कसैले चाहिँ पहिलो मतलालाई मतला-ए-उला, दोस्रो मतलालाई मतला-ए-सानी, तेस्रो मतलालाई मतला-ए-सोम र चौथो मतलालाई 'मतला चहारम' भनिने धारणा व्यक्त गरेका छन् ।[33]

(ङ) मकता

**मकता** अरबी भाषाको पुलिङ्गी शब्द हो ।[34] गजलको अन्तिम सेरलाई मकता भनिन्छ । यस शब्दले 'समाप्ति' वा काटिएको अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भने मकता भनेको गजललाई टुङ्ग्याउने अवयव वा अन्तिम सेर हो ।[35] यसमा गजलकारले

---

25= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१७ ।
26= ऐजन, पृ. ३१७ ।
27= मुहम्मद मुस्तफ खाँ 'मद्दाह', पूर्ववत् पृ. ५६७ ।
28= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१७ ।
29= घनश्याम न्यौपाने 'परिश्रमी', पूर्ववत्, पृ. ११ ।
30= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१७ ।
31= ऐजन, पृ. ३१७ ।
32= मनु ब्राजाकी, पूर्ववत्, पृ. ५५ ।
33= नरेश नदीम **उर्दू कविता और छन्दशास्त्र**, (दिल्ली सारांश प्रकाशन, सन् १९९९), पृ. १२ ।
34= कालिकाप्रसाद र अन्य (सम्पा.), पूर्ववत्, पृ. १०१४ ।
35= घनश्याम न्यौपाने 'परिश्रमी,' **गजल : शिल्प शैली र रचना-विधान**, अनुराग, पूर्ववत्, पृ. १२ ।

आफ्नो उपनाम पनि प्रयोग गरेको हुन्छ । यदि उपनामको प्रयोग गरिएको छैन भने यसलाई मकता नभनी अन्तिम सेर नै भन्नुपर्छ ।[36]

36= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१७ ।

(च) तखल्लुस

तखल्लुस भनेको कविको छोटो नाम वा उपनाम हो ।[37] यो अरबी भाषाको पुलिङ्गी शब्द हो ।[38] गजलकारले सामान्यतः गजलको अन्तिम सेरमा तखल्लुस प्रयोग गर्छन् ।[39] तखल्लुस गजलका लागि अनिवार्य मानिदैन तर यसले गजल कसको हो भनी चिनाउने कार्यचाहिँ गर्छ ।[40] यसको प्रयोग मूलतः अर्थको चमत्कारका लागि गरिएको हुन्छ ।[41]

(छ) बहर

गजल मूलतः क्लासिकल र टेक्निकल (प्राविधिक) साहित्य र सङ्गीतसँग सम्बन्धित काव्यविधा हो । यसको संरचना आधुनिक गीत कविता जस्तै सहज र मुक्त शैलीमा हुन सक्तैन । बहरबद्धता गजलका लागि अपरिहार्य मानिन्छ ।[42] अरबी फारसी ढाँचाअनुसार उर्दूमा जुन छन्दको प्रयोग गरिन्छ, त्यसलाई 'बहर' भनिन्छ ।[43] उर्दू-फारसी गजलमा बहर अरकानबाट बन्दछन् । अरकान भनेको संस्कृत छन्दको गण-व्यवस्था जस्तै हो । गण वा वजन पनि विविध धर्म वा रुक्नबाट तयार हुन्छन् । संस्कृतमा तीन-तीन अक्षरको समूहबाट प्रत्येक गण निर्माण भएजस्तो एकरूपता भने फारसी उर्दूमा प्रचलित रुक्नमा देखिँदैन किनभने यहाँ कतै तीन, कतै चार तथा यसभन्दा बढी तथा घटी अक्षरहरूको मेलबाट पनि रुक्नको निर्माण हुने गर्छ ।[44]

गजल रचना हेतु बहरका लागि आवश्यक मुख्य रुक्नहरू यसप्रकार छन् :-

(१) मफाईलुन ( । ऽऽऽ )
(२) मुस्तफ्इलुन ( ऽऽ । ऽ )
(३) फाइलातुन (ऽ । ऽऽ )
(४) फऊलुन् ( । ऽऽ )
(५) फाइलुन् ( ऽ । ऽ )
(६) मुतफाइलुन ( ॥ ऽ । ऽ )
(७) मुफाइलतुन् ( । ऽ ॥ ऽ )
(८) मफ्ऊलात ( ऽऽऽ । )[45]

---

37= घनश्याम न्यौपाने 'परिश्रमी', पूर्ववत्, पृ. १२ ।
38= कालिप्रसाद र अन्य, पूर्ववत्, पृ. ५४४ ।
39= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१७ ।
40= ऐजन, पृ. १२ ।
41= घनश्याम न्यौपाने, पूर्ववत्, पृ. १२ ।
42= ऐजन : १३ ।
43= धीरेन्द्र बर्मा र अन्य, पूर्ववत् पृ. ५५६ ।
44= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१८ ।
45= घनश्याम न्यौपाने 'परिश्रमी', **साहित्यसन्दर्भ**, (वीरगञ्ज : नारायणी बुक्स एन्ड स्टेसनर्स, २०५५), पृ. ७५ ।

यिनै रुक्नहरूलाई मिलाएर बनाइने बहरहरू यसप्रकार छन् :-

| | |
|---|---|
| १. हजज | मफाईलुन् ×४ |
| २. रजज | मुतुफाईलुन् ×४ |
| ३. रमल | फाइलातुन् ×३ फाइलुन् |
| ४. मुताकारिब | फऊलुन् ×४ |
| ५. वाफिर | मुफाइलातुन् ×४ |
| ६. मुतदारिक | फाइलुन् ×४ |
| ७. मुनसरिह | मुस्तफेलुन्-मफउलात् ×२ |
| ८. मुक्तजब | मुस्तफ्इलुन्-फायलुन्×२ |
| ९. मुजारअ | मफ्ऊल-फाइलातुन×२ |
| १०. खफिफ | फाइलातुन्, मुफाइलुन्, फाइलातुन् |
| ११. मुज्तस | मफाईलुन्-फअलातुन्×२ |
| १२. तविल | फऊलुन्-मुफाइलुन् ×२ |
| १३. कामिल | रजजजस्तै |
| १४. मुदिद | फऊल्-फेलुन्×३ |
| १५. बसित | मुस्तफ्इलुन्-फाइलुन्×२ |
| १६. सरिअ | मुस्तफ्इलुन्-फाइलुन्×२ |
| १७. करिब | फाइलातुन्-मुस्तफइलुन् |
| १८. मुसाकिल | फाइलात, मुफाईल, मुफाइल |
| १९. जदिद | फाइलातुन्, मुस्तफ्इलुन्[46] |

(ज) भाव

भाव भन्नाले चिन्तन वा कल्पना तरङ्गका क्रममा मनमा उत्पन्न हुने कुनै भाव वा विचारको साथै कथन वा लेखनको मुख्य अभिप्रायलाई बुझिन्छ ।[47] गजल एउटा साहित्यिक सिर्जना विशेष भएकाले विषयवस्तु वा भाव यसका लागि पनि एउटा अनिवार्य घटक हो ।[48] गजल शब्दको अर्थ नै शृङ्गारसम्बन्धी भएकाले यसमा प्रेमभावनाको चित्रण हुनु स्वाभाविकै हो । अधिकांशतः गजलहरू शृङ्गार रसका नै छन् । गजल शृङ्गार विषयको अभिव्यक्तिको मात्र सशक्त माध्यम होइन, यसमा शृङ्गारइतर विषयलाई पनि त्यत्तिकै मिठासपूर्ण पारेर

46= कृष्णहरि बराल, पूर्ववत्, पृ. ३१९ ।
47= वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. १००९ ।
48= सनतकुमार वस्ती, पूर्ववत्, पृ. ५ ।

प्रस्तुत गर्ने सामर्थ्य छ ।[49] आधुनिक सन्दर्भमा गजलमा विविध पीडा व्यक्त गरिएको हुनाले गजलमा भावगत विविधता पाइन्छ, जुन महत्त्वपूर्ण हुन्छ ।

(झ) भाषाशैली

भाषा भनेको विचार विनिमयको एक सशक्त माध्यम हो । मनका आशय वा विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द, ध्वनि वा वाक्यहरूको समूहलाई भाषा भनिन्छ। शैलीले साहित्यिक रचनाका लेखकका व्यक्तित्व विशेषताको छाप वा विषयवस्तुका अनुकुल भाव अभिव्यक्त हुने खास ढाँचालाई बुझाउँछ ।[50] गजलमा प्रतीकको जति जीवन्त र कुशल प्रयोग गरिन्छ, गजल उत्ति नै जीवन्त र विशिष्ट बन्दछ । गजल जति कोमल भयो, उति नै मर्मस्पर्शी हुने गर्दछ । गजल जति तरल भयो, उति नै सरल र सुललित बन्ने गर्दछ ।[51]

**६.१.४ नेपाली गजलपरम्परा**

फारसी भाषामा आरम्भिक लेखन सुरु भएको गजल विधा उर्दू हिन्दी हुँदै नेपाली भाषामा प्रवेश गरेको पाइन्छ । नेपाली भाषामा गजल लेख्ने काम मोतीराम भट्ट (१९२३-१९५३) मानिन्छन् । नेपालमा फारसी-उर्दू गजल गायन परम्परा धेरै लामो रहेको परिप्रेक्ष्यमा गजललेखन र गायन परम्परा धेरै अगाडिबाट हुनसक्ने सम्भावना यथावत रहे तापनि अहिलेसम्म अनुसन्धानबाट मोतीराम भट्टलाई नै नेपाली गजल लेखनका प्रथम बिन्दुका रूपमा स्वीकार गर्नुपर्ने हुन्छ ।[52] मोतीराम भट्टबाट आरम्भ भएको नेपाली गजल लेखनको परम्पराले सवासय वर्ष पार गरिसकेको छ । नेपालीसाहित्यको माध्यमिक कालबाट प्रवेश पाएको मानिने यस विधाको परम्परालाई विभिन्न विद्वान्हरूबाट विभिन्न किसिमले चरण विभाजन गरी अध्ययन गर्ने काम भएको छ । दुबसु क्षेत्रीले नेपाली गजलको काल विभाजन गर्ने क्रममा मोतीराम भट्टदेखि प्राथमिक काल, भीमनिधि तिवारीदेखि माध्यमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिक काल सुरु भएको बताएका छन्[53] भने ललिजन रावलले मोतीराम भट्टदेखि प्राथमिक काल र ज्ञानुवाकर पौडेलदेखि आधुनिक (पुनर्जागरण) काल आरम्भ भएको बताएका छन् ।[54] कृष्णहरि बरालले भने नेपाली गजललेखनको परम्परालाई तीन चरणमा बाँडेर हेरेका छन् । उनले वि.सं. १९४१ देखि २००२ सम्मको समय पहिलो

49= रमा शर्मा, **केही चिन्तन**, (काठमाडौँ : ने.रा.प्र.प्र.२०४८), पृ. १५८ ।
50= ऐजन, पृ. १२६७ ।
51= दुबसु क्षेत्री, **समसामयिक नेपाली गजल**, काठमाडौँ, नेपाली गजल, काठमाडौँ: वसुन्धरा प्रकाशन, २०५०, पृ. १३३ ।
52= टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, नेपाल: अतिरिक्त प्रकाशन, (२०५९), पृ. ३० ।
53= दुबसु क्षेत्री, पूर्ववत्, पृ. ६० ।
54= ललिजन रावल, **समकालीन नेपाली गजल**, (बगर प्रकाशन (२०४७), पृ. ६ ।

चरण, २००३ देखि २०३५ सम्मको समय दोस्रो चरण र २०३६ देखि हालसम्मको समयलाई तेस्रो चरण भनी विभाजन गरेका छन् ।[55]

यसरी विभिन्न विद्वान् र अध्येताबाट नेपाली गजलपरम्परालाई विभिन्न चरणमा बाँड्ने प्रयत्न भएको भए तापनि नेपाली गजललेखनको परम्परालाई दुई चरणमा बाँडेर हेर्नु उपयुक्त हुन्छ । साहित्यको कालविभाजनलाई कुनै दशक वा शतक भन्नुभन्दा लेखनशैली, विषयगत भिन्नता, रचनाको प्रकृति वा प्रवृत्तिलाई आधार बनाउनुपर्छ । मोतीराम भट्टदेखि ज्ञानुवाकर पौडेलको पूर्वको समयको अन्तराल लामो रहे पनि यस समयका गजलमा प्रवृत्तिगत समानता भेटिन्छ । २०३६ पश्चात् ज्ञानुवाकर पौडेलको आगमनसँगै नेपाली गजलले भिन्न प्रवृत्ति पाएको छ । तसर्थ यहाँ नेपाली गजललेखनको परम्परालाई पहिलो र दोस्रो गरी दुई कालखण्डमा विभाजन गरेर अध्ययन गर्ने चेष्टा गरिएको छ :

१) पहिलो चरण (१९४० देखि २०३५)

२) दोस्रो चरण (२०३६ देखि हालसम्म)

(१) **पहिलो चरण (१९४० देखि २०३५)**

नेपालीमा गजललेखनको प्रारम्भ मोतीराम भट्टबाट भएको मानिन्छ । मोतीरामको पाँच वर्षको उमेरमै वनारस प्रस्थान भएर त्यहाँ पाएको शिक्षा र तत्कालीन समयमा नेपालको राजदरबारमा हुने गीत गजलको गायनले पनि गजल लेखनको प्रेरणाको काम गरेका छन् । मोतीरामले आफूले मात्र गजललेखनतर्फ नलागी अरूलाई पनि आकर्षित गरे । मोतीराम भट्टले काठमाडौँ र वनारस दुवै ठाउँमा मोतीमण्डली चलाएका थिए । मोतीमण्डलीको मुख्य विशेषता समस्यापूर्ति गर्नु र कवितामा देखापरेका कमीकमजोरीहरूलाई आपसी छलफलद्वारा निराकरण गर्नु रहेको थियो । यस मण्डलीका सहकर्मीहरूमा पद्मविलास पन्त, काशीनाथ, रङ्गनाथ, चेतसिंह, तेजबहादुर राणा, नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, राजीवलोचन जोशी आदि पर्दछन् ।[56] त्यस्तै अन्य गजलकारहरूमा भीमनिधि तिवारी, शम्भुप्रसाद ढुङ्गेल आदि पर्दछन् । नेपाली गजललेखन परम्पराको प्रथम चरणलाई नियाल्दा यस चरणका गजलमा पाइने प्रमुख विशेषतामा शृङ्गारिकता, भक्तिभाव, करुणभाव, व्यङ्ग्यात्मकता, देशभक्ति आदि विशेषता पाइन्छन् ।

माथि उल्लिखित विशेषताका साथै उर्दू गजलको प्रत्यक्ष प्रभाव, समस्यापूर्ति गजललेखनपरम्पा थालिनु, प्रकाशनमा सामूहिक प्रयास र विभिन्न ग्रन्थमा गजल समावेश गरिनुलाई पनि यस प्रथम चरणका अन्य प्रवृत्तिहरूमा समेट्न सकिन्छ ।

---

55= कृष्णहरि बराल, **गजल र समकालीन गजलकारका बीच नेत्र एटम, भित्र कतै दुख्छ भने**, काठमाडौँ दोभान प्रकाशन, २०६०), पृ. ९२ ।

(२) **दोस्रो चरण** (**२०३६ देखि हालसम्म**)

उपेन्द्रबहादुर जिगरपछि नेपाली साहित्यमा गजलविधा चार दशकसम्म सुषुप्त रह्यो । यस अवधिमा एउटै पनि उल्लेख्य गजलकारहरूको उदय हुन सकेन । जसले गर्दा चार दशकसम्म सुषुप्त रहेको नेपाली गजललाई वि.सं. २०३६ देखि प्रकाशनका माध्यमले बिउँझाउने ऐतिहासिक कार्य ज्ञानुवाकर पौडेलले गरे । त्यसैले यस कालखण्डलाई पुनर्जागरण काल पनि भन्दछन् ।[57] नेपाली गजललेखनको दोस्रो चरणमा गजल विधाले विभिन्न माध्यमबाट मौलाउने मौका पायो । यस चरणका अन्य चर्चित गजलकारहरूमा ललिजन रावल, रवि प्राञ्जल, मनु ब्राजाकी, घनश्याम न्यौपाने 'परिश्रमी', विजय सुब्बा, वियोगी बुढाथोकी, नेत्र एटम, कृसु क्षेत्री जस्ता थुप्रै-थुप्रै गजलकारहरूले गजलको वर्षा नै गराए र गराइरहेका छन् । माथि उल्लिखित पुस्तकाकार गजल लेख्ने गजलकारबाहेक फुटकर रूपमा गजल लेख्ने थुप्रै गजलकारहरू पनि देखिएका छन् ।

शैली र प्रवृत्तिगत भिन्नताले पहिलो चरण र दोस्रो चरणका नेपाली गजलमा समानता देखिन्छ । आधुनिक नेपाली गजल शृङ्गारिक संस्कृतिको घेराबन्दी निकै माथि उठिसकेको छ । सुन्दरीका शरीरको अङ्गप्रत्यङ्ग वर्णन गर्ने मात्र होइन, क्रान्तिचेतनाका गजलहरू पनि लेखिन थालेका छन् । नेपाली गजललेखनको दोस्रो चरणका गजलको अध्ययन गर्दा, राजनैतिक स्वर, शृङ्गारिकता, मानवतावादी जीवनदृष्टि, व्यङ्ग्यचेत, नागर जीवनप्रतिको वितृष्णाजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

### ६.१.५ नेपाली गजलपरम्परामा वियोगी बुढाथोकी

फारसी उर्दू साहित्यको लोकप्रिय काव्यविधा गजललाई मानिन्छ । आज आएर यो विधाले धेरै भाषामा मौलाउने मौका पायो । **रोदकी** नामक फारसी शायरले इशाको दसौं शताब्दीमा गजल विधाको सर्वप्रथम सूत्रपात गरेका हुन् । मूलतः फारसी र उर्दू साहित्यिक जमिनमा महत्त्वपूर्ण स्थान ओगटेको र सर्वाधिक मौलाएको गजलविधाले हिन्दी साहित्यमा इशाको तेह्रौं शताब्दीमा प्रवेश पाइसकेको देखिन्छ । अमीर खुसरो हिन्दी गजलका अभिभावक मानिन्छन् । नेपाली साहित्यिक धरातलमा भने यस विधाले झण्डै एक शताब्दीपूर्व मात्र प्रवेश पाएको हो र यसका प्रवर्तक नेपाली साहित्यको माध्यमिक कालको मेरुदण्डका रूपमा ख्यातनामा स्रष्टा युवाकवि मोतीराम भट्ट हुन् भन्ने कुरालाई आजपर्यन्तको खोजअनुसन्धानले पुष्टि गरेको छ ।[58]

---

56= कृष्णप्रसाद दाहाल, **बहुआयामिक व्यक्तित्व मोतीराम भट्ट**, गरिमा (वर्ष १३, अंक ९, पूर्णाङ्क १५३, २०५२ भदौ), पृ. ७० ।
57= घनश्याम न्यौपाने 'परिश्रमी', **गजल शिल्पशैली र रचनाविधान**, अनुराग, पूर्ववत्, पृ. २५ ।
58= टीकाराम उदासी, पूर्ववत्, पृ. ९ ।

नेपाली गजललेखन परम्परामा प्रथम चरण (१९४० देखि २०३५ सम्म) मा देखापरेका केही प्रमुख साहित्यकारहरूमा मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त 'इन्दु,' रत्नलाल रत्न, नरदेव पाण्डे, मियाँ अम्जद हुसेन, गजब, शम्भुप्रसाद ढुंगेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर 'जिगर' आदि छन् भने द्वितीय चरण (२०३६ देखि हालसम्म) मा प्रारम्भकर्ता ज्ञानुवाकर पौडेल लगायत मनुब्राजाकी, ललिजन रावल, रवि प्राञ्जल, धर्मोगत शर्मा 'तुफान,' घनश्याम न्यौपाने 'परिश्रमी,' बुँद राना वियोगी बुढाथोकी, नेत्र एटम लगायत थुप्रै गजलकारहरूले कलम चलाइरहेका छन् ।

उल्लिखित गजलकारहरूसँग तुलना गरेर हेर्दा वियोगी बुढाथोकी केही गजलकारका विशेषताभित्र अटाउन सक्ने देखिन्छन् भने केही उनका छुट्टै विशेषता रहेका छन् । वियोगी बुढाथोकीलाई विभिन्न गजलकारहरूसँग तुलना गरेर हेर्दा गजलको संरचना, विषयवस्तु ( भाव), भाषाशैली, गजलको गुणात्मक र संख्यात्मक दृष्टिमा सशक्त नै देखिन्छन् । उनका दुईवटा गजलसङ्ग्रह **आफन्तका चोटहरू** (२०५२) र **गजल तिम्रो नाम होइन** (२०६३) प्रकाशित छन् ।

नेपाली कविताका युवा हस्ताक्षरहरू विजय वजिमय, दिव्य गिरी र वियोगी बुढाथोकीले गजल रचना गर्दा गजलको केन्द्रीय रूप विधानलाई आत्मसात् नगरिकनै लहडबाजीमा मात्र गजल लेखेको अनुभव उनका पूर्ववर्ती गजलहरू पढ्दा हुन्छ । खास गरेर मात्रा र काफिया प्रयोगका दृष्टिले निकै दोषहरू गजल लेख्न रहर गर्ने धेरै नयाँ कविहरूमा भेटिन्छ । त्यस प्रक्रियाले गजलको मौलिक स्वरूपमा नै एक किसिमको प्रश्नचिन्ह लगाएको छ । वजिमय, गिरी र बुढाथोकीका यहाँ सङ्कलित गजलहरू भने निकै सन्तुलिन र सार्थक छन् । यसैगरी गम्भीरतापूर्वक गजल रचनातिर अग्रसर भएमा यी कविहरूले ज्यादै राम्रा गजलहरू दिनसक्ने विश्वास बटुल्न सकिन्छ ।[59] वियोगी बुढाथोकीका दुईवटा गजलसङ्ग्रहहरू प्रकाशित देखिन्छन् । उनको पहिलो गजलसङ्ग्रह **आफन्तका चोटहरू**मा एकसट्ठी वटा गजल सङ्कलन गरिएका छन्[60] र **गजल तिम्रो नाम होइन** मा एकहत्तर वटा गजल सङ्कलित छन् ।[61] यिनका गजलमा प्रेमका संयोग अनि वियोग भावका साथै समकालीन विकृतिहरूप्रति व्यङ्ग्य पनि प्रहार गरिएको पाइन्छ । देशमा भइरहेको बेश्यावृत्तिको सङ्केत, प्रजातन्त्रको चाहना, आशावादी दृष्टि, निराशा आदिको अभिव्यक्ति उनका गजलमा भएको छ भने अश्लीलताको छनक पनि उनका केही गजलमा देखिन्छ । यिनले पूर्ण र आंशिक दुवै प्रकारको काफियाको प्रयोग गरेका छन् भने केही मात्रामा आन्तरिक अनुप्रासको प्रयोग पनि गरेका छन् । आक्षरिक लयविधानको प्रयोग यिनका

59= ललिजन रावल, पूर्ववत्, पृ. ११ ।

60= वियोगी बुढाथोकी, **आफन्तका चोटहरू** (काठमाडौँ : शकुन्तला बुढाथोकी, २०५२), पृ. १-६१ ।

61= वियोगी बुढाथोकी, **गजल तिम्रो नाम होइन** (काठमाडौँ : शिवपुरी साहित्य, समाज, २०६३), पृ. १-७१ ।

गजलमा पाइन्छ। काफिया मिलाउन शब्दको अनावश्यक विचलन पनि यिनले गरेका छन् ।[62]

समग्रमा भन्नुपर्दा वियोगी बुढाथोकीको कलम कविताका अतिरिक्त गजलमा पनि उत्तिकै सशक्तताका साथ चलेकाले केही सामान्य दोषहरू उनका गजलमा देखिए पनि सङ्ख्यात्मक र गुणात्मक दृष्टिले कम छैनन्। बुढाथोकी गजल लेखनमा हालसम्म पनि सक्रिय नै रहँदै आएकाले उनीबाट अझै उत्कृष्ट गजलहरू प्रशस्त मात्रामा पाउने आशा राख्न सकिन्छ। यसरी हेर्दा गजलकार बुढाथोकी नेपाली गजल परम्परामा एक प्रखर प्रतिभा बन्न पुगेका छन्। यसमा उनको नाम उल्लेख नगर्दा गजलकारमा उनलाई सोह्रैआना अन्याय गरेकै ठहर्छ।

62= कृष्णहरि बराल, पीएचडी, अप्रकाशित शोधप्रबन्ध, **गजल परम्परामा मोतीराम भट्टको** गजलकारिता, २०६३, पृ. ३०० ।

# परिच्छेद सात

# वियोगी बुढाथोकीका गजलसङ्ग्रहहरूको विश्लेषण

## ७.१ 'आफन्तका चोटहरू' गजलसङ्ग्रहको विश्लेषण

**आफन्तका चोटहरू** गजलकार वियोगी बुढाथोकीको पहिलो प्रकाशित गजल सङ्ग्रह हो जसको विश्लेषण र समीक्षा गर्न आवश्यक र सान्दर्भिक छ ।

### ७.१.१ 'आफन्तका चोटहरू' गजलसङ्ग्रहको परिचय

वि.सं. २०३२ सालमा **यहाँ यस्तै–यस्तै रहेछ** कविता लेखेर साहित्यिक यात्रा अगाडि बढाएका वियोगी बुढाथोकी कविका अतिरिक्त गजलकार पनि हुन् । हालसम्म उनका दुईवटा गजलसङ्ग्रह प्रकाशित छन् । उनको पहिलो गजल **आफन्तका चोटहरू** (२०५२) हो । यस गजलसङ्ग्रहमा एकसट्ठीवटा गजल सङ्कलन गरिएका छन् । ती गजलहरूका शीर्षक, सेरसङ्ख्या, काफिया, रदिफ तथा खल्लुस रहेको वा नरहेको अनि लययोजना अक्षरमा वा सङ्केतका आधारमा निम्नलिखित तालिकामा स्पष्ट पारिएको छ :

| क्र. सं. | गजलको शीर्षक | सेर सङ्ख्या | काफिया | रदिफ | तखल्लुस | लययोजना |
|---|---|---|---|---|---|---|
| १ | चिच्याएर एक दुई तीन | ७ | + | + | + | १०+६=१६ |
| २ | गाउँमा थिए एक्लो | ६ | + | + | - | १०+६=१६ |
| ३ | अनुमान भएन | ७ | + | + | - | १२+६=१८ |
| ४ | झरेको त्यो पात भयौ | ५ | + | - | - | ८+६=१४ |
| ५ | एकान्तलाई खोज्छु | ६ | + | - | + | ९+७=१६ |
| ६ | बाँच्ने रहरमा | ५ | + | - | - | ८+४=१२ |
| ७ | एक छेउ देऊ | ५ | + | - | - | ६+४=१० |
| ८ | माथिबाट तल झरें | ५ | + | - | - | ६+७=१३ |
| ९ | होशमा छौ कि बेहोशमा | ५ | + | - | - | ८+६=१४ |
| १० | किन बोलायौ बिर्सिएर | ५ | + | + | - | ९+७=१६ |
| ११ | मनमा घाम लागिसक्यो | ५ | + | + | - | ९+८=१७ |
| १२ | शहरको मध्ये भागमा | ५ | + | + | - | १०+१०=२० |
| १३ | पाइतालाले टेक्ने ठाउँमा | ५ | + | + | - | ८+६/७=१४/१५ |
| १४ | उनको पत्र खोज्दै बस्छु | ६ | + | - | - | ९+८=१७ |
| १५ | कुन मसीले लेखीपठाऊँ | ६ | + | - | - | ९+७/८=१६/१७ |
| १६ | हाँसेर बाँच्ने चाहनामा | ६ | + | - | - | १०+९/१० =१९/२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | कति पोखुँ शब्दको | ५ | + | - | - | ६+६=१२ |
| १८ | हिजोसम्म अँध्यारोमा | ५ | + | + | - | ८+८/७=१६/१५ |
| १९ | बिर्सिएर यता नआऊ | ५ | + | - | + | ८+८=१६ |
| २० | आँखा जल्ने भो | ५ | + | + | - | २+३=५ |
| २१ | कुन लक्षणले च्यातिदियो | ५ | + | - | - | ८+८=१६ |
| २२ | सुख्खा थियो मनको फाँट | ५ | + | + | - | ८+८/७=१६/१५ |
| २३ | कति सस्ता भए आँखा | ५ | + | + | + | ८+८=१६ |
| २४ | फूलको बोट सार्छु | ४ | + | + | - | ८+७=१५ |
| २५ | देख्न सकिन्न | ४ | + | + | - | ५+७=१२ |
| २६ | आँखाभित्र लुक्ने मनलाई | ५ | + | + | + | ९+८=१७ |
| २७ | सम्झनाले नपोलोस् भन्छु | ५ | + | + | - | ९+९=१८ |
| २८ | इच्छाहरू एकरातमै | ६ | + | + | - | ७+६=१३ |
| २९ | तन जल्छ, मन बल्छ | ५ | + | + | - | ८+१०=१८ |
| ३० | काँचो इच्छाको मन | ४ | + | + | - | ८+७=१५ |
| ३१ | हतार किन | ५ | + | + | - | ८+८=१६ |
| ३२ | कता खोज्दै हिँडूँ अब | ५ | + | + | - | ८+८=१६ |
| ३३ | यौवन मन आजकल | ५ | + | + | - | १०+९=१९ |
| ३४ | सज्जनको कोट लगाए पनि | ५ | + | + | - | १०+७=१७ |
| ३५ | आलिंगनको बाँध | ५ | + | + | - | १३+७=२० |
| ३६ | कस्तो सहरमा पसिएछ | ५ | + | + | - | ९+८=१७ |
| ३७ | कसरी पोखियो प्यास | ८ | + | + | - | ८+४=१३ |
| ३८ | आक्रोशको आगो बल्छ | ५ | + | - | - | ८+६/८=१४/१६ |
| ३९ | रातसँगै हिँडिरह्यो | ६ | + | - | - | ८+८=१६ |
| ४० | नपुगेर तिम्रो माया | ४ | + | - | - | ८+७/९=१५/१७ |
| ४१ | निश्चल थियो मनको खोला | ५ | + | - | - | ५+५=१० |
| ४२ | रिसाएर अमृत दियौ | ५ | + | + | - | ९+८/७=१७/१६ |
| ४३ | मुस्कानको लोभी नजर | ५ | + | + | - | ८+७/८=१५/१६ |
| ४४ | मनमा आगो सल्किएछ | ६ | + | - | - | ८+८=१६ |
| ४५ | चिनेको त्यो अनुहार | ५ | + | + | - | ९+९=१८ |
| ४६ | जिन्दगी भन्नु | ६ | + | - | - | ११+९/१० =२०/२१ |
| ४७ | चुम्दै थिएँ | ५ | + | - | + | ८+८=१६ |
| ४८ | यो मात्तिएको रातमा | ५ | + | - | - | ८+७=१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | किन घोरिएर हेर्छ | ६ | + | - | - | ११+११=२२ |
| ५० | रहर किन सल्किएर | ४ | + | + | - | ९+८=१७ |
| ५१ | भेट नभए रिसाउने | ५ | + | + | - | ९+८=१७ |
| ५२ | कहाँ बास बसिएछ | ५ | + | - | - | ८+७=१५ |
| ५३ | हिजोमात्रै सारेथें | ५ | + | + | - | ८+७=१५ |
| ५४ | वारिपारि दुईटा फूल | ५ | + | + | - | ९+९=१८ |
| ५५ | एकै हौ कि जस्तो लाग्छ | ५ | + | + | - | ९+८=१७ |
| ५६ | मौन थिएँ सुसेलीको | ६ | + | - | - | ८+९=१७ |
| ५७ | कसले मनको आकाश | ६ | + | - | - | ८+९=१७ |
| ५८ | काउकुतीको हावा चल्दा | ७ | + | + | - | ९+९=१८ |
| ५९ | सोचेजस्तो भैदिएन | ५ | + | - | + | ९+७=१६ |
| ६० | वाग्मती म फोहोर बगें | ६ | + | - | + | ९+९=१८ |
| ६१ | जति थप्यो उति रित्याउनुछ | ९ | + | - | + | १७+४=२१ |

**७.१.२ 'आफन्तका चोटहरू'मा प्रयुक्त गजलहरूको संरचना**

संरचना कुनै वस्तुको निर्माण तत्त्व वा रचना घटकहरूको पारस्परिक समग्रता हो ।[1] गजलको संरचना भन्नाले गजल बन्नका लागि आवश्यक तत्त्वहरू बुझिन्छ । सेर, काफिया, रदिफ, तखल्लुस, बहर, भाव आदि गजलका संरचनात्मक तत्त्वका रूपमा चिनिन्छन् ।[2]

गजल निर्माण सेर सङ्ख्याका बारेमा सबैको मत एउटै छैन । गजलमा सेरको सङ्ख्या सामान्यत: पाँचदेखि एघारसम्म हुन्छ[3] भनिएको पाइए पनि यस्तो कडिकडाउ नियम कतै भेटिँदैन । सेर सङ्ख्या धेरै रहे वस्तुपरकताको प्रवेश हुने डर हुनाले गजलमा थोरै सेर सङ्ख्या हुनु राम्रो मानिन्छ ।

वियोगी बुढाथोकीको यस सङ्ग्रहभित्र चारदेखि नौ सेरसम्मका गजलहरू रहेका छन् ।

**चार सेरयुक्त गजल**

(१) फूलको बोट सार्छु

(२) देख्न सकिन्न

(३) काँचो इच्छाको मन

(४) नपुगेर तिम्रो माया

1= मोहनराज शर्मा, **शैलीविज्ञान**, (काठमाडौँ: ने.रा.प्र.प्र., द्वि.सं. २०५९), पृ. ३६ ।

2= कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास** (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. १३६ ।

3= मुहम्मद मुस्तफा खाँ, 'मुद्दाह' (सम्पा.) **उर्दू-हिन्दीकोश**, (लखनउ उत्तरप्रदेश, हिन्दी संस्थान, सां.सन् १९९२) पृ. १७७ ।

(५) रहर किन सल्किएर

**पाँच सेरयुक्त गजल**

(१) झरेको त्यो पात भयौ

(२) बाँच्ने रहरमा

(३) एक छेउ देऊ

(४) माथिबाट तल झरें

(५) कोशमा छौ कि बेहोशमा

(६) किन बोलायौ बिर्सिएर

(७) मनमा घाम लागिसक्यो

(८) शहरको मध्ये भागमा

(९) पाइतालाले टेक्ने ठाउँमा

(१०) कति पोखुँ शब्दको

(११) हिजोसम्म अँध्यारोमा

(१२) बिर्सिएर यता नआऊ

(१३) आँखा जल्ने भो

(१४) कुन क्षणले च्यातिदियो

(१५) सुख्खा थियो मनको फाँट

(१६) कति सस्ता भए आँखा

(१७) आँखाभित्र लुक्ने मनलाई

(१८) सम्झनाले नपोलोस् भन्छु

(१९) तन जल्छ मन बल्छ

(२०) हतार किन

(२१) कता खोज्दै हिँडुँ अब

(२२) यौवन मन आजकल

(२३) सज्जनको कोट लगाए पनि

(२४) आलिंगनको बाँध

(२५) कस्तो शहरमा पसिएछ

(२६) आक्रोशको आगो बल्छ

(२७) निश्चल थियो मनको खोला

(२८) रिसाएर अमृत दियौ

(२९) मुस्कानको लोभी नजर

(३०) चिनेको त्यो अनुहार

(३१) चुम्दै थिएँ
(३२) यो मात्तिएको रातमा
(३३) भेट नभए रिसाउने
(३४) कहाँ बास बसिएछ
(३५) हिजोमात्रै सारेथें
(३६) वारिपारि दुईटा फूल
(३७) एकै हौं कि जस्तो लाग्छ
(३८) सोचेजस्तो भैदिएन

**छ सेरयुक्त गजल**

(१) गाउँमा थिएँ एक्लो
(२) एकान्तलाई खोज्छु
(३) उनको पत्र खोज्दै बस्छु
(४) कुन मसीले लेखिपठाऊँ
(५) हाँसेर बाँच्ने चाहनामा
(६) इच्छाहरू एक रातमै
(७) रातसँगै हिँडिरह्यो
(८) मनमा आगो सल्किएछ
(९) जिन्दगी भन्नु
(१०) किन घोरिएर हेर्छ
(११) मौन थिएँ सुसेलीमा
(१२) कसले मनको आकाश
(१३) वाग्मती म फोहोर बगें

**सात सेरयुक्त गजल**

(१) चिच्याएर एक दुई तीन
(२) अनुमान भएन
(३) काउकुतीको हावा चल्दा

**आठ सेरयुक्त गजल**

(१) कसरी पोखियो प्यास

**नौ सेरयुक्त गजल**

(१) जति थप्यो उति रित्याउनुछ

वियोगी बुढाथोकीको यस सङ्ग्रहमा सङ्गृहित गजललाई हेर्दा उनका गजलमा सेर प्रयोगका दृष्टिले खोट लगाउनुपर्ने देखिँदैन । गजलमा चार सेरदेखि नौ सेरसम्मका प्रयोग भएको भए पनि कुनै गजलसिद्धान्त विपरीत छैनन् ।

प्रस्तुत सङ्ग्रहभित्र गजलहरूमा मतलाको पूर्ण निर्वाह भएका गजलहरू रहेका छन् । मतला खण्डका दुवै मिसरामा काफिया आवश्यक भएको र उनले प्रयोग पनि गरेको देखिन्छ ।

उक्त गजल सङ्ग्रहभित्र सङ्ग्रहित एकसठ्ठी गजलहरूमध्ये नौवटा गजलहरूमा तखल्लुसको प्रयोग सुन्दर ढङ्गले गरिएको छ भने ५२ वटा गजल तखल्लुसरहित छन् । सबै तखल्लुसमा उनले आफ्नो नाम **वियोगी**को प्रयोग गरेका छन् । यस सङ्ग्रहभित्र तखल्लुस प्रयोग भएका केही मकतालाई हेरौं :-

*हिजो-अस्ति सडकहरू स्वागतमा मुस्कान छर्थे*
*वियोगीले हिँड्ने बाटो आज किन खन्यौ भन*

*(चिच्याएर एक, दुई, तीन)*[4]

*चाहनालाई साथ दिन संयोगले निम्ता दियो*
*धन्यवाद यो वियोगीको इच्छा बुझ्ने जूनलाई*

*(कति सस्ता भए आँखा)*[5]

यसरी समग्रमा हेर्दा **आफन्तका चोटहरू** सङ्ग्रहभित्रका सबैजसो गजलहरू उत्कृष्ट नै छन् । संरचना पक्षलाई बुढाथोकीले पूर्ण रूपमा पालना गर्ने प्रयास गरेका छन् ।

### ७.१.३ 'आफन्तका चोटहरू'मा भावविधान

भाव हृदय पक्षसँग सम्बन्धित कुरा हो र कवितामा जस्तै गजलमा पनि महत्त्वपूर्ण तत्त्वका रूपमा यसलाई स्वीकारिन्छ, गजलमा सबै किसिमका भाव बाँधिन सक्छन् । कोमल र प्रभावकारी भावाभिव्यञ्जन यसैबाट पनि हुन सक्छ । प्रभावकारिता गजलमा हुनुपर्ने अर्को आवश्यक पक्ष हो ।[6] शृङ्गारिक भावको अभिव्यक्ति गजलको आरम्भ भए पनि हाल आएर यसले करुण, हास्य, शान्त, रौद्र जस्ता भावगत विविधतालाई पनि समेटेको छ । गजलकार बुढाथोकीले विविध भावहरूलाई गजलमा समेटेका छन् । तिनीहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

---

4= वियोगी बुढाथोकी, **आफन्तका चोटहरू** (काठमाडौं : शकुन्तला बुढाथोकी, २०५२), पृ. १ ।
5= ऐजन, पृ. २३ ।
6= कृष्णहरि बराल, **संदृष्टि**, (काठमाडौं : साझा प्रकाशन, २०५५), पृ. ८५ ।

**(क) शृङ्गारिक भाव**

पूर्वीय साहित्यचिन्तनमा शृङ्गार रसलाई रसराजको रूपमा लिइएको छ। गजलको व्युत्पत्तिमूलक अर्थले शृङ्गारिक पक्षलाई नै जोड दिएको छ। प्रणयसूत्रमा बाँधिएका नायक वा नायिकाको प्रेम वर्णन नै शृङ्गार हो। यसका दुई भेद छन्- सम्भोग वा संयोग शृङ्गार र विप्रलम्भ वा विरह शृङ्गार। सम्भोग वा संयोग शृङ्गारमा नायकनायिकाको संयोगान्त प्रेमको वर्णन हुन्छ भने विप्रलम्भ वा विरह शृङ्गारमा प्रेमको वियोगान्त अवस्थाको वर्णन हुन्छ। वियोगी बुढाथोकीले **आफन्तका चोटहरू** का गजलहरूमा शृङ्गारिक भावअन्तर्गतका संयोग र वियोग दुवैको प्रयोग गरेका छन्। संयोग शृङ्गार प्रयोग भएका केही उदाहरणहरू-

*गाउँमा थिएँ एक्लो म त बजारमा तिमी*
*सयौं खोज्दा बल्ल भेटें हजारमा तिमी।*

*(गाउँमा थिएँ एक्लो)*[7]

*आँखाभित्र लुक्ने मनलाई कतै भेटिसकें*
*प्रथम भेटमै हृदयको फ्रेमभित्र तस्बिर लेखिसकें।*

*(आँखाभित्र लुक्ने मनलाई)*[8]

प्रस्तुत सेरहरूमा आफ्नो मनपर्ने मानिस वा प्रेमिकासँगको संयोगको अवस्था देखाएर संयोग शृङ्गारको राम्रो परिचय दिएका छन्। प्रस्तुत सङ्ग्रहभित्र संयोग शृङ्गारका साथै विप्रलम्भ शृङ्गारको पनि प्रयोग गरिएका थुप्रै उदाहरण पाइन्छन्। जीवनमा सधैं सुखैसुख सम्भव छैन। दुःखका अवस्थाहरू पनि आइपर्दछन्। दुखानुभूतिले नै सुखको महत्त्वलाई बढाएको हो। गजलकार बुढाथोकीले आफ्ना गजलमा वियोग भावलाई कलात्मक र मार्मिक रूपमा प्रस्तुत गरेका छन्। विप्रलम्भ शृङ्गारका केही उदाहरण हेरौं :-

*फूलको बोट साछुं भन्थ्यौ बिलाई गयौ कता ?*
*खोज्दा खोज्दै साँझ पऱ्यो हराई गयौ कता ?*
*वारिपारि दुईटा फूल बीचमा एक्लै के गर्नु खै*
*दुवै उस्तै आकर्षक छन् कसको वशमा म पर्नु खै।* *(वारिपारि दुईटा फूल)*[9]

*होशमा छौ कि बेहोशमा छौ खबर ल्याएनौ*

---

7= ऐजन, पृ. २।
8 ऐजन, पृ. २६।
9= ऐजन, पृ. ५४।

*मनको कुना देखिरह्यो कठै आउँदै आएनौ ।                (होशमा छौ कि बेहोशमा)*[10]

यी सेरहरू हेर्दा आफ्नी प्रियसीसँग विछोडिँदा प्रेमीको अलाप-विलाप र छटपटीलाई देखाइएकाले विप्रलम्भ वा वियोग शृङ्गारको राम्ररी प्रयोग गरिएको पाइन्छ ।

यसरी गजलकार बुढाथोकीले गजल रचनामा शृङ्गारिक भावका अनेक पक्षलाई राम्ररी उद्घाटन गरेका छन् । मान्छे प्रेमकै कारणले बाँचिरहेको कुरा उनका गललले पुष्टि गर्दछन् । संयोग शृङ्गार र वियोग शृङ्गारको सुन्दर प्रयोगले उनका गजलहरू हृदयस्पर्शी र प्रभावकारी बन्न पुगेका छन् ।

**(ख) शान्त भाव**

संसारको अनित्यता र निस्सारताको बोधबाट उत्पन्न हुने वैरागात्मक चित्रवृत्ति शान्त रस हो ।[11] शान्त रसमा समताको भाव हुन्छ ।[12] जीवनमा आइपर्ने सुख दुःखलाई समान रूपमा भोग्नुपर्छ भन्ने व्यवहारिक ज्ञान यसले प्रदान गर्दछ ।

वियोगी बुढाथोकीको **आफन्तका चोटहरू** गजलसङ्ग्रहभित्र जीवनका गोरेटोमा आइपर्ने विभिन्न सुखदुःखका अवस्थालाई समान रूपमा स्वीकार गरेर हेर्नुपर्ने राखिएका गजलका सेरहरू रहेका छन् । जसका केही उदाहरण हेरौं :-

*जिन्दगी भन्नु सुखको घर हो चिन्ताले किन छाउनु*
*असफलता आफ्नै कमाइ हो भागमा पर्दैमा किन डराउनु ।*

*(जिन्दगी भन्नु)*[13]

*अन्धकारबाट उज्यालोमा झर्न बल्ल ताल्चा खुलेको छ*
*ताल्चा के खुलेको थियो खुसियालीमा नाच्यो यो देश ।*

*(हिजोसम्म अँध्यारोमा)*[14]

यसरी गजलकार बुढाथोकीले सुखदुःख भनेका जीवनका अभिन्न अंग हुन् भन्ने शान्त अवस्थालाई प्रस्तुत सेरहरूमा व्यक्त गरेका छन् । उनका गजलमा जीवनका

---

10= ऐजन, पृ. ९ ।
11= डा. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, दो.सं., (काठमाडौँ :साझा प्रकाशन, २०४८), पृ. ८
12= डा. हिमांशु थापा, **साहित्य परिचय** (काठमाडौँ : साझा प्रकाशन, चौ.सं. २०५०), पृ. २२५ ।
13= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४६ ।
14= ऐजन, पृ. १८ ।

निस्सारता विसङ्गति र मूल्यहीनताबीच पनि मूल्य प्राप्ति गर्न सकिने कुरा गजलमा व्यक्त भएको छ ।

**(ग) करुण भाव**

कसैप्रति उसको स्वभाव, अवस्था आदिले गर्दा उपकारका निम्ति दर्शाइने भाव नै करुण भाव हो ।[15] मन परेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ ।[16] वियोगी बुढाथोकीका गजलमा पनि करुण भावका केही गजल वा केही सेरहरू रहेका छन् । केही करुण भावका उदाहरण हेरौं-

*कति सस्ता भए आँखा धुरुधुरु रुनलाई*
*कहिले मौका पाइयो र एकान्तमा छुनलाई ।*

*(कति सस्ता भए आँखा)*[17]

*आँसुको भेलमा प्रेयसी किन रुझेको ?*
*प्रिय रोएको किन हो सकन सक्तिन ।*

*(कसरी पोखियो प्यास)*[18]

यी सेरहरूमा गजलकारले अरूको आँसु देख्ता हाम्रो हृदय रुने कुरा व्यक्त गरेर करुण भावको राम्रो प्रस्तुति गरेका छन् ।

**(घ) व्यङ्ग्यार्थ**

अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जना वृत्तिद्वारा बोध हुने अर्थ नै व्यङ्ग्यार्थ हो ।[19] प्रत्येक व्यक्ति यसै समाजका सदस्य हुन् । गजलकार बुढाथोकी पनि समाजकै एक सचेत सदस्य भएकाले समाजमा भएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न पछि परेका छैनन् । व्यङ्ग्यात्मक केही गजल वा सेरहरूलाई हेरौं-

*भोको धर्तीसँग मङ्सिर मागेर काम छैन*
*रोपाइँ गर्न नसक्ने नालायक यो असार छ ।*

*(पाइतालाले टेक्ने ठाउँमा)*[20]

---

15= वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, (काठमाडौं : ने.रा.प्र.प्र., २०५२), पृ. २०४ ।
16= हिमांशु थापा, पूर्ववत्, पृ. २५१ ।
17= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २३ ।
18= ऐजन, पृ. ३७
19= वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. १२४६ ।
20= वियोगी बुढाथोकी, पूर्ववत्, पृ.

*अन्धकार समयमा जग्गा हुन्छ जोत्नेको भन्ने नारा थियो*
*पुर्खाको नाम बोकेर अड्डा पुग्दा अर्कैको भइसकेछ नापीमा ।*

*(किन घोरिएर हेर्छौ)*[21]

यी सेरहरूमा समाजमा भएका आडम्बर र निराशाप्रति सङ्केत गर्दै झूठा आश्वासन दिएर जनता भुल्याउने नेताहरूप्रति व्यङ्ग्य गर्दै गरिब दुःखी जनताले पाएको दुःखलाई उजागर गरिएको छ ।

### ७.१.४ 'आफन्तका चोटहरू'मा समाजबोध

वियोगी बुढाथोकीका गजलहरूमा समाजबोध राम्ररी व्यक्त भएको छ । उनका सामाजिक भावका गजलहरूले खासगरी समाजमा विद्यमान अन्धविश्वास, शोषण, आडम्बर, ढोंगी प्रवृत्तिलाई देखाएका छन् :-

*सज्जनको कोट लगाए पनि कति बदनाम उहाँ*
*साँझ बिहानका लागि देख्नु भो सडक जाम उहाँ ।*

*(सज्जनको कोट लगाए पनि)*[22]

*किन घोरिएर हेर्छौ समाज दुःखको घाउ छोपेको टोपीमा,*
*सुखी उनै छन् हाकिम हुनाले नगए पनि हाजिर छन् कापीमा ।*

*(किन घोरिएर हेर्छौ)*[23]

यी सेरहरूलाई हेर्दा प्रस्ट हुन्छ कि गजलकार बुढाथोकीका गजलहरूमा समाजमा भएका अस्तव्यस्तता र प्रशासनिक लापरबाहीहरूलाई प्रस्टरूपमा देखाइएको छ ।

### ७.१.५ 'आफन्तका चोटहरू'मा राजनीतिक चित्रण

प्रजाको शान्तिसुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासनव्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने आदिलाई राजनीति भनिन्छ ।[24] वियोगी बुढाथोकीले **आफन्तका चोटहरू** गजलसङ्ग्रहमा पञ्चायतकालीन राजनीतिक अवस्था र २०४६ पछिको बहुदलीय दुवैको कुनै न कुनै रूपमा चित्रण गरेका छन् ।

---

21= ऐजन, पृ.
22= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३४ ।
23= ऐजन, पृ. ४९
24= वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ. १३३३ ।

वि.सं. २०४६ सालपछि नेपाली जनताले जुन किसिमको आशा गरेका थिए, त्यो प्राप्त हुनसकेन । उनीहरू प्रजातन्त्र आगमनसँगै केही परिवर्तन चाहन्थे तर समस्या झन् विकराल भएर थपियो । यस कुरालाई नजिकैबाट नियालेका गजलकार बुढाथोकीले यसरी चित्रण गरेका छन् :

*पसिनाले दिनरात निथ्रुक्क भिजेर परिश्रम गोड्दा खान पुग्दैन*
*अनैतिक कमाइका काला मनहरू दिनहुँ बैंस लुट्छन् खोपीमा ।*

*(किन घोरिएर हेर्छ्यौ)*[25]

*कसको भरोसा भयो र यो गन्हाउने सहरमा*
*साह्रै हावी भएका छन् गन्धे राजनीतिक चालहरू ।*

*(वाग्मती म फोहर बगें)*[26]

उपर्युक्त सेरहरूलाई हेर्दा के बुझिन्छ भने श्रमजीवी वर्गले हैरान गरेर दसनङ्ग्रा खियाउँदा पनि खान नपुग्ने तर ठूलाठालु वर्ग भने सधैं मोजमस्तीमा व्यस्त भएको र राजनीतिक खिचातानीले गर्दा कोही पनि विश्वासपात्र नभएको यथार्थताको चित्रण गरेका छन् ।

**७.१.६ 'आफन्तका चोटहरू'मा परिवेशचित्रण**

परिवेश भनेको देश, काल र परिस्थिति हो । स्रष्टा जुन परिवेशमा बाँचेको छ, त्यस परिवेशको प्रतिबिम्ब उसका रचनामा झल्कन्छ । स्रष्टाले जहिले पनि यथार्थवादलाई आफ्नो रचनामा अङ्कित गर्न चाहिरहेको हुन्छ । वियोगी बुढाथोकीका गजलमा विशेषगरी नेपालको पञ्चायती र बहुदलीय व्यवस्थाकालीन समाजको चित्रण गरेर सहरिया र गाउँले दुवै परिवेश समेटिएको छ :

*हिजोसम्म अँध्यारोमा घाइते बाँच्यो यो देश*
*विकासको नाराले नअघाउँदा भोकै हाँस्यो यो देश ।*

*(हिजोसम्म अँध्यारोमा)*[27]

*वाग्मती म फोहोर बगें मिसाइदिए नालहरू*
*मान्छेका लागि मान्छे नै आज भएका छन् कालहरू ।*

*(वाग्मती म फोहर बगें)*[28]

25= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ४९ ।
26= ऐजन, पृ. ६० ।
27= ऐजन, पृ. १८ ।
28= ऐजन, पृ. ६० ।

प्रस्तुत सेरहरूमा एकातिर निरङ्कुश पञ्चायती शासनमा यो देश जकडिएको थियो तर अब स्वतन्त्र भइसकेको छ भन्ने भाव व्यक्त गरिएको छ भने अर्कातिर बढ्दै गएको सहरीकरण र त्यसले ल्याएका समस्याहरूलाई वाग्मतीको फोहरको उदाहरण दिएर प्रस्ट पारेका छन् ।

यसरी विभिन्न परिवेशलाई आधार बनाई लेखिएका यस सङ्ग्रहका गजलले यथार्थको आधार पाएकाले बढी प्रभावकारी बन्न पुगेका छन् । सम्पूर्ण गजलको अध्ययनबाट तत्कालीन समाज, सिङ्गो राष्ट्र र विश्वपरिवेशकै अध्ययन गर्न सकिन्छ । यसका आधारमा गजलकार वियोगी बुढाथोकी कुशल स्रष्टाका रूपमा रहेका छन् ।

### ७.१.७ 'आफन्तका चोटहरू'मा प्रकृतिचित्रण

गजलकार बुढाथोकीले प्रकृतिका भावभङ्गीहरूलाई सुन्दर ढङ्गले चित्रण गरेका छन् । प्रत्येक सिर्जनशील व्यक्तिलाई प्रकृतिका मनमोहक छटाले आकर्षित गरिरहेको हुन्छ :

*भेट्ने इच्छा यो जुनीमा डाँडाको त्यो घाम होला*
*पर्खी बस्नु पुनर्जन्म आउनेछु म मनको शहर ।*

*(कुन मसीले लेखी पठाऊँ)*[29]

*भेटेजति बगैंचाका थरिथरिका फूलहरू नसुँघेको होइन*
*एउटै फूल टिपेर सजाएनौ दुबसुजी बर्बादीमा समय चुक्यो ।*

*(जति थप्यो उति रित्याउनुछ)*[30]

यहाँ मानिसलाई डाँडाको घामसँग तुलना गरेर अनि बगैंचा, फूल आदिको वर्णन गर्दै प्रकृतिको मानवीकरण गरेर प्राकृतिक परिवेशसँगै मानिस चल्ने कुरालाई छर्लङ्ग पारेका छन् ।

### ७.१.८ 'आफन्तका चोटहरू'मा राष्ट्रियता

गजलकार बुढाथोकीका गजलहरूमा पाइने विषयवस्तुहरूमध्ये राष्ट्रियता पनि महत्त्वपूर्ण रहेको छ । **आफन्तका चोटहरू**मा बुढाथोकीले आफ्नो राष्ट्रप्रतिको आस्थालाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

प्रत्येक नेपालीलाई राष्ट्र र राष्ट्रियताप्रति अगाध स्नेह हुनुपर्छ । यही राष्ट्रियताको भावलाई गजलकार बुढाथोकीले यसरी प्रस्तुत गरेका छन् :

29= ऐजन, पृ. १५ ।
30= ऐजन, पृ. ६१ ।

*आफ्नो भागमा युद्ध मैदान कर्मथलो भएको छ* [२]
*पोते चुरा किन किन्यौ स्वागतमा छ मृत बगर ।*

*(कुन मसीले लेखिपठाऊँ)*[31]

*हिजोसम्म अँध्यारोमा घाइते बाँच्यो यो देश*
*विकासको नाराले नअघाउँदा भोकै हाँस्यो यो देश ।*

*(हिजोसम्म अँध्यारोमा)*[32]

प्रस्तुत सेरहरूलाई पढ्दा पनि थाहा पाइन्छ कि देश भाइ-भाइको युद्धमैदानमा परिणत भएको र देशविकासको झूठा आश्वासन दिने नेताहरूले देश बिगारेको यथार्थतालाई प्रस्तुत गरेर राष्ट्र र राष्ट्रियताको लागि सचेत हुन आह्वान गरेका छन् ।

### ७.१.९ 'आफन्तका चोटहरू'मा लय

गजल गेय विधा हो । गजलको पहिलो शर्त भनेको गायन हो,जुन सङ्गीतबद्ध गरेर रूपक, दीपचन्दी, दादरा, कहरजस्ता तालहरूमा गाइन्छ । यसरी गीतात्मक र सङ्गीतात्मकताका दृष्टिले गजललाई गीत हो भन्न सकिन्छ तर अन्यान्य गीतहरूको जस्तो स्वच्छन्द संरचनाविधान भने गजलको हुँदैन । गायन कलामा नै पनि अन्य गीत र गजलको शैलीमा पार्थक्य पाइन्छ ।[33]

गजलमा लयको आयोजना दुई किसिमले गर्न सकिन्छ, शास्त्रीय लय र स्वनिर्मित लय । शास्त्रीय लय उर्दू-फारसी साहित्यले स्वीकारेको छन्द (बहर) नियम हो । स्वनिर्मित लय चाहिँ उच्चारणगत समानतामा आधारित नियम हो । वियोगी बुढाथोकीको **आफन्तका चोटहरू**का गजलमा शास्त्रीय लय (बहर) लाई स्वीकार नगरेर स्वनिर्मित वा मुक्त लयलाई स्वीकार गरिएको छ ।

**आफन्तका चोटहरू**भित्र बराबर अक्षर संरचना भएका गजलहरू अधिक छन् । केही गजलहरूमा अक्षर संरचना नमिलाइएकाले गर्दा त्यस्ता गजल गाउँदा उच्चारणमा आवश्यकतानुसार हलन्त उच्चारण गर्नुपर्ने हुन्छ । अक्षर संरचना नमिलेका गजलहरू गाउँदा कहीँ प्लुत उच्चारण र केही हलन्त उच्चारण गर्नुपर्ने हुन्छ :

*रातसँगै हिँडिरह्यो कतै भेटिएन जून*
*शब्दसँग खोजिरहेँ तर जन्मिएन धून ।*

31= ऐजन, पृ. १५ ।
32= ऐजन, पृ. १८ ।
33= घनश्याम न्यौपाने 'परिश्रमी', **साहित्यसन्दर्भ** (वीरगन्ज : नारायणी बुक्स एन्ड स्टेशनर्स २०५५), पृ. ७३-७४ ।

*(रातसँगै हिँडिरह्यो)*[34]

उनको गजलको यस सेरमा ८+८=१६ अक्षर संरचना छ। यसलाई गाउँदाखेरि सहजै स्वरबद्ध गर्न सकिने देखिन्छ। अक्षर संरचना नमिलेको अर्को उदाहरण :

*पाइतालाले टेक्ने ठाउँमा अनगिन्ती धार छ*
*किन बाँच्यो जीवन बाँच्नु नै बेकार छ।*

*(पाइतालाले टेक्ने ठाउँमा)*[35]

यस गजलमा दुवै मिसरामा बराबर अक्षरसङ्ख्या रहेको छैन। यहाँ मिसरा ए-उलामा भन्दा मिसरा ए-सानीमा तीन अक्षर घटी छन्। यहाँ हलन्त उच्चारण हुने अक्षरलाई अजन्त मान्दा पनि तीन अक्षरको कमी भएको हो। तर अक्षरसङ्ख्या नमिले पनि लय भने खासै बिग्रिएको पाइँदैन।

यसरी लयात्मक पक्षबाट हेर्दा उनका सबैजसो गजल सबल छन्।

**७.१.१० 'आफन्तका चोटहरू' मा सङ्गीत**

गजल गेय विधा हो। साहित्यका सबै विधाहरू सङ्गीतमा आश्रित हुँदैनन् तर गजल यस्तो विधा हो जसको जन्म नै सङ्गीतको संस्कारमा भएको हुन्छ। त्यसैले यसको स्वभावमा नै सङ्गीत छ।

वियोगी बुढाथोकीका गजलमा साङ्गीतिकता प्रशस्त पाइन्छ। शब्दसङ्गीतका हिसाबले हेर्दा उनका धेरै गजलहरू उत्कृष्ट छन्।

*कता खोज्दै हिँडुँ अब एउटा पत्र दिनु थियो*
*कति तड्पी हिँड्ला जीवनप्रति उत्तर लिनु थियो।*

*(कता खोज्दै हिँडुँ अब)*[36]

यस सेरमा आ स्वरको आवृत्ति ३ पटक भएको छ भने काफिया र रदिफको उचित संयोजनबाट सङ्गीतको स्थिति पनि सबल नै देखिन्छ।

यस सङ्ग्रहमा यस्ता उदाहरण प्रशस्त भेटिन्छन्। लय संरचनामा ख्याल पुऱ्याएको र साङ्गीतिक चेतनामा पनि उत्तिकै ध्यान पुऱ्याएकाले उनका गजल उत्कृष्ट छन्।

34= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३९।
35= ऐजन, पृ. १३।

### ७.१.११ 'आफन्तका चोटहरू' मा अलङ्कार

अलङ्कार भनेको काव्यलाई सिंगारी त्यसलाई मनोहर एवं रुचिकर तुल्याउने सुन्दर उपादान हो । उपकार्य (भाव) को उपकारक हुनाले यो काव्यको सहायक तत्त्व हो ।[37] गजलकार वियोगी बुढाथोकीका गजलमा अलङ्कारको प्रयोग स्वस्फूर्त रूपमा भएको छ । उनका गजलमा भएको अलङ्कार प्रयोगको एउटा उदाहरण हेरौं-

*फूलजस्तै फक्रिएको समयलाई अन्तै बाँड्यौ*
*अहिले किन यता सऱ्यौ परत्र तर्न होला ।* *(किन बोलायौ बिर्सिएर)*[38]

यस सेरमा उपमा अलङ्कारको फक्रिएको समय उपमेय र फूल उपमानको रूपमा आई उपमा अलङ्कार बनेको छ । यस्तैगरी उनका अन्य गजलहरूमा पनि अलङ्कारको प्रयोग गरेकाले **आफन्तका चोटहरू**मा अलङ्कार प्रयोग भएकै देखिन्छ ।

### ७.१.१२ 'आफन्तका चोटहरू'मा बिम्बविधान

बिम्ब तत्सम शब्द हो । संस्कृतमा 'प्रतिच्छाया' को अर्थमा यस शब्दलाई प्रयोग गरिएको पाइन्छ । यसलाई अङ्ग्रेजीमा 'इमेज' भनिन्छ । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्बिरहरूलाई प्रनिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ ।[39] बिम्बलाई ऐन्द्रिकताका आधारमा दृश्यात्मक (visual), गन्धसम्बन्धी (smell), स्पर्शसम्बन्धी (luctive), श्रव्यात्मक (auditory), स्वादसम्बन्धी (gustatory), गतिसम्बन्धी (kinaestnetic) गरी विभिन्न वर्गमा बाँडिएको पाइन्छ ।[40] **आफन्तका चोटहरू** मा प्रयुक्त यस्ता केही बिम्बहरूको उदाहरण तल दिइएको छ :

*(क)* *जूनले बास बस्ने आकाश हामी दुईको घर थियो*
*म एक्लै छु तिमी छैनौ मनमा आगो सल्क्यो आज ।*
*(सुख्खा थियो मनको फाँट)*[41]

*(ख)* *ठट्टाहरू मिठा लाग्छन् वैंस चढ्ने समयमा*
*दिलका खुट्टा हतारमा छन् सँगसँगै हुनलाई ।*
*(कति सस्ता भए आँखा)*[42]

*(ग)* *कति पोल्छन् कति दुख्छन् एकान्तका रातहरू*

---

36= ऐजन, पृ. ३२ ।
37= केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश** (काठमाडौँ: साझा प्रकाशन, ते.सं. २०४०), पृ. २१७ ।
38= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. १० ।
39= कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, पूर्ववत्, पृ. ४३ ।
40= ऐजन, पृ. ४४ ।
41= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. २२ ।
42= ऐजन, पृ. २३ ।

*डाम्न पनि छोडिसक्यो धेरै आगो टेकिसकें ।*

*(आँखाभित्र लुक्ने मनलाई)*[43]

*(घ) बेमौसमको हुरी किन चल्दैछ कुन्नि*
*दुःखान्त घटना नहोस् कतै झगडाको भरमा)*

*(कहाँ बास बसिएछ)*[44]

**आफन्तका चोटहरू**मा प्रयुक्त माथिका सेरहरूमध्ये उदाहरण 'क' मा 'आकाश र आगो' दृश्यात्मक बिम्ब हुन् भने 'ख' मा भएको 'मिठा' स्वादसम्बन्धी बिम्ब हो । उदाहरण 'ग' मा पोल्छन्, दुख्छन्, डाम्न आदि स्पर्शसम्बन्धी बिम्ब हुन् । उदाहरण 'घ' मा आएको 'हुरी' गतिसम्बन्धी बिम्ब हो ।

यसरी वियोगी बुढाथोकीले प्रायः सबै किसिमका बिम्बको प्रयोग गरेका छन् ।

### ७.१.१३ 'आफन्तका चोटहरू' मा प्रतीकविधान

समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनुलाई प्रतीक भनिन्छ । **आफन्तका चोटहरू**मा प्रयोग गरिएका प्रतीकहरूले गजललाई प्रभावकारी अर्थले सुसज्जित पारेका छन् :

*आपत ओढेर कसरी रात काट्ने हो उमेरमै*
*बिहान हिँड्ने बाटोमा बाधाको बार चुलिदियो ।*

*(मौन थिएँ सुसेलीको)*[45]

*बत्ती बालेर सत्य खोज्दा यहाँ*
*छातीमा रोपियो धारिला छुराहरू ।*

*(सोचेजस्तो भैदिएन)*[46]

यहाँ पहिलो उदाहरणमा भएको रात अन्धकार र अवनतिको प्रतीक हो भने दोस्रो उदाहरणमा भएको बत्ती उज्यालो वा सुनौलो भविष्यको प्रतीक हो ।

यसरी हेर्दा **आफन्तका चोटहरू** गजलसङ्ग्रह प्रतीकमय नै देखिन्छ । यहाँ प्रतीक बनेर आएका शब्दहरूका कारणले गजल बढी प्रभावकारी तथा व्यञ्जनात्मक बनेको स्पष्ट देखिन्छ ।

---

43= ऐजन, पृ. २६ ।
44= ऐजन, पृ. ५२ ।
45= ऐजन, पृ. ५६ ।
46= ऐजन, पृ. ५९ ।

### ७.१.१४ 'आफन्तका चोटहरू' मा भाषाप्रयोग

भाषा अभिव्यक्तिको माध्यम हो र भाषाका माध्यमबाट नै मान्छेले आफ्ना मनका विचार भावलाई अरूसमक्ष सम्प्रेषण गर्दछ । गजलको लागि आवश्यक भाषालाई हेर्दा यसको भाषा लयात्मक किसिमको हुनुपर्ने देखिन्छ । प्रत्येक गजलकारले गजलको रचना गर्दा शब्दको मार्मिकता, भावको कोमलता, भावको गरिमा, सङ्क्षिप्तता र कल्पनाको उदात्ततामा ध्यान दिनुपर्छ ।[47] **आफन्तका चोटहरू** मा सङ्गृहित गजलहरू सरल, सहज र स्वाभाविक नेपाली भाषामा लेखिएका छन् । वियोगी बुढाथोकीले कथ्य भाषामा रुचि देखाएका छन् । उडाएथें (उडाएको थिएँ), हिँडेथें (हिँडेको थिएँ), लेखिपठाउँ (लेखेर पठाऊँ), प्रिए (प्रिय), भो (भयो), रुक्छ (रोकिन्छ) जस्ता कथ्य भाषाको प्रयोग गजलमा गरेका छन् ।

गजलकारले यस सङ्ग्रहमा अनुकरणात्मक शब्दको पनि प्रशस्तै प्रयोग गरेका छन् । फुर्र, गर्लम्म, धुरुधुरु, भत्भती जस्ता अनुकरणात्मक शब्द गजलमा प्रयोग भएका छन् । त, क्यारे, है, नै जस्ता निपातहरूको प्रयोगले गजलका सेरहरूलाई मिठायुक्त बनाएका छन् ।

शब्द प्रयोगका हिसाबले हेर्दा यस सङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक सबैखाले शब्दको प्रयोग गरिएको पाइन्छ । हृदय, आकाश, सूर्य, कर्म जस्ता तत्सम शब्दको साथै आँखा (सं.अक्षी), मङ्सिर (सं. मार्गशीर्ष), आगो (सं.अग्नि) जस्ता प्रचलित तद्भव शब्दहरू पनि प्रयोग भएका छन् । आगन्तुक शब्दहरूको प्रयोग पनि **आफन्तका चोटहरू**भित्रका गजलमा प्रशस्त गरिएको छ । अङ्ग्रेजी लगायत अन्य भाषाका शब्दहरू यस सङ्ग्रहमा गजलकार बुढाथोकीले गरेका छन् । मफलर, जहर, करेन्ट, कप जस्ता आगन्तुक शब्दको प्रयोगले गजलको भाषा थप प्रभावकारी बनाएको छ ।

समग्रमा भन्नुपर्दा **आफन्तका चोटहरू** सङ्ग्रहभित्र सङ्गृहीत गजलमा सरल, सहज, सुबोध र कथ्यभाषाको प्रयोग भएको छ । जसको कारणले गजल पठनीय हुनुका साथै सङ्गीतात्मकता यसभित्र भेट्न सकिन्छ ।

### ७.१.१५ 'आफन्तका चोटहरू'को मूल्याङ्कन र निष्कर्ष

उपर्युक्त विश्लेषणका आधारमा हेर्दा **आफन्तका चोटहरू** गजलसङ्ग्रह मूलतः उर्दू, फारसी परम्पराको संरचनालाई पालना गर्दै लेखिएको पाइन्छ । गजलका लागि आवश्यक मानिएका काफिया, रदिफ, तखल्लुस जस्ता तत्त्वलाई वियोगी बुढाथोकीले गजलमा समावेश गरेका छन् । विषयगत विविधता यस सङ्ग्रहभित्र पाउन सकिन्छ । यस सङ्ग्रहमा व्यङ्ग्यचेतना बढी मुखरित भएको छ । अलङ्कार प्रतीकको प्रयोग सफलताका साथ

गरिएको यस सङ्ग्रहमा भाषाको प्रयोगमा नेपालीपन देखिएको छ । केही ठाउँमा संरचनात्मक कमी, कमजोरी देखिए पनि प्रभावका दृष्टिले यो सङ्ग्रह सफल नै देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा स्वनिर्मित बहर, संरचनात्मक सचेतता, सरल र प्रभावकारी भाषिक प्रयोग, लयगत सचेतता आदिका कारणले **आफन्तका चोटहरू**लाई उत्कृष्ट गजलसङ्ग्रह नै मान्नुपर्छ ।

### ७.२ 'गजल तिम्रो नाम होइन' गजलसङ्ग्रहभित्रको विश्लेषण

**गजल तिम्रो नाम होइन** गजलकार बुढाथोकीको दोस्रो पुस्तकाकार रूपमा प्रकाशित गजलसङ्ग्रह हो । यस सङ्ग्रहभित्रका गजलहरूको अध्ययन र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्नु आवश्यक छ ।

#### ७.२.१ 'गजल तिम्रो नाम होइन' गजलसङ्ग्रहको परिचय

**गजल तिम्रो नाम होइन** गजलसङ्ग्रह वियोगी बुढाथोकीको दोस्रो गजलसङ्ग्रह हो । यस गजलसङ्ग्रहको प्रकाशन वि.सं. २०६३ मा शिवपुरी साहित्य समाज, काठमाडौँबाट भएको हो । यस सङ्ग्रहमा बुढाथोकीद्वारा लिखित ७१ वटा गजलहरू सङ्गृहित छन् । यस सङ्ग्रहमा सङ्गृहित गजलहरूको शीर्षक, सेरसङ्ख्या, काफिया, रदिफ तथा तखल्लुस रहेको वा नरहेको अनि लययोजना के कसरी भएको भन्ने कुरालाई निम्नलिखित तालिकाबाट स्पष्ट पारिएको छ ।

| क्र. सं. | गजलको शीर्षक | सेर सङ्ख्या | काफिया | रदिफ | तखल्लुस | लययोजना |
|---|---|---|---|---|---|---|
| १ | रुँदैछन् यी दुवै आँखा | ६ | + | + | + | १४+६=२० |
| २ | सुन्दर त्यो मुहारमा | ५ | + | - | + | ८+८=१६ |
| ३ | हराएथ्यो प्रेमको चिनो | ५ | + | + | + | ८+८=१६ |
| ४ | रूपको उचाइमा तिम्रो | ५ | + | - | + | ९+६=१५ |
| ५ | सनसनीपूर्ण खबर आयो | ५ | + | + | - | ९+९=१८ |
| ६ | आफ्नै घरमा आगो | ५ | + | + | - | ९+८=१७ |
| ७ | बाँच्दा दु:ख साट्ने | ७ | + | + | - | ८+६=१४ |
| ८ | जोसुकैको मनमा बस्छु | ६ | + | + | - | ८+८=१६ |
| ९ | नरम ठानेर साँझमा | ५ | + | - | - | ७+६=१३ |
| १० | नदेखे'नि हुन्थ्यो किन | ५ | + | - | - | ८+६=१४ |
| ११ | मनभित्र बिझ्छ काँडा | ५ | + | + | + | ९+७/८=१६/१७ |
| १२ | तिम्रो मनको आकाशमा | ५ | + | + | + | ८+६=१४ |

47= कृष्णहरि बराल, **संदृष्टि**, पूर्ववत्, पृ. ९६ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | वसन्तको उमेरमा उनको | ५ | + | - | + | ८+६=१४ |
| १४ | उखेलेर नफाले है | ५ | + | + | + | ८+८=१६ |
| १५ | बगैंचाको चारैतिर | ९ | + | + | + | ८+८=१६ |
| १६ | नआऊ तिमी दौडिएर | ५ | + | - | - | ९+६=१५ |
| १७ | मनको खेतमा प्रित | ५ | + | + | - | ९+६=१५ |
| १८ | मीठो लाग्छ तिम्रो | ५ | + | - | + | ८+६/५=१४/१३ |
| १९ | भेटिएको राम्रो मान्छे | ५ | + | + | - | ८+७/५=१५/१३ |
| २० | म आफैं आगो हुँ | ५ | + | + | + | १२+८=२० |
| २१ | रातसँगै हिँडिरह्यो | ६ | + | - | - | ८+८=१६ |
| २२ | मनको दहमा प्रेमको | ७ | + | + | + | ९+६=१५ |
| २३ | तिम्रै अनुमतिमा तिमीलाई | ५ | + | + | - | १०+८=१८ |
| २४ | सस्तो मायाको जाल | ५ | + | + | - | ९+८=१७ |
| २५ | कति आफ्नो उचाइबाट | ५ | + | + | + | ९+६=१५ |
| २६ | प्रेमको फूल टिपी | ५ | + | + | - | १०+८/७=१८/१७ |
| २७ | एक्लो किन छु | ६ | + | - | - | ५/६+७/५=१२/११ |
| २८ | उमङ्ग त्यो अनुहारको | ५ | + | + | + | ८+४=१२ |
| २९ | जिन्दगीमा सपनीमा रुँदारुँदै | ५ | + | + | - | ११+७=१८ |
| ३० | झुक्याएर साँझमा यता | ५ | + | + | + | ८+६=१४ |
| ३१ | राष्ट्रिय जीवनको डरलाग्दो | ७ | + | + | + | १०+५=१५ |
| ३२ | बिर्सन खोजेको हुँ | ६ | + | - | - | ७/८+७=१४/१५ |
| ३३ | चिहान जस्तो सुनसान | ६ | + | + | + | ६+४=१० |
| ३४ | मनको खेतमा पीडैपीडा | ५ | + | + | + | ८/९+५=१३/१४ |
| ३५ | बोल्नै हुन्न भन्यौ | ६ | + | - | + | ८+६=१४ |
| ३६ | मनले उन्मत्त भेलको | ७ | + | + | + | १०+६=१६ |
| ३७ | तपाईंसँगै मन छ हजुर | ५ | + | + | - | ९/८+६=१४/१४ |
| ३८ | नपाएको बहानामा औंधी | ६ | + | + | + | ८+५=१३ |
| ३९ | कसको सहारामा बाटो | ६ | + | + | + | ६+५=११ |
| ४० | नखोज्नू कहिल्यै कतै | ५ | + | - | + | ९/७+६=१५/१३ |
| ४१ | हतारमा छु नछेक्नू | ५ | + | - | - | ४+३=७ |
| ४२ | दिनभरि नै कुरिरहें | ५ | + | - | - | ९+७=१६ |
| ४३ | विछोडको क्षण भुल्न | ५ | + | + | + | ६+७=१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | नहेर्न प्रयास गर्दा धेरै | ७ | + | - | + | ७+७/८=१४/१५ |
| ४५ | त्यता आउँदैछ भन्ने | ५ | + | + | + | ८+६=१४ |
| ४६ | बसेको छु ती आँखामा | ५ | + | - | - | ८+८=१६ |
| ४७ | बिन्ती कसम त्यो आँखामा | ५ | + | + | - | ९+८=१७ |
| ४८ | नबिभ्फाउने फूल बनी | ७ | + | - | + | ८+८=१६ |
| ४९ | पुग्नुपर्ने गन्तव्यको | ५ | + | - | - | ८+६=१४ |
| ५० | दिलको ढोका खोली डाकें | ६ | + | - | + | ८+६=१४ |
| ५१ | बेसहारा लड्न लागे | ५ | + | + | + | ८+६=१४ |
| ५२ | कस्तो हावा भित्रियो यो | ९ | + | + | + | १०/९+९/११ =१९/२० |
| ५३ | थुप्रै लेखें पत्रहरू केवल | ५ | + | + | - | ८+८=१६ |
| ५४ | सुनसान कालो रातमा | ५ | + | - | + | ७+८=१५ |
| ५५ | बिन्ती भन्छु हात छोई | ५ | + | + | - | ८+८/१०=१६/१८ |
| ५६ | समयको प्रस्थानसँगै | ५ | + | - | - | ८+१०/८=१८/१६ |
| ५७ | सुनसान रात छ प्रेमको | ८ | + | + | - | ८+८/११=१६/१९ |
| ५८ | तिम्रो गीतमा उनेको | ५ | + | + | - | ८+८/९=१६/१७ |
| ५९ | बिछोडको पीडाले होला | ६ | + | + | - | ८+६=१४ |
| ६० | तिम्रो शिरको रातो फूलको | ६ | + | + | - | ९+५=१४ |
| ६१ | विचार कहाँ हार्छ तर | ८ | + | + | - | ८+१०=१८ |
| ६२ | खै कस्तो मस्तीमा हजुर | ५ | + | + | + | ३+५=८ |
| ६३ | लेख्नलाई पाना हजुर | ६ | + | + | - | ४+४=८ |
| ६४ | नपुछेर तिम्रो आँसु | ५ | + | - | - | ८+६=१४ |
| ६५ | चकमन्न रातमा तिमीलाई | ५ | + | + | + | १०/९+८/९=१८ |
| ६६ | कस्तो इच्छाको प्रस्ताव | ६ | + | - | - | १०+६/१०=१६/२० |
| ६७ | थोरै गर्ने इच्छा थियो | ६ | + | + | + | ९/८+६/७=१५ |
| ६८ | दिउँसै रात ओराल्न | ५ | + | + | - | ८+३=११ |
| ६९ | सीमित व्यक्तिको इशारामा | ५ | + | + | - | ९+७=१६ |
| ७० | सादा जीवन उच्च | ५ | + | + | - | १३+७=२० |
| ७१ | केही संवाद योग्य | ५ | + | + | + | ६+४=१० |

### ७.२.२ 'गजल तिम्रो नाम होइन'मा प्रयुक्त गजलहरूको संरचना

वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन**मा ५ देखि ९ सेरसम्मका गजलहरू राखिएका छन् । सेर सङ्ख्याका आधारमा उनका गजलहरू निम्नानुसार छन् :-

**पाँच सेरयुक्त गजल**

(१) सुन्दर त्यो मुहारमा
(२) हराएथ्यो प्रेमको चिनो
(३) रूपको उचाइमा तिम्रो
(४) सन्सनीपूर्ण खबर आयो
(५) आफ्नै घरमा आगो
(६) नरम ठानेर साँझमा
(७) नदेखेनि हुन्थ्यो किन
(८) मनभित्र बिझ्छ काँडा
(९) तिम्रो मनको आकाशमा
(१०) वसन्तको उमेरमा उनको
(११) उखेलेर नफाले है
(१२) नआऊ तिमी दौडिएर
(१३) मनको खेतमा प्रीत
(१४) मीठो लाग्छ तिम्रो
(१५) भेटिएको राम्रो मान्छे
(१६) म आफैं आगो हुँ
(१७) तिम्रै अनुमतिमा तिमीलाई
(१८) सस्तो मायाको जाल
(१९) कति आफ्नो उचाइबाट
(२०) प्रेमको फूल टिपी
(२१) उमङ्ग त्यो अनुहारको
(२२) जिन्दगी सपनीमा रुँदारुँदै
(२३) झुक्याएर साँझमा यता
(२४) मनको खेतमा पीडैपीडा
(२५) तपाईंसँगै मन छ हजुर
(२६) नखोज्नू कहिल्यै कतै
(२७) हतारमा छु नछेक्नू
(२८) दिनभरि नै कुरिरहें
(२९) विछोडको क्षण भुल्न
(३०) त्यता आउँदैछ भन्ने
(३१) बसेको छु ती आँखामा
(३२) विन्ती कसम त्यो आँखामा

(३३) नबिभ्फाउने फूल बनी
(३४) पुग्नुपर्ने गन्तव्यको
(३५) बेसहारा लड्न लागें
(३६) थुप्रै लेखें पत्रहरू केवल
(३७) सुनसान कालो रातमा
(३८) विन्ती भन्छु हात छोई
(३९) समयको प्रस्थानसँगै
(४०) तिम्रो गीतमा उनेको
(४१) खै कस्तो मस्तीमा हजुर
(४२) नपुछेर तिम्रो आँसु
(४३) चकमन्न रातमा तिमीलाई
(४४) दिउँसै रात ओराल्न
(४५) सीमित व्यक्तिको इशारामा
(४६) सादा जीवन उच्च
(४७) केही संवादयोग्य

**छ सेरयुक्त गजल**

(१) रुँदैछन् यी दुवै आँखा
(२) जोसुकैको मनमा बस्छु
(३) रातसँगै हिँडिरह्यो
(४) एक्लो किन छु
(५) बिर्सन खोजेको हुँ
(६) चिहानजस्तो सुनसान
(७) बोल्नै हुन्न भन्थ्यौ
(८) नपाएको बहानामा औंधी
(९) कसको सहारामा बाटो
(१०) दिलको ढोका खोली डाकें
(११) विछोडको पीडाले होला
(१२) तिम्रो शिरको रातो फूलको
(१३) लेख्नलाई पाना हजूर
(१४) कस्तो इच्छाको प्रस्ताव
(१५) थोरै गर्ने इच्छा थियो

**सात सेरयुक्त गजल**

(१) बाँच्दा दु:ख साट्ने

(२) मनको दहमा प्रेमको

(३) राष्ट्रिय जीवनको डरलाग्दो

(४) मनले उन्मत्त भेलको

(५) नहेर्न प्रयास गर्दा धेरै

**आठ सेरयुक्त गजल**

(१) सुनसान रात छ प्रेमको

(२) विचार कहाँ हार्छ तर

**नौ सेरयुक्त गजल**

(१) बगैंचाको चारैतिर

(२) कस्तो हावा भित्रियो यो

वियोगी बुढाथोकीको यस गजलसङ्ग्रहमा सङ्गृहित गजललाई हेर्दा उनले ५ देखि ९ सेरसम्मको प्रयोग गरेका भए पनि कुनै गजल सेर प्रयोगका दृष्टिले सिद्धान्तविपरीत छैनन् । यसकारण वियोगी बुढाथोकीका गजललाई संरचनात्मक दृष्टिले प्रबल मान्नुपर्छ ।

यस सङ्ग्रहका गजलहरूमा मतला भागको पूर्ण निर्वाह भएको पाइन्छ । वियोगी बुढाथोकीका गजलमा रदिफ र काफियाको पनि प्रयोग उचित ढङ्गले गरिएको पाइन्छ । गजल तिम्रो नाम होइन गजलसङ्ग्रहका ७१ वटा गजलहरूमध्ये ३५ वटा गजलमा **वियोगी** नामको तखल्लुस प्रयोग गरेका छन् ।

यसरी संरचनात्मक दृष्टिले हेर्दा **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहका गजलहरू सफल नै मानिन्छन् । **आफन्तका चोटहरू**का भन्दा यस सङ्ग्रहमा गजलको पूर्ण परिपाक भएको ठहऱ्याउन सकिन्छ ।

### ७.२.३ 'गजल तिम्रो नाम होइन'मा भावविधान

गजल आरम्भमा प्रेमविषयक हुने गर्थ्यो भने हाल आएर गजलले विषयगत विविधतालाई अपनाएको छ । विषयगत विविधतालाई अँगाली छोटो, मीठो र सटिक अभिव्यक्ति दिने हुँदा यो विधा निकै प्रभावकारी बनेको छ । वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा रहेको भावगत विविधतालाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ ।

**(क) शृङ्गारिक भाव**

**गजल तिम्रो नाम होइन** सङ्ग्रहभित्र संयोग र वियोग दुवै शृङ्गारको प्रयोग गरिएको पाइन्छ :

*रातसँगै हिँडिरह्यो कतै भेटिएन जून*
*शब्दसँग खेलिबसें तर जन्मिएन धून ।*

*(रातसँगै हिँडिरह्यो)*[48]

*बसेको छु ती आँखामा आँसुले नबगाउनू*
*अरूको कुरा सुनेर आरोप नलगाउनू ।*

*(बसेको छु ती आँखामा)*[49]

माथि प्रस्तुत गरिएको पहिलो सेर वियोग शृङ्गारको उदाहरण मान्न सकिन्छ भने दोस्रो सेर संयोग शृङ्गारको उदाहरण मान्न सकिन्छ । गजलकार बुढाेकीको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा सङ्गृहित गजलहरूमा अधिक मात्रामा वियोग शृङ्गारको प्रयोग गरिएको पाइन्छ । त्यसैले यस सङ्ग्रहमा भएका गजलहरूमा संयोग शृङ्गारका तुलनामा वियोग शृङ्गारको अधिक प्रयोगबाट **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रह वियोगान्त बनेको छ ।

**(ख) शान्त भाव**

**गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा शान्त भावका केही उदाहरणहरू पाइन्छन् । **आफन्तका चोटहरू**मा भन्दा **गजल तिम्रो नाम होइन**मा शान्त भावका उदाहरण कम छन् । शान्त भावले दुःख, सुख, हर्ष, विस्मात, माया, मोह, द्वेष आदिबचाट मुक्त भई शान्त जीवन भोग्नुपर्ने ज्ञान दिन्छ । हाम्रा वेद पुराण उपनिषद् आदिले पनि जीवनमा शान्ति प्राप्तिका लागि अनेकौं उपायहरू बताएका छन् । यी सबै अन्तिम निष्कर्ष भनेको मानव मनलाई अध्यात्मतर्फ उन्मुख गराउनु हो ।

जीवनमा सुखदुःखहरू बराबर आइरहन्छन् । जन्मसँगै मृत्यु पनि जोडिएको हुन्छ । यही कुरालाई देखाउँदै वियोगी लेख्छन् :

*बाँच्दा दुःख साट्ने ज्यान एउटै होस् प्रभु*
*मर्दा पनि हाम्रो चिहान एउटै होस् प्रभु ।*

*(बाँच्दा दुःख साट्ने)*[50]

*दुःख सुख उस्तै हुन्छ भन्दै हिँड्छन् सुखीहरू*
*सुख खोज्दा नभेट्नाले दुःखभित्र लुकेको छु ।*

*(बगैंचाको चारैतिर)*[51]

---

48= वियोगी बुढाथोकी, **गजल तिम्रो नाम होइन** (काठमाडौं : शिवपुरी साहित्य समाज, २०६३), पृ. २१ ।
49= ऐजन, पृ. ४६ ।
50= ऐजन, पृ. ७ ।

जन्म, मृत्यु, सुख, दु:ख भनेको जीवनका स्वाभाविक र निरन्तर चलिरहने प्रक्रिया हुन् । त्यसैले ईश्वरको नाम जस्तै सन्तोष मानेमा नै हाम्रो आत्माले सुख पाउँछ भन्ने भाव माथिका सेरहरूमा व्यक्त भएको छ ।

(ग) **करुण भाव**

गजलमा विभिन्न भावहरूलाई प्रयोग गर्न रुचाउने बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा करुण भावलाई पनि अत्यन्तै प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् :

*नपाएको बहानामा औंधी रोयौ कि ?*
*ढुङ्गा हानी मनभित्रको सेना फोऱ्यौ कि ?*

*(नपाएको बहानामा औंधी)*[52]

*बिपत्ति नै जिन्दगीको चोखो कमाइ भएपछि*
*मरिमेट्दा मेट्दै कठै चाहनै गल्यो होला ।*

*(त्यता आउँदैछ भन्ने)*[53]

कुनै प्रिय व्यक्तिको वियोगले मान्छेमा एक किसिमको निराशपन छाउँछ । शारीरिक रूपले मात्र मान्छे नजिक नआएर आत्मिक रूपले नजिकिनु आवश्यक छ ।

यसरी गजलकार वियोगी बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा आफू र आफूजस्तै मान्छेले भोगेका र भोग्नुपर्ने विभिन्न समस्याहरू उठाई त्यसको निराकरण हुनुपर्ने समेत देखाएका छन् । जीवनमा भोग्नुपर्ने विभिन्न दुरावस्था देखाई दयाको भाव देखाएका उनका गजलहरूमा कारुणिक भाव हृदयस्पर्शी बनेर आएको छ ।

(घ) **व्यङ्ग्य**

**गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा व्यङ्ग्य भाव सशक्त रूपमा आएको छ । व्यङ्ग्यको यो तीरबाट सरकार, कर्मचारी, राजनीतिज्ञ कोही पनि बच्न सकेका छैनन् :

*बोल्ने, लेख्ने अवसर खोस्ने कस्तो न्याय पाइयो आहा*
*गरिबीले डामेकै थियो झन् पो आगो बालियो खै ।*

---

51= ऐजन, पृ. १५ ।
52= ऐजन, पृ. ३८ ।
53= ऐजन, पृ. ४५ ।

*(आफ्नै घरमा आगो)*[54]

*असल नियतका मानिसहरूलाई चरम यातना दिई*
*एकोहोरो शङ्खको मूर्च्छनामा कुनीतिले छलिरहेछ मुलुक ।*

*(सादा जीवन उच्च)*[55]

आज मुलुक अत्यन्तै दयनीय अवस्थामा गुज्रिएको छ। मानिसलाई स्वतन्त्रपूर्वक आफ्ना विचार राख्न दिइएको छैन। असल नियत लिएका मानिसले चरम यातना पाइरहनु परेको छ। दिनप्रतिदिन देशमा नयाँ तानाशाह जन्मने सपना देखिरहेका छन्। यस्तै व्यङ्ग्यविद्रोहको स्वर गजलमार्फत् बुढाथोकीले उरालेका छन्।

### ७.२.४ 'गजल तिम्रो नाम होइन' मा समाजबोध

वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा समाजबोध राम्ररी व्यक्त भएको छ।

समाजमा असल मानिसहरूको कमी देखिएको छ। जताततै मनपरी चलिरहेको छ। यो मान्छे असल र त्यो मान्छे चाहिँ खराब मानेर छुट्याउन सकिने स्थिति छैन। समाजका प्रत्येक सदस्य नराम्रा काममा उद्यत रहेको कुरालाई वियोगी गजलमा यसरी व्यक्त गर्छन् :

*सादा जीवन र उच्च विचारलाई त्यागेर जलिरहेछ मुलुक*
*सङ्कुचित सोचाइका मान्छेका रहरमा चलिरहेछ मुलुक ।*

*(सादा जीवन उच्च)*[56]

*बोल्नै हुन्न भन्थ्यौ किन ताछ्यौ मनको आली*
*बज्ने भो कि पञ्चेबाजा आँगनमा यसपालि ।*

*(बोल्नै हुन्न भन्थ्यौ)*[57]

माथिको पहिलो सेरमा असल समाजको निर्माण गर्नका लागि मानिसमा असल चरित्र आवश्यक पर्छ तर मानिसमा सादा जीवन र उच्च विचार हराएर गएको छ। मुलुक तयत्तिकै लापरवाहीसँग सञ्चालन भइरहेको छ भन्ने खोजिएको छ भने दोस्रो सेरमा समाजमा प्रचलित चालचलन र सामाजिक सांस्कृतिक पक्षलाई उजागर गरिएको छ।

---

54= ऐजन, पृ. ६।
55= ऐजन, पृ. ७०।
56= ऐजन, पृ. ७०।

यसरी वियोगी बुढाोकीको गजल तिम्रो नाम होइन गजलसङ्ग्रहमा समाजबोध राम्ररी प्रकट भएको छ ।

### ७.२.५ 'गजल तिम्रो नाम होइन' मा राजनीति चित्रण

नेपालको राजनीतिमा अव्यवस्था र अस्थिरताले ठाउँ लिएको छ । जनताले चाहेको शान्ति सुरक्षा प्राप्त गर्न सकिरहेका छैनन् :

*सनसनीपूर्ण खबर आयो कसैको ढाड भाँचिएको छ*
*कस्तो मनोदशा पस्यो निरोगीको रोग जाँचिएको छ ।*

*(सनसनीपूर्ण खबर आयो)*[58]

*कति बगे रगतका भेल अझै कति बग्लान्*
*बुझिएन कस्तो श्रापले भिज्ने सिरानी हो यो ।*

*(राष्ट्रिय जीवनको डरलाग्दो)*[59]

*बाल्दैछन् आगो आ-आफ्नै अडानमा सहर अनि जङ्गलमा*
*नेपथ्यका कस्ता स्वार्थी* तत्त्वको *इशारामा बलिरहेछ मुलुक ।*

*(सादा जीवन उच्च)*[60]

माथिको पहिलो सेरमा नेपालमा जहिल्यै मृत्यु र सन्त्रासका सनसनीपूर्ण खबरहरूले आक्रान्त पारिरहेको र एकातिर सोझा र निर्धाको ढाड भाँच्ने र अर्कातिर धनीमानी वा ठूलाठालुहरूलाई चाहिँ केही नभए पनि स्वास्थ्य परीक्षण गरिने विडम्बनालाई प्रस्तुत गरिएको छ । त्यस्तै दोस्रो सेरमा हाम्रो देशमा जति पटक जनताले परिवर्तनका लागि रगत बगाए पनि अझै वास्तविक र जनताले चाहेअनुरूपको परिवर्तन नभएकाले यो श्रापैश्रापले भरिपूर्ण मुलुकमा अझै कतिले रगत बगाउनुपर्ने हो, निश्चित छैन भन्ने दुखेसो व्यक्त गरिएको छ । त्यसैगरी तेस्रो सेरमा चाहिँ नेपालमा माओवादी पक्ष र राज्यपक्षको द्वन्द्वले देश खग्रास पारेको र विदेशी शक्तिको इशारामा सबै आ-आफ्नै अडानमा रहेको कुरा प्रस्तुत गरेका छन् ।

---

57= ऐजन, पृ. ३५ ।
58= ऐजन, पृ. ५ ।
59= ऐजन, पृ. ३१ ।
60= ऐजन, पृ. ७० ।

यसरी गजल तिम्रो नाम होइन गजलसङ्ग्रहमा मुलुकको राजनीतिलाई वियोगी बुढाथोकीले विकृतिपूर्ण एवम् झन्झन् बिग्रँदै गएको सङ्केत गरेका छन् । साथै उनी सच्चा देशभक्त चिन्तित नागरिकको रूपमा उभिएका छन् ।

### ७.२.६ 'गजल तिम्रो नाम होइन' मा परिवेश चित्रण

गजल तिम्रो नाम होइन गजलसङ्ग्रहमा परिवेश चित्रण पनि उत्कृष्ट किसिमले भएको छ । समयगत परिवेश, स्थलगत परिवेश, सांस्कृतिक परिवेश र राजनीतिक परिवेश आदि सबै परिवेशलाई उनले गजलमा समावेश गरेका छन् :

*मेला-पात, ढिकी-जाँतो गाउँको गहनालाई*

*(कति आफ्नो उचाइबाट)*[61]

*चाडबाडमा जमघटको न्यानो सम्झौता*
*हार जीतमा रमाउने तास हुँ म ।*

*(उमङ्ग त्यो अनुहारको)*[62]

*आऊ बिसाएर बम, बारुद र बन्दुकहरू*

*(राष्ट्रिय जीवनको डरलाग्दो)*[63]

*यताउता जताततै हिसाबका चलखेल हुन्छन् अचेल*

*(सुनसान रात छ प्रेमको)*[64]

माथि प्रस्तुत गरिएको पहिलो उदाहरणमा मेलापात, ढिकी-जाँतो गर्ने ग्रामीण परिवेशको चित्रण गरिएको छ भने दोस्रो उदाहरणमा हाम्रा चाडबाडमा जुवातास खेल्ने प्रवृत्तिलाई सङ्केत गर्दै सांस्कृतिक परिवेश चित्रण छ। त्यस्तै तेस्रो उदाहरणमा माओवादीद्वारा सञ्चालित जनयुद्धको राजनीतिक चित्रण छ भने चौथो उदाहरणमा चाहिँ अचेल प्रत्येक व्यक्तिले आफ्नै स्वार्थको हिसाब मात्र गर्ने गरेको वर्तमान समयको परिवेशको चित्रण गरिएको छ ।

यस सङ्ग्रहभित्र यस्ता उदाहरण प्रशस्तै पाइन्छन् । तसर्थ परिवेश चित्रणका हिसाबले गजल तिम्रो नाम होइन गजलसङ्ग्रह सफल देखिएको छ ।

---

61= ऐजन, पृ. २५ ।
62= ऐजन, पृ. २८ ।
63= ऐजन, पृ. ३१ ।

### ७.२.७ 'गजल तिम्रो नाम होइन'मा प्रकृतिचित्रण

वियोगी बुढाथोकीले गजल तिम्रो नाम होइन गजलसङ्ग्रहमा प्रकृतिको आत्मपरक र वस्तुपरक दुवै पक्षको चित्रण गरेका छन्। प्रकृतिचित्रणका क्रममा कहीं प्रकृतिको मानवीकरण र कहीं मानवको प्रकृतिकरण गरिएको छ :

*बगैंचाको चारैतिर ढकमक्क फुलेको छु*
*उमेरले जेठो भेट्दा सधैंभरि झुकेको छु ।*

*(बगैंचाको चारैतिर)*[65]

यहाँ प्रकृतिलाई मानवीकरण गरिएको छ। उनले आफूलाई बगैंचामा ढकमक्क फूल बनेर फुलेको भाव व्यक्त गरेका छन् गजलकारले :

*सुनसान कालो रातमा जून बनेर तिमी छायौ*
*दिनभरि खोज्दा थाकें दिन ढल्यो रातमा आयौ ।*

*(सुनसान कालो रातमा)*[66]

यहाँ नायकले प्रेयसीको सुन्दर रूप र जूनमा तादात्म्य देखाइएको छ। यहाँ आकाशको जून र प्रेयसीमा पार्थक्य पाउन सकिँदैन, प्रेयसीको रूप अन्धकार हटाउने आकाशको जूनसँग आरोप गरिएकाले यहाँ प्रेयसीको रूपको प्रकृतिकरण गरिएको छ। यो प्रकृतिको मन्मय चित्रण हो :

*प्राकृतिक सौन्दर्यले पर्यटक मनलाई लोभ्याउने देशमा*
*मनमा लागेको शङ्कालु बादल फालेर आउनू प्रिय ।*

*(सुनसान रात छ प्रेमको)*[67]

यहाँ गजलकार बुढाथोकीले प्राकृतिक सुन्दरताले भरिपूर्ण देश नेपाल पर्यटकहरूको गन्तव्यस्थल भएकाले आफ्ना मनमा भएका कलुषित भावना हटाएर आउन प्रेयसीलाई अनुरोध गरेका छन्।

यसरी वियोगी बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा प्राकृतिक चित्रणलाई पनि उत्तिकै महत्त्व दिएका छन्।

---

64= ऐजन, पृ. ५७।
65= ऐजन, पृ. १५।
66= ऐजन, पृ. ५४।
67= ऐजन, पृ. ५७।

### ७.२.८ 'गजल तिम्रो नाम होइन' मा राष्ट्रियता

राष्ट्रप्रेम सर्वोपरि प्रेम हो। यही प्रेमले नै राष्ट्रलाई सधैं सार्वभौमसत्तासम्पन्न, शक्तिसम्पन्न र स्वतन्त्र बनाउन मद्दत गर्दछ। वियोगी बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा राष्ट्रियतालाई सर्वोपरि महत्त्व दिएका छन्। राष्ट्रप्रतिको सद्भाव, नेपाली जनताप्रतिको आफ्नो कर्तव्यलाई राम्ररी बुझेका वियोगी बुढाथोकी नेपाल र नेपालीको भलो चाहन्छन्। त्यसैले गजलमा आफ्नो कर्तव्य र नेपाली जनताको मुक्तिका लागि यसरी पोखिन्छन् :

*देशभन्दा ठूलो अर्को देवता हुन सक्तैन*
*देशको स्वार्थमा रम्ने उपाय चालेकै हो गगन।*

*(विचार कहाँ हार्छ तर)*[68]

*सधैं अँध्यारो मेट्ने उज्यालो आइदिए हुन्थ्यो भन्छु*
*प्रसन्नताको अभाव निसासिएको देख्छु सबैको कामसँग।*

*(कस्तो इच्छाको प्रस्ताव)*[69]

यहाँ पहिलो उदाहरणमा गजलकारले देशभन्दा ठूलो अर्को देवता केही नहुने हुनाले देशकै सेवा गर्नुपर्छ, देशप्रति भक्तिभावना जगाउनुपर्छ भनेका छन् भने दोस्रो उदाहरणमा देशमा भएको अज्ञानता, अन्धकार हटाउन र सबैको ओठमा मुस्कान भर्न उज्यालो पक्ष अर्थात् परिवर्तनको चाहना राखेका छन्।

यसरी **गजल तिम्रो नाम होइन**मा राष्ट्रप्रेम वा राष्ट्रियता निकै सशक्त रूपमा मुखरित भएको देखिन्छ। यसले वियोगीलाई एउटा सच्चा राष्ट्रभक्तका रूपमा चिनाएको छ।

### ७.२.९ 'गजल तिम्रो नाम होइन'मा लय

लय शब्दले गहन एकाग्रता, तल्लीनता, तन्मयता, विलयन, सङ्गीतमा स्वरको आरोह अवरोहको विशेषक्रम प्रवाह आदि अर्थबोध गराउँछ। सङ्गीत र काव्यको प्राणतत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ। लयले कविता र गद्यमा शब्द वा ध्वनिप्रवाहको ढाँचालाई बुझाउँछ।[70]

---

68= ऐजन, पृ. ६१।
69= ऐजन, पृ. ६६।
70= खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौँ, ने.रा.प्र.प्र. २०६०) पृ. १३६-१३७।

गजलमा बहरले लयको सिर्जना गर्दछ । वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा उर्दू, फारसी काव्यशास्त्रले मान्यता दिएका वर्ण र मात्रामा आधारित शास्त्रीय बहरको नियम पालना गरेको भेटिँदैन । उनले उच्चारणगत समानतामा आधारित स्वनिर्मित लयको प्रयोग गरेका छन् । सकेसम्म उच्चारणगत समानतामा ध्यान पुऱ्याइएकाले वियोगी बुढाथोकीको यस सङ्ग्रहमा सङ्ग्रहित सबै गजलहरू लयमा आबद्ध छन् :

*(क) हराएथ्यो प्रेमको चिनो लौन कसले पायो होला*
*सुन्दर माला सम्झिएर गलामा पो लायो होला ।*

*(हराएथ्यो प्रेमको चिनो)*[71]

*(ख) नदेखे नि हुन्थ्यो किन भेट्न देखिएछ*
*गजल तिम्रो नाम होइन तर लेखिएछ ।*

*(नदेखेनि हुन्थ्यो किन)*[72]

*(ग) विन्ती कसम त्यो आँखामा बस्न मन लागेको छ*
*बन्द गऱ्यौ परेली कतै पस्न मन लागेको छ ।*

*(विन्ती कसम त्यो आँखामा)*[73]

माथि दिइएका सेरहरू बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् । यी सबै सेरहरूमा लयगत समानता भेटिन्छ । उदाहरण ‘क’ मा अक्षरसङ्ख्या १६ रहेको छ भने ‘ख’ मा १४ अक्षर रहेको छ । त्यसैगरी ‘ग’ मा १७ अक्षर रहेका छन् ।

**गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा अक्षर संरचनामा आधारित लयको प्रयोग गरिएको भए पनि केर्हा गजलहरू अक्षर संरचनाबाट फुत्किएका छन् । यस सङ्ग्रहभित्र रहेको अक्षर संरचना नमिलेका गजलहरूमा अक्षर सङ्ख्याको अन्तर केही मात्रामा रहे पनि त्यसले लयमा खासै असर पुऱ्याएको देखिँदैन :

*(क) तपाईंसँगै मन छ हजुर च्वास्स नघोचे है*
*नजानी गल्ती भएको च्वास्स नघोचे है ।*

*(तपाईंसँग मन छ हजुर)*[74]

*(ख) कस्तो इच्छाको प्रस्ताव राख्नु यो मलिनो घामसँग*
*निराशाको बादल छ कसैको सल्लाह नसुन्ने रामसँग ।*

71= वियोगी बुढाथोकी, पूर्ववत्, पृ. ३ ।
72= ऐजन, पृ. १० ।
73= ऐजन, पृ. ४७ ।
74= ऐजन, पृ. ३७ ।

*(कस्तो इच्छाको प्रस्ताव)*[75]

वियोगी बुढाथोकीले समान अक्षरसङ्ख्या र एउटै आकार भएका सेरहरूमा गजललाई बाँध्ने प्रयास गरेका छन् । गजलमा लयविधान एकै किसिमको हुन आवश्यक पनि छ । यहाँ उदाहरण 'क' र 'ख' को दुवै मिसरामा बराबर अक्षरसङ्ख्या छैनन् । 'क' मा दुवै मिसराबीच एक अक्षरको मात्र फरक भएकाले लयविधानलाई यसले बिगारेको छैन । उदाहरण 'ख' मा चाहिँ दुवै मिसरामा चार अक्षरको फरक परेकाले केही स्वाभाविकता देखिए पनि लयबद्धता भने पाइन्छ । वियोगी बुढाथोकीको यस सङ्ग्रहभित्रका धेरैजसो गजल अक्षर संरचनामा मिलेको कुरा सम्पूर्ण गजललाई तालिकामा नै देखाइएको छ :

**७.२.१० 'गजल तिम्रो नाम होइन'मा सङ्गीत**

गजल गेय विधा हो । यसमा सङ्गीतात्मकता रहेकै हुन्छ । हिजोआज गजल गाउनै पर्छ भन्ने मान्यताबाट मुक्त भएको भए पनि गजलमा हुनुपर्ने मधुरतालाई गजलकारले त्याग्न सक्दैन ।

वियोगी बुढाथोकीका गजलमा सङ्गीतात्मकता प्रशस्त पाउन सकिन्छ । शब्द सङ्गीतमा बढी ध्यान पुऱ्याएकाले उनका गजलहरू उत्कृष्ट पनि छन् :

*धेरै गर्ने इच्छा त थियो कर्म छोटो रै'छ*
*छोपेको छु लाज भन्थें नछोप्ने भोटो रै'छ ।*

*(थोरै गर्ने इच्छा थियो)*[76]

यस सेरका दुवै मिसरामा रहेको 'छ' वर्णको आवृत्ति ७ पटक भएको छ भने 'र' वर्ण आवृत्ति ३ पटक भएको छ । यसले गर्दा यहाँ सङ्गीतको सिर्जना हुन पुगेको छ । काफियाका रूपमा प्रयोग भएका 'छोटो' र 'भोटो' शब्दले र रदिफका रूपमा प्रयोग भएको रै'छ शब्दले सजिलै सङ्गीत पस्कन सकेका छन् ।

*विछोडको क्षण भुल्न गजल गाउँदैछु म*
*पर्खी बस्नु साँझपख भेट्न आउँदैछु म ।*

*(विछोडको क्षण भुल्न)*[77]

यस सेरमा 'छ', 'न', 'म' वर्णको आवृत्ति पटक पटक भएकाले सङ्गीतमय झङ्कार प्रदान गरेको छ ।

75= ऐजन, पृ. ६६ ।
76= ऐजन, पृ. ६७ ।
77= ऐजन, पृ. ४३ ।

गजल तिम्रो नाम होइन गजलसङ्ग्रहभित्र यस्ता उदाहरणहरू प्रशस्त भेटिन्छन् । लय हिसाबले समेत उत्कृष्ट देखिएका वियोगीका गजलहरूमा साङ्गीतिक चेतना पनि उत्कृष्ट ढङ्गले आएको छ । काफिया र रदिफको सन्तुष्टि प्रयोग गर्न रुचाउने भएकाले सङ्गीतात्मक दृष्टिले वियोगीका गजल उत्कृष्ट छन् ।

### ७.२.११ '**गजल तिम्रो नाम होइन**'**मा अलङ्कार**

**(क) शब्दालङ्कार**

शब्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यसले शब्दको प्रयोगमा आधारित भई गजललाई सौन्दर्य प्रदान गर्दछ । वियोगी बुढाथोकीको गजल तिम्रो नाम होइन गजलसङ्ग्रहमा शब्दालङ्कारको प्रशस्तै प्रयोग गरिएको छ ।

(अ) छेकानुप्रास अलङ्कार : अनेक व्यञ्जनको एकपटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ । **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा छेकानुप्रासका उदाहरण :

*तपाईंसँगै मन छ हजुर टाढा नसोचे है ।*

*(तपाईंसँगै मन छ हजुर)*[78]

*नपाएको बहानामा औंधी रोयौ कि ?*

*(नपाएको बहानामा औंधी)*[79]

*त्यता आउँछौ भन्ने हल्ला चल्यो होला ।*

*(त्यता आउँदैछ भन्ने)*[80]

माथिको पहिलो उदाहरणमा 'स' दोस्रो उदाहरणमा 'क' र तेस्रो उदाहरणमा 'ल' वर्णको एकपटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कार पर्न गएको छ ।

(आ) वृत्यानुप्रास अलङ्कार : एक वा अनेक वर्णको अनेक पटक आवृत्ति भई बन्ने अलङ्कार वृत्यानुप्रास अलङ्कार हो । उदाहरणका लागि गजलका निम्नलिखित मिसरालाई हेर्न सकिन्छ :

*रुँदैछन् यी दुवै आँखा नरुभन्न तिमीले छाता ओढ्दा हुन्छ ।*

---

78= ऐजन, पृ. ३७ ।

79= ऐजन, पृ. ३८ ।

*(रुँदैछन् यी दुवै आँखा)*[81]

*कुन मित्रको मनभित्र शत्रु नामको चोर पस्यो*

*(हराएथ्यो प्रेमको चिनो)*[82]

*झर्छन् आँसु धरधरी तिमी पराइ हुँदा ।*

*(रूपको उचाइमा तिम्रो)*[83]

माथिको पहिलो उदाहरणमा 'द' वर्णको, दोस्रो उदाहरणमा 'त्र' वर्णको र तेस्रो उदाहरणमा 'र' वर्णको तीन-तीन पटक आवृत्ति भएकाले वृत्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

(इ) अन्त्यानुप्रास अलङ्कार : वियोगी बुढाथोकीले आफ्ना गजलमा अन्त्यानुप्रास अलङ्कारको कुशलतापूर्वक प्रयोग गरेका छन् । गजलमा कविता र गीतमा जस्तो अनुप्रासयुक्त पङ्क्ति पटक पटक आउँदैन तर पनि मतला खण्डमा भने गजलमा पनि अन्त्यानुप्रास आउँछ । गजलमा अन्त्यानुप्रास बन्न आएका शब्दलाई काफिया पनि भनिन्छ । जस्तै :

*(क) सुन्दर त्यो मुहारमा लोभको बस्ती बढेपछि*
*आगो बनी दन्किदेऊ वर्ष सोह्र तरेपछि ।*

*(सुन्दर त्यो मुहारमा)*[84]

*(ख) वसन्तको उमेरमा उनको तस्बिर देख्दा*
*खलबली मच्चियो मनमा पहिलोचोटि भेट्दा*

*(वसन्तको उमेरमा उनको)*[85]

*(ग) दिलको ढोका खोली डाकें आइदियो अर्कै*
*किन चित्त दुख्यो भन्छन् परिहाल्यो मर्कै ।*

*(दिलको ढोका खोली डाकें)*[86]

---

80= ऐजन, पृ. ४५ ।
81= ऐजन, पृ. १ ।
82= ऐजन, पृ. ३ ।
83= ऐजन, पृ. ४ ।
84= ऐजन, पृ. २ ।
85= ऐजन, पृ. १३ ।

माथि दिइएका उदाहरणहरूमा 'क' मा 'बढेपछि' र 'तरेपछि', 'ख' मा 'देख्दा' र 'भेट्दा' र 'ग' मा 'अर्कै' र 'मर्कै' ले अन्त्यानुप्रास अलङ्कारको काम गरेका छन् । यसरी हेर्दा **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा शब्दालङ्कारको उपस्थिति राम्रोसँग भएको देखिन्छ । गजलमा शब्दालङ्कारले सङ्गीत सिर्जनामा ठूलो योगदान पुऱ्याउने गर्दछ ।

**(ख) अर्थालङ्कार**

अर्थमा चमत्कार हुने अलङ्कार नै अर्थालङ्कार हो । यस अलङ्कारले शब्दको अर्थबाट काव्यमा सौन्दर्य उत्पन्न गर्दछ । वियोगी बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहका गजलहरूमा विभिन्न अर्थालङ्कारको प्रयोग गरेको देखिन्छ ।

(अ) उपमा : उपमेय र उपमानको समान धर्मको तुलना गरी बन्ने उपमा अलङ्कारको प्रयोग यस सङ्ग्रहका गजलमा पाइन्छ । जस्तै :

*चिहानजस्तो सुनसान घर भो हजुर*
*अचेल घर भत्काउने नर भो हजुर ।*

*(चिहानजस्तो सुनसान)*[87]

चिहान भनेको डरलाग्दो र सुनसान घाट हो । यहाँ घरलाई चिहानसँग सादृश्य देखाइएको छ । 'घर' उपमेय र 'चिहान' उपमान रहेको 'जस्तो' वाचक शब्दका रूपमा र सुनसान समान धर्मका रूपमा आएको छ । त्यसैले यो उपमा अलङ्कार हो ।

(आ) दृष्टान्त : दुई वा अनेक वाक्यार्थमा धर्म एक नभए पनि बिम्ब र प्रतिबिम्ब जस्तो पारेर राखिएका ती वाक्यको अर्थ समान बुझिएमा दृष्टान्त अलङ्कार हुन्छ :

*उज्यालो छ यो हृदयको घर वासनायुक्त फूल फुलेको छ*
*काँडामा पनि फूल भेट्न यो वियोगीलाई रोज्दा हुन्छ ।*

*(रुँदैछन् यी दुवै आँखा)*[88]

यसरी वियोगी बुढाथोकीले शब्दगत र अर्थगत चमत्कार प्रस्तुत गर्नका निम्ति केही शब्दालङ्कार र अर्थालङ्कारलाई निकै कुशलताका साथ प्रस्तुत गरेका छन् । केही शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रह उत्कृष्ट बनेको छ ।

---

86= ऐजन, पृ. ५० ।
87= ऐजन, पृ. ३३ ।
88= ऐजन, पृ. १ ।

### ७.२.१२ **'गजल तिम्रो नाम होइन'मा बिम्बविधान**

गजलकार वियोगी बुढाथोकीले यस सङ्ग्रहमा पनि बिम्बको प्रयोग गरेका छन् :

*आफ्नै घरमा आगो लगाई कस्तो न्यानो तापियो खै*
*धोका दिनेलाई नै माया गरी किन पालियो खै ।*

*(आफ्नै घरमा आगो)*[89]

*जिन्दगीको लामो यात्रा एक्लै नाप्न सकिँदैन*
*बादल-वर्षा, घाम-पानीमा विन्ती छाउनु है ।*

*(मनको खेतमा प्रीत)*[90]

*मीठो लाग्छ तिम्रो कुरा र सुनिरहेछु ।*

*(मीठो लाग्छ तिम्रो)*[91]

उपर्युक्त उदाहरणहरूमध्ये पहिलो उदाहरणमा आगो, 'आगो' दृश्यात्मक बिम्ब हो भने न्यानो स्पर्शसम्बन्धी बिम्ब हो । उदाहरण दोस्रोमा बादल, वर्षा घाम, पानी र ध्वनि गतिसम्बन्धी बिम्ब हुन् । त्यस्तैगरी तेस्रो उदाहरणमा प्रयोग भएको 'मीठो' स्वादसम्बन्धी बिम्ब हो ।

त्यसैले बिम्ब प्रयोगका दृष्टिले हेर्दा **गजल तिम्रो नाम होइन**का गजलहरूमा वियोगी बुढाथोकी सफल गजलकारका रूपमा देखिएका छन् । बिम्ब प्रयोगका कारण गजलका सेरहरू प्रभावकारी र हृदयसंवेद्य बनेका छन् ।

### ७.२.१३ **'गजल तिम्रो नाम होइन'मा प्रतीकविधान**

वियोगी बुढाथोकीले **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहमा प्रशस्त प्रतीकको प्रयोग गरेका छन् । प्रतीकहरूको प्रयोगका कारण यस सङ्ग्रहका गजलहरूले स्तरीयता पनि प्राप्त गरेका छन् :

*भन्नु हुँदैन हजुर भित्ताको पनि कान हुन्छ*
*उज्यालोको खोजीमा भेटिएको खरानी हो त्यो ।*

*(राष्ट्रिय जीवनको डरलाग्दो)*[92]

---

89= ऐजन, पृ. ६ ।
90= ऐजन, पृ. १७ ।

यस सेरमा आएको 'खरानी' शब्दले प्रतीकको काम गरेको छ । खरानीले परिवर्तनका नाममा गरिएको आन्दोलनले निम्त्याएको विध्वंशलाई सङ्केत गरेको छ ।

*जिन्दगीभर सन्तान जन्माउन सकिएन*
*बुढेसकालमा लौरोको पो भर भो हजुर ।*

*(चिहानजस्तो सुनसान)*[93]

यस सेरको दोस्रो मिसरामा आएको 'लौरो' ले सहाराविहीनलाई सहारा दिने वस्तु भएर प्रतीकको रूपमा आएको छ ।

*हाम्रै पसिनाले चलेका सञ्चार साधनले पनि*
*शवयात्रामा फुक्ने शङ्खको काम गरेझैं लाग्छ ।*

*(सीमित व्यक्तिको इशारामा)*[94]

यहाँ प्रयोग गरिएको शङ्ख प्रतीक बनेको छ । शुभकार्यमा र मृत्यु हुँदा बजाइने र सूचनाको काम गर्ने शङ्खले सञ्चार माध्यमको दुरूपयोगलाई सङ्केत गरेको छ ।

यसरी वियोगी बुढाथोकीले गजल तिम्रो नाम होइन मा प्रतीकहरूको सफल प्रयोग गरेका छन् । प्रतीककै कारण उनका गजल अभिधात्मक अर्थभन्दा माथि उठेर पाठकका मनमा विशेष प्रभाव पार्न सफल रहेको देखिन्छ ।

### ७.२.१४ 'गजल तिम्रो नाम होइन'मा भाषा प्रयोग

वियोगी बुढाथोकीको **गजल तिम्रो नाम होइन** गजलसङ्ग्रहका गजलहरूमा स्वाभाविक र सरल भाषा नै प्रयोग गरिएको छ । उनले कथ्य नेपाली भाषाको प्रयोगमा रुचि देखाएका छन् । भो (भयो), खै (खोई), थेँ (थिएँ), स्यूदो (सिउँदो), रै'छु (रहेछु), रैछन् (रहेछन्) जस्ता जनजिब्रोमा प्रचलित शब्दहरू सङ्ग्रहमा रहेका छन् ।

यस सङ्ग्रहमा ढकमक्क, छताछुल्ल, धुरुधुरु जस्ता थोरै मात्रामा भए पनि अनुकरणात्मक शब्दको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा तत्सम, तद्भव र आगन्तुक सबैखाले शब्दको प्रयोग गरिएको पाइन्छ । प्रेम, मधुरस, निरीह, उद्यान, गगन, उन्मत्त जस्ता तत्सम शब्द, आगो, आँखा, पिरती जस्ता तद्भव शब्द र तस्बिर, लोडसेडिङ, गजल, गिलास

---

91= ऐजन, पृ. १८ ।
92= ऐजन, पृ. ३१ ।
93= ऐजन, पृ. ३३ ।

जस्ता आगन्तुक शब्द प्रयोगले गजललाई अझै उत्कृष्ट बनाएका छन् । नि, है, नै जस्ता निपात प्रयोगले त भाषालाई झन् उत्कृष्ट बनाएका छन् ।

### ७.२.१५ 'गजल तिम्रो नाम होइन' को मूल्याङ्कन र निष्कर्ष

वियोगी बुढाथोकीको गजल तिम्रो नाम होइन गजलसङ्ग्रहलाई माथि विश्लेषण गरिएको आधारमा मूल्याङ्कन गरी हेर्दा उनले परम्परागत संरचनालाई त्याग गरेको देखिँदैन । विषयगत विविधतालाई अँगाली लेखिएका उनका गजलहरू लय र सङ्गीतका दृष्टिले पनि सशक्त छन् । रदिफ, काफिया, तखल्लुस आदि संरचनात्मक तत्त्वहरूलाई उनले परम्परागत रूपमै सजाएका छन् । शब्दालङ्कार र अर्थालङ्कार, प्रतीक, बिम्ब, भाषाप्रयोग आदिका दृष्टिमा पनि गजलहरू उत्कृष्ट बनेका छन् ।

निष्कर्षमा वियोगी बुढाथोकीको गजल तिम्रो नाम होइन गजलसङ्ग्रहका गजलहरू संरचना, अलङ्कार, प्रतीक, लय र भाषा प्रयोगका दृष्टिले उत्कृष्ट छन् ।

94= ऐजन, पृ. ६९ ।

## परिच्छेद आठ
# उपसंहार तथा निष्कर्ष

काठमाडौँ जिल्लाको खड्का भद्रकाली, हात्तीगौंडामा स्व. पिता कृष्णबहादुर बुढाथोकी र माता श्रीमती विष्णुकुमारी बुढाथोकीका चार छोराहरूमध्ये माहिला पुत्रका रूपमा वियोगी बुढाथोकी वि.सं. २०११ साल जेठ ६ गते जन्मेका हुन् । सामान्य पविारमा जन्मिएका बुढाथोकीको बाल्यकाल सामान्य रूपले बित्यो । न्वारानको नाम भीमबहादुर भए पनि पछि उनलाई सीताराम भन्न थालियो । उनको साहित्यमा चर्चित बनाउने नाम वियोगी भए पनि उनका शैक्षिक प्रमाणपत्रहरूमा भने सीताराम बुढाथोकी नै रहेको छ । छेत्री कुलमा जन्मेका हुनाले अक्षरारम्भ घरबाटै गरी चपली काठमाडौँको गणेश प्राथमिक विद्यालयबाट प्राथमिकस्तरको शिक्षा पूरा गरेर शान्ति विद्यागृह लैनचौरबाट माध्यमिक तहको शिक्षा हासिल गरे तर प्रवेशिका परीक्षामा भने नेपाल राष्ट्रिय विद्यापरिषद्‌बाट सामेल भई उत्तीर्ण गरेपछि त्यसपछि उनले राजनीतिशास्त्रमा एम.ए. सम्मको औपचारिक शिक्षा पूरा गरे । बुढाथोकीको २०२८ सालमा ब्रतबन्ध भयो भने काभ्रेपलाञ्चोक जिल्ला बाँसडोल गाविस बस्ने श्री इन्द्रबहादुर राउत र श्रीमती भवानी राउतकी जेठी सुपुत्री शकुन्तला राउतसँग वि.सं. २०३४ सालमा विवाह सम्पन्न भयो । हाल उनी हात्तीगौंडाको आफ्नै घरमा दुई छोरी र एक छोराका साथ पाँच जनाको परिवार लिएर बसोबास गर्दै आएका छन् ।

सामान्य परिवारमा जन्मेका हुनाले बुढाथोकीको जीवन सामान्यरूपमा नै बितिरहेको छ । निर्भीक र स्वाभिमानी बुढाथोकीलाई अङ्ग्रेजी, हिन्दी, नेवारी भाषाको ज्ञान भए पनि मातृभाषा नेपालीमा नै उनले वि.सं. २०३२ सालमा **यहाँ यस्तै यस्तै रहेछ** कविता रचेर साहित्यिक यात्राको सुरुवात गरेका हुन् । यही कविताबाट औपचारिक रूपमा लेखन कार्यमा लागेका बुढाथोकीले हालसम्म तीनवटा कवितासङ्ग्रह र दुईवटा गजलसङ्ग्रह प्रकाशित गरेर निरन्तर योगदान दिएवापत विविध पुरस्कार र मानसम्मान प्राप्त गरेका छन् ।

बुढाथोकीको व्यक्तित्वका विभिन्न पाटाहरू रहेका छन् । शारीरिक व्यक्तित्वका दृष्टिले अग्ला कदका, ठिक्कको जीउडाल, फूर्तिला देखिने बुढाथोकी प्रायः सामान्य परिधानमा देखिन्छन् । स्वभावजन्य व्यक्तित्वका दृष्टिले निडर, मिलनसार, स्पष्टवक्ता तथा सहयोगी छन् । साहित्यिक वा लेखकीय व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व र गजलकार व्यक्तित्व गरी स्पष्ट रूपमा दुई पाटा देखिन्छन् । यीबाहेक विविध संघसंस्थामा आबद्ध भएका बुढाथोकी कुशल प्रशासक तथा अभिभावकीय व्यक्तित्व रहेको निष्कर्ष प्राप्त भएको छ ।

वियोगीको मुख्य पेसा प्रशासनिक क्षेत्र हो । उनी हाल नेपाल मेडिकल कलेज जोरपाटीमा कार्यक्रम अधिकृतको रूपमा कार्यरत छन् । जीविकोपार्जनको यो पेसाबाहेक उनको मूल पेसा साहित्यसिर्जना नै हो । उनको साहित्य सिर्जनाको मुख्य विधा कविता र

गजल नै हो । बुढाथोकीको पहिलो प्रकाशित पुस्तकाकार कृति भने **समयलाई सञ्चो छैन** (२०४२) कवितासङ्ग्रह हो । हालसम्म उनका **काठमाडौं धाइरहेछु** (२०४९) कवितासङ्ग्रह र **छुटेका यादहरू** (२०५३) कवितासङ्ग्रह गरी तीनवटा कवितासङ्ग्रह प्रकाशित छन् भने **आफन्तका चोटहरू** (२०५२) र **गजल तिम्रो नाम होइन** (२०६३) गरी दुईवटा गजलसङ्ग्रह प्रकाशित भइसकेका छन् । त्यस्तैगरी धारावाहिक रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेको **गोपाल र गोपालहरू**को १०८ औं शृङ्खकलासम्म प्रकाशोन्मुख अवस्थामा छ ।

वियोगी बुढाथोकीको साहित्य रचनाको मूल स्रोत नेपाली समाज, राजनीति तथा ती क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका साथै अन्धविश्वास नै रहेको निष्कर्ष यसै अध्ययनबाट प्राप्त भएको छ । साहित्यकार बुढाथोकीको भाषामा तत्सम, तद्भव तथा आगन्तुक सबै भाषाको प्रयोग पाइन्छ ।

यसरी देश, समाज, सामाजिक जीवन र विश्व मानव समुदायसँग प्रत्यक्ष र परोक्ष रूपमा सरोकार राख्ने विभिन्न विषयवस्तुलाई आफ्नो साहित्यिक फाँटमा स्थापित स्रष्टा व्यक्तित्व बनेको स्पष्ट हुन्छ । प्रस्तुत अध्ययनबाट नेपाली साहित्यको इतिहासमा साहित्यकार बुढाथोकीको महत्त्वपूर्ण स्थान रहेको निचोड प्राप्त भएको छ । उनी पहिले कवि र त्यसपछि गजलकार हुन् भन्ने कुरा पनि यस अध्ययनले देखाएको छ । समकालीन स्वच्छन्दतावादी-प्रगतिवादी फाँटका एक प्रतिनिधि साहित्यकार भएर पनि चर्चाको शिखरमा परिचित हुन भने बाँकी नै छन् ।

वियोगी बुढाथोकीका बारेमा अध्ययन गर्न उपयुक्त अन्य शीर्षकहरू निम्नलिखित हुनसक्छन् :

(क) वियोगी बुढाथोकीका कविताको अध्ययन,

(ख) वियोगी बुढाथोकीका गजलहरूको अध्ययन,

(ग) वियोगी बुढाथोकीका कविता र गजलको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची

पुस्तकसूची :

अधिकारी, हेमाङ्गराज, बद्रीविशाल भट्टराई, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा.लि. २०६१ ।

'उदासी', टीकाराम, **गजलसिद्धान्त र नेपाली गजलको इतिहास**, नेपाल :अतिरिक्त प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य–प्रकाश**, दो.सं. : काठमाडौँ, साझा प्रकाशन २०४८ ।

एटम, नेत्र, **भित्र कतै दुख्छ भने**, काठमाडौँ : दोभान प्रकाशन, २०६० ।

काफ्ले, मुकुन्दप्रसाद, **मनु ब्राजाकीको गजलकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ, २०६३ ।

कालिकाप्रसाद र अन्य, (सम्पा.) **बृहद् हिन्दी शब्दकोश**, दो.सं.वनारस : ज्ञानमण्डल लिमिटेड, संवत्, २०१३ ।

क्षेत्री, दुबसु, **समसामयिक गजल**, काठमाडौँ : वसुन्धरा प्रकाशन २०५० ।

खाँ, मुहम्मद मुस्तफा (सम्पा.), **उर्दू, हिन्दी शब्दकोश**, सा.सं. लखनउ : उत्तर प्रदेश : हिन्दी संस्थान, सन् १९९२ ।

तिवारी, भीमनिधि **बयासी र बीस गजल मेरी**, स्वयम्, २०१० ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग–४**, काठमाडौँ :साझा प्रकाशन, २०६० ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ, ने.रा.प्र.प्र. २०५२ ।

थापा, हिमांशु, **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन २०५० ।

दास, श्यामसुन्दर (सम्पा.), **हिन्दी शब्दसागर, भारत सरकार**, सन् १९६७ ।

नगेन्द्र, (सम्पा.) **भारतीय साहित्यकोश**, नई दिल्ली, नेशनल पब्लिसिङ हाउस,सन् १९८१ ।

नदीम, नरेश, **उर्दू कविता और छन्दशास्त्र**, दिल्ली : सारांश प्रकाशन, सन् १९९९ ।

नेपाल, वसन्तकुमार शर्मा (सम्पा.) **नेपाली शब्दसागर**, काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५७ ।

न्यौपाने, घनश्याम, **साहित्य सन्दर्भ**, वीरगञ्ज : नारायणी बुक्स एण्ड स्टेशनर्स, २०५५ ।

पुरी, चायन गोविन्द, **गजल एक अध्ययन**, नईदिल्ली, सीमान्त प्रकाशन,सन् १९८३ ।

बराल, कृष्णहरि, **गजलपरम्परामा मोतीराम भट्टको गजलकारिता** अप्रकाशित पीएच.डी. शोधप्रबन्ध, त्रि.वि.वि. २०६३ ।

बराल, कृष्णहरि, **गीत सिद्धान्त र इतिहास**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

बराल, कृष्णहरि, **संदृष्टि**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

बर्मा, धीरेन्द्र र अन्य (सम्पा.), **हिन्दी साहित्य कोश**, वाराणसी, ज्ञानमण्डल लिमिटेड, २०२० ।

बुढाथोकी, वियोगी, **आफन्तका चोटहरू**, काठमाडौँ : श्रीमती शकुन्तला बुढाथोकी, २०५२ ।

..... **काठमाडौँ धाइरहेछु**, काठमाडौँ : ने.रा.प्र.प्र., २०४९ ।

.... **गजल तिम्रो नाम होइन**, काठमाडौँ : शिवपुरी साहित्य समाज, २०६३ ।

..... **छुटेका यादहरू**, काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

.....**समयलाई सञ्चो छैन**, काठमाडौँ : आरोहण प्रकाशन, २०४२ ।

रावल, ललिजन (सम्पा.) **समकालीन नेपाली गजल**, काठमाडौँ : बगर प्रकाशन, २०४७ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कवितासिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र. २०६० ।

वस्ती, सनतकुमार, ...**सबेरै आएँ**,' अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रि.वि. कीर्तिपुर २०५३ ।

शर्मा, तारानाथ (सम्पा.), काठमाडौँ, नवीन प्रकाशन, **नेपाली साहित्यको इतिहास**' (२०५१)

शर्मा, मोहनराज, **शैलीविज्ञान**, काठमाडौँ : ने.रा.प्र.प्र. २०५९ ।

शर्मा, रमा, **केही चिन्तन**, काठमाडौँ : ने.रा.प्र.प्र. २०४८ ।

**पत्रिकासूची**

क्षेत्री, दुबसु, **आस्था र आदर्शको योगी : कवि वियोगी**, राष्ट्रपुकार साप्ताहिक, माघ ७, २०५७।

धमला, चेतनाथ, **गजल तिम्रो नाम होइन :वियोगी**, परिवर्तन साप्ताहिक, जेठ २, २०६३ ।

नयाँघरे, युवराज, **साहित्यमाथि राजनीति लादिनु राम्रो होइन**, जनभावना साप्ताहिक, असार ३, २०५९ ।

'निर्जन,' अर्जुन पौडेल, **मनैभरि गजल फुलाउने बुढाथोकी**, सिउँडी, असोज २०६३ ।

न्यौपाने, घनश्याम, **गजल :शिल्पशैली र रचनाविधान**, अनुराग १/४, २०६१ ।

न्यौपाने, दैवज्ञराज, **वियोगीको आफन्तका चोटहरू**, गोरखापत्र साप्ताहिक, परिशिष्टाङ्क, पुस ८, २०५२ ।

प्रतीक्षा, विवश, **यौन चर्चा र शिवपुरी सन्देशको यौन विशेषाङ्क**, सगरमाथा साप्ताहिक, भाद्र ३०, २०५९ ।

बानियाँ, राजकुमार, **कवि र रक्सीको एउटै गोलार्द्ध**, स्पेसटाइम दैनिक, माघ १७, २०६०

.........**वियोगीका सहस्र साँझ**, नव प्रतिपक्ष राष्ट्रिय साप्ताहिक, पुस १६, २०६१ ।

............**वियोगी पनि गोपाल पनि**, तरुण साप्ताहिक, चैत्र १३, २०५७ ।

ब्राजाकी, मनु, **गजलयात्रा, समकालीन साहित्य**, वर्ष ३, अङ्क २, पूर्णाङ्क १०, २०५० ।

भट्टराई, जयदेव, **गजल रुचाउने कवितामा रम्ने स्रष्टा**, युवामञ्च, भदौ २०६३ ।

...........**सहरबाट टाढा रमाए कवि**, गोरखापत्र दैनिक, जेठ २७, २०६० ।

मधिकर्मी, ध्रुव, **वियोगी बुढाथोकीको आफन्तका चोटहरूबारे केही चर्चा**, हिमालय टाइम्स दैनिक, भाद्र २२, २०५३ ।

मधिकर्मी, ध्रुव, **शिवपुरी सन्देशको साहित्यिक यात्रा**, साप्ताहिक आवाज, भाद्र ११, २०५९ ।

लुइटेल, गुणराज, **कविताको प्रेमी**, कान्तिपुर दैनिक, माघ २९, २०५६ ।

लोहनी, दीपक, **आफैँलाई कुल्चेर जानेसँग उनको गुनासो छैन**, साप्ताहिक आवाज, वर्ष ६, अङ्क २३, माघ २३, २०६३ ।

लोहनी, पुष्कर, **कुल्चेर सोत्तर भएको वियोगीको प्रेम**, तरुण साप्ताहिक, असार २६, २०६३ ।

लोहनी, मणि, **लेख्नु मेरो काम हो लेखिरहेछु**, स्पेसटाइम दैनिक, पुस २१, २०५७ ।

यात्रु, कुमार, **प्रभुलाई अचेल सञ्चै छ ?** सौजन्य साप्ताहिक, ५ भदौ, २०६१ ।

शर्मा, हरिप्रसाद, **काठमाडौं धाइरहेछु भित्रका बुढाथोकी**, गरिमा, वर्ष २२, अङ्क १, पूर्णाङ्क २५३, पुस २०६० ।

.... **गजलगाथा, समकालीन साहित्य**, वर्ष ३, अङ्क २, पूर्णाङ्क १०५० ।

शिवाकोटी, खगेन्द्र, **प्रजातन्त्रवादी लेखनबाट उदाएका साहित्यकार वियोगी बुढाथोकी**, समाचार साप्ताहिक, माघ ७, २०५७ ।